ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक




## किरण पुस्तकालय

तम्घास, गुल्मी



लोकवार्ता परिषद् नेपालको ११ औं राष्ट्रिय सम्मेलनको प्रदेशसभा सदस्य दिनेश पन्थीद्वारा समुद्घाटन



लोकवार्ता सम्मेलनमा साईरामका विद्यार्थीहरूबाट स्वस्तिवाचन



लोकवार्ता सम्मेलन, गुल्मीका संयोजक शशि पन्थीद्वारा स्वागत भाषण



लोकवार्ता सम्मेलनमा दुबीचौरको घाटुनाच



लोकवार्ता सम्मेलनमा अर्खलेको भजन नाच



लोकवार्ता सम्मेलनमा तम्घास धागिथुम भगवती मन्दिरको सराएँ नाच

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ५०　❑ अङ्क : २　❑ सम्पूर्णाङ्क : ९७　❑ माघ-चैत्र, २०७९

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

## किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण : ११ औं लोकवार्ता सम्मेलनमा सहभागीहरूद्वारा राष्ट्रिय गान

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

# पानी पखाल्नुको पीडा

- हाड-मासुले मान्छेको शरीर बन्छ । त्यसमा रक्त र प्राणको सञ्चारले यो गतिमान् बन्छ । त्यसमा आहार, निद्रा, भय र मैथुनका सहजात प्रवृत्तिहरूमा सृष्टि र जीवनधारा बग्छ । अर्को चैतन्य छ-त्यसले सत् चित् र आनन्दको खोजी गर्छ । हो, शरीर, सहजात प्रवृत्ति र चैतन्य मिलेर मान्छे बन्छ ।

- शरीर-पोषण प्राणीमात्रको धन्दा हो । सहजात प्रवृत्ति पशुपक्षीमा पनि छन् । मायाको बन्धनमा जगत् बाँधिएको छ । मान्छे बन्न एक सिंढी माथि चढ्नुपर्छ-त्यहाँ अलिकति त्याग छ, निवृत्ति छ, करुणा छ, सत्य छ, नैतिकता छ, मानवता छ, लज्जा छ । त्यो भेटाउनुपर्छ मान्छेले ।

- जो मान्छेको सिंढीमा चढ्छ-त्यो भ्रष्टाचारी हुन्न । देश बिगारेर गोजी भर्ने धन्दामा ऊ लाग्दैन । पुच्छर नभए पनि त मान्छे पशु हुन सक्छ । जब मान्छे मान्छेको सिंढीमा पुग्दैन, सिङ्, दाह्रा पनि उम्रिन्छन् - मान्छेका । ऊसँग हुँदैनन्-सत्य, नैतिकता र मानवताहरू जब । हामी मान्छे खोजिरहेछौं - देशमा ।

- देश बन्थ्यो होला । समाज बन्थ्यो होला । नमैलिएका भए हाम्रा मनहरू । अलिकति लज्जा र सत्यनिष्ठा भइदिएको भए मनमा । हो, स्वार्थ त्यसरी ढलीमली गर्ने थिएन कि ! लोभ त्यसरी जमजमाउने थिएन कि ! अलिकति साहित्यले जीवनको अनित्यता र कर्तव्यको पाठ पढाइदिएको भए । हो- भाइ-बहिनीहरूलाई पण्यशालामा उभ्याइने थिएन कि !

- सबैलाई धुने, पखाल्ने पानी किन धमिलिएको छ ? मैलिएको छ ? कपडाहरू मैला हुनन्-पानीले धोउँला । शरीर मैलो होला-पानीले नुहाउँला । भाँडाहरू मैला होलान्-पानीले पखालौंला । पानीलाई केले पखाल्ने होला ? केले माझ्ने होला ? आगाकी पनि जननी हो पानी । पानीको पेटमा आगो हुन्छ - वडवानल । हो पानीले आगो निभाउँछ । कहिले आगोले पानी सुकाउँछ । पानीबाट आगो निस्कन सक्छ ?

-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | धार्मिक, नैतिक, चारित्रिक, ... | प्राचार्य प्रा. शिवगोपाल रिसाल | १ |
| २. | अहिलेका गीत पनि भाका पनि ... | शशिधर पाण्डे | १०४ |
| **लेख/निबन्ध/समीक्षा/टिप्पणी** | | | |
| १. | बानेश्वरको सेरोफेरोलाई यसो... | मुरारिविनोद पोखरेल | २६ |
| २. | देहरादून : त्यो देहरादून, यो ... | उदय ठाकुर | ३८ |
| ३. | निबन्धकार गंगा कर्माचार्य र ... | ऋषिराम कश्यप | ५१ |
| ४. | साहित्यकार प्रकाश श्रेष्ठका दुई ... | ओमप्रकाश अधिकारी | ६३ |
| ५. | लुम्बिनी प्रदेशमा पुस्तकालय | पद्मप्रसाद शर्मा | ६७ |
| ६. | कौटिलीय अर्थशास्त्रमा वैदेशिक... | डा. बाबुराम ज्ञवाली | ७८ |
| ७. | नग्नदेखि नग्नसम्म | दीन पन्थी | १०२ |
| **कथा/लघुकथा** | | | |
| १. | पारितोषिक | शंकरप्रसाद गौतम | ४१ |
| २. | प्रतिबद्धता | मित्र 'उराठी' गौतम | ६० |
| ३. | हिम्मत | हरिप्रसाद गौतम | ९५ |
| ४. | सुशासन | लीलाराज दाहाल | ९६ |
| ५. | निर्मल, विमल र कञ्चन | धनराज गिरी | ९९ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | चम्कन्छ हाम्रो जुनी | मुकुन्द शर्मा चालिसे | १५ |
| २. | जीवन आँधी चल्दछ दन्की | केशवराज आमोदी | १७ |
| ३. | सर्वस्व हाम्रो गयो | नारद गौतम | २० |
| ४. | पूर्ण-विराम | विष्णुहरि पौडेल | २५ |
| ५. | हे वाग्देवी तिमी आऊ | प्रीति आत्रेय ज्ञवाली | ३२ |
| ६. | अनिदो रातका सपना र मेरो मन | वासु जमरकट्टेल | ३३ |
| ७. | नयाँवर्षको मङ्गलमय कामना | मोहन ज्ञवाली | ३४ |
| ८. | मान्छे | थानेश्वर पन्थी | ३५ |
| ९. | गृहलक्ष्मी | पन्थी रामप्रसाद | ३७ |
| १०. | पाँच रूवाई | डा. श्यामप्रसाद न्यौपाने | ४० |
| ११. | पुष्प रमाउँदा | सीता पोखरेल खनाल | ६१ |
| १२. | समृद्ध लुम्बिनी | जोशिका कँडेल 'निशा' | ६२ |
| १३. | गजल | डा. घनश्याम परिश्रमी | ६६ |
| १४. | नयाँ वर्ष एक - शुभकामना अनेक | डा. लक्ष्मीकान्त पन्थी | ९४ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १५. | गाउँले हराएको गाउँ | सुरेशप्रसाद अर्याल | ९७ |
| १६. | मन | विष्णु घर्ती 'भनभनेली' | ९८ |
| १७. | हक | विनोद नेपाल | १०० |
| १८. | कृषि | शकुन्तला ज्ञवाली पौडेल | १०१ |
| **हास्य/व्यङ्ग्य** | | | |
| १. | म प्राज्ञ हुँ ? | हरिप्रसाद शर्मा | १८ |
| **संस्मरण** | | | |
| १. | टर्रो पान | हरिप्रसाद भण्डारी | २१ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | शशि पन्थी | १०४ |
| ४. | पुस्तकालय परिचय | प्रकाश सुवेदी | ११० |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | ११५ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ११७ |
| ७. | यताउताबाट | निष्पक्ष ध्वनि | १२७ |
| ८. | पाठक-प्रतिक्रिया | संगीता उपाध्याय पौडेल | १३० |
| ९. | किरण पुस्तकालयका विशिष्ट सदस्यको परिचय | | १२९ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १२९ |


ooo


## सार्वजनिक सन्देश

- ❑ सडक तथा पुल हाम्रो साझा सम्पत्ति हो, त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।
- ❑ सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐन अनुसार कारबाही हुने सबैमा जानकारीको लागि अनुरोध छ ।
- ❑ पुलहरूमा जथाभावी दिसा, पिसाब र फोहर नफालौं । यसले पुलको आयु घटाउँछ ।
- ❑ पुलको तलमाथि खोलाबाट बालुवा, गिटी, ढुङ्गा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा आदि नझिकौं ।
- ❑ पुलमाथि सकभर सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।

**मदन भण्डारी राजमार्ग योजना कार्यालय**

**तम्घास, गुल्मी**

**फोन : ०७९-५२००५२**

# सूचना ! सूचना !! सूचना !!!


नेपालको संविधान-२०७२ मा उल्लिखित करारोपण क्षेत्राधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले स्थानीय तहलाई दिएको क्षेत्राधिकारबमोजिम भरतपुर महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण करदाताहरूलाई कर शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उद्देश्यअनुरूप **"हाम्रो लागि हाम्रै प्रयास, कर अभियान मार्फत समृद्धि र विकास"** भन्ने नाराका साथ महानगरपालिकाबाट कर अभियान-२०७९ घोषणा गरी सम्पूर्ण वडा तथा टोलमा कर्मचारीहरू खटाइएको छ । खटिई आउनुहुने टोलीलाई आ-आफ्नो क्षेत्रबाट सहजीकरण गरी अभियानलाई सफल बनाई समृद्ध र सुसंस्कृत महानगर बनाउने अभियानमा सहयोग गरिदिनुहुन सम्पूर्ण सरोकारवाला निकाय, उद्योग व्यवसायीहरू, संघ-संस्था, नागरिक समाज, टोलविकास संस्थालगायत सबैमा हार्दिक अपिल गर्दछौं ।

# भरतपुर महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

### भरतपुर, चितवन

# धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग चाहिएको छ ।



✍ प्राचार्य प्रा. शिवगोपाल रिसाल

*(किरण पुस्तकालय गुल्मीबाट प्रकाशित हुने त्रैमासिक "हाम्रो पुरुषार्थ" पत्रिकाका लागि विद्वान् दार्शनिक, आचार्य वेदान्तदेशिक एवं प्राचार्य प्रा. श्री शिवगोपाल रिसालज्यूसँग डा. लक्ष्मीकान्त पन्थीद्वारा लिखित प्रश्नहरू अघि सारी लिइएको अन्तर्वार्ता यस प्रकार छ । - सम्पादक)*

**१. हजुरको पारिवारिक पृष्ठभूमिसहित जन्म, शैक्षिक योग्यता आदि बताइदिनु भएमा पाठकहरूलाई प्रेरणाको स्रोत हुन सक्थ्यो कि जस्तो लागेको छ । कृपया उत्तर दिन सकिएला ?**

❑ श्रीपरब्रह्म परमात्माका कृपाले यस पार्थिव शरीरले पण्डित श्री लीलानाथ उपाध्याय रिसालका पनातिका रूपमा पण्डित श्री तारानाथ उपाध्याय रिसालका नातिका रूपमा पण्डित श्री विश्वनाथ उपाध्याय रिसालका पुत्रका रूपमा ममतामयी शान्तमूर्ति माता श्रीमती जनककुमारीका द्वितीय गर्भबाट वि. सं. १९९३ सालको चैत्र शुक्ल चतुर्थी बुधबार - वि. सं. १९९४ वैशाख २ गते रात्रिका ९ बजेका शुभ मुहूर्तमा यस धराधाममा प्रकट हुने, व्यक्त हुने सौभाग्य पाएको रहेछ । जन्मेको एघारौं दिनमा वैदिक विधिपूर्वक नामकरण संस्कार भएछ र नाम रहेछ विनयकुमार उपाध्याय रिसाल भनेर । पिताजीले मलाई शिवगोपाल भनेर बोलाउनुहुन्थ्यो । त्यहीं नामबाट मेरो परिचय भइरहेको छ । यस शरीरले स्पर्श गर्न पाएको पुण्यवती धरतीको नाम रहेछ ललितपुर नेपालको सैंबू भैंसेपाटी रिसाल गाउँको सोझै हिमालयको दर्शन पाइने डाँडामा बनेको रिसाल निवासको पहिलो तलाको उत्तरतर्फको कोठा ।

मेरी माता विद्वत्शिरोमणि पण्डित कुलचन्द्र गौतमका कुलका पण्डित लक्ष्मीकुमार गौतमकी प्रथम पुत्रीका रूपमा श्रीमती जीवकुमारीका गर्भबाट उत्पन्न हुनुभएको रहेछ । यसरी गर्ग गोत्रीय रिसालको र पश्चिम एक नम्बर गजुरी पिंडाका अत्रि गोत्रीय गौतम वंशको सम्बन्ध गाँसिएको रहेछ ।

**२. शैक्षिक उपाधि प्राप्त भइसकेपछि जागिर खोज्ने सिलसिलामा पहिलो नियुक्ति कहाँ कसरी मिल्यो ?**

❑ यस शरीरले म र मेरो भन्न जानेपछिको शैक्षिक योग्यता हो–पटना विश्वविद्यालयबाट स्नातक– बि.ए. त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर एम. ए. नेपालीमा, प्रथम श्रेणीमा प्रथम – वि. सं. २०१८ त्यति बेलाको श्री ५ को सरकारको लोकसेवा आयोगले विधिपूर्वक लिएको मौखिक परीक्षाबाट प्रतिस्पर्धात्मक रूपमा प्रथम भएर छानिएर श्री ५ को सरकार शिक्षा मन्त्रालयले पद्मकन्या कलेजको गजेटेड तृतीय श्रेणीको लेक्चररका रूपमा नियुक्ति पाएर वि. सं. २०१८ साल फाल्गुन २६ गते शुक्रबारदेखि पद्मकन्या कलेजमा प्राध्यापन गर्न आरम्भ भयो । पद्मकन्या कलेजको स्थायी नियुक्ति पछि त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय कलेजमा स्नातकोत्तर कक्षामा अस्थायी नियुक्ति पाएर पटक/पटक गरी पाँच वर्ष प्राध्यापन गरें । वि.सं. २०५६ पुस २६ गते ३६ वर्ष १० महिना सेवा गरी अनिवार्य अवकाश पाइयो– पद्मकन्या क्याम्पसबाट । ६३ वर्षको उमेरको हदसम्म प्राध्यापन गरियो । आफ्नो वास्तविक उमेरभन्दा ३ महिनाअगाडि अवकाश पाइएछ । कारण सरकारी अभिलेखमा जन्ममिति १० जनवरी १९३७ ई. राखिएको रहेछ ।

**३. यति लामो समयसम्म पद्मकन्या कलेजमा रहेर प्राध्यापन गर्नुभयो । यस बीचमा कुनै पद प्रतिष्ठामा पनि पुगियो कि ? अथवा प्राध्यापन अनुभव कस्तो रह्यो ?**

❑ यति लामो समयसम्म पढाउँदै गर्दा सामाजिक, धार्मिक/अध्यात्मिक सेवा गर्ने सौभाग्य पाइएछ । साथै प्रशासनिक सेवामा पनि नियुक्ति पाइएछ ।

**सामाजिक सेवा**

(क) वि. सं. २०३४ साल आश्विनदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत सामुदायिक सेवा समन्वय समितिमा सदस्य ।

(ख) वि. सं. २०३८ आश्विन ६ गतेदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को सदस्य ।

(ग) वि. सं. २०३९ साल आषाढ २ गतेदेखि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत सामुदायिक सेवा समन्वय समितिको सभापतिको रूपमा वि. सं. २०४६ साल आश्विन ५ गतेसम्म । त्यसपछि यसै परिषद्को हिन्दु धर्म सेवा समन्वय समितिको सभापति ।

**धार्मिक, शैक्षिक र विविध क्षेत्रमा गरेको सेवा**

(क) वि. सं. २०४३/१२/२३ /२ (चैत्र शुक्ल अष्टमी) देखि पशुपतिक्षेत्र विकास कोष संचालक परिषद्को सदस्य ।

(ख) आध्यात्मिक प्रतिष्ठान अर्घौं संस्थाद्वारा संचालित ब्रह्मप्रापक अद्वैत विश्वविद्यालयको उपकुलपति एवं सल्लाहकारका रूपमा वि. सं. २०२४ सालदेखि ।

(ग) विश्व हिन्दु महासंघको कार्यकारिणी सदस्य - वि. सं. २०४४ साल चैत्रदेखि २०४९ सम्म ।

(घ) वि. सं. २०४६/६/६/१ देखि ४ वर्षका लागि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, हिन्दु धर्म सेवा समन्वय समितिको सभापति ।

(ङ) गुणराज स्मारक समितिको सदस्य र अध्यक्षका रूपमा वि. सं. २०३३ सालदेखि धेरै वर्षसम्म ।

(च) हिन्दु विद्यापीठका सल्लाहकारका रूपमा वि सं २०४२ सालदेखि ।

(छ) श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा निरीक्षण केन्द्रको नैतिक शिक्षा समितिमा पहिले सदस्य र

(ज) पछि वि. सं. २०३९ सालदेखि अध्यक्षका रूपमा वि. सं. २०४८ सम्म ।

(झ) जागृत वाद-विवाद तथा साहित्यमण्डलको पहिले सदस्य, त्यसपछि सचिव र पछि सभापति । वि.सं. २०१४ सालदेखि २०२२ सम्म ।

(ञ) वि. सं. २०१५ सालदेखि एक वर्षसम्म त्रि-चन्द्र कलेज भौगोलिक समितिको संस्थापक सदस्य तथा महासचिव ।

(ट) वि. सं. २०१५ सालदेखि एक वर्षसम्म त्रि-चन्द्र कलेज नेपाली साहित्य समितिको संस्थापक सदस्य तथा सभापति ।

(ठ) वि. सं. २०१५ सालदेखि नेपाल बौद्धिक समाजको संस्थापक सदस्य तथा उपाध्यक्ष ।

(ड) वि. सं. २०५० साल आश्विन १ गते पशुपति क्षेत्र विकास कोषको संचालक परिषद्को सदस्य ।

(ढ) सत्संग परिवार जावलाखेलको सल्लाहकार तथा संस्थापक एवं संरक्षकका रूपमा वि. सं. २०३६ देखि आजसम्म नै ।

(ण) भारती खरेल पुरस्कार प्रतिष्ठानको वि. सं. २०४९ देखि संस्थापक तथा उप-सभापतिका रूपमा २०६१ सालसम्म ।

(त) मैनाबहादुर रामायण पुरस्कारको वि. सं. २०४९ देखि संस्थापक तथा उप-सभापतिका रूपमा २०६१ सालसम्म ।

(थ) गीता समुदाय प्रकाशनको वि. सं. २०५१ देखि संस्थापक तथा उप-सभापतिका रूपमा धेरै वर्षसम्म सेवा ।

(द) डा. बलराम जोशी राष्ट्रिय ज्ञान-विज्ञान पुरस्कार गुठी २०५२ को संस्थापक तथा प्रबन्ध समितिको सदस्यको रूपमा कार्यरत वि. सं. २०६० सम्म ।

(ध) खप्तड आश्रम प्रकाशन समिति २०५२ को संस्थापक तथा कार्यकारिणी सदस्यमा पूजनीय खप्तड बाबाबाटै मनोनीत भई कार्यरत । यही समितिको अध्यक्ष वि. सं. २०६७ देखि २०७२ सम्म । खप्तड बाबा ज्ञान अधिष्ठानसमेतको सल्लाहकारका रूपमा आजसम्म सेवा प्रदान ।

**तक्मा तथा पदकहरू**

| | | |
|---|---|---|
| १. | महेन्द्र विद्याभूषण सुवर्णपदक (श्री ५ महेन्द्रबाट) | - वि. सं. २०१८ |
| २. | रत्नश्री सुवर्णपदक (मुमा बडामहारानीबाट) | - वि.सं. २०३० |
| ३. | शुभराज्याभिषेक पदक | - वि. सं. २०३१ |
| ४. | पद्मकन्या सेवा पदक (रजतजयन्ती) | - वि. सं. २०३३ |
| ५. | सुप्रबल गोरखा दक्षिणबाहु (श्री ५ वीरेन्द्रबाट) | - वि.सं. २०३७ |
| ६. | शिक्षा दिवस पदक | - वि. सं. २०४७ |
| ७. | विख्यात त्रिशक्ति पट्ट (श्री ५ वीरेन्द्रबाट) | - वि. सं. २०५० |
| ८. | त्रिभुवन विश्वविद्यालय दीर्घसेवा पदक | - वि. सं. २०५१ |
| ९. | प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु | - वि.सं. २०५४ |
| १०. | गद्दी आरोहण रजत पदक | - वि. सं. २०५४ |
| ११. | श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक | - वि. सं. २०५८ |

## श्री गुरुदेवबाट प्राप्त उपाधिहरू

१. देशिकवर - वि. सं. २०२५
२. देशिकोत्तम - वि. सं. २०२५
३. सरस्वती - वि. सं. २०२६
४. परामर्शदाता - वि. सं. २०३५
५. तनुमनस्क - वि. सं. २०३७
६. आचार्य - वि. सं. २०३८

## अभिनन्दन एवं सम्मान

१. प्रधान नाट्य मण्डल - वि. सं. २०४७
२. वेदाली शिक्षा परिषद् - वि. सं. २०४९
३. दि रेयुकाई, नेपाल - वि. सं. २०४९
४. पद्मकन्या बहुमुखी क्याम्पस - वि. सं. २०५२ र २०५६
५. प्याराडाइज इंग्लिस बोर्डिङ्ग स्कुल - वि. सं. २०५६
६. भुवनेश्वरी धाम - वि. सं. २०५८
७. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय - वि. सं. २०५८
८. विन्ध्यवासिनी आध्यात्मिक संघ - वि. सं. २०५९
९. ढुंगेधारा सत्संग भवन, सानेपा - वि. सं. २०६०
१०. बुद्धिविकास मण्डल (स्वर्ण महोत्सव) - वि.सं. २०६०
११. पद्मकन्या बहुमुखी क्याम्पस - वि.सं. २०६२ र २०६७
१२. उदयानन्द स्मारक गुठी - वि. सं. २०५६
१३. राजर्षिजनक स्मृतिकोष .वि. सं. २०६१
१४. महाकवि देवकोटा शताब्दी महोत्सव - वि. सं. २०६६
१५. रूपकुमारी अध्यात्म-सेवा अनुष्ठान - वि. सं. २०६९
१६. नेपाल सांस्कृतिक संघ - वि.सं. २०६९
१७. वैजयन्ती स्रष्टा सम्मान (नेपाल साहित्य समाज) - वि.सं. २०६९

## प्रकाशित ग्रन्थहरू

१. नेपाली भाषाको पाठ्यक्रम (सहलेखन). - वि. सं. २०२८-३०, श्री ५ को सरकार शिक्षा मन्त्रालय ।

२. East and West towards Mutual Understanding -Nepali translation) श्री ५ को सरकार शिक्षा मन्त्रालय UNESCO- अनुवाद ।

३. महेन्द्रमाला (सह-लेखन) (भाग ५ र ८). - वि. सं. २०२९ श्री ५ को सरकार शिक्षा मन्त्रालय ।

४. नेपाली भाषा र व्याकरण (सह-लेखन). — वि. सं. २०२७ देखि छैठौं संस्करणसम्म, साझा प्रकाशन ।

५. रिसाल वंशावली - वि.सं. २०६०

बाँकी प्रकाशित ग्रन्थका नाम यसै साथ संलग्न छ ।

## शैक्षिक सेवा

* श्री ५ को सरकार, शिक्षा मन्त्रालय एवं त्रिभुवन विश्वविद्यालय सेवामा रही त्रिभुवन विश्वविद्यालय कलेज र पद्मकन्या कलेज (पछि क्याम्पस) का प्रमाणपत्र, स्नातक र स्नातकोत्तर स्तरसम्म वि. सं. २०१८ साल फाल्गुनदेखि वि. सं. २०५६ पौषसम्म ३७ वर्ष १० महिनाको सेवा अवधिमा -
* नेपाली भाषा-साहित्यका प्राध्यापकका रूपमा ।
* नेपाली विभागको विभागीय अध्यक्षका रूपमा ।
* सहायक क्याम्पस प्रमुख र क्याम्पस प्रमुखका रूपमा ।
* वरिष्ठ सल्लाहकारका रूपमा अटुट सेवा प्रदान गरेको ।

## अभिरुचि

* वेदान्तसम्बन्धी ग्रन्थहरूको अध्ययन एवं अनुसन्धान ।
* वेदान्तसम्बन्धी स्वाध्याय-सत्संगमा सहभागिता ।
* वेदान्तसम्बन्धी ग्रन्थहरूको लेखन, प्रकाशन र व्यापकरूपमा वितरण ।

## वेदान्तसम्बन्धमा प्रवचन

वि. सं. २०५५ साल मार्ग २४ गतेदेखि आजसम्म नित्य प्रातःकाल ७ बजेदेखि ८ बजेसम्म "स्वाध्याय- परिवार" का नामबाट प्रश्नोत्तरीय शैलीमा अखण्ड प्रवचन । यसमा विशेषतः प्रस्थानत्रयी (श्रुतिप्रस्थान-उपनिषद्, स्मृतिप्रस्थान- श्रीमद्भगवतगीता, न्यायप्रस्थान-ब्रह्मसूत्र) मा धेरै पटक व्याख्यात्मक प्रवचन भएको र आजका मितिसम्म पनि भइरहेकै छ । महामारी कोरोना (कोभिड) पछि भौतिक रूपमा

उपस्थित हुन नसकिए तापनि जुम (Zoom) प्रविधिमार्फत भएको प्रवचनबाट विश्वभरका श्रोताहरू लाभान्वित भएको । घरैमा बसी-बसी सुनाउन र सुन्न पाइएको छ ।

यसरी प्रवचन गर्दै जाँदा सयौं, हज्जारौं श्रोता लाभान्वित भएका प्रतिक्रिया आएका छन् । यही अवधिमा नेपालका विभिन्न स्थानमा र भारतको काशी-वाराणसी, हरिद्वार, ऋषिकेश, दिल्ली आदि स्थानमा पनि सत्संग-स्वाध्याय संचालन ।

यही स्वाध्याय-परिवारबाट नै पचासौं वेदान्तसम्बन्धी ग्रन्थहरू प्रकाशित भएका छन् ।

**४. नेपाली विषयको प्राध्यापनबाहेक अरू कुन क्षेत्रमा के कस्तो अभिरुचि रह्यो ? वर्तमान समयमा नेपाली भाषाको स्थितिलाई कसरी हेर्नुभएको छ ? अहिले देखा परेका नेपाली व्याकरणका भिन्न धाराहरूलाई कसरी हेर्नुभएको छ ?**

❑ नेपाली विषयको प्राध्यापनबाहेक अन्य साहित्यिक, सामाजिक, धार्मिक, दार्शनिक, शैक्षिक क्षेत्रमा प्रशस्तै अभिरुचि भएकोले सोसम्बन्धी विस्तृत जानकारी यस अघिका प्रश्नका उत्तरमा आइसकेका छन् ।

वर्तमान समयमा नेपाली भाषाको स्थिति उर्ध्वगामी नै पाएको छु । यसको व्यापक प्रचार, प्रसार, प्रकाशन भएर नेपाली वाङ्मय जगत् नै आलोकित भएको पाएको छु । राष्ट्रभाषा नेपालीको श्रीवृद्धि भएकै छ । प्रत्येक वर्ष प्रकाशित भएका नेपाली भाषा-साहित्य, व्याकरण, कला, दर्शन, अध्यात्म आदि विविध पक्षमा आएका ग्रन्थहरूले नेपाली भाषा-साहित्यमात्र होइन वाङ्मय नै गौरवपूर्ण बनेको छ ।

व्याकरणका विषयमा आएको विवादको टुंगो लागिसकेको छ । पुरानै परम्पराका पक्षमा म पनि भएकोले मध्यचन्द्रिका, रचानाकेसर, राम्रो रचना, मीठो नेपाली, नेपाली कसरी शुद्ध लेख्ने ? जस्ता पुस्तक/ पुस्तिकाले देखाएको बाटो नै ठिक लागेको छ ।

**५. यस बीचमा केही लेखन कार्य पनि गर्नुभएको छ कि ? भएका कृतिहरूको विवरण थाहा पाउन सकिएला ?**

❑ यस बीचमा लेखिएका र प्रकाशित भएका झन्डै असीओटा ग्रन्थको नाम नै प्रस्तुत गरिसकिएको छ । अझै ४/५ ग्रन्थ प्रकाशोन्मुख छन् ।

**६. विश्वविद्यालयको तर्फबाट अथवा कामको सिलसिलामा नेपालबाहिर देश-विदेशमा भ्रमण गर्नुभएको भए जानकारी पाऊँ ।**

❑ (क) कोलम्बो योजनाअन्तर्गतको छात्रवृत्तिमा एक शैक्षिक वर्षसम्म (वि.सं. २०२२-२०२३) संयुक्त अधिराज्य बेलायतको लन्डन विश्वविद्यालयमा पढें ।

(ख) सामाजिक सेवाका सन्दर्भमा पटक/पटक गरी संयुक्त राज्य अमेरिका, श्रीलंका, केनिया, संयुक्त अधिराज्य बेलायत, थाइल्याण्ड आदि मुलुकको भ्रमण गरियो ।

(ग) तीर्थ गर्ने क्रममा भारतका तीन धाम, चार धाम जाने पनि सौभाग्य मिल्यो ।

**७. जिज्ञासु पाठकले सजिलैसँग बुझ्ने गरी पढ्नका लागि उपयुक्त हुने वेदान्त दर्शनको कुनै पुस्तक भए बताइदिनुहोस् ।**

❑ मैले लेखेका, अनुवाद गरेका थुप्रै महाकाव्यहरू, खण्डकाव्यहरू, कविताहरू, निबन्धहरू, अन्तर्वार्ताहरू प्रकाशित छन् । आफ्ना सन्तान सबै नै प्यारा र उपयोगी लाग्दा रहेछन् ।

**महाकाव्यहरूमा**

(क) म को हुँ ?

(ख) श्रीराम महाकाव्य

(ग) श्रीखप्तडबाबा महाकाव्य

(घ) वेदान्त वाटिका महाकाव्य ।

**निबन्ध-संग्रहमा**

(क) ब्रह्म जिज्ञासा

(ख) सुख कहाँ छ ?

(ग) संसार कस्तो छ ?

(घ) प्रेमदेखि परमात्मासम्म ।

**दार्शनिक चिन्तनमा**

(क) मृत्यु के हो ?

(ख) नाङ्गो दर्शन

(ग) चित्त चिकित्सा विज्ञान

(घ) ध्यानदेखि ज्ञानसम्म ।

**विवरणसहितका अनूदित ग्रन्थमा**

(क) अष्टावक्र गीता

(ख) विष्णुसहस्रनामस्तोत्रम्

(ग) रामगीता आदि ।

**अन्य संस्कृत ग्रन्थहरूमा**

(क) विवेक-चूडामणि

(ख) अपरोक्षानुभूति

(ग) आत्मबोध -आद्यजगद्‌गुरु शंकराचार्य)

**८. हजुरका विचारमा जीवन के हो र जीवनदर्शन कस्तो हुनुपर्छ ? कृपया बताइदिनुहोस् ।**

❑ यो त अत्यन्त मार्मिक, अत्यन्त उपयोगी र शास्त्रीय प्रश्न गर्नुभयो डा. लक्ष्मीकान्त पन्थीज्यू । बल्ल मैले आफ्ना विषयमा प्रवेश गर्ने मौका पाएँ । साधुवाद !

जीवन आत्मा हो । जीवन ईश्वर हो । जीवन ब्रह्म हो । जीवन सत् हो, चित् हो, आनन्द हो र अद्वय हो । जीवन बाँच्नु मात्र होइन । बाँच्न त साना किरादेखि लिएर हात्ती जस्ता भीमकाय शरीर भएका पशु र पंक्षी पनि बाँचेका छन् । तर त्यस्तो जीवन जीवन होइन हाम्रो परिभाषामा, हाम्रो दार्शनिक, आध्यात्मिक दृष्टिमा । अध्यात्मविनाको जीवन त जीवन होइन, मरण हो । जीवन योग हो, भोग होइन । जीवन त्याग हो, राग होइन । जीवन आहरण होइन, समर्पण हो । जीवन तर्क होइन, श्रद्धा हो । जीवन शंका होइन, समाधान हो । जीवन शोषण होइन, पोषण हो । मार्नु जीवन होइन, बचाउनु हो जीवन । जीवन त भगवद्‌भक्ति हो अनि जीवन्मुक्ति हो । यस्तो जीवन नै सन्मय, चिन्मय र आनन्दमय हुन्छ । त्यसैले हाम्रा ऋषिहरू परब्रह्म परमात्मासंग प्रार्थना गर्दछन, पुकारा गर्दछन् -

**असतो मा सद्‌गमय । तमसो मा ज्योतिर्गमय । मृत्योर्मा अमृतं गमय ।**

असत्‌बाट सत्‌मा लगिदिनुहोस् । अन्धकारबाट उज्यालोमा लगिदिनुहोस् । मृत्यु (मरण) बाट अमरतामा लगिदिनुहोस् ।

भक्त भएर बाँच्नु जीवन हो । अझ मुक्त भएर बाँच्नु नै जीवन । सम्पूर्ण प्राणीलाई आत्मवत् देख्नु र सोहीअनुरूप व्यवहार गर्नु नै जीवन हो । परोपकार जीवन हो - **"परोपकार पुण्याय पापाय परपीडनम् ।"** जीवन दर्शन अत्यन्त सात्विक, पवित्र, हाम्रा वैदिक ऋषि-मुनिहरूको जस्तो उच्च

चिन्तनधाराले ओतप्रोत भएको उर्ध्वमुखी सकारात्मक सोच भएको मोक्षमार्गमा लागेको, आस्तिक्य दर्शनले अभिप्रेरित भएको, शास्त्र अनुमोदित, आर्य र आचार्य परम्पराबाट अभिप्रेरित सच्चिदानन्दमय जीवन दर्शन नै हाम्रो मौलिक, वैदिक दर्शन हो ।

हाम्रो जीवन दर्शनले भन्छ -

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया ।**
**सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत् ॥**

सबै सुखी हुन्, सबै निरोगी हुन् । सबैले सबैको कल्याणै-कल्याणमात्र देखून्, कसैले कसैबाट कुनै प्रकारको दुख भोग्नु नपरोस् । कसैलाई दुःख नहोस् । अहा ! हाम्रा पूर्व पुरुषहरूले बाँचेको, चिन्तनधाराको पराकाष्टामा पुगेको वेद-वेदान्तले निर्दृष्ट गरेको अत्युच्च कोटीको "सत्यं शिवं सुन्दरम्' ले आप्लावित भएको जीव-जगत् र ईश्वरलाई साक्षात्कार गरी आफूआफूमा नै रमाएको, परोपकारमा तल्लीन भएको, हांसी-हांसी बाँचेको, अरूका सुखमा सुखी र अरूका दुःखमा दुःखी भएको, आफ्नो स्वार्थदेखि धेरै-धेरै माथि उठेको परब्रह्म परमात्मामय जीवन्मुक्त भएर बाँचेको जीवन दर्शन नै हाम्रो जीवन दर्शन हुनुपर्छ भन्ने मेरो मात्र होइन हाम्रा पूर्वाचार्यहरूले आफू बाँचेको र हामीलाई हस्तान्तरण गरेर गएको शास्वत सनातन जीवन दर्शन हो । यही हो आध्यात्मिक, नैतिक, वैदिक, पौराणिक र आर्ष जीवनदर्शन, सन्मय, चिन्मय, आनन्दमय जीवन दर्शन । त्रिताप (आधिभौतिक, आधिदैविक र आध्यात्मिक) रहित, आत्यन्तिक, निरपेक्ष, अखण्ड, परिपूर्ण, नित्य, शाश्वत, सनातन, शान्त, अद्वितीय आनन्दमय जीवन नै जीवन दर्शनको सर्वोच्च उपलब्धि हो, प्राप्ति हो । विज्ञान अर्थात् भौतिक, जड विध्वंसकारी विज्ञानले हामीलाई प्राप्ति दियो, तृप्ति दिएन; सुविधा दियो, शान्ति दिएन; बाहिरी बोक्रो र खोल दियो, भित्री गुदी र रस दिएन । त्यसैले हाम्रो वर्तमान आनन्दमय र दुःखको सर्वथा अभावमय बन्न सकेन । चारैतिर हाहाकार छ, मारामार छ, गन्जागोल छ, डामाडोल छ, चित्कार छ. बलात्कार छ, अन्याय र अत्याचार छ । खाउ, पिउ, र मोज गर (EAT, DRINK, and be MERRY) को बोलबाला छ, दबदबा छ । यो जड भौतिक भोगवादको परिणाम हो, परिणिति हो । हाम्रो जीवन दर्शन यो र यस्तै पटक्कै होइन । हामी त भन्छौं - **'वसुधैव कुटुम्बकम्'** । यो धरती नै हाम्री माता हुन् । यस धरतीमा बाँचेका सम्पूर्ण प्राणी हाम्रा आफन्त हुन्, हाम्रै बन्धु बान्धव हुन् । किनभने हाम्रो चरित्र नै उदार छ अनुदार होइन ।

हाम्रो गीताको दर्शन हो - **समत्वं योग उच्यते** । समानता नै योग हो । निष्काम कर्मयोग नै हाम्राले अनुसरण गरेको दर्शन हो ।

**'योगस्थ कुरू कर्माणि सङ्गं त्यक्त्वा धनञ्जयः ।'** योगमा अर्थात् परमात्मामा जुटेर कर्म गर सङ्ग आसक्ति छोडेर, फलाशा त्यागेर कर्म गर ।

हामीले अनुकरण (नक्कल) र अनुवाद गर्न त जान्यौं तर अनुभव गर्न जानेनौं । अनुकरणात्मक एवं अनुदात्मक क्षणिक सुखानुभूति त भयो होला तर अनुभवात्मक शाश्वत, सनातन, अखण्ड, परिपूर्ण, निरपेक्ष आनन्दको अनुभूति भएन । कारण हामी अर्काले सिकाएको, बाहिरबाट आयात गरिएको, भूत-भौतिक वस्तुमा आधारित बोक्रे, छोक्रे, धोक्रे, र खोक्रे प्रलोभनमा फस्यौं । आफू र आफ्नालाई पुरानो र थोत्रो अनि अवैज्ञानिक भनेर छोडिदियौं, गुमायौं र जुठो, पुरा स्याहार्नपट्टि लाग्यौं । यही वैज्ञानिक र आधुनिक रहेछ भनेर' मक्ख पऱ्यौं । परिणामतः आफ्नो जीवन दर्शन अरूलाई सुम्पिदियौं, बेचिदियौं । हाम्रो जीवन दर्शनलाई लिएर उनीहरू ठूला भए, जान्ने सुन्ने भए । तिनैलाई हामी गुरु मानेर हामी फेरि आफ्नैतिर फर्कन पनि खोज्दैछौं । यही त हो हाम्रो कारुणिक अवस्था र हालत । हाम्रो धर्म गयो ! हाम्रो संस्कार र संस्कृति गयो । हाम्रो मर्यादा, अनुशासन र मान्यता गयो । हामी "धोवीका कुकुर झैं वल्लो घाट न पल्लो तिरमा पुगेका छौं । अब आफ्नै जीवन दर्शनलाई आत्मसात् गरी आफूतिर फर्कनुपरेको छ । यसैमा हाम्रो कल्याण छ ।

अब धार्मिक, नैतिक, चारित्रिक र आध्यात्मिक अनि सांस्कृतिक पुनर्जागरणको युग चाहिएको छ । हाम्रो समाजमा, राष्ट्रमा र हाम्रो जीवन दर्शनमा पनि । हाम्रो योगले हाम्रो निष्काम कर्मयोगको दर्शनले, भक्तिले र ज्ञानले, त्यागले र तपस्याले विश्वलाई नै नेतृत्व लिन सक्ने क्षमताको वृद्धि गर्नुपरेको छ । हाम्रा युवा पुस्तालाई आफ्नो धर्म र नैतिकता, शालीनता र शिष्टता, चारित्रिक उत्कर्ष र आध्यात्मिकताका धरातलमा खरो उत्रन अभिप्रेरित गर्नुपरेको छ ।

## ९. सर्वसाधारण पाठकलाई वेदान्तको बोध कसरी गराउने ?

❑ सर्वसाधारणलाई वेदान्तको बोध गराउन प्राथमिक कक्षादेखि नै नैतिक शिक्षा अनिवार्य गर्नुपर्छ । गीता- दर्शनको ज्ञान दिलाउन प्रत्येक विद्यालयमा गीताको सामान्य शिक्षा दिलाउनुपर्छ । यसरी जगैदेखि आरम्भ गरियो भने सर्वसाधारणले पनि वेदान्त बुझ्न सक्ने क्षमता राख्तछन् । जगमा संस्कृत शिक्षा पनि नितान्त आवश्यक छ । कथाको, कविताको, नाटकको, वाद-विवादको माध्यमबाट विस्तारै/विस्तारै अध्यात्म ज्ञान बालक र युवाका मन-मस्तिष्कमा प्रवेश गराउन सके असाध्य राम्रो हुनेछ । यस सिद्धान्त र दर्शनको आरम्भ गाउँ/गाउँ, बस्ती/बस्ती अनि ओडा/ओडादेखि व्यापकरूपमा संचालन गर्न सके अति उत्तम हुने थियो । यति हुन गाहारो भए, समय

लाग्ने भए निःशुल्क गीता कक्षा ठाउँ-ठाउँमा सुरू गर्न पाए पनि हुने थियो । रेडियो, टेलिभिजन आदि संचारका माध्यम र उपकरणलाई प्रयोग गरी जनचेतनामूलक कार्यक्रमका रूपमा नैतिक/आध्यात्मिक शिक्षा दिने क्रममा वेदान्त विद्या पनि जनताका माझमा पुऱ्याउन सकिने थियो । संघ-संस्थामार्फत यस्तो कार्यक्रम संचालन गरी सरकारको ध्यानाकर्षण गराउनु बढी व्यावहारिक हुनेछ ।

**१०. तपाईंले लेखेका कृतिहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण कृति कुन हो र त्यो महत्त्वपूर्ण हुनुको कारण के हो ?**

❑ मेरा सन्तान सबै नै महत्त्वपूर्ण छन् । लाटा, काना, भए तापनि प्यारा छन् आफ्नो आत्माबाट निस्केको हुनाले । आजसम्म ७७ ओटा ग्रन्थ प्रकाशित भइसकेका छन् । चार/पाँचओटा प्रेसमा जाने तरखरमा छन् । महत्त्वपूर्ण कृति यो हो भनेर मूल्याङ्कन गर्ने त पाठक, समीक्षक, समालोचक र वेदान्त राम्ररी बुझेका र बुझ्न खोज्ने जिज्ञासु, मुमुक्षुहरूको काम हो । अतः माथि अर्कै प्रसङ्गमा मैले आफ्ना केही ग्रन्थहरूको नाम उल्लेख गरिसकेको छु । तिनैलाई महत्त्वपूर्ण माने पनि हुन्छ । महत्त्वपूर्ण हुनुको कारण मलाई पनि थाहा छैन । त्यो पनि पाठक, समीक्षकले छुट्याउने, खुट्याउने हो ।

**११. सेवा निवृत्त जीवन के कसरी बिताउँदै हुनुहुन्छ ?**

❑ आनन्दसँग, अध्यात्मचिन्तन, वेदान्तका ग्रन्थहरूको अध्ययन, अध्यापन र अनुसन्धान अनि लेखन, प्रकाशन र यथायोग्य स्थान र पात्रमा वितरण गरेर मेरा निवृत्त जीवनका क्षण-क्षण परमात्मा चिन्तनमा बितेका छन् । समय कटाउन पटक्कै गाहारो भएको छैन, बरू समय नै पुग्दैन - चौबीस घन्टाको सट्टा अठचालीस घन्टाको दिन भएको भए अझ सक्रिय हुन पाइने र सकिने थियो । यी समय अत्यन्त सिर्जनशील भएका छन् ।

कुनै कुनै वर्ष त सातओटासम्म ग्रन्थ प्रकाशित भएका छन् कोभिड (कोरोना) को महामारी आउनुभन्दा अगाडि त लक्ष्मीनारायण टंगाल, गहनापोखरीमा, ढुङ्गेधारा सत्सँग परिवारमा वि. सं. २०५५ सालमा स्थापित "स्वाध्याय परिवार" का नामबाट कतै दैनिक नै, कतै साप्ताहिक त कतै मासिक स्वाध्याय-सत्संग चल्दै आएको थियो । आजसम्म पनि प्रत्येक दिन प्रातः सातदेखि आठसम्म जुम (Zoom) प्रविधिमार्फत उपनिषद्, गीता आदि प्रस्थानत्रयीमा स्वाध्याय सत्संग चलिरहेछ ।

आजभोलि त अन्तर्राष्ट्रिय स्तरमा समेत वेदान्त विद्याको प्रचार-प्रसार भएको र त्यसबाट हज्जारौं सत्संगी, जिज्ञासु, मुमुक्षु लाभान्वित, उपकृत भएको

समाचार आइरहेको छ । अझै बोल्दै छु, लेख्दै छु, ग्रन्थ प्रकाशित गर्दैछु । यसै गरी आत्मानुसंधानमा नै जीवनका क्षण-क्षणको सदुपयोग भएको छ ।

**१२. हजुरको जीवन पद्धतिलाइ हेर्दा सधैं सक्रिय र प्रायः निश्चिन्त एवं निरोगी भएको देख्न सकिन्छ । यस्तै किसिमको जीवन चलाउन केही उपाय छ कि ?**

❑ श्रीपरब्रह्म परमात्मामा पूर्ण भर परे अर्थ र काम स्वतः प्राप्त हुँदो रहेछ । गर्नु पर्ने धर्म हो । त्यो पनि मोक्षका लागि । यसो भए चारै पुरुषार्थ सिद्ध गर्न सकिँदो रहेछ । मेरा प्रातःस्मरणीय गुरुहरूले यही सिकाउनुभयो ।

हाम्रा वेदादि शास्त्रले पनि यही सिद्धान्त र दर्शन बताएकोले म पनि यसैमा विश्वस्त छु ।

नित्य ब्राह्ममुहूर्तमा बिहान ३ बजे उठ्ने, राति ९ बजे सुत्ने गरे राम्रो होला । ब्राह्ममुहूर्त त अमृत बेला हो । एकाध घण्टा ध्यान गर्ने, आत्ममनन, आत्मचिन्तन, आत्मानुसन्धान गर्ने अभ्यासले रोगलाई जित्न सकिएला । साथै विशुद्ध शाकाहारी भोजन गर्ने, प्रति मास दुई पटक एकादशीमा फलाहार गर्ने गरे शरीर स्वस्थ रहला । फुर्सत भयो कि आत्माचिन्तन गर्ने, ध्यान गर्ने । ध्यान भनेको कुनै पनि विषय नचिताईकन, ननिदाईकन बस्ने - **'ध्यानं निर्विषयं मन'** । (स्कन्दोपनिषद् ११)

बाहिर गएर कहिले पनि नखाने गरे स्वास्थ्यको चिन्ता गर्नु नपर्ला जस्तो लाग्छ । सकेसम्म अर्काको उपकार, भलो चिताउने र सेवा प्रदान गर्ने । सकिंदैन भने कसैको पनि अकल्याण नगर्ने, कुनै प्रकारको पनि (मनसा, कर्मणा, वाचा) दुःख नदिने । यी नै हुन् मैले अवलम्बन गरेका उपाय ।

**१३. तपाइँले आफ्नो जीवनमा केही कठिनाइ पनि भोग्नुभएको छ कि ?**

❑ छैन । पटक्कै छैन ।

**१४. त्यस्तै जीवनको सबैभन्दा रमाइलो क्षण कुन होला ?**

❑ सदा-सर्वदा नै आनन्दमय जीवन चलिरहेको छ । नरमाइलो भएकै छैन । भए पनि क्षणिक हो - आयो गयो । जीवन, विशेषतः मानव जीवन अझ हजुर हाम्रो जीवन दुःखको लागि हुँदै होइन ।

**दुर्लभं त्रयमेवैतद्देवानुग्रहहेतुकम् ।**
**मनुष्यत्वं मुमुक्षुत्वं महापुरुषसंश्रयः ॥**

*(विवेकचूडामणि ३)*

मानिस भएर जन्मनु, मोक्षको मात्रै इच्छा हुनु, महापुरुष अर्थात् श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको आश्रय पाउनु - तीनै कुराको संयोग अत्यन्त दुर्लभ छ । ईश्वरको कृपाले मात्र पाइने यी कुरा पाइयो भने महान् लाभ भयो, जीवन धन्य बन्यो । हामीलाई श्रीपरमात्माले यी तीनै दुर्लभ वस्तुलाई सुलभ बनाइदिनुभएकाले आनन्दै-आनन्द छ ।

नाशवान्, परिणामी, क्षणिक, रजवीर्यबाट बनेको, पार्थिव शरीरमा यदाकदा रोग लाग्नु स्वाभाविक हो । शरीर त रोगायतन, भोगायतन भएकाले रोगलाई पनि भोगिदिनुपर्दो रहेछ । पिलो आउँछ, जान्छ । लुतो आउँछ, जान्छ । आफू साक्षी, द्रष्टा, केवलात्मा सदाकाल एकनास । यसैमा दृढता भए आनन्दै-आनन्द ।

**१५. माथिका प्रश्नहरूको क्षेत्रभित्र नपरेका वर्तमान समयका पाठकहरू या जिज्ञासुहरूका लागि यहाँले भन्न खोजेका थप कुरा केही भए कृपया बताइदिनुहोस् ।**

❑ थप कुरा केही छैनन् । यहाँ जस्ता विद्वान्, शास्त्रज्ञ, वेदान्तका मर्मज्ञ सज्जन सन्तले सोध्नुभएका सारा प्रश्नको मैले यथामति, यथागति उत्तर दिइसकेको छु । मैले जीवनभर कमाएको सम्पत्ति यहाँका समक्ष पस्किदिएको छु । यहाँ र यहाँका अन्य पाठक, जिज्ञासु, मुमुक्षुहरू केही न केही मात्रामा भए पनि मेरा यी शब्द र वाक्य, सिद्धान्त र दर्शन, विचार, चिन्तन र अनुभवद्वारा लाभान्वित हुनुभयो भने म धन्य भएँ । मेरो अध्यात्मविद्या पात्रमा परेछ भनेर गद्गद् हुनेछु ।

अन्त्यमा, मलाई "किरण पुस्तकालय" बाट प्रकाशित हुने त्रैमासिक "हाम्रो पुरुषार्थ" मार्फत आफ्ना विचार र सिद्धान्त मेरा अत्यन्त आदरणीय आत्मीय मित्र प्रा. डा. लक्ष्मीकान्त पन्थीज्यूले आफू अस्वस्थ भएका समयमा पनि यत्रो परिश्रम गरी यस्ता शास्त्रीय, गम्भीर र जीवनोपयोगी प्रश्नहरू लिखित रूपमा पठाएर मलाई आफू अभिव्यक्त हुने सौभाग्य प्रदान गर्नुभएकामा "किरण पुस्तकालय", "हाम्रो पुरुषार्थ" र डा. पन्थीज्यूप्रति आभार व्यक्त गर्दछु । सबैलाई शततः नमन गर्दछु ।

**शिवमस्तु !**

**०००**

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईंहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।**

# चम्कन्छ हाम्रो जुनी

✍ **मुकुन्द शर्मा चालिसे**
**काठमाडौं**

सोच्छन् मानिस लक्ष्य चुन्न तर ती उड्छन् विनातालमा
ल्याई रङ्ग-विरङ्गका गफ फुँदा बोल्छन् विनाख्यालमा ।
चाहिन्छन् कति कोण कार्य सहजै सम्पन्न गर्नाकन
राख्नैपर्छ विचार दीर्घ भवमा कल्याण भर्नाकन ॥

हामीले शुभ कार्य गर्नु छ भने आधार पैले चुनौं
त्यो आधार लिएर मात्र पछिको मेलो क्रमैले चुनौं ।
आधारै यदि छैन लायक भने आधेय राख्ने कता ?
बाटो नै यदि छैन पायक भने उद्देश्य ताक्ने कता ?

गर्ने मानिस बन्नुपर्छ तगडा त्यो काम फर्स्याउन
भान्से योग्य भयो कि भोग उसले सक्नेछ भर्स्याउन ।
जो छन् जाँगरशून्य खालि घिचुवा सन्देहवादीहरू
राम्रो ठाउँ समेत थाम्न नसकी भागेर जालान् बरू ॥

मान्छे ठीक छ ठाउँ ठीक छ जहाँ छैनन् भने साधन
पूरा हुन्न कदापि कार्य उसमै चाहे तजोस् जीवन ।
राम्रो लेखकले कपी कलमको जोहो गरी राखियोस्
आफ्नो साधन ठीकठाक छ भने आफूसितै साध्य होस् ॥

जम्मै पूर्ण भएर काम सकियो पायो समुद्घाटन
सारा दर्शकनिम्तिमा हुनगयो आनन्दको कारण ।
त्यो जोगाउन बिर्सियो र उसले पायो उपेक्षा भने
कामै खेर गयो दिनानुदिन झन् भोग्यो अरक्षा भने ॥

जो स्याहार मिलेर कायम भयो मान्छेहरू छन् खुसी
त्यो विस्तारित बन्नगो समयमा भोग्नेहरू झन् खुसी ।

पायो दुर्दिन कार्यले अति ठुलो भूकम्प आयो कि भैँ
गर्नैपर्दछ कार्य चालु उसरी कर्तव्य सम्भी सधैँ ॥

हुन्छन् विघ्न यदाकदा प्रकृतिमा राम्रो गरेरै पनि
सोच्नैपर्दछ सृष्टिका र लयका यी हुन् व्यवस्था भनी ।
पर्छन् बार भनेर कर्म नगरी आलस्यमा आउँदा
होला जीवन निःसहाय सबको निन्दा घृणा पाउँदा ॥

कैयौँ दैवविधान वा नियति छन् जो सोचभन्दा उता
हामीले तर कार्य गर्नुछ सदा बिर्सी सबै आपदा ।
राम्रो आशयबाट निर्भय बनी आधार राम्रो चुनी
पक्का साधनबाट साध्य बटुलौँ चम्कन्छ हाम्रो जुनी ॥

०००


# हार्दिक शुभकामना !

**नववर्ष २०८० सालको आगमनको अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**जिल्ला समन्वय समितिको कार्यालय**

तम्घास, गुल्मी

*// कविता //*

# जीवन आँधी चल्दछ दन्की

✍ **केशवराज आमोदी**
**रत्ननगर-१३, चितवन**

चम्पकमाला-
सुन्दरताको दृश्य हरायो
आँगन आई काग करायो
क्रन्दन गर्दै भाषण छाँट्यो
दुखित पारी बान्धव ढाँट्यो ।

उठ्न नसक्ने दौडन खोज्दै
ताक्दछ टाढा औसर छोप्दै
खेल्छ जुवा झन् चञ्चल बन्दै
घोप्टिन आफैं खाडल खन्दै ।

मौसम आयो अस्थिरताको
छैन निसाना सज्जनताको
गर्दछ आफैं तर्क अनेक
लाग्दछ सुन्दा भित्र उदेक ।

कर्म छ उल्टो बुद्धि छ टेढो
बात न बुझ्ने शुद्ध छ भेंडो
हौसिन थाल्यो याम न हेरी
लड्छ कि के हो जालिम फेरि ।

मौसम उल्टी घाम छ तातो
पार्दछ फैली आकृति रातो
बैंस बिहानी हाँस्दछ रन्की
जीवन आँधी चल्दछ दन्की ।

ooo

# म प्राज्ञ हुँ ?

✍ **हरिप्रसाद शर्मा**
**धवलागिरि बहुमुखी क्याम्पस**
**बाग्लुङ**

सरल छैन चतुर छु । निष्कपट छैन, कुटिल छु । इमान्दार छैन, बेइमान छु । तारानाथ शर्माले शासकलाई भनेझैँ निर्बुद्धि, निवीर्य र निर्लज्ज पनि छु कि ? अल्छी भएर पनि लोभी छु । थुप्रै पाएर पनि असन्तुष्ट छु । चम्चे गिदीको छु तर आफ्नो मस्तिष्कमा विश्वकोष बोकेको भ्रम पालेर बसेको छु । ब्रह्माण्डको रहस्य बुझेको भ्रम पालेर बसेको छु । एउटै मुक्तक नलेखी निर्णायक भएको छु । एउटै सिर्जना नगरी विशेषज्ञ भएको छु । के गर्दैछु म ? कर्मसौन्दर्यको पूजा गर्दैछु ? शीलसौन्दर्यको रक्षा गर्दैछु ? भित्रैदेखि कस्तो छु ? तल मेरो नग्न रूपको प्रदर्शन गरेको छु ।

सत्य र न्यायको विरोधी भएको छु । त्यसैले न्याय मर्दै गएको टुलुटुलु हेरेको छु । पटक पटक न्यायको हत्या हुन्छ, म त्यसैको मलामी गएको छु । न्यायलाई बचाउन नसकी आफूभित्रको विवेकलाई पनि मारेको छु । अन्तस्करणद्वारा धिक्कारिएको छु । पक्ष पोषणलाई मलजल गरेर न्यायको हत्यामा सहयोगी भएको छु । मतियार भएको छु । मभित्रको मानव रोएको छ, मभित्रको मानवता मरेको छ । म हृदयशून्य मूर्ति भएको छु । संवेदन सिद्धिएको स्वाँठ भएको छु । मभित्रको प्राज्ञले आत्महत्या गरिसकेको छ । म त शक्तिकेन्द्रले उभ्याएको बुख्याँचा भएको छु । तिनकै आदेश तामेली गर्ने उत्तरआधुनिक हनुमान भएको छु । तिनकै ईशारामा नाच्ने नटुवा भएको छु । तिनकै कृपामा बाँच्ने दास भएको छु । केवल नोकरी गरेर ङिच्च हाँस्दै तलब थाप्ने जागिरे भएको छु ।

न्याय र सत्य दुई भाइ हुन् । न्याय विनाको सत्य हुँदैन, सत्य विनाको न्याय हुँदैन । म त सत्यको पनि शत्रु भएको छु । प्राज्ञ भएर सत्य बोल्छु ? सत्यको वकालत गर्छु ? सत्यको खोजी गर्छु ? दर्शन पढाएर, विज्ञान पढाएर सत्यको अन्वेषण गर्दैछु ? सत्यलाई प्रवेश निषेध लेखेर यस संस्थामा मेरो प्रवेश भएको हो । न्यायको घाँटी रेटेर यस संस्थामा मेरो प्रवेश भएको हो । त्यसैले म सत्यप्रति हैन सत्ताप्रति बफादार छु । सत्यसङ्ग मेरो कर्मको कुनै साइनो छैन । सरोकार छैन । सत्य लुकाउनु मेरो कर्म भएको छ । सत्यसङ्ग सतर्क हुँदै बाँचेको छु । सत्य बाँच्यो भने मेरो हुर्मत जान्छ । त्यसैले सत्यविरूद्ध मोर्चा कसेको छु । सत्य बोल्न डराएको छु । सत्य लेख्न डराएको छु । मेरो निर्लज्जता देखेर बरू सत्य नै लजाउँछ कि ? म सत्यको व्याख्याता मात्र हुँ ।

हजुर, सत्यको पहरेदार होइन । म त अरूको सत्य पढेर आफ्नो सत्य छिपाउने पाखण्डी हुँ ।

के गर्दैछु म ? बुद्धि बेचेर पूँजी थुपार्दैछु । शिक्षाको व्यापार गर्दैछु । शैक्षिक साहूकहाँ ज्ञान निखार्दैछु । अलि अलि दलाली पनि गर्दैछु । सत्ताश्रीको आड पनि मुसार्दैछु । जाँडमा आनन्द खोज्दै छु । जाँघ फेरीफेरी स्वाद लिंदैछु । नाम भित्रबाट आउँछ, दाम बाहिरबाट कमाउँदैछु । सांसारिक भएर यी कर्म गर्दैछु प्राज्ञ भएर के गरेको छु ?

जीवनदर्शन मेरो क्षेत्र होइन, जीवनचिन्तन मेरो विषय होइन । समाज, जीवन र प्रकृतिका बीचको रहस्यको खोजी मेरो रुचिक्षेत्र होइन । मौलिक ज्ञानको खोजी मेरो क्षेत्र होइन । अन्वेषणमा मेरो रुचि छैन । मलाई साधनाको अर्थ थाहा छैन । मलाई सिर्जनाको मर्म थाहा छैन । म त केवल शैक्षिक साहूको दाईँमा नारिएको गोरु भएको छु । पारिवारिक बोझ थाम्ने गधा भएको छु । मेरा आनन्दहरू सिद्धिएका छन् । मेरा वैभवहरू रित्तिएका छन् । म श्रीहीन भएको छु । म लक्ष्मीहीन भएको छु । अरूको वैभव देखेर तड्पिएको छु, अरूको विलास देखेर छटपटिएको छु । अरूका महल देखेर टोलाउँछु । अरूका रमणी देखेर लोलाउँछु । सँधै गोल्डस्टार श्रेणीमा जीवन घिसारेको छु । खै प्राज्ञ हुँ म ? प्राज्ञ हुँ र म ? उमेरले मात्र वरिष्ठ छु, अनुभवले मात्र सर्वश्रेष्ठ छु ।

ooo

**किरण पुस्तकालयको त्रैमासिक प्रकाशन 'हाम्रो पुरुषार्थ'को शतकाङ्क २०८० कार्तिकमा स्वर्णजयन्ती विशेषाङ्कको रूपमा प्रकाशनमा ल्याईंदै छ । उक्त अङ्कमा हाम्रो पुरुषार्थले ५० वर्षमा नेपाली भाषा र साहित्यको क्षेत्रमा गरेको योगदानसम्बन्धी लेखरचना पठाई सहयोग गर्नुहोस् ।**

# सर्वस्व हाम्रो गयो

✍ **नारद गौतम**
**बलेटक्सार-३, गुल्मी**

कैयौं ओंठ खुले नि भित्र मनका आवाज भिक्दै गए ।
पोखे स्वप्न छ "अन्धकार" र त्यही जम्केर टिक्ने भए ॥
यी हाम्रा हिमका चुली चमकमा गाह्रो छ है टल्किन ।
आओस् है नव चाँदनी मुलुकमा तारा बनी भल्किन ॥
***

भोका पेट उठे जुटे र मिसिए जागे नि नाङ्गा हर ।
ती सङ्घर्ष र द्वन्द्व निष्फल बने खायौं अरू ठक्कर ॥
आफ्ना संस्कृति-धर्म गौरव कला मास्ने भयो उन्नति ।
नेता छन् गजराज भैं र तिनले धेरै गराए क्षति ॥
***

स्वार्थी नै गठ बन्दिए र तिनको हो नाम पार्टी-दल ।
आएनन् दुख-देश हेर्न सुखमा पारे अभै खल्बल ॥
सीमा- भूमि मिचिन्छ मत्लब त्यता देखिन्न राख्ने कुनै ।
नाफा हैन अपूरणीय क्षति भो चुन्छौं नि हामी उनै ॥
***

सत्ताको दलको र नागरिकको कर्तव्य आफ्नो छ नि ।
त्यो दायित्व निभाउनेतिर चुक्यौं चिम्ल्यौं नि आँखा पनि ॥
शक्तिस्रोत बडो त नागरिक हो हामी उदासीन छौं ।
दोषी छौं अबुभी बन्यौं मुलुक नै गुम्दा अभै मौन छौं ॥
***

लाग्यौं व्यर्थ पछाडि छट्टु जनका हामी लतारा बन्यौं ।
जुट्दै शक्ति प्रयोग गर्न नसकी जे चल्छ राम्रै भन्यौं ॥
हामीले अब पूर्ण त्यो विगतको गर्नै छ मूल्याङ्कन ।
नेपाली पहिचान-भूमि हरियो रोए नि दुख्ने मन ॥
***

हाल्यो हात विदेशले मुलुकमा उस्कै घुसे योजना ।
नेपाली जनताविरूद्ध उसका छन् गुप्त ती कामना ॥
उस्को कूट प्रहार छेक्न नसके अस्तित्व गुम्ने भयो ।
सोचौं है स्वविवेकले जुग बुड्यो सर्वस्व हाम्रो गयो ॥
***

ooo

# टर्रो पान

✍ **हरिप्रसाद भण्डारी**
**दीपनगर, रूपन्देही**

एक दिन शुभमुहूर्तमा जेठी बुहारीले नम्र स्वरमा भनिन्, "बुबा ! आमाले एक साँझ हजुरहरूलाई खानाको लागि आमन्त्रण गर्ने कुरा गरिबक्स्या छ । फोन गरिस्सिन्छ होला, नाइँ नभनिस्योस् ल । "

छोराहरूको विवाह भएपछि हाम्रो घरमा कहिल्यै प्रवेश नपाएको 'बक्सियोस्' शब्दले प्रवेश पाएको छ । जागिरको सिलसिलामा कहिलेकाहीँ प्रयोग गरेको हुनाले यो शब्द मलाई खासै अनौठो त लाग्दैन तर सबैतिर यसलाई मिलाएर प्रयोग गर्नचाहिँ जान्दिनँ । यो 'बक्सियोस्' शब्दको कुरा हुँदा बनारसको सम्झना आउँछ ।

मैले हाइ स्कुल र आई.ए. बनारसबाटै उत्तीर्ण गरेको हुँ । त्यो बेला हामी हिन्दी बोल्न जान्दैनथ्यौँ । हाम्रा अग्रज साथीहरूले हामीलाई सिकाउँथे- अरू सबै कुरा नेपालीमा भन्ने वा लेख्ने अन्तिममा 'हैं' जोड्यो भने हिन्दी भइहाल्छ नि ! कस्तो राम्रो आइडिया । त्यसपछि खासै समस्या परेन । अन्तिममा 'हैं' लेख्दालेख्दै बिस्तारै बानी पर्दै गयो । यो 'बक्सियोस्'ले पनि मलाई त्यसै गरिबक्सेको छ । आवश्यक सबै ठाउँमा मैले यो बक्सियोस्लाई लागू गर्न जान्दिनँ, त्यसैले 'बक्सियोस्', 'आइस्योस्' 'खाइस्योस्' यस्तै सजिलो ठाउँमा मात्र प्रयोग गर्न सक्छु । अरू ठाउँमा अनाडीले अङ्ग्रेजी बोल्दा हिन्दी मिसाएजस्तै हुन्छ ।

"किन दुःख गर्न लाग्नुभएछ ?" मैले सोधेँ । बुहारीले खासै केही भनिनन् ।

भोलिपल्ट फोन आयो, "सम्धीज्यू, भेटघाट नभएको धेरै दिन भएको छ । यसो भेटघाट पनि हुन्छ, साँझ सपरिवार भुजा ज्युनार गर्ने गरी आइस्सेला है त । "

बुहारीले नाइँ नभन्नु भनेकी थिइन्, तैपनि भनेँ, "घर सल्लाह गरेर खबर गर्छु । "

अन्तमा उहाँले भन्नुभयो, "म बाटो हेरेर बस्छु । "

नाइँ भन्न सकेनौँ, बेलुकीतिर गयौँ ।

यो कुरा आजभन्दा करिब चार वर्ष पहिलेको हो र त्यो समय गर्मीको समय थियो । वैशाख महिना भएकोले सूर्यले क्षितिजको नेटो काटेका थिए, तापनि उड्दा उड्दैका चरा खस्लान्जस्तै गर्मी थियो । त्यस्तो गर्मीमा शरीरमा तरतरी पसिना चुहाउँदै दीपनगरबाट शङ्करनगरका लागि प्रस्थान गर्‍यौँ ।

सम्धिनीज्यूको घरमा पुगेपछि भव्य स्वागत भयो । बैठक कक्षमा आसनग्रहण गऱ्यौं । आसनग्रहणपश्चात् सामान्य कुराकानीहरू भए । कुराकानीसँगै खानाका परिकारहरू आउन थाले ।

पाहुनालाई स्वागत गर्ने सम्धिनीज्यूको आफ्नै मौलिक पारा छ । बाहुन होस् कि क्षत्री मासुदेखि माछासम्म, सागदेखि च्याउसम्म सबै परिकारहरू तयार गर्नुहुन्छ । त्यसपछि दर्जा अनुसारका जुसहरूको तयारी पनि पहिलेदेखि नै भएको हुन्छ । गधापच्चिसी नाघेको कुनै पनि नेपाली नागरिकले उहाँले भनेअनुसारको जुस लिनै पर्छ । नत्र आफू अपमानित भएको महसुस गर्नुहुन्छ । उहाँले तयार गरेका सबै परिकारभित्र प्रेम लुकेको हुन्छ, ममता छिपेको हुन्छ र सौहार्द झल्केको हुन्छ ।

अन्य खाद्य सामग्रीसँगै सम्धिनीज्यूले स्कटलेण्डमा बनेको ब्राण्डेड जुसको ठुलो ठेकी अगाडि राख्नुभयो । देख्दै सातो गयो । एक त बाहुन, त्यसमा पनि सम्धिनीज्यूको घर । एकैचोटि कसरी खान्छु भन्नु, सकस पऱ्यो । ठुलो ठेकीतिर हेर्दै घुटुक्क थुक निलेँ र यस्तो पदार्थ नलिने नम्र निवेदन पेश गरेँ । मेरो अमरवाणी हावामा तैरिएर शान्त हुन नपाउँदै बैठक कक्ष स्तब्ध भयो ।

"लौन नि के भनिबक्सेको होला ?" चिन्तित स्वरमा उहाँले भन्नुभयो ।

उहाँको कुरा सुनेपछि म मुसुक्क मुस्कुराएँ मात्र केही बोलिनँ । उहाँले थप्नुभयो, "तिसौँ वर्ष जागिर खाएको, प्रशासन चलाएको मान्छेले खान्न भनेको कत्ति सुहाएन । "

म केही बोलेको थिइनँ, मीनातिर फर्केर सोध्नुभयो, "साच्चै सम्धीज्यूले केही लिसिन्न र सम्धिनीज्यू ?"

मीना बोल बोल मछली मुखभरि पानी भइन् । 'अश्वत्थामा हतो हतः, नरो वा कुञ्जरो वा' भन्नुबाहेक उनीसँग अर्को उपाय थिएन ।

केही समय भोजनसभाको कारबाही रोकियो ।

भान्साबाट विभिन्न थरी पक्वान्न सामग्रीहरू आउने क्रम जारी थियो । बैठककक्ष पक्वान्न सामग्रीको मीठो स्वादले मगमग बसाइरहेको थियो । यता हाम्रो वार्ता जारी थियो र कुनै निष्कर्षमा पुग्न सकिरहेको थिएन ।

धेरैबेरको छलफल तथा मध्यस्थकर्ताहरूको आग्रहसमेतलाई स्वीकार गर्दै स्वदेशमै जौंबाट बनेको भनिएको तर विभिन्न केमिकलहरूले सुसज्जित सुगर फ्री तर टर्रो स्वाद भएको जुससम्म लिने सहमति भयो । आंशिक रूपमै भए पनि वार्ता सफल भएकोमा सम्धिनीज्यूको मुहार हँसिलो देखियो । अरूले थाहा नपाउने गरी मेरो मन पनि खुसीले पुलकित भयो ।

भोजनका क्रममा देशको राजनीति, दर्शन, साहित्य, इतिहास, अर्थतन्त्रलगायतका विभिन्न क्षेत्रमा गम्भीर बहस भयो । कोठाभित्रबाट भए पनि सरकारले गरेका नराम्रा कामको आलोचना गर्नेदेखि लिएर सरकारले यसो गरेको भए हुने थियो भन्नेसम्मका सुझाव सल्लाह दिने काम पनि सम्पन्न गरियो । त्यो बेला हामी देश विकास नभएकोमा र पदमा बसेका नेताहरूले जनचाहनाअनुसार काम नगरेकोमा निकै चिन्तित भयौँ ।

गफ गर्दागर्दै विभिन्न प्रकारका जुस तथा खाद्य सामग्रीहरूले पेट भरियो । अन्त्यमा एक गिलास पानी र एक टुक्रा ल्वाँङ खाने ठाउँसम्म पनि बाँकी नरहेपछि आयोजक सम्धीसम्धिनीज्यूलाई कुइन्टलका कुइन्टल धन्यवाद दिँदै बिदाबारी भयौँ ।

बुहारीले गाडी स्टार्ट गरेर घरतिर हिँड्ने सुर गर्दै थिइन्, त्यस्तैमा फेरि मनमा अर्को विचार आयो ।

"बुहारी नानी ! मौका परेको बेला एउटा पान पनि चपाइहालौँ कि !"

"मिठो पान खान त बुटवल पुग्नुपर्छ बुबा, ट्राफिक चोकमा । "

मैले भनेँ, "जाऊँ । "

"बुबाले भनेपछि हिँड न त । कति बेर लाग्छ र ?" छोराले हौस्याए । मीनाले कुनै प्रतिक्रिया जनाइनन् । नातिनी सानै थिइन्, बोल्ने कुरै भएन ।

त्यसपछि गाडी बुटवलतिर मोडियो ।

ट्राफिक चोकनिर पुगेपछि गाडी रोकियो । छोरा र बुहारी गाडीबाट बाहिर निस्के र पानपसलतिर लागे । मीना र म गाडीमै बस्यौँ । मैले देखेँ, रातिको समय भए पनि पान दुकानअगाडि हामीजस्ता पानका पारखीहरू लाइन लागेका थिए । पानवाला भाइले हतारहतार पान बनाइरहेको थियो ।

त्यो बेला मेरा मनमा पुनः बनारसको चित्र घुम्न थाल्यो । बनारसमा पढ्न गएको बेला पहिलो चोटि मैले पान खाने शुभअवसर प्राप्त गरेको थिएँ । दश पैसामा एउटा सामान्य पान पाइन्थ्यो । बेलाबेला हामी पान खान्थ्यौं । त्यहाँको पानको स्वादै फरक थियो । पान चपाउँदै जाँदा नाकको टुप्पो र कानका लोतीमा समेत पसिना आउँथे ।

बनारसमा पानपछि अर्को मन परेको खाद्य पदार्थ थियो मिठाइँ । त्यो बेला अर्थात् सन् १९७८ तिर बीचबजारमा राम भण्डार नामको मिठाइँपसल थियो । त्यस पसलमा बाह्र रूपियाँमा एक किलो मिठाइँ पाइन्थ्यो । कहिलेकाहीँ हामी स्वाद मानेर मिठाइँ खान्थ्यौँ । मिठाइँ खाएपछि पान खाँदै डेरामा आउँथ्यौँ ।

मनमनै बनारसको मिठाइँ र पानको स्वाद लिइरहेको थिएँ, त्यस्तैमा छोराको आवाज आयो, "लिनोस् पान । "

छोराले दिएको पान समाउँदै बिस्तारै भनेँ, "धन्यवाद छोरा । "

पान हात पर्नासाथ मुखमा पानी आयो । 'आहा पान !' मनले यसै भन्यो । अनि कुनै विलम्ब नगरी पान मुखमा कोचेँ ।

केही बेर खुब चपाएँ । चपाउन त चपाएँ तर मैले चपाएको पान बनारसको जस्तो मिठो लागेन । पानको पत्ता पनि छिप्पिएको जस्तो लाग्यो र स्वाद पनि टर्रो टर्रो खालको थियो ।

'साला बेवकुफहरू पान बनाउन पनि जान्दैनन् । ' मनमनै पानवालालाई गाली गरेँ अनि छोरालाई सोधेँ, "मिठा पत्ता होइन र ?"

"हो बुबा, मिठा पत्ता हो । "पान चपाउँदै सुमनले जवाफ दिए ।

जति चपायो उति टर्रो, रस निल्न खोज्यो झन् टर्रो । सुरूमा चपाएको रस निल्न नसकेर थुकेँ । त्यसपछि त अलि मिठो हुनु नि । अहँ भएन । झन् टर्रो हुँदै गयो । पानले गर्दा अघि सम्धिनीज्यूले खुवाउनु भएको चौरासी व्यञ्जनको स्वाद पनि हराउला जस्तो भयो । मनमनै रिस उठ्दै गयो ।

पुनः मनमनै पानवालालाई गाली गरेँ अनि छोरालाई भनेँ, "तिमीहरूले ख्यालै गर्दैनौँ । पानवालाले ठगेछ । मिठा पत्ता हाल्नुपर्ने तितो पत्ता हालेर पानै बेस्वादिलो बनाएछ ।"

छोराले मसिनो स्वरमा भने, "मैले खाएको पान त मिठो छ ।"

नराम्रो पान दिएकोमा पानवालासँग रिसाउँदै र पान बनाउँदा ख्याल नगरेकोमा छोराबुहारीसँग रिसाउँदै पान चपाउँदै थिएँ, मुखमा चसक्क घोच्यो । यसो औलाले छामेर हेरेको सिन्काको टुक्रा रहेछ ।

'सिन्को !' मनमनै बोलेँ ।

सिन्को समाउँदा साथ अर्को सम्झना भयो । मन ढुकढुक गर्न थाल्यो । पान टर्रो हुनुको रहस्य खुल्यो । जौँको जुसले रन्थनिएको मेरो दिमागले पानको बाहिर बेरेको सालको हरियो पात फाल्नुपर्छ भन्ने कुरा नै बिर्सेछ । पानको बाहिर रहेको सालको हरियो पातसमेत चपाएपछि किन टर्रो नहोस् ।

केटाकेटीहरूले थाहा नपाउने गरी पूरै पान थुकेँ । तैपनि मुखमा टर्रोपन हराएको थिएन । त्यै बेला एउटा उखानको सम्झना भयो- 'बाहुनले च्याउ खाओस् न स्वाद पाओस् । '

ooo

# पूर्ण-विराम

✍ **विष्णुहरि पौडेल**
**कीर्तिपुर-२, मैत्रीनगर, आदर्श मार्ग, काठमाडौं**

जानें 'पूर्ण-विराम' चिह्न 'कखरा' सिक्ता भनी फुर्किएँ ।
धेरै काव्य पढेर स्नातक भएँ, एम.ए.सकी उत्रिएँ ।
अंग्रेजी सिकियो प्रशासन पढी डिग्री सकेथें जब ।
मैले 'अल्प-विराम' नै बुझिनछु के स्फूर्ति लाऊँ अब ।।

भन्थे 'पूर्णमदः' महर्षिहरूले के अर्थ हो वास्तव ?
बोक्रो मात्र सिकेछु ओखर गुदी भेट्नै भयो दुर्लभ ।
के हुन् ती पुरुषार्थ, वैदिक ऋचा, अध्यात्म, योगी मन ।
गीता, दर्शन शून्य ज्ञान गरिमा, खेस्रा रह्यो जीवन ।।

भोग्दै बाल, कुमार, यौवन, दशा सोझिन्छ वृद्धाश्रम ।
यात्रा पूर्ण विराम लाग्छ बटुवा-को स्वर्ग आरोहण ।
पानी, बादल, बाफ या बरफको यो भौतिकी मौसम ।
यस्मा 'पूर्ण-विराम' चाँहि कुन हो ? विज्ञान होस् दर्पण ।।

मेरो भन्छ हरेक वस्तु कसले ? को हो 'म' भन्ने जन ?
पाए गर्छ रजाइँ रूप, रस वा सम्पत्तिको शोषण ।
'माया, मोह र लोभ,क्रोध' यिनमा छेको कहाँ लाग्दछ ?
तिर्खा 'पूर्ण-विराम' लिन्छ कहिले विज्ञान के भन्दछ ?

गुच्चा यो पृथिवी विशाल नभमा आयो भकुण्डो सरि ।
उल्का पिण्ड खसाल्छ को लुकिछिपी अस्तित्व दागा धरी ।
दिन्छन् भौतिक तर्क, शान्त नभई बढ्दै गयो त्रासदी ।
खै कत्रो छ त अन्तरीक्ष यसको सीमान्त नेकी-बदी ?

हाम्रा काव्य समाजको प्रकृतिको गर्दै रहे चित्रण ।
आत्मा चेतन सत्व जग्मग हुनै पाएन खै ब्युँतन ।
देही, देह, विसर्ग, सर्ग नबुझी राखिन्छ संबोधन ।
जानें 'पूर्ण-विराम' भन्नु कसरी गर्दैछु संशोधन ।।

'पूर्णात् पूर्ण निशेष पूर्ण कसरी बाँकी रह्यो जान्दिनँ ।
ब्रह्मर्षि प्रिय अत्रि-बंशज म हुँ के भन्नु खै भन्दिन ।
जाबो बाह्रखरी चिनी अजर को, के जान्नु को नश्वर ?
सो ऽ हं 'पूर्ण-विराम' हो पछि सिकें ॐ कार एकाक्षर ।।।

ooo

*// टिप्पणी //*

# 'बानेश्वरको सेरोफेरो'लाई यसो नियाल्दा

✍ **मुरारिविनोद पोखरेल**
**महालक्ष्मी-४, इमाडोल, ललितपुर**

बानेश्वरको सेरोफेरो (अध्यात्म, समाज, सँस्कृति र इतिहास) नामको प्रारम्भिक सहित ६१४ पृष्ठको बृहद् किताबका लेखक श्रीहरि अर्याललाई एउटा वरिष्ठ अधिवक्ताको रूपमा मात्र मैले चिनेको रहेछु । म पनि बानेश्वरमै जन्मी हुर्केको श्री अर्यालभन्दा तीन वर्ष मात्रै कान्छो व्यक्तिले आफ्नै सेरोफेरोमा हुर्केको नजिकका अग्रजलाई चिन्न नसक्नु मेरै कमजोरी अवश्य हो । त्योभन्दा पनि रमाइलो कुरा त मैले श्री अर्याललाई चिनेको त उनी चिकित्साशास्त्र अध्ययन सँस्थान महाराजगञ्जमा उपप्रशासकमा कार्यरत हुँदा र म त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, त्रिपुरेश्वरमा सहायक प्रशासकमा काम गर्दा २०३१ सालमा चिनेको हुँ, तर हामी दुबैको बासथलो बानेश्वर गाउँ पञ्चायत हो भनेर हैन । अलिक खाइलाग्दो, हृष्टपुष्ट, टडकारो तर शालीन बोली भएका श्री अर्यालमा अन्यलाई बोलीचालीले आफूतर्फ खिच्नसक्ने व्यक्तित्व रहेको त्यसै बखतदेखि मलाई लागेकै हो । पछि बिस्तारै उनको अदालती कामकाजको ओज बढदै जाँदा म पनि नजिकिन पनि खोजेँ हुँला । चिनाजानी बढ्दै गयो, अलिक थप कुराहरू जान्ने मौका पनि पाइयो । तर यो कवि, अनुसन्धाता र विषयवस्तुलाई मिहिनढंगले पर्गेल्न सक्ने व्यक्तिको रूपमा भने यही किताब पढेपछि मात्र हो ।

आजकल हामी इमाडोल बस्छौं । यो सेरोफेरो किताब २०७८ कार्तिकमा निस्क्यो, ठिक त्यहीबेला म काम विशेषले केही दिन काठमाडौंबाहिर थिएँ र सोको लोकार्पण समारोह स्वतः छुट्यो । बानेश्वर गएर किताब ल्याउँछु भन्दाभन्दै फागुन नै बित्न थालेछ । एकदिन यसैलाई काम बनाएर...पशुपति बुक्स...' पुरानो बानेश्वर गएर किताब ल्याएपछि बल्ल सञ्चो भयो ।

बानेश्वर आफ्नै जन्मथलो; धोबीखोला र बाग्मतीमा नुहाइ, धुवाइ, स-साना असला माछाको खोजाइ; यी दुई नदीका पूर्वपश्चिम र उत्तर एवं पशुपति क्षेत्रको दक्षिण भूभागसम्म हाम्रा खेलकूद भागदौडका आफ्नै थला; टारी कान्ला कान्ली समेतका बारी र सेपिला खेत; वर्षातमा मकैका घोंगा र भटमासका बाला र सो पछि लहलह धानको सलल र परालको कुन्यौमा लुकामारी खेलेको ठाउँ, २०/२२ सालसम्म ठुलोबुबा हरिकृष्ण पोखरेलले भन्नुहुने ५८ घर; समग्रमा एउटा सानो गाउँ; नयाँ सडक, पुरानो भन्सार, क्षेत्रपाटी, असन, इन्द्रचोकका शहरियाले भनिने गाउँ/काँठ; ... यस्तै यस्तै पुराना कुराहरू सम्झनामा राखेर बानेश्वरको सेरोफेरो पढ्न थालियो ।

हाल काठमाडौँ महानगरपालिका वडा नं ९, १० र ३१ मा विभाजित पशुपति मन्दिरदेखि दक्षिण शंखमूलसम्म र धोबी खोलापूर्व एवं वाग्मती पश्चिमको सबै भूभाग समेटेको पहिलेको एउटो बानेश्वर हाल चिराचिरा परेर, पुरानो नयाँ, मध्य आदि भएको सबै कुराको बेलिबिस्तार श्री अर्यालले यस किताबमा गरेका छन् । सडक, टोल, गल्लीका नामहरू सङ्कलन गर्न थाल्ने हो भने ती कति हुन्छन् कति । उनले ती चिराहरूका केस्रा केस्रा केलाएका छन् यस किताबमा ।

हामी विपद्विधाको विद्यार्थीले विपद् पनि विकासको सम्बाहक हुन सक्छ भनेर पढेका हौं । १९९० सालको महाभूकम्पले नै काठमाडौंमा जुद्धसडक, नयाँ सडक आदिको प्रादुर्भाव भएर फराकिला सडकहरू बन्न थालेका रहेछन् । २०७२ वैशाख १२ र सोपछिका विध्वंसकारी कम्पनहरू पश्चात् नेपालमा कतिपय स्थानमा सामुदायिक बस्ती, भूकम्प प्रतिरोधी भवनहरू बन्न सकेको हाम्रा आँखा अगाडि नै छन् । अब बन्ने संरचनाहरूमा भूकम्पीय सुरक्षाका उपायहरू अवलम्बन गर्नै पर्ने बाध्यकारी नियम नै छ भने, सरकारी संरचनाहरू अपाङ्गमैत्री पनि हुनुपर्ने बाध्यकारी प्रावधान रहेको छ । यहाँ जोडौं विपद्ले पनि केही सकारात्मक कामको लागि मौका दिन्छ । अर्थात् कोरोनाको कहर यदि नभइदिएको भए यही बानेश्वरको सेरोफेरो पनि २०७८ असोजमा निक्लने थियो थिएन, शंका गर्ने प्रशस्त ठाउँ छ, किताबको पृ.५२९ले यस्तै आसय उल्लेख गरेको छ । अर्थात् विपद्ले पनि कतिलाई किताबहरू लेख्ने, संगीत संयोजन गर्नेलगायतका अन्यान्य नयाँ कामहरू गर्न समय र ऊर्जा दिएको कुरा ज्ञात हुन आएको छ ।

समाज वा सँस्कृतिको बारेमा किताबमा यत्रतत्र विविध प्रसङ्गहरू उल्लेख भएको पाइन्छ । महिलाहरू पर सरेको अवस्थामा जिउ गल्ने आदि संवेदनशील अवस्था हुने हुँदा चार दिनसम्म पानीसमेत नचल्ने बन्दोबस्ती थियो र सो समयमा महिलाहरूले आराम गर्न पाउँथे (पृ.७२) । यस आरामको परिपाटीलाई हामीले नबुझेर अझ खास गरी गाउँ, कुनाकन्दरामा, मल निकाल्ने, मल बोक्ने, धान वा गहूँ चुट्ने कुट्ने पिस्ने जस्ता अन्य भारी काम गराउने परम्पराको विकास भएको यसै हरफकारले देखेकै हो । एउटा राम्रो सोचले बाँधिएको परम्परामा विचलन आएर अर्कै रूप लिएका उदाहरणहरू हाम्रो समाजमा अनगिन्ती छन् र त नछुनी हुँदा धार्मिक पूजाआजामा मात्र महिलालाई सम्लग्न नगराएको तर अन्य संवेदनशीलतालाई भने हामीले बेवास्ता गरेको छर्लङ्ग छ ।

लगभग दुई हजार तीसको दशकसम्मै बानेश्वरलगायत गाउँघरका प्रायः सबैजसो घरहरूमा ढोड, निलकाँडालगायतका बोट बुट्यान वा रुखका हाँगाबिँगा, नर्कट, खोया, गुईंठा आदिबाट खाना पकाउने चलन थियो । ढलौटे कसौँडीमा भात, तरकारी र ताप्के वा किटको कराइमा दाल पकाँउथे र ढिँडो ओडाल्थे' (पृ.९६) । आफूले देखे भोगेको यो चलनलाई सरलरूपमा श्री अर्यालले जस्ताको तस्तै

राखिदिएको देख्दा पढ्दा मज्जा आयो । अझ वर्षात्मा काचाँ दाउरा/झिक्राको पुत्यान्ले आँखा पीरो भई भान्सा नजिक बस्न नसक्ने हुँदाका दिनहरू पनि मानसपटलमा नाच्न थाले । हतार हुँदा भातसँगै कतै पिठाको ससाना डल्ला कतै ओडालिएको मकैको ढिँडो हतारमा खाएर विद्यालय वा काममा दौडँदाको पेट हल्लाइ अहिले पनि सम्झनामा नाच्न थाल्यो ।


आफूले सम्झेदेखिको बसोबासको थलो भनेको बानेश्वरै हो । हुन त हामी पोखरेलहरू, भारतवर्षको दक्षिण कुनै भागबाट अन्य खसहरूझैं उत्तरिँदै पश्चिम नेपालको विभिन्न भूभाग हुँदै गोर्खा र पृथ्वीनारायण शाहसँगै काठमाडौं भित्रिएका र हाम्रा पुर्खा, कुनै कालखण्डमा किराँत बसोबासको स्थानमा कामविशेषले खटाइएर खोटाङ्को विभिन्न भूभागमा बस्न पुगेका कुराहरू पनि सुनिएकै हो । ती खार्पा निवासी खोटाङ्गेमध्येका एक सूर्यविनोद, पहाडबाट कुनै सिलसिलामा काठमाडौं आइपुगेको र नोकरीमा लागेको भनिएको छ । उनीदेखि हाम्रा नाउँको बीचमा विनोद राख्ने चलन बसेको रहेछ । मैले कता सुनेको थिएँ हजुरबुबासम्म ढोकाटोलमा बसेको भनेर, तर त्यो गलत रहेछ । जिजु हजुरबुबाको पाला काठमाडौंको ओमबाहाल शहरमै बितेछ भने हजुरबुबा श्रीविनोदको पालामा १९६७ । ६८ तिर हाम्रा पुर्खा ओमबाहालबाट बानेश्वरको हात्तिगौंडा आएका रहेछन् (पृ.१०३-९) । यसै किताबमा हाम्रा पूर्खा के कसरी काठमाडौं आए, कोसेलीको कारणले कसरी दरबारसँग सम्बन्ध बन्यो, कसरी नोकरी पाए, सधैंको लागि यतै बसोबास गर्नथाले आदि भनिएको छ । ठुलोबुबा हरिकृष्ण पोखरेलको पालाका कुराहरू र बानेश्वरबाटै जग्गा प्लटिङ्गको प्रारम्भ भएको एवं ... 'बानेश्वर हाइट' भन्ने नामकरणसम्मको बारेमा म स्वयं परिवारको एक सदस्यको लागि पनि अनौठा लाग्ने कुराहरू यसमा परेका रहेछन् ।

बानेश्वरमा २००७ सालअघि देखि बसोबास गरिआएका र स्थापित देवीदेवताका बारेमा सोधखोज गर्न श्री अर्यालले भरमगदूर प्रयत्न गरेका छन् । बानेश्वर सानो गौचरका भट्टराईहरू गोर्खादेखि, शाह खलक गुल्मीदेखि, के.सी. खलक, लुभूबाट, पाण्डे खलक गोर्खाबाट, मराठाहरू गोर्खाको आँपपिपलबाट, गौतमहरू लुभूबाट, राणाहरू धोबीचौरबाट, खड्काहरू ओखलढुङ्गाबाट, झोछेँबाट बोगटीहरू, मुगा-धनकुटाका थापाखलक, सिस्नेरी र बाग्लुङका पौडेलहरू, काभ्रेपलाञ्चोकका कोइराला, गोर्खाबाट नुवाकोट हुँदै आएका लामिछानेहरू, बनारसबाट गिरी खलक, केवलपुर धादिङका बास्कोटा, दाप्चा भक्तपुर हुँदै शंखमूल आएका तिमल्सिनाहरू आदि । अर्थात् श्री अर्यालका अनुसार सानो बानेश्वरमा धेरै भूभागबाट परिवारहरू बसाइ सर्दै आएका रहेछन् ।

हो बानेश्वर सरकारी अधिकरणमा पर्छ भन्दथे । कहिले आन्तरिक हवाइ मैदान बन्ने, कहिले दूतावासका आवासीय भवनहरू बन्ने आदि कुराहरू हावामा

फैलन्थ्यो, हामी सानामा सुन्ने गर्थ्यौं । यस किताबमा त अझ त्योभन्दा बढी त्रिभुवन विश्वविद्यालय स्थापनाको लागि जमिन खोजिँदा बानेश्वर पनि परेको तर शहरबाट अलिक टाढा र सुन्दर स्थान कीर्तिपुर भनेर छानिएको रहेछ भन्ने उल्लेख गरेको पाइयो (पृ.२५२) । हुन पनि हो झण्डै तीसको दशकसम्म बानेश्वर र शंखमूल लमतन्न परेको, उत्तर दक्षिण लाम्चिएको, थोरै घरहरू मात्र भएको एउटा रमाइलो फाँट, टार, कान्लाकुन्ली, बोट बुट्यान, घरवरिपरि फलफूलका बिरूवाहरूले घेरिएको हुने गर्दथ्यो । दिउँसै स्याल कराउँथ्यो, नर्कटघारी जतासुकै थिए, ठाउँ-ठाउँमा बाँसका झ्याङ थिए, यदाकदा केराघारीहरू थिए नै, निलकाडाँको पर्खालले आ-आफ्ना जग्गाको क्षेत्रफल घेरिएको हुन्थ्यो । जहाँ जग्गाको आँठो अलिक ठुलो हुन्थ्यो, त्यसैलाई माथि डिलमा अलिक तासेर गाई वस्तु हिँडाउने र मानिस हिड्ने गर्थे । पशुपति क्षेत्रमा वाग्मती छेकेर ल्याइएको राजकुलोबाट बानेश्वरको पूर्वी फाँट र शंखमूलका फाँटहरूमा सुवर्णका बालाहरू लहराउँथे । बानेश्वर हाइट नबन्दै, हाम्रो घर पश्चिम हाल डा. भेषबहादुर थापाको घर वरपर, ठूलठूला रुखहरू र लतालहरा आदि यति घना थिए कि, त्यहाँ झरेका लप्सी टिप्न जान पनि हामी डराएर एक्लै नगई साथी खोज्थ्यौं । साँच्चै राजधानी शहरको यति निकट भईकन पनि बानेश्वर आधा शताब्दीअघिसम्म त सुन्दर, शान्त निश्चल एउटा फगत गाउँ मात्र थियो र म पनि सोको साक्षी थिएँ भन्न पाउँदा पनि कताकता आनन्दको अनुभूति हुन्छ ।





माथिका दुईवटै तस्वीरहरू गुगलमा खोजी गरेर राखिएका हुन् । हालाकि यी फोटाको अन्तर लामो छ । यद्यपि, मैले यहाँ उल्लेख गर्न खोजेको कुरा के हो भने वि.सं.२०३० सम्म काठमाडौंमा घरको घनत्व वृद्धि परिवार बढेर एउटै घरमा नअट्दा दुईवटा घर बनाउनै पर्ने अवस्थामा वृद्धि भएझैं झिनो प्रतिशतले हुने गर्दथ्यो भने चालीसको दशकदेखि काठमाडौं उपत्यकामा घर निर्माणको वृद्धि ज्यामितीय हिसाब अर्थात् चार सोह्र चौसठ्ठीको अनुपातमा हुन थालेको छ ।

श्री अर्यालकै किताबको शीर्षपृष्ठको तलको फोटोलाई हेरौँ । फोटोको शीर्षभाग सिँहदरबारको पछाडि अर्थात् पूर्व बानेश्वरको भूभाग पर्दछ । त्यस फोटोमा उल्लेख भएको वर्षले पनि काठमाडौं उपत्यकाको पातलो बस्तीको जानकारी स्पष्ट दिएको छ । तीसको दशकसम्म पनि सो फोटोले दिएको झलक बानेश्वरमा पाउन सकिन्थ्यो ।



वि.सं. २०२१ सालतिरको बानेश्वर (सिंहदरबारपछाडि)

यस किताबमा बानेश्वरको साँच्चिकै नालिबेली गरिएको छ । विगत छ सात दशकका बानेश्वरबासी प्रख्यात व्यक्तिहरू कोही छुटेका छैनन् होला । को कहाँबाट आएर कसरी बानेश्वरका भए, ती सब यसैमा पढ्न पाइन्छ । राणा दरबारिया चालचलन, खुस भएमा बिर्ता दिने परिपाटी र कतिले त बानेश्वरमा बिर्ता नै पाएका रहेछन् । बानेश्वरमा हकी व्यक्ति पनि रहेछन् र भनेछन् मकै गोड्नु कि दर्शनमा जानु' । चन्द्रशम्शेर हात्तीमा बानेश्वरको बाटोमा गैरहँदा, देख्ने जतिले महाराजको जय भनिरहेका बखत बद्रीनाथ लामिछानेले भने वास्तै गरेनछन् । आठपहरिया लगाएर उनलाई प्रश्न गरिएछ । मकै गोड्न बितेकाले काम छोडी दर्शनमा जान नसकेको, मकै नभए आफ्नो छाक टर्दैन उनले भनेछन् । त्यसो भए जागिर खान्छौ भन्ने सोधनीपछि जागिर खाएर उनी डिठ्ठा भएका रहेछन् । हवाइ दुर्घटनामा बाँचेका मानिसको कथा होस् वा बाबुले पढ्ने कक्षामा छोराले पढाउने भएपछिको अप्ठ्यारो, चढेको घोडा भूत रहेछ जस्ता अनेकानेक अचम्मलाग्दा कुराहरू यसै किताबमा पढन पाइन्छ । शक्तिकी प्रतीक कुमारीलगायत बानेश्वरभित्रका देवीदेवताहरूको वर्णन, जात्रा पर्व, खरीको रुखको महत्त्व, सडक/मार्गका फेहरिस्त, प्रत्येक एकएक भूखण्डको नामअनुरूप चिनारी, विद्यालय, पुस्तकालय खोल्नेलगायत सामाजिक काममा बानेश्वर अग्रणी रहेको विवेचना, शिलापत्र, केही रोचक निर्णयहरू, रेडियोको पनि लाइसेन्स हुन्थ्यो र नवीकरण गर्नुपर्थ्यो भन्ने प्रमाण, प्रख्यात दुई कम्पाउडरहरूबारे टिप्पणीलगायत अनेकानेक सामाग्रीहरूको खोजमूलक दस्तावेजको रूपमा श्री अर्यालको यो

किताब रहेछ । बानेश्वरको सेरोफेरो भनिए पनि स्थान विशेषको कुरामात्र हैन । यसमा त एउटा कालखण्डको एउटा सानो भूगोलको समग्र संस्कृति र इतिहासभित्र अट्ने सबै विधाहरू समाविष्ट छन् । डा.नयनाथ पौडेलको मेरो पियारो बानेश्वर पृष्ठ (ञ) लाई मैले पनि पियारोकै रूपमा ग्रहण गरैं र यो किताब सरसरती पढैं । पढ्दा कति कुराहरू सम्झाइ दिएको, कति नयाँ कुराहरूको जानकारी गराइदिएको आदि कारणले गर्दा धेरै पटक श्री अर्याललाई मनबाटै धन्यवाद दिइरहैँ । पढ्न बाँकी हुनेहरूले यो किताब खोजेर, स्वाद लिएर पढनुहुनेछ भन्ने कामना व्यक्त गर्दै यो टिप्पणीकार यस पटकको कलमको निब यहीं अन्त गर्न चाहन्छ ।

ooo

---

*// कविता //*

# हे वाग्देवी ! तिमी आऊ

✍ **प्रीति आत्रेय झवाली**
**काठमाडौं**
**हाल : कम्बोडिया**

लेखनी लेख्न भन्दैछ भावना मनका गुनी ।
बोलाउँदैछ भान्साले छिटो बाल चुलो भनी ॥ १ ॥

बसूँ लेख्न भने ऐले पाकशाला रिसाउने ।
भान्सामा काम नै गर्दा लेखनी मुर्मुराउने ॥ २ ॥

भावले बुर्कुसी मार्छन् मनमा पोख लौ भनी ।
कति ता तुहिने आफैं नसमातेर लेखनी ॥ ३ ॥

कहिले मन यो सोच्छ रिसाइन् कविता कतै ।
नलेख्दा कविता फेरि खेल्दिनन् मनमा कबै ॥ ४ ॥

फटाफट सकी काम लेखनी यो समाउँछु ।
रिसानी माफ होस् भन्दै कविता लेख्न थाल्दछु ॥ ५ ॥

भावना मनका मेरा नगुम्सिऊन् कबै पनि ।
लेखनी यो चलोस् नित्य अन्तिमै क्षणमा पनि ॥ ६ ॥

हे वाग्देवी ! तिमी आऊ जुनै बेला जहाँ पनि ।
साधना म गरूँ तिम्रै समाई नित्य लेखनी ॥ ७ ॥

ooo

*// गद्य कविता //*

# अनिदो रातका सपना र मेरो मन

✍ **वासु जमरकट्टेल**
**शिवराज-८, लक्ष्मणपुर, कपिलवस्तु**

विषमता बीच
आफ्नै क्षितिजभित्रको परिभाषाले परिभाषित
स्वयंले मात्रै बुझ्दै आएको
निकटताको एउटा गहिरो नाता
जसको अरूले देख्ने
कुनै रूप थिएन
आकार दिन सक्दैनथे
न कुनै रंगको लेप लगाए कसैले ।
आफ्नै श्वास-प्रश्वास
प्राण वायु भनूँ कि ?
मात्र आफ्नै धर्म
आफ्नै रंगले पोतिएको
स्वयंले मात्रै देख्न र अनुभूत गर्न सक्ने
भित्ताका रंगी बिरंगी तस्बिरहरू
जुनकुनै रंगले मेट्न नसक्ने गरी
जिन्दगीको गीत जस्तै
मुटुको भित्रीपत्रोमा सजिएर रहेका छन्
म सम्झन्छु
म पढ्छु
म बुझ्दछु
एउटा नियमितक्रम
एक्लै एकान्तमा थकै लाग्ने गरी कुरा गर्दछु ।
उही बाटोमा भौंतारिदा-भौंतारिदै
कहिले असाध्यै थकै लाग्दछ
पिपलको रुखको टुप्पामा एक्लै हराएको चिबे
मेरो मन

कहिले फुरुङ्ग हुन्छ
ठम्याउन हम्मे हम्मे पर्छ
क्षितिजको बादलले छोपिएका आकृति
पापीमनको भित्ताका उनै अवशेष हुन् कि
छुन असाध्यै लालायित छु
समाउन
उतैतिर भुरूरू उड्दछन् कुजिएका उनै आँखा
अहँ
कुन्नि किन हो पटक्कै अल्झँदैन
अनिदो रातका सपनीमा मेरो मन ।

ooo

---

*// कविता //*

# नयाँवर्षको मङ्गलमय कामना

✍ **मोहन झवाली**
**कपिलवस्तु**

नयाँ दिन नयाँ वर्ष, नयाँ संकल्प जीवन ।
भय त्रासविना रम्दै, जाओस् नेपाली जीवन ॥
मग मगाई यहाँ सारा, फुलोस् नेपाल देश नै ।
नेपाली पसिना थोपा, खसून् नेपाल देशमै ॥

कोयली गान गर्दैछ, जुरेली नाँच गर्दछन् ।
मञ्जरी चामर हम्की, फूल स्वागत गर्दछन् ॥
ठाँटमा रथमा आयो, नयाँ वर्ष नेपालमा ।
सौभाग्य सिंदुर छर्दै, स्वर्णिम यो प्रभातमा ॥

सबैको ओठमा हाँसो, हातमा काम भैदियोस् ।
मुटुमा देशको माया, विशाल मन भैदियोस् ॥
शोक सन्तापको छायाँ, नपरोस् यस देशमा ।
नयाँ वर्ष सधै ल्याओस्, सुख शान्ति यो देशमा ॥

ooo

# मान्छे

✍ **थानेश्वर पन्थी**
**धापसी, काठमाडौं**

आफ्नो प्रशस्तिमा मान्छे रम्ने रैछ जति पनि ।
अर्काको होस् त प्रशस्ति सुन्न चाहन्न क्यै पनि ॥

उन्नति र भलो खालि आफ्नै चाहन्छ ऊ सधै ।
अर्काको प्रगति देख्दा खिन्न भैहाल्छ बेसरी ॥

सप्रेको बाली अर्काको न ऊ सक्दछ देख्न नै ।
नखाँदा अरुले मीठो उस्लाई हुन्छ सह्य नै ॥

चुहिने घरको छानो होस् आफ्नो छैन मत्लब ।
अर्काको गतिलो छानो देख्यो कि हुन्छ छट्पट ॥

आफ्नो क्यै नहुँदा मान्छे बरू चित्त बुझाउँछ ।
परन्तु अरूले केही गर्यो कि जल्न थाल्दछ ॥

आफ्नो उन्नतिमा हैन हाँस्छ उ अरू खस्कँदा ।
आफ्नो दुर्गतिमा हैन रून्छ उ अरू उस्कँदा ॥

जान्छ मन्दिरमा खालि आफ्नै निम्ति सधैसधै ।
अर्काको निम्ति बाल्दैन धूप बत्ति कहीं कतै ॥

नबोल्ने भित्र द्यौता छन् सुन्दैनन् अरुका कुरा ।
तै पनि गर्छ मान्छेले उसँगै मनका कुरा ॥

मृत्युको उ समाचार सुन्दामा अरुको कतै ।
न त स्तब्ध ऊ देखिन्छ मान्छे साँच्चै छ स्वार्थी है ॥

परन्तु जब त्यो मृत्यु घुस्छ आफ्नै कुटीमुनि ।
छाती पिटीपिटी रून्छ हा ! के यस्तो भयो भनी ॥

उल्टो मति छ मान्छेको उल्टोमै रम्न जान्दछ ।
उपदेश दिने मान्छे देख्यो कि शत्रु ठान्दछ ॥

सृस्टिले कसरी यस्तो मान्छेको रचना गर्‍यो ।
बाध्यता के पर्‍यो कुन्नि कोही बुझ्दैन यो कुरो ॥

उही राग तिरस्कार घृणा विद्वेष पल्पल ।
उही इर्ष्या उही क्रोध उस्तै सोंच निरन्तर ॥

बोक्दै अजस्र घृणा र द्वेषको भारी हर्दम ।
सधै उचो हुने मान्छे पुङ्को बन्दैछ दिन्दिन ॥

पैसा, पद र सम्पत्ति, मानको अभिमानको ।
घडा फुटे पछि मात्र मान्छे बन्ने छ कामको ॥

मान्छेको मनको कालो मैला हट्नेछ जुन् दिन ।
सारा संसार उज्यालै उज्यालो हुन्छ त्यो दिन ॥

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का
आजीवन ग्राहक, लेखक र कविहरूले

# हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

## हाम्रो पुरुषार्थ (त्रैमासिक)

*// गीत //*

# गृहलक्ष्मी

✍ **पन्थी रामप्रसाद**
**रेसुङ्गा-२, छापटोला, गुल्मी**

विवाहको वर हुँदा तिमी भयौ वधू
जिन्दगीमा कति सुधा कति दियौ मधु ।

बालापन बितेका ती छोडी गाउँ घर
गृहलक्ष्मी बनी आयौ परी मेरै भर ।

नजानेको गाउँ ठाउँ नयाँ नौला मान्छे
चुलो चौको सम्हालेर बनिदियौ भान्छे ।

दैलोपोतो तिम्रै जिम्मा मेलापात सारा
आधा रात गाग्री बोकी धायौ कुवा धारा ।

उमेरमा सानी थियौ काम कुरा पाका
रूपरङ्ग राम्रो तिम्रो मिठो बोली भाका ।

पकाएर मिठो चोखो खुवाएर टन्न
मेरा लागि व्रत बस्छ्यौ थाल्छ्यौ कथा भन्न ।

गुन्यु चोली लगाएर चुरा पोते चट्ट
धोक्रो बोकी मकै पिध्न जान्छ्यौ पानी घट्ट ।

चिसो लाग्छ तातो पानी खानू है त भन्छ्यौ
नुहाएर चिसै पानी मन्दिरमा जान्छ्यौ ।

छोराछोरी भन्ट्याङ्भुन्टुङ् मलमूत्र बिष्टा
नमानेर लाज घिन धुन्छ्यौ थाङ्ग्राभोटा ।

सन्चो छैन भनें भने बनी कविराज
ओखतीको धुलोमुलो दिन्छ्यौ हर साँझ ।

खोजी खोजी धोइदिन्छ्यौ मैला लुगा फाटा
हिड्न थाले मुस्काएर भन्छ्यौ सि यु टाटा ।

सिर्जनाकी स्रोत तिमी ममताकी खानी
तिमी धाई तिमी साथी हृदयकी रानी ।

लोभ ईर्ष्या कत्ति छैन चाह छैन धेरै
तिमी लक्ष्मी सरस्वती राधा गौरी मेरै ।

०००

*// लेख //*

# देहरादून : त्यो देहरादून, यो देहरादून

✍ **उदय ठाकुर**
**गढीकैन्ट, गोर्खाली सुधारसभा**
**देहरादून, उत्तराखण्ड भारत**

देहरादून भनिने उत्तराखंडको यस शहरमा कहिले र कसले पहिलो घर बनायो होला ? यो प्रश्न अनुत्तरित छ र अनुत्तरित नै रहनेछ तर घरहरू बन्न थाले, घरहरूको समूह भयो, गाउँ बस्यो, शहर भयो, जनसंख्या बढ्यो, गार्खाली आयो, थरी-थरीका जातिका मान्छे आए । अब यहाँ घुइँचो छ, भीड छ ।

विगतलाई इतिहास भनिन्छ । अनुमान गर्न सकिन्छ कुनै बेला देहरादून पनि एउटा सानो गाउँ मात्र थियो होला । देहरादून एउटा घाटी ! दुई पहाडको मुनिको स्थानलाई खाल्डो (घाटी) भन्छन् । बुढा पाकाहरूबाट खास गरी अहिलेको देहराक्षेत्रका कुरा सुन्दा यस्ता अनुमानले पुष्टि पाउँछन् । देहरादूनको पुरानो नाम द्रोणदून र डेरादूनका उच्चारण ध्वनिमा समता जस्तो देखिंदो रहेछ । मलाई मात्र यस्तो लागेको हो वा साँच्चि नै हो तर देहरादून लोकप्रिय कवि गोपाल सिंह नेपालीको लागि धान अनि गहुँका लहलहाउँदो फसल, बेर, करौंदाको रमाइलो मनोरम स्थान हो । अघिसम्मको देहरादून त्यस्तो थियो भने शताब्दीयौंअघि देहरादून कस्तो थियो होला त ? परिवर्तन हो, कालक्रममा परिवर्तन स्वाभाविक हो ।

देहरादून अहिले बेहिसाबसँग फैलिंदै गइरहेको छ । निजी घरहरू पनि खुबै बनेका छन्, केही त निकै भव्य, निकै आधुनिक खालका पनि छन् । धेरै जना अचम्म मान्छन् । कहाँबाट यसरी पैसा आइराखेको छ देहरादूनमा । "अंगुर अमिलो छ" भने झैं केही चाहिं यस्ता ठूला निजी घर देखेर अनुमान लगाउँछन् वा प्वाक्क भनिदिन्छन् पनि होला । कुनै घुस्याहा कर्मचारीको, नेताको वा दुई नम्बरी धन्दामा लागेको कुनै पनि मानिसको । दुई नम्बरी धन्दामा अनेक धन्दा पर्छन् । चल्यो भने मालामाल, रातारात लाखपति तर सबैलाई यसै घुस्याहा र दुई नम्बरी मान्नु त भएन । कतिको चोखो कमाइ पनि त हुनसक्छ ।

सत्य भन्ने हो भने धेरैबाट पाएको सद्भावना, सहानुभूति र सहयोगको सम्बलको भरमा नै बाँचेको छ देहरादून । अनेक जातिको सङ्गम, अनेक संस्कृति, संस्कार, भाषा, आचार विचारको क्षेत्र हो देहरादून । यहाँ बस्नेहरूमा धेरै गोर्खाली पनि छन् । यहाँ बाहुन, क्षत्री, मगर, नेवार, गुरुङ्, राई-लिम्बूहरूका घर छन् । यहाँको माटोमा मत्याउने गोर्खाली भाषा नेपाली खुबै प्रचलित छ । यो देहरादून उठेको छ । गोर्खाली उठेको छ । बलियो छ । कहिलेदेखि यो क्रम चलिरहेको

छ । कसले भन्न सक्छ ? गोर्खालीलाई अवकाश छैन । पृथ्वी सदा घुमिरहन्छ, त्यस्तै गरी गोर्खाली पनि यहाँ घुमिरहेको छ, यो गति जारी नै रहनेछ ।

देहरादूनको केन्द्र बिंदु घंटाघरको ओरिपोरि वर्षको ३६५ दिन मानिसको आउनु जानु छ । यी मानिस सबै थरीका हुन्छन् । धेरैको खास गरी उपत्यका बाहिरबाट आउनेको सम्पर्क स्थल पनि त्यही हुन्छ । घंटाघरको सामु नै गोर्खालीको पल्टन बजार छ । उनीहरूले निर्माण गरेको जंगम् शिवालयमा आराध्य शिवशंकर लुकी बसेका छन् । त्यहाँ घण्टौं मान्छेहरूको ओहर दोहोर हुन्छ । धेरै थरीका कुरा, धेरै थरीका हल्ला, धेरै थरीका खाजा हुन्छन् । यहाँ सबै थरीका मानिस देखा पर्छन् । काम र मामको हिसाबले त यिनमा अझ धेरै किसिमका हुन्छन् । तर घंटाघर, अनि पल्टन बजार भने सधैंको मौन दर्शक । यहाँ अझै कति कुरा भए, हुन्छन् र हुने पनि छन् । सबै कुरा उसलाई सम्झना हुनु गाह्रो पनि त हो । भन्ने हो भने राजनीतिको वर्तमान र भविष्यलाई ठोकुवा गर्ने निर्णायक काम, कुरा, कदमको सूत्रपात्र यहींबाट हुन्छ ।

अब त देहरादूनमा ताराहीन त के ३, ४, ५ तारे सम्मका ठूलठूला होटेल छन् । पहिले घोडा गाडी थिए, हुने खानेले साइकल सम्म चढ्थे, तर अहिले सबै थरीका आधुनिकतम खास गरी कार र मोटर साइकल थुप्रै भइसके । सडक काट्नसम्म कति गाह्रो पर्छ । घंटाघरको घुम्तीको केही पर परेड ग्राउण्ड, गाँधीपार्क, प्रेस क्लब छन् । गोर्खाली पल्टनको जवानहरूको कदमताल गर्ने परेड ग्राउण्ड अब मेला, प्रदर्शनी, राजनीतिको अड्डा भएको छ । प्रेस क्लब, गाँधी पार्कभित्र के हुन्छ । सोझै सरोकार हुने भनौं साहित्यकार, पत्रकार, कलाकार, राजनीतिकारलाई समेत त्यति साह्रो थाहा हुँदैन । त्यहाँ केही न केही चाहिं भैरहन्छ, यति भने सबैलाई थाहा हुन्छ । बेला बेलामा अरू पनि हुने नहुने हुन्छ । देहरादूनको नयाँ पुरानो भौतिक रूपको सबै बेली विस्तार गर्न एउटा सिंगो पुराणै लेख्नु पर्ने हुन्छ । यतिन्जेल जे लेखियो जति भनियो ती ता पुराणको एक छेउ पनि हुन सक्दैनन् । यी लेखिएका कुरा इतिहास त झन् पटक्कै होइनन् । मेरो मन मथिङ्गलमा रिङ्गिरहने देहरादून एउटा, त्यो पनि अधुरो इम्प्रेशन मात्र हो यो देहरादून, त्यो देहरादून, यो देहरादून ।

एक उर्दु शायरले शायरीको जुवानमा देहरादूनको सौंदर्य यी शब्दमा याद गरेको थियो -

**अल्लाह ! देहरादूनका है हुस्न निराला**
**बुत बनकर देखता है जिसे देखने वाला ।**

ooo

# पाँच रूवाई

✍ डा. श्यामप्रसाद न्यौपाने
सुनवल-१२, भुमही, नवलपरासी

बह पोखेरमात्र पनि जिन्दगी नचल्न सक्छ
पीडा जोखेरमात्र पनि जिन्दगी नचल्न सक्छ
आफू आफैँसँग रमाउनु न हो 'जिन्दगी' भन्नू
याद बोकेरमात्र पनि जिन्दगी नचल्न सक्छ

।।१।।

आकाश चुमेझैँ अनुभूति भएझैँ छ उहाँलाई
अहो ! भित्रभित्रै काउकुती भएझैँ छ उहाँलाई
उसले काकुवक्रोक्तिले नाङ्झार बनाए पनि
शिवपञ्चाक्षर दिव्य स्तुति भएझैँ छ उहाँलाई

।।२।।

मन फुकाउन पनि सिकोस् कसैले तिमीसँग
प्रीत लुकाउन पनि सिकोस् कसैले तिमीसँग
'क्लियोपेट्रा' नाटक मञ्चन गरेर मज्जाले
दिल दुखाउन पनि सिकोस् कसैले तिमीसँग

।।३।।

याद सँगालेर बस्नेहरूलाई के भन्नू
झुक्याएर मनमा पस्नेहरूलाई के भन्नू
दिल्लगी गर्ने इच्छा भएर पनि हेर्नुस् त
मन बेस्सरी कस्नेहरूलाई के भन्नू

।।४।।

आत्मश्लाघाका गीत घोकेरमात्र विकास हुँदैन महोदय
भ्रष्टलाई शालिग्रामझैँ बोकेरमात्र विकास हुँदैन महोदय
समृद्धिको लागि कानुनीराजमा विश्वास गर्नुपर्छ नागरिकले
चौबाटोमा चर्का भाषण ठोकेरमात्र विकास हुँदैन महोदय

।।५।।

ooo

*// कथा //*

# पारितोषिक

✍ **शंकरप्रसाद गौतम**
**रेसुङ्गा नगरपालिका कार्यालय**
**गुल्मी**

जब जिल्लामा नयाँ सिडियो आउँछन्, तब सदरमुकाममा एक किसिमको तरङ्ग पैदा हुन्छ । सिडयोलाई प्रभाव पार्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, कर्मचारीहरू, संघ-संस्थाका प्रमुखहरू तँछाडमछाड गर्छन् । कोही फूलमालाले स्वागत गर्न हतारिने । कोही अरूका कुरा लगाउने । कोही आफूमात्र जान्ने सुन्ने देखाउने । कोही सिडियोका मान्छे बन्न खोज्ने । नयाँ सिडियो आउँदा गजबको मौका उत्पन्न हुन्छ । जिल्लामा फेरि नयाँ सिडियो आए । यो पटक भने बेग्लै किसिमको उत्सुकता र कुतूहल उत्पन्न भयो । कारण, महिला सिडियोको आगमन । जिल्लामा पहिलो पटक सिडियोको पदमा महिला आउँदा जिज्ञासा हुनु स्वाभाविक हो । पहिला-पहिला जस्तो कुन पार्टीको होलान् ? राजनीति गर्छन् कि गर्दैनन् ? भन्ने कुरा कमसेकम यस पटक उठेन । जनमानसमा महिला सिडियो देख्ने उत्कण्ठा अत्यधिक बढेको थियो ।

सिडियोको दर्शनार्थ प्रबुद्ध व्यक्तिहरू कार्यालय परिसरमा भेला भएका थिए । सुरक्षाकर्मीसँगै सिडियोको आगमन भयो । सिडियो निलो रङ्को कोट पेन्ट लगाएकी, न होची, न अग्ली, कपाल माथिपट्टि जुर्रो निकालेर बाटेकी, गोरो वर्णकी देख्दै आकर्षक । कसैले गाजलु आँखाको तारिफ गरे । कसैले कपालको वर्णन गरे । कसैले हाँसो मन पराए । कसैले हिडाइको चालको सह्रनी गरे । वास्तवमा नयाँ सिडियो राम्री, फिल्मको हिरोइन जस्तै । उपस्थित सबैले अन्तर्मनले सिडियोको स्वागत गरे ।

सिडियोको कार्यकक्षमा प्रवेश भयो । केही समयपश्चात् कार्यालय सहयोगीले सूचना टाँस गरे । सूचनामा सिडियोको आज दिनभरको भेटघाटको तालिका थियो । पहिलो भेटघाट कर्मचारीहरूसंग, दोस्रो भेटघाट राजनीतिक दलहरूसंग तेस्रो भेटघाट पत्रकारहरूसंग आदि । म एउटा पत्रकारको नाताले पत्रकार भेटघाटको तालिका हेरें । समय दुई बजे तोकिएको रहेछ । सूचना पढेपछि अन्तै लागें ।

दुई बज्नै लाग्दा सिडियो कार्यालयको गेटभित्र छिर्दै थिएँ । एउटा अन्दाजी साठी-बैसट्ठी वर्ष उमेरको व्यक्तिले मेरो नजिकै आएर सोधें - पत्रकारज्यू सिडियो महिला आइछन् । सिडियो साप भन्ने होला कि, सिडियोनी साप ? मैले भनें- महिला, पुरुष जो भए तापनि सिडियो नै भन्नुपर्छ । उनी फिस्स हाँसे । म

सरासर सिडियोको कार्यकक्षमा पुगें । म पुग्दा जिल्लाका प्रायः सबै पत्रकार उपस्थित थिए । वातावरण शान्त थियो । मैले नमस्कार गरेर सोफामा बसें ।

केही समय अघिदेखिको मौनता तोड्दै सिडियोले भन्नुभयो- "सबै जना आइपुग्नु भयो ? "पत्रकार संघको अध्यक्ष टी. पी. अधिकारीले सबै आए जस्तो छ भन्दै- उठेर सिडियोलाई स्वागत गर्नुभयो । हामीले ताली बजायौं । अध्यक्षबाटै परिचय शुरू भयो । त्यसपश्चात् क्रमशः अरू पत्रकारहरूले आफ्नो परिचय दिए । मेरो पालोमा परिचय दिएँ- "नमस्कार ! म आदित्य सञ्जेल, अलकापुरी राष्ट्रिय दैनिक पत्रिकामा काम गर्छु । स्थानीय एफ.एम.मा "छाया अनुहार" कार्यक्रम चलाउँछु । " सबै पत्रकारहरूको परिचय दिएपछि, सिडियोले परिचय दिनुभयो ।

"म पूजा शर्मा बुर्लाकोटी, माइतीघर पाँचथर, कर्मघर विराटनगर । सिडियो भएर सेवा गर्ने अवसर प्राप्त भएको यो दोस्रो जिल्ला हो । अन्य कार्यालय, विभाग र मन्त्रालयमा पनि काम गरेको मेरो अनुभव छ । कार्यसम्पादनका क्रममा मलाई यहाँहरूको साथ सहयोग चाहिन्छ र सोहीअनुसारको अपेक्षा पनि गरेकी छु । " परिचय संक्षिप्त र धाराप्रवाह थियो । सबैले ध्यानपूर्वक सुन्यौं ।

त्यसपछि सिडियोले मतर्फ हेर्दै- "यहाँको नाम आदित्य ? "

"हो" टाउँको हल्लाएँ ।

यहाँले एफ.एम. रेडियोमा चलाउने कार्यक्रमको नाम रोचक लाग्यो ।

सिडियोको भनाइले म प्रफुल्ल भएँ । मेरो नाक घिरौंला जत्रो भयो । अरू पत्रकारहरूको अनुहारमा ईर्ष्याको भाव छचल्किएको प्रष्टै देखिन्थ्यो । पत्रकारसँगको परिचयको समय सकिएको सङ्केत गर्दै सूचना अधिकारी सिडियो कक्षमा प्रवेश गरे । हामीहरू सिडियोसँग बिदा भयौं ।

त्यसपछिका दिनमा सिडियो र मेरो अक्कल-झुक्कल भेट भैरहथ्यो । कहिले कुनै कार्यक्रममा त कहिले उद्घाटनको अवसरमा । मैले आजसम्म कसैको चाकडी गरिनँ । राम्रो कामलाई राम्रो भनी प्रशंसा गरें । नराम्रो कामको उछितो काटें । जिल्लामा आउने प्रायः सिडियोहरूसँग मेरो सम्बन्ध राम्रो हुने गरेको थियो । पूजा सिडियोसँग पनि मित्रवत् सम्बन्ध रह्यो । कामले हामीलाई नजिक बनायो । उहाँ असल राष्ट्र सेवक । म व्यावसायिक पत्रकार ।

बेलाबेलामा म सिडियोको कार्यकक्षमा जान्थें । आवश्यक सूचना लिन्थें । सिडियोसँग शान्ति सुरक्षा, विकास निर्माणलगायतका विषयमा कुरा हुन्थ्यो । उहाँसँग समस्याको तत्काल समाधान, विषयलाई गम्भीरतापूर्ण अध्ययन, सेवाग्राहीप्रति नम्र व्यवहारजस्ता असल गुणहरू थिए । आदित्य पृष्ठपोषण दिनु है

भन्नुहुन्थ्यो । त्यसोभन्दा आफनै मान्छे जस्तो लाग्थ्यो मलाई उहाँ । मैले एउटा पत्रकारको हैसियतले सिडियोलाई गर्ने सहयोग गर्न कहिल्यै कन्जुस्याइँ गरिनँ ।

एक दिन म सिडियोको कार्यकक्षमा बसेको थिएँ । वर्षायामको समय थियो । बाहिर झमझम पानी परिरहेको थियो । सेवाग्राहीको उपस्थिति पातलो थियो । मेरो मनमा उहाँको परिवारको बारेमा जान्ने इच्छा थियो । समय मिलिरहेको थिएन । आज उपयुक्त मौका हो भन्ठानेर भनें-

सिडियो साप "एउटा कुरा सोधुँ ?"

"अवश्य ! "

हजुरको परिवारको को-को हुनुहुन्छ ? अनि श्रीमान्ले के काम गर्नुहुन्छ ?

मुसुस्क हाँस्दै भन्नुभयो-अहिले छोरा, छोरी श्रीमान् अनि म छौं । मेरा सासु ससुरा पनि प्रायः हामीसँगै बस्नुहुन्छ ।

मैले सोधेँ- श्रीमान् पनि सँगै हुनुहुन्छ ?

हो, सँगै हुनुहुन्छ । किन र सँगै हुनु हुँदैन र ?

हुन्छ । तथापि मैले भन्न खोजेको, हजुरको श्रीमान् सहसचिव, सचिव, राजदूत, जी.एम्. वा त्यस्तै कुनै ठूलै पदमा हुनुहुन्छ कि भनेर ।

मेरो श्रीमान् गृहस्थी हो । अर्थात् घरमै बस्नुहुन्छ । छोरा-छोरी तथा बाबु-आमाको स्याहारसुसार गर्नुहुन्छ । खाना पकाउनुहुन्छ । लुगा धुनुहुन्छ । सो कार्य कुनै पदभन्दा सानो कुरा हो र ? म यो कामलाई महान् ठान्न थालेकी छु । श्रीमान् गृहस्थीभन्दा मलाई गर्व लाग्छ । तपाईंको "छाया अनुहार" कार्यक्रममा मेरो श्रीमान्को अन्तर्वार्ता राख्नुस् है ।

मलाई "ढुङ्गा खोज्दा देउता मिले" जस्तो भयो । मेरो कार्यक्रमको लागि सिडियोको श्रीमान् उपयुक्त पात्र हो । उहाँसँगको अन्तर्वार्ताले मेरो कार्यक्रमको ओज बढ्ने अनुमान गरें । झ्यालबाट बाहिर चिहाएँ । पानी पर्न कम भएको थियो । त्यतिबेला चिया आयो । चिया पिएपछि, शनिवार हजुरको क्वाटरमा आउँछु भन्दै सिडियोसँग बिदा भएँ ।

शनिवार एघार बजेतिर म सिडियो क्वाटरमा गएँ । सुरक्षाकर्मीबाट सिडियोको परिवार छतमा भएको जानकारी पाएँ । म छतमा पुगें । म पुग्दा सिडियोले छोरीको कपाल बाटिदिदै हुनुहुन्थ्यो । मैले नमस्कार गरें । ओ ! आदित्यजी आउनुभयो । बस्नुस्, भन्दै- कुर्सीतर्फ इसारा गर्नुभयो ।

आज म घरायसी काममा व्यस्त छु । हप्तामा एक दिन श्रीमान्‌लाई सघाउन पाउँदा खुसी लाग्छ । अरू दिन फुर्सद हुँदैन । आज कुनै कार्यक्रम छैन । तर कति बेला के पर्छ थाहा नै हुँदैन । मैले मनमनै सोचें-"सिडियो र पत्रकारलाई काम उस्तैउस्तै हो । " त्यहीबेला एकजना व्यक्ति सामुन्ने आए । अग्लो, गहुँगोरो, नाकमुनि मोटो जुँगा पालेको, देख्दै प्रहरी जस्तो । मैले सिडियोको अंगरक्षक होला भन्ने ठानेंको थिएँ । सिडियोले मेरो श्रीमान्‌भन्दा छक्कै परें ।

सिडियोले पत्रकार आदित्य भन्दै मेरो परिचय गराउनुभयो । मैले नमस्कार गरें । नमस्कार फर्काउँदै सिडियोको श्रीमान्‌ले आफ्नो परिचय दिनुभयो- "म शिवराज बुर्लाकोटी, सिडियोको श्रीमान् । " अँ, पत्रकारज्यू, तपाईंलाई एउटा कुरा थाहा छ ? के कुरा- मैले जिज्ञासा राखें । घरको काम गर्ने महिलालाई गृहिणी भन्दछन्, भने घर काम गर्ने पुरुषलाई के भन्छन् ?

"थाहा भएन" भन्दै टाउको हल्लाएँ ।

'गृहणो' भन्दै हाँस्नुभयो ।

उहाँको मजाक गर्ने बानी पनि रहेछ ।

नेपाली बृहत् शब्दकोषमा नयाँ शब्द थप्न लगाउनपर्‍यो ? भन्दै म पनि हाँसे ।

त्यतिकैमा सिडियोलाई कतैबाट फोन आयो । कुनै महत्त्वपूर्ण कुरा जस्तो उहाँको हाउभाउबाट झल्किन्थ्यो । एक, दुईवटा फोन गरेपछि भन्नुभयो - आदित्य ! तपाईं सरसँग कुरा गर्दै गर्नुस् । म अफिस पुगेर आउँछु । सिडियो जानुभयो । छोरा छोरी खेल्न गए । हामी दुईमात्र भयौं । मैले सिडियोको श्रीमान्‌लाई "छाया अनुहार" कार्यक्रमको लागि अन्तर्वार्ता लिन आएको कुरा अवगत गराएँ ।

म "गृहणो" सँग के अन्तर्वार्ता लिनुहुन्छ र ? भन्दै हाँस्नुभयो । मेरो कार्यक्रम नै तपाईंहरू जस्ताको लागि हो । "जसरी एउटा पुरुषको सफलतामा महिलाको हात हुन्छ, त्यसैगरी एउटी महिलाको सफलतामा पुरुषको हात हुन्छ ।" - मैले भनें । हामी बैठक कोठामा गयौं । कोठा चिटिक्क सजाइएको थियो । एउटा गृहिणीले गर्ने सबै काम उहाँ गर्नुहुन्छ भन्ने अनुमान कोठाको सजावटबाटै प्राप्त गरें ।

रेकर्डिङ्ग शुरू गर्दै विषय प्रवेश गरें । "हजुरको मागी विवाह कि लभ म्यारिज ?"

"लभ अनि म्यारिज । "

"लभ अनि म्यारिजको" बारेमा बताइदिनुहुन्छ कि ?

सिडियोको श्रीमान्‌ले भन्नुभयो- हामी दुबै जना त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको नेपाली फ्याकल्टीको विद्यार्थी थियौं । त्यसबेला केटाले केटी साथी

बनाउने चलन थियो । मेरा पनि केटी साथीहरू थिए । त्यसमध्ये पूजा एउटी थिइन् । साथीहरूबीच कुनै विषयमा वादविवाद हुदाँ उनले सधै मेरो पक्ष लिन्थिन् । त्यसैगरी मैले पनि उनलाई साथ दिन्थें । हामी दुबै पढाइमा राम्रै थियौं । चिया खाजा हामी प्रायः सँगै खान्थ्यौं । एक अर्कासँग कसरी, कतिबेला आकर्षित भयौं पत्तै भएन । "पिरती आफै हुँदो रैछ !" भन्दै हाँस्नुभयो ।

हामी एक दिन क्यान्टिनमा चिया पिउँदै थियौं । मैले मेरो कपको चिया सकेर उनको कपको चिया पिएछु । उनी मेरो जुठो चिया भन्दै थिइन् । चुप ! भन्ने इसारा गरें अनि चिया पिएँ । यो गतिविधि क्यान्टिनकी साहुनीले देखेकी रहिछन् । नजिकै आएर भनिन् -"सर र मेडमको प्रेम झन् फर्किने भो । " मैले पूजालाई हेरें । उनी पुलकित देखिन्थिन् । साह्रै मीठो भएको थियो त्यो चिया । चियाको प्रसँग चल्दा त्यही जुठो चियाको याद आउँछ । त्यसबेला भर्खर भर्खर फोन आएको थियो । फोनमा म्यासेज चल्न थाल्यो । कहाँ पुग्यौ ? के छ खबर ? चिया भयो ? खाना भयो ? आदि ।

त्यसपछि एकक्षण ! भन्दै सिडियोको श्रीमान् कोठाबाट बाहिर निस्कनुभयो । केही बेरमा दुईकप चिया लिएर आउनुभयो । मैले मनमनै सोचें "सरलाई जुठो चियाको याद आएछ । " चियाको चुस्कीसँगै मैले प्रसँग जोड्न अनुरोध गरें । उहाँले अगाडि भन्नुभयो- विश्वविद्यालयको रमाइलोसँगै परीक्षा नजिक आइरहेको थियो । हामी आफ्नो पढाइमा केन्द्रित भयौं । स्नातकोत्तर तहको अन्तिम परीक्षा सकियो । त्यसपछि धेरै समयसम्म हाम्रो भेट हुन सकेन । एकदिन राति सुतिरहेको थिएँ, मोवाइलमा म्यासेजको घण्टी बज्यो । यति राति कसको म्यासेज आयो भन्दै- हेरें, पूजाको थियो ।

लेखिएको थियो "खाना खानुभयो ?"

रिप्लाई गरे "खाएँ" ।

के गर्दै हुनुहुन्छ ?

"तिमीसँग म्यासेज गर्दै । "

"ठट्टा नगर्नुस् न !"

मजाकको मुडमा नभएको सङ्केत पाएँ । रातमा फोन गरेको हुनाले कुनै समस्या परेको हुनसक्ने ठानी "तिमी ठीक छौ" भन्ने म्यासेज पठाएँ ।

रिप्लाइ आयो । "ठीक छैन ?"

"के भो ?"

“टाउँको दुखेको छ । “

“किन ?“ के भयो र ?

“आफूलाई कस्तो टेन्सन भा छ ?“

“के-को टेन्सन ?“

“विवाहको“

“कस्को विवाह ?“

“मेरो“

“केटो कस्तो रै छ ?“

“थाहा भएन“ सोधिनँ ।

“किन ?“

“म अर्कैसँग प्रेम गर्छु ।“

“को होला त्यो भाग्यमानी ?“ नाम भन - “प्लिज ।“

“तपाईं !“ उर्फ शिवराज बुर्लाकोटी ।

तपाईं भन्ने बित्तिकै मेरो टाउँको गरुङ्गो भयो । हामी असल साथी थियौ । तत्कालै विवाह गर्ने मेरो केही सोंच थिएन । अकस्मात् ! विवाहको प्रस्तावले म असमञ्जसमा परें । तत्काल कुनै प्रतिक्रिया दिन उचित ठानिनँ । भोलि भेटेर कुरा गरौला “बाई“ लेखेर मोवाइल अफ गरें । मनमा धैरै कुरा खेलें । म पनि उनलाई मन पराउँथे । यतिछिटो विवाह गर्न ठीक हुन्छ कि हुँदैन सोंच्दा-सोंच्दै निदाएछु ।

अर्को दिन बिहानै उनलाई भेट्न गएँ । उनी रातभरि नसुतेको अनुहारमा प्रष्ट झल्किन्थ्यो । हिजो कुरा नसकिदै मोबाइल किन अफ गरेको भन्दै रिसाइन् । मैले निद लागेको बताएँ । फेरि उनले भनिन् - हाम्रो विवाहको बारेमा के सोंच्नु भा छ त ?

म पनि तिमीलाई असाध्यै माया गर्छु । तर पूजा ! हाम्रो पढाइ बल्ल सकियो । जागिर भएपछि विवाह गरौंला हुन्न ? मेरो तर्क नसकिदै भनिन् - मलाई घरबाट विवाहको लागि धेरै प्रेसर आयो । अब म टार्न सक्दिनँ, तिमीविना बाँच्न पनि सक्दिनँ शिव ! भन्दै रुन लागिन् ।

मैले भनें - शान्त, पूजा शान्त ! ठीक छ, विवाह त गरौंला तर मेरो एउटा शर्त छ । कस्तो शर्त ? उनी आत्तिइन् ।

मैले भनें - डर मान्नुपर्दैन । उनले छिटो भन्नुस् न ! भनिन् । मैले भनें - हामी दुईमध्ये एकजनाले मात्र जागिर खाने । किन ? उनको प्रतिप्रश्न थियो ।

"दुबैले जागिर खाँदा, हामी सँगै बस्न पाउँदैनौ । दम्पतिबीच फाटो पैदा हुन्छ । छोरा-छोरीको शिक्षा-दीक्षा राम्रो हुँदैन । घरमा खुसी प्राप्त हुँदैन । जिन्दगीमा हाँसी खुसी बाँच्न पाइदैन । जिन्दगी बेकार हुन्छ । घर बिग्रिन्छ । " मैले भनें ।

जागिर नखाने भए, पढेको के काम ? उनले प्रश्न राखिन् ।

हेर ! पढ्नु भनेको जागिर खानेमात्र होइन । जीवन र जगत्लाई बुझ्ने कुरा हो । जिन्दगी बिताउने तौर-तरिका सिक्नु हो । आफूले जानेका कुरा सन्ततिमा हस्तान्तरण गर्नु हो । समाज र राष्ट्रलाई योगदान गर्ने कुरा हो । एकैपटक दुबै जनाको नाम निस्कियो भने के गर्ने ? उनको थप जिज्ञासा थियो । त्यस्तो अवस्थामा म तिमीलाई सहयोग गर्छु । उनले एकैछिन सोचिन् र हस् ! भनिन् । हामी विवाह गर्ने निधोमा पुगियो ।

हामीले आ-आफ्नो परिवारमा कुरा राख्यौं । पारिवारिक सहमतिमा सामान्य किसिमबाट हाम्रो विवाह सम्पन्न भयो । विवाहको लगत्तै रिजल्ट निस्कियो । हामी दुबै प्रथम श्रेणीमा स्नातकोत्तर तह उतीर्ण भयौं । सरकारी जागिर खाने लक्ष्यअनुसार काठमाडौं बसेर लोकसेवा तयारी गरियो । त्यसबेला लोकसेवाले अधिकृत पदमा पाँच जनाको विज्ञापन गर्‍यो । संयोग हामी दुबै जना अधिकृत पदमा उतीर्ण भयौं । नियुक्ति लिन जाने बेला, मैले शर्त सम्झाएँ । पूजाले दुबै जनाले जागिर खाँदा राम्रो हुन्छ, भनेर फकाउन कोशिस गरिन् । तर मैले मानिनँ । उनीलाई नियुक्ति बुझ्न प्रेरित गरें । तर मैले नियुक्ति बुझिनँ । लोकसेवा, त्यो पनि अधिकृतको जागिर छोड्नु ठूलो कुरा थियो । मेरा साथीले पागलसम्म भने । आमा, बुबा, इष्ट, मित्र, आफन्त सबैले गाली गरे । म भने आफ्नै बद्धप्रतिज्ञामा अटल रहें ।

पूजाको पहिलो पोस्टिङ् रसुवामा भयो । म पूजासँगै जाँदा ठीक हुने ठानें । घरमा कसरी भन्ने ? मेरा बाले शास्त्रीसम्म पढ्नुभएको थियो । उहाँ गाउँमा पुरेत्याइँ गर्नुहुन्थ्यो । जीवनराम पण्डित भनेपछि सबैले मान्थे । आमा गृहिणी हुनुहुन्थ्यो । लोकसेवाको जागिर छोडेकोमा उहाँहरू दुःखी हुनुहन्थ्यो । म पूजालाई सहयोग गर्न उनीसँगै जाने कुरा हिम्मतका साथ बताएँ । बुबा एक्कासि आवेशमा आई गाली गर्नुभयो । नाथे ! नालायक ! पाजी ! जोइटिङ्ग्रे । जा, श्रीमतीसँगै बस । हाम्रो मुख हेर्नु पर्दैन । मैले कुनै जबाफ फर्काइन । केही

समय किंकर्तव्यविमूढ भएँ । उहाँको अभिव्यक्ति पितृसत्तात्मक सोचको उपज ठानें । पछि पूजासँगै गएँ ।

रसुवाको बसाइँ अत्यन्त उपलब्धिपूर्ण रह्यो । उनको अफिस हुँदा म दिनभर किताब पढेर बस्थें । पूर्वीय दर्शनका पुस्तकहरू पढें । नेपाली साहित्यमा भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, बी.पी. कोइरालाका रचना मलाई औधि मन पर्थ्यो । लक्ष्मीप्रसाद देवकोटाको मुना मदन, सरूभक्तको पागलबस्ती र लैनसिंह वाङ्देलको मुलुकबाहिर त्यसबेला मलाई मन परेका पुस्तक हुन् । दिउँसो पढेका कुरा साँझ पूजालाई सुनाउनु पर्ने । दैनिक रूटिन बनेको थियो । उनलाई सुनाउनैका लागि पनि पढ्नैपर्थ्यो । बिदाको बेलामा हामी घुम्न जान्थ्यौं । देशका घुम्ने ठाउँ प्रायः सबैतिर हामी पुगेका थियौं । मैले जानेका सिकेका कुरा म बताउँथे । उनले जानका कुरा मलाई बताउँथिन् । हाम्रो ज्ञान फराकिलो हुँदै गयो ।

घुम्न जाने क्रममा एक पटक हामी भारतको नैनीताल गयौं । त्यहाँ धेरैजसो नेपाल, भारत, बङ्गलादेशबाट हनिमुन मनाउन नव विवाहित जोडी आउँदा रहेछन् । माघ महिना थियो । न गर्मी न जाडो दिन । मौसम अनुकूल थियो । तालमा नीलो पानी थियो । अहा ! कति सफा पानी । सफा तालमा सफर गर्न मन लाग्यो । डुङ्गामा चढियो । केही युवा युवती डुङ्गामै अङ्कमालमा बेरिएका थिए । त्यो दृश्यले म स्वचालित रूपमै पूजाको सामीप्यमा पुगें । उनका आँखामा ओंठले स्पर्श गरे । अनि पुलुक्क पूजालाई हेरें । उनको अनुहार लाजले गुलाबी बन्यो । बेलुका होटलमा गइयो । युवाजोडी आउने हुनाले होटेलको रुम निकै आकर्षक रूपमा सजाइएको थियो । मधुरो उज्यालो थियो । मलाई त्यसदिन पूजा औधि राम्री लागिन् । उनलाई पनि त्यस्तै भएछ क्यार ! मलाई ह्वाम्म अँगालोमा बेरिन् । हामी दुबै पलंगमा लड्यौं । बिहान अबेरसम्म सुतिएछ ।

त्यसको नौ महिनापछि छोरीको जन्म भयो । छोरीको जन्म हुँदा अत्यन्त खुसी लाग्यो । म बा भएँ । त्यसको चार वर्षपछि छोरा पनि जन्मियो । मैले दिउँसोमा दुबै बच्चाको स्याहारसुसार गरें । खानपान, दिसा-पिसाब, सरसफाइ सबै । उनले मान्छे राखौं भन्दा पनि मैले मानिनँ । आफ्नो बच्चाको स्याहार सुसार आफूले जस्तो अरूले गर्न सक्दैनन् भन्ने मलाई लाग्यो । बच्चा जन्माउन पो सक्दिनँ तर स्याहार गर्न त सक्छु नि ! भन्दै घरधन्दालगायत बालबच्चा हेर्ने काम गरैँ । अब त दुबै छोराछोरी हुर्की सके । पूजाको शाखा अधिकृतबाट शुरू गरेको जागिर उपसचिव हुँदै सहसचिव र अहिले सिडियो भइन् । मलाई उनी कर्मचारीतन्त्रको उच्च तहमा पुग्ने विश्वास छ ।

सर ! आमा बुबासँगको सम्बन्ध कस्तो रह्यो मैले सोधैँ- केही समय सम्बन्ध तिक्ततापूर्ण रह्यो । आमा बोले पनि बा एक वर्ष जति बोल्नुभएन । हामी बिदाको

बेलामा दुबै घर जान्थ्यौं । मैले आफ्नो कर्तव्य पूरा गरिरहें । एकपटक बा रुखबाट लोट्नुभयो । म तुरून्तै पुगें । रगत् धेरै बगेको थियो । काठमाडौं लगियो । बाबालाई रगतको आवश्यकता पर्ने भयो । काठमाडौंमा त्यतिबेला 'ओ' नेगेटिव ब्लड पाइएन । मैले पूजालाई बोलाए उनको 'ओ' नेगेटिव ब्लड थियो । उनले ब्लड दिइन् । दुई दिनपछि होस आयो । बाबाले डाक्टरलाई धन्यवाद दिनुभयो । डाक्टरले भने - धन्यवाद मलाई होइन बुहारीलाई दिनुस् । बाले पालै पालो हाम्रो अनुहार हेर्नुभयो । करिब ३ महिना अस्पताल बस्नुपर्‍यो । मैले बुबाको तन, मन र धनले सेवा गरें । पूजाले पनि सेवा गरिन् । दुःखको बेलामा सेवा गरेको हुँदा बा खुसी हुनुभयो ।

मलाई कुनै पश्चात्ताप छैन । आफैले रोजेको बाटो । आमा बुबा पनि अहिले खुसी हुनुहुन्छ । प्रायः हामीसँगै बस्नुहुन्छ । हाल तीर्थयात्रामा जानुभएको छ । श्रीमती पनि खुसी छिन् । विश्वविद्यालयदेखिको मप्रतिको उनको माया, स्नेह, प्यार यथावत् छ । छोराछोरी पनि रमाएका छन् । घर घर मिलेर समाज, समाज समाज मिलेर राष्ट्र बन्ने हो । म घर बनाउन लागें ।

अन्तर्वार्ता सकियो । ठीक त्यसैबेला सिडियोको पनि आगमन भयो । उहाँले भन्नुभयो-"आदित्य, सरसँगको कुराकानी सकियो ?" मैले भनें - "सरसँग त सकियो । तर हजुरसँग बाँकी छ । "

सिडियोले भन्नुभयो-मेरो श्रीमान्ले धेरै पहिले सोचेंको कुरा मलाई अहिले बोध हुँदैछ । म अरूको सिडियो हो । मेरो सिडियो त उहाँ नै हो । म यो पदसम्म पुग्ने श्रेय मेरो श्रीमान्लाई नै दिन्छु । उहाँ मेरो श्रीमान् मात्र होइन, मातापिताको सुयोग्य छोरा हो । छोराछोरीको असल अभिभावक हो । आदर्श पुरुष हो । भविष्य द्रष्टा हो । सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्न सक्ने क्षमतावान् व्यक्ति हो । उहाँको सिद्धान्तलाई अनुसरण गर्ने हो भने घर स्वर्गतुल्य हुनेछ । सिडियोका मुखबाट प्रशंसा सुन्दा, सिडियोको श्रीमान्का आँखा हर्षले रसाए ।

अन्तर्वार्ता सकियो । मैले रेकर्डिङ्ग बन्द गरें । आजको अन्तर्वार्ता स्तुत्य र प्रेरणादायी लाग्यो । यो विशेष अन्तर्वार्ता रेडियोका अतिरिक्त अलकापुरी राष्ट्रिय दैनिकमा पठाउन उपयुक्त ठानें र पठाएँ । एफ.एम. रेडियोमा सोही दिन साँझ अन्तर्वार्ता प्रसारण भयो भने, अर्को दिन अलकापुरी राष्ट्रिय दैनिक पत्रिकामा "सिडियोको श्रीमान्" शीर्षक राखेर अन्तर्वार्ता प्रकाशन भयो ।

अन्तर्वार्ता प्रकाशन भएको छ महिनापछि, एक दिन बिहानै उठेर फेसबुक हेर्दै थिएँ । सिडियो पूजा म्याडमले च्याट बक्समा म्यासेज पठाउनुभयो - बधाई आदित्य ! मलाई किन बधाई अलमलमा परें ।" के-को लागि बधाई

सिडियोसाप ?" लेखी पठाएँ । रिप्लाई आयो - तपाईंले "पारितोषिक" प्राप्त गर्नु भएको छ । सँगै लिंक पनि पठाउनुभयो ।

लिंक खोलेर हेरें । लेखिएको थियो- "राष्ट्रियस्तरको खोज पत्रकारिता "पारितोषिक" अलकापुरी राष्ट्रिय दैनिकका संवाददाता, छायाँ अनुहार कार्यक्रम सञ्चालक, मोफसलका पत्रकार आदित्य सञ्जेललाई प्रदान गरिने भएको छ । पचास हजार रूपैयाँको सो पारितोषिक समाजमा लुकेर रहेका प्रतिभाको खोजी गरी उजागर गरेबापत प्रदान गरिन्छ । पत्रकार आदित्य सञ्जेलले केही समय अगाडि सिडियोको श्रीमान् शिवराज बुर्लाकोटीको अन्तर्वार्ता प्रकाशमा ल्याएका थिए । सो अन्तर्वार्ताले निकै चर्चा कमाएको थियो ।

ooo


# टेक युथ प्रा.लि.

**रेसुङ्गा नगरपालिका-१, पुतलीबजार, तम्घास, गुल्मी**

**मो. ९८५७०८५९४५**

**प्रो. शालिक पन्थी**



**हामीकहाँ ल्यापटप, कम्प्युटर, प्रिण्टर, सी.सी.टि.भी. क्यामेरा, राउटर, इन्भर्टर, टेलिफोन, स्पिकर, विद्युतीय चुलोलगायतका सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ । साथै कम्प्युटर तथा अन्य विद्युतीय सामानको मर्मत तथा विभिन्न परामर्श सेवा उपलब्ध छ ।**
Website Designing, Website Development, E-Commerce **सम्बन्धी कार्यहरु पनि गरिन्छ ।**

# निबन्धकार गंगा कर्माचार्य र उनको 'आधी घण्टा' निबन्धसङ्ग्रहमाथिको दृष्टि प्रक्षेपण

✍ ऋषिराम कश्यप
भरतपुर-१२, चितवन

## १. विषयारम्भ

वि.सं. २०११ भाद्र २० गते स्याङ्जाको दहथुममा जन्मेर पृथ्वी क्याम्पसबाट स्नातकसम्म शिक्षा पाएकी गंगाका कविता, कथा, बालकाव्य, नियात्रा, बाल उपन्यास गरी दुई दर्जनभन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित छन् । २१ वटा त उनका बालसाहित्यसँग सम्बन्धित पुस्तकाकार कृतिहरू रहेका छन् । २०७८ सालमा गण्डकी प्रदेशका नेवारहरूको इतिहास पनि प्रकाशित छ । २०७६ सालमा प्रकाशित आधी घण्टा निबन्धसङ्ग्रहको सर्वेक्षण गर्ने प्रयासमा म केन्द्रित रहनेछु ।

सुरभी साहित्य प्रतिष्ठान प्रकाशक हुनु, डिमाइ साइजको २१५ गणनीय पृष्ठ हुनु, विश्व पौडेलको आवरण तस्वीरका साथ हलुका स्तरीय कागजमा प्रकाशन गर्नु, निर्मोही व्यासको शुभकामना, बाबुराम पौडेलको प्रकाशकीय, रमेश शुभेच्छुकको विद्वत्तापूर्ण गहन समीक्षा भएको यस पुस्तकको भौतिक पूर्वाधार हो । लेखकीयभित्र लेखिकाले आफ्नो निबन्धयात्राको रचनागर्भसँगै आफ्ना अग्रज तथा अनुज निबन्ध स्रष्टाहरूबाट स्वदेश र विदेशको यात्रासंस्मरण कृति पढेपछि आफूले लेख्न खोजेको हुँदा यस लेखकीयभित्र ती लेखकहरू र तिनका कृतिको नामसमेत उल्लेख छ । यथार्थमा रमेश शुभेच्छुकको लेखन पढेपछि आधी खण्डको समीक्षण आवश्यक छ जस्तो लाग्दैन तथापि कुनै पनि कृतिलाई हेर्ने प्रत्येक समीक्षकको दृष्टिकोण भिन्न-भिन्न हुन्छ । दिदीको शारीरिक असक्तताका बीच पनि साहित्यसिर्जनाप्रतिको लगाव र निष्ठा देखेर अत्यन्तै श्रद्धा लाग्छ । यो समीक्षा पनि त्यही श्रद्धाको पुञ्ज बन्नेछ भन्ने अभिमत पनि हो । तैपनि अठारवटा निबन्धका शक्ति र सीमाहरूको छानबिन यसमा गरिनेछ ।

## २. 'आधी घण्टा' कृतिभित्रका उपकरण

पुस्तकको नाम र भित्री भागको प्रथम शीर्षक नै आधी घण्टा रहेको, काठमाडौंदेखि धादिङबेसीका नीलकण्ठ नगरपालिकाभित्र पर्ने साङ्कोस भन्ने स्थानमा जान लागेका श्रीमान्-श्रीमती (लेखक) र छोरा तीन जनाको यात्रा

गर्दाका जीवन्त अनुभूति यसमा आएका छन् । 'तीन त्रिकोण महाविकोण' भन्ने उखानसँग पनि यसको समीकरण भए जस्तो छ । प्रारम्भमा बुढाबुढी मात्रै जान खोज्नु, बुटबलसम्म जाने छोराको आग्रह र अनुरोधका बीच धादिङ जान यात्राकार सहमत हुनु, मलेखु पुलमा आएर आफ्नो गन्तव्य स्थान सोध्नु, "पुलपारि हो, निजी कारमा आधी घण्टा लाग्छ" भन्नु, त्यस्तो आधी घण्टाभन्दा डेढ घण्टाभन्दा बढीको समय लाग्नु, जहाँ सोधे पनि "आधी घण्टा" भनिएको कारण नै शीर्षक तदनुरूप हुनु, निकै कष्टका साथ धादिङबेसी पुग्नु, बाटोमा देखिएका प्राकृतिक परिदृश्यहरू आफ्नै माइतको क्षेत्र स्याङ्जाको पितृभूमि प्रतीत हुनु, जोसँग र जहाँ सोधे पनि "आधी घण्टा" आफैमा अनुत्तरित रहनु, धादिङबेसी पुऱ्याएपछि छोरा गाडीमा फर्कनु, छोराको आग्रह र व्यवहारलाई मातृ-पितृभक्त श्रवणकुमारसँग दाँज्नु, २०७४ सालमा दिव्याङ्ग विष्णुकुमारले उच्चशिक्षा लिन नपाएको समाचार पढेर आफूले उसलाई आर्थिक सहयोग पुऱ्याउनु, एक वर्षपछि समग्र पारिवारिक परिवेश बुझ्न उक्त स्थानमा लेखक पुग्नु, विष्णुकुमारलाई सहयोग गर्ने मानवीय उदारता 'म पात्र' मा देखिनु, लीलाको पारिवारिक स्थिति, आफूलाई गरिएको आदर-सत्कार, बाटोको कठिनाइ, विष्णुले पढ्ने विद्यालयको अनुगमन गर्नु र राम्रोसँग पढ्दै गए थप सहयोग गर्ने इच्छाका साथ काठमाडौं फर्किएको संस्मरण यसमा आएका छन् ।

## आँधीखोला

आँधीखोला र स्याङ्जा एक-अर्काका परिपूरक हुन् । स्याङ्जा जिल्लाको माझबाट बग्ने यो खोला उक्त जिल्लाको वरदान र अभिशाप पनि हो । अन्धीखोलाबाट आँधीखोला बनेको कथन छ । श्रवणकुमारले अन्ध आमाबाबालाई यसकै शिरबाट तीर्थाटनमा प्रस्थान गर्दा दशरथको बाणप्रहारबाट उनी मारिनु र "मर्ने बेलामा तिमीलाई शोक परोस्" भन्ने श्रवणका मातापिताको शाप(श्राप) पछि दशरथलाई पुत्रशोक परेको भन्ने किंवदन्ती पनि यस खोलाको पृष्ठभूमिसँग जोडिन्छ । त्यतिमात्र होइन लेखकको पितृभूमि पनि स्याङ्जा भएका कारण त्यस माटोसँग अझ बढी अनुराग छ । **'आँधीखोला उर्लेर आयो, आउने थिइनँ मायाले बोलायो । आँधीखोलामा आँधीखोलामा के ल्याइदिउँ कोसेली भिर्नी झोलामा'** भन्ने लोकप्रिय लोकगीतले पनि यो शब्दलाई बढी महत्त्व दिइएको अवस्था छ । २०६७ सालको १९७ औं भानुजयन्तीको पावन अवसरमा स्याङ्जा साहित्य प्रतिष्ठानबाट प्रदान गरिने सम्मान र पुरस्कारप्राप्तिका निमित्त काठमाडौंबाट पोखरासम्म आउँदाको प्रथम दिनका घटनाक्रमलाई बाटोमा माया गर्दाको तत्क्षणका स्मृतियात्रा, यात्री, बसव्यवसायी, ड्राइभर, खलासीका व्यवहार, प्राकृतिक परिदृश्यको चित्रण छ भने २०६७ असार २९ गतेका दिन पोखराबाट स्याङ्जा जाँदाको अनुभूति, त्यहाँको कार्यक्रम, प्रमुख अतिथि, अन्य नयाँ पाहुना र पुरस्कृत व्यक्तित्व आदिको चर्चा छ । आफ्नो पितृभूमि भएका कारण त्यहाँको

जलवायु, ढुङ्गा र माटोसँगसमेत लेखकको विशेष मोह छ । पंक्तिकार पनि त्यसै वर्ष कालीगण्डकी कला पुरस्कार प्राप्तकर्ता भएको कारण २०६७ सालको साउन-भदौ-असोज अङ्क रजस्थलमा मेरा स्मृतिहरूको साहित्यिक सन्दर्भसमेत प्रकाशित छ । लेखकले कार्यक्रम सकेर हतार-हतार राजधानी फर्कनुपरेको कारणसम्मका विषयवस्तु यसमा आएका छन् । यात्राको अनुभूतिका क्रममा तीतामीठा अनुभव र प्राकृतिक परिवेशको चित्रण यसमा छ ।

## आत्मसन्तुष्टिको अर्को पाटो

यो यस सङ्ग्रहभित्रको तेस्रो रचना हो । यसले दस पृष्ठको आयतन लिएको छ । यो तीर्थयात्रा चारधाम दर्शनसँग सम्बन्धित छ । उखानबाट विषयवस्तुको उठान हुनु, जिद्दी स्वभावको बाल्यकालीन घटना सम्झनु, २०४५ सालमा चारधाम यात्रा गर्ने आकाङ्क्षा जागृत हुनु, तीर्थयात्राबाट पितृहरूको मुक्ति लगाउने अभिमत हुनु, तीर्थाटनका जटिलता र आफ्नो हठको सार्थकताको बीच सामीप्यता आउनु, चारधाम तीर्थयात्राको व्यवस्थापकसँग भएका संवाद र खर्चको जुगाड गर्नु, तीर्थयात्राको व्यवस्थापनका कुरा गर्नु, तीर्थयात्री पूरा नभएका कारण रेलवे यात्राका माध्यमबाट जाने स्थिति आउनु, व्यवस्थापकले एकजना सहयोगी खटाउनु, भैरहवा, गोरखपुर हुँदै गया र वाराणसीसम्मको घटना विवरण, गयाको श्राद्ध, पण्डाहरूको ठगवृत्ति वाराणसीमा काशी विश्वनाथको दर्शन त्यसपछि हरिद्वार प्रस्थान, बाटोका कठिनाइका कारण छ दिनसम्मको हरिद्वार बसाइ, सातौं दिनका दिन, बद्रीनाथ, उत्तरकाशी, गङ्गोत्तरी, जमुनोत्तरी दर्शन, पूजापाठ लगायत भौगोलिक विकटता सबलाङ्ग र अपाङ्ग भएका वा अशक्तहरूलाई डोको, चाम्दानी वा घोडामा बोक्ने प्रक्रिया, त्यस्तो काममा नेपालको सुदूर पश्चिमका नेपालीहरूको व्यापकता, गङ्गाको उत्पत्ति स्थल र भगीरथको मूर्ति, त्यहाँ गरिने पितृश्राद्ध, बद्रीनाथको तातोपानीमा चामल राखेर भात बन्ने र त्यही नै प्रसाद मानिने अवस्था, नियमानुसार गरिएको पितृश्राद्धसम्मका विषयसामग्री यसमा छन् । यो तीर्थयात्राको स्मरण हो । धार्मिक तीर्थयात्रा नगएका र जान इच्छुक भएकाहरूका लागि मार्गचित्र हुने हुँदा शीर्षक, घटनाक्रम र लेखकको मनोदशाअनुरूपका सामग्री सजाइएका छन् ।

## ती कारुणिक दृश्य

यो चौथो शीर्षक हो । पाँच पृष्ठ मात्र आयतन भएको रचना २०७० सालमा बुटबल, सिमरा र काठमाडौंसम्मको स्वदेशी संस्मरण हो । छिमेक लघुवित्त संस्थाकी अध्यक्षलगायत चार जना यात्राका साथी हुनु, लेखनाथ जयन्ती मनाउने र गरिब बालबालिकालाई शिक्षा दिने उद्देश्यले खोलिएको स्कुलको निरीक्षण गर्ने मनसायका बीच यात्रामा देखिएको रजहाँसको चर्तिकला, सिमराको भूपरिवेश, गिटी, बालुवा निकासी र वनविनास, गाडीले ठक्कर दिएर मारिएका सात-आठ

वर्षे बच्चा र उसको आमासहित अन्य मान्छेको भावविह्वलता, हेटौंडा औद्योगिक क्षेत्रको वनस्पति घ्यू उद्योग बन्द भएकोमा व्यवस्थित राष्ट्रिय चिन्तन, हेटौडाबाट काठमाडौं जाने क्रममा ट्रकमा कोचेर लैजान थालिएका राँगाहरू र ती अबोध पशुमाथि राखिएको बन्धनका करूणापूर्ण दृश्य, कुलेखानी दक्षिणकाली जाने बाटोतर्फको यात्रा र गन्तव्यमा पुगेसम्मका विवरण यसमा छन् । सरल सामग्रीको संवेदनायुक्त संस्मरण सामग्रीका रूपमा यसलाई लिन सकिन्छ ।

## ब्युटीफूल बन्दीपुर

कुनै बेला चर्चित लोकगीतको पंक्ति थियो, **'घर त बन्दीपुर हितैको मायाले पाऱ्यो रनभूल'** त्यसै सौन्दर्यसँग जोडिएको विषयसामग्री एघार पृष्ठको आयतनमा समेटिएका छन् । २०७३ सालको मंसिरमा बन्दीपुरमा गएको सन्दर्भसँग अन्तर्निहित हुने बन्दीपुरे यात्रामा देखिएका, भोगिएका संस्मरणहरू यसमा छन् । प्रभा भट्टराई, द्वारिका श्रेष्ठ, कार्तिकेय घिमिरे र लेखक आफै बन्दीपुर पुग्दाको सन्दर्भमा काठमाडौंदेखि बन्दीपुरसम्मको यात्रावृत्तान्त मात्र होइन २०१५ सालमा राजा महेन्द्रद्वारा रचिएको र रेडियो नेपालबाट बज्ने गरेको बाल्यकालीन स्मृतिको झल्को पनि आएको छ । साहित्यप्रतिको निष्ठा, द्वारिका श्रेष्ठको सर्वेक्षणमा देखिएको आर्थिक उदारता, बाह्र जनाको समूहमा बन्दीपुर पुग्दाको सन्दर्भ, त्रिशूली नदीको सौन्दर्य र प्रदूषणको चित्रण, बन्दीपुरे उकाली, त्यहाँको भूबनोट, त्यहाँको रमणीय सम्पदा, प्राकृतिक दृश्यावलोकन, ख्यातिप्राप्त मान्छेहरूको पलायन, बन्दीपुरका पुरातात्त्विक वस्तु, त्यहाँको टुँडिखेल र हिमाल देखिने सौन्दर्य, अतिथि सत्कार, स्थापित व्यक्तित्वद्वारा श्री भानु मा.वि. मा गरिएको साहित्यक कार्यक्रम, द्वारिका र जलेश्वरीद्वारा स्थापित पुरस्कार, बाल साहित्य लेखक कार्तिकेय घिमिरे र मोहनबहादुर कायस्थको भूमिका लगायत श्रेष्ठ दम्पतीको योगदानमाथि प्रकाश पारिएको छ ।

## काठमाडौंदेखि सिमरासम्म

यो पुस्तकको छैठौं शीर्षक हो । जसमा साढे नौ पृष्ठ खर्चिएका छन् । २०७० पौष महिनाको बुटवलसम्म गीता केशरीका साथ साहित्यिक कार्यक्रमको निमन्त्रणा, तीन वर्षपूर्वका घटनाको स्मरण, भुवनेश्वरी पन्तको साहित्यप्रेम र साहित्यिक कार्यक्रम तथा साहित्यकारका प्रति गरिने निष्ठा र श्रद्धा, सत्ताईस वर्षसम्मको बैङ्किङ सेवा र अवकाशपछिका 'लघुवित्त विकास' नामक संस्थाबाट देशभर सञ्जाल विस्तार, काठमाडौंदेखि मुगलिनसम्मका समविषम घटनाको विवरण, नारायणगढतर्फको यात्रा नदीको जस्तै मानवलाई हतारो, दासढुङ्गाको स्मृति र अमर लामाको अन्त्य, २०५९ सालको देवघाटयात्रा संस्मरण, बुटवल पुगेपछिका घटनाक्रम, बुटवल उद्योग वाणिज्य संघको भवनमा लेखनाथ जयन्ती र त्यहाँको कार्यमाथिको टिप्पणी, पुनः सिमरातर्फको यात्रा, जाडो मौसम, रात्रिको

समय, २०३६ सालमा मिनीबस किनेर बुटवलबाट काठमाडौं आउँदा त्रिशूलीमा बेपत्ता भएका तेत्तीस वर्षीय भिनाजुप्रतिको समवेदना, नारायणगढदेखि सिमरासम्मको यात्रा, लुटेराको फेला परिने पो हो कि भन्ने लेखकको कमजोर मनोबल, सिमराको बसाइ, भगवान् शिवको नामोच्चारणबाट प्राप्त मानसिक शान्ति, साथीसँगको सुताइ र खाट हल्लेकोमा भुत आएको भ्रम, सिमराको विद्यालय भवन निरीक्षण, ज्येष्ठ नागरिकसँगका संवाद, लघुवित्तका गतिविधि र भुवनेश्वरी पन्तबाट यसको समापन भएका विषयहरू यसमा छन् ।

## नगरकोटको सूर्योदय किशोर साहित्यको उदय

यस शीर्षकका सामग्रीले छ पृष्ठको आयतन लिएको यो बालसाहित्य लेखनसँग सम्बन्धित दुई दिने प्रशिक्षणपरक विचार गोष्ठीको उपज हो । नेपालको इलाम र पशुपतिनगर सूर्योदयको नमुना पर्यटकीय गन्तव्य मानिन्छन् । संसारभर छरिएका नेपालीहरूलाई इन्टरनेटको माध्यमबाट लेखकका कृति र पाठकीय संवेदना बारेको संप्रेषणीय विचार गोष्ठी, रसियन कल्चर सेन्टरमा रवि कर्माचार्यको परिचय, इ-लाइब्रेरीबारे र किशोर साहित्य बारेको चर्चा हुनु, ५-१०-११-१४-१५ र १९ उमेर समूहपरक बालसाहित्यमध्ये १५-१९ को उमेर समूह किशोर साहित्यभित्र पर्नु, तीन दशकभन्दा बढी बालसाहित्यको साधना भए पनि किशोरसाहित्यबारेको अनभिज्ञताबाट लेखक चिन्तनशील बन्नु, २०६७ साल माघमा दुई दिने गोष्ठी, खानपिन, छलफल यात्राको अवस्था, सम्यक् जमघट, दुई दर्जन बराबरका बालसाहित्य स्रष्टाहरूको साथ बालसाहित्यपरक चिन्तन, चूडामणि बन्धु, विनय कसजू, महादेव अवस्थी व्यक्तित्वको प्रवचन, कार्यपत्रवाचन, टिप्पणी, किशोरसाहित्यमाथिको बहस, नगरकोटको मौसम आदिको चर्चा छ । यो संस्मरणसँगै बालसाहित्यमाथिको बहसपरक अभिलेख हो ।

## बालसाहित्य कार्यक्रम र होमस्टेको मज्जा

यस शीर्षकले दश पृष्ठको आयतन लिएको छ । २०६७ फाल्गुन १४ गतेका दिन पाल्पामा गरिएको बालसाहित्य साधकको सम्मान र त्यहाँ भएको बालसाहित्य सम्मेलन तथा मदनपोखरा, पाल्पाको होमस्टेसँग यसको विषयसामग्री केन्द्रित छ । मुक्तिनाथयात्रा, स्याङ्जाको पुरस्कार, दुई गाडीसहित काठमाडौंदेखि पाल्पासम्मको यात्रामा भोगिएका परिदृश्य, दार्जिलिङसँग पाल्पाको तुलना, पाल्पाको टुँडीखेल र धवल पुस्तकालय, नगरपालिकामा भएको कार्यक्रमको ऐतिहासिक महत्त्व, दुई चरणमा भएका भव्य र सभ्य कार्यक्रमका बीच भएका रोचक कार्यक्रम, मदनपोखरामा बसेको होमस्टेको आनन्दको प्रत्याभूति, त्यहाँको अर्गानिक खेतीको विस्तार तथा महत्त्वसम्मका विषयसामग्रीहरू यसमा आएका छन् ।

## पातलो वनको बाक्लो सम्झना

यसले साढे छ पृष्ठको आयतन लिएको छ भने कार्यक्रम वर्ष (२०७१) नभएको र गते मात्र उल्लेख भएको, तत्स्थान उल्लेख नभएको बालकथा सिर्जना गोष्ठीको संस्मरण नै मुख्य सामग्री हुन्, तीनवटा उपशीर्षक राखिनु, प्राकृतिक सौन्दर्य र भौतिक विकासका परिदृश्य उल्लेख भए पनि कुन जिल्लाको कुन स्थान हो भन्ने उल्लेख नहुनु, बाल साहित्यसाधकहरूबाट दिइएको प्रशिक्षण कार्यक्रममा भए गरेका रोचक तथा रागात्मक विषयसामग्री पस्कनुमा यो सामग्री केन्द्रित छ ।

## रमाइलो बाल साहित्य कार्यक्रम र चरिकोटको चर्चा

सात पृष्ठको आयतन यसमा छ । चरिकोटमा आयोजना हुने बाल साहित्य समाजको सम्मेलनमा सहभागिताजन्य वस्तुस्थितिको चर्चा छ । आफू अस्वस्थ हुँदाहुँदै पनि औषधि सेवन गरी पुग्नु, बाल साहित्यसँग जोडिएका बहुसंख्यक स्रष्टाहरूसँगको जमघट, बसोवास र छलफलको चर्चा गर्नु, काठमाडौं–चरिकोट यात्राको क्रममा बाटोमा देखिएका भौतिक र प्राकृतिक दृश्यहरूको सुन्दरतापूर्वक चित्रण गर्नु, दोलखाका प्रमुख स्थान र तिनको सौन्दर्यमाथि प्रकाश पार्नु, बाजागाजासहितको सत्कार कार्यक्रमको भव्यता, भीमेश्वरको दर्शन, त्यहाँ आउने पसिना र त्यसबाट देशमा हुने दुर्घटना, त्रिपुरादेवीको दर्शन, बालसाहित्य स्रष्टाहरूको सम्मान तथा पुरस्कार विवरण, २०७० साल चैत्र २० देखि २२ गतेसम्मको यात्रावृत्तान्त यसमा आएको छ ।

## जिउँदै स्वर्ग पुगें

यस शीर्षकमा तेह्र पृष्ठ खर्चिएका छन् । विभिन्न घटनासँग जोडिएका सात उपशीर्षक हुनु, २०६६/०६७ सालका घटनाक्रमको संस्मरणका बीच मुक्तिनाथ यात्रा, बाटोमा यात्रा गर्दा झिना–मसिना घटनाको संस्मरण, नेपालबन्दको हल्ला, माइक्रोबस र मिनीबसवालाको लफडाबाजी, बेनीबाट सार्वजनिक गाडीमा गर्नुपर्ने यात्रा र त्यसका कठिनाइ, तीब्रगतिको हावा, काठेपुल तर्ने मात्र होइन पर्खाल र छाना पनि दाउराकै देखेर आश्चर्य लागेको अवस्था, जोमसोमबाट मुक्तिनाथतर्फको यात्रा र त्यसको दृश्यचित्र वर्णन, लेक लाग्ने समस्या र उपचार, मुक्तिनाथ मन्दिरको पूजा–अर्चना, १०८ धारास्नान, सूर्योदय र हिमालदर्शनमा प्राप्त आनन्दानुभूति, हिन्दु र बौद्धधर्मको समन्वयपरक दर्शन र मुक्तिनाथ दर्शनबाट जीवित अवस्थामा नै स्वर्ग पुगेको संस्मरणका रागात्मक अनुभवजन्य संस्मरण यसमा आएका छन् ।

## यात्रा एक उपलब्धि अनेक

यसभित्रको पृष्ठपरक आयतन दशसम्मको छ । एघारवटा उपशीर्षक रहनु, ज्याग्दीखोला साहित्य प्रतिष्ठानद्वारा प्रायोजित पुरस्कार प्राप्त हुने सन्दर्भ आउनु,

२०७६ सालको समय, देवेन्द्र लम्सालको सौहार्दता, काठमाडौंबाट पोखरा हुँदै स्याङ्जातर्फको यात्रामा रमाएको सन्दर्भ, छायाक्षेत्र दर्शन र छाङ्छाङ्दीको पौराणिक बिम्ब, समकालीन प्रतिनिधि लघुकथा विमोचन तथा विमर्श, वालिङको कार्यक्रमका झलक, कालिगण्डकी जलविद्युत् परियोजनाको जलाशयबाट पानीजहाज यात्राको क्रममा देखिएको भौगोलिक र प्राकृतिक दृश्यावलोकन वर्णन, एसियाकै ठूलो शालीग्राम दर्शन, मिर्मीको प्राकृतिक सौन्दर्यको वर्णन, फर्किने क्रममा गेष्ट हाउसको बसाइ, ज्याग्दीखोलाको तरङ्ग साहित्य पत्रिकाको विमोचन र त्यस समारोहमा कवितावाचन, सम्मान तथा पुरस्कार प्राप्तिपछिको कृतज्ञतासम्मका संस्मरणपरक विशेषताहरू यसमा आएका छन् ।

## रहस्यमय छाङ्छाङ्दी

यो शीर्षकभित्रका समग्र घटनाक्रमहरू दश पृष्ठको आयतनमा सजाइएका छन् । २०७३ सालको दशैं-तिहारको बीचमा यात्रा गरिएको समूहगत यात्रा भए पनि अनुभूति वैयक्तिक छन् । यात्राको क्रममा गाडी यात्राका गतिविधि, स्थानीय दृश्यचित्रको वर्णन, काठमाडौंबाट छाङ्छाङ्दीसम्मको यात्रा वृत्तान्त यसमा छ । उक्त स्थानमा प्रवाहित पानी, शिवले सतीको शव बोकेर हिँड्दै गर्दा सतीको अङ्गपतन भई शिवलिङ्ग उत्पत्ति भएको पौराणिक सन्दर्भ, त्यहाँको स्नान र दर्शनबाट व्यक्ति जीवनमा अनेकौं उन्नति-प्रगति हुन्छ भन्ने किंवदन्ती, शुद्ध गाईको दूधबाट बनेको ठूलो स्टिल गिलासको दूध-चिया र घ्यूमा निर्मित मसलादार स्वादिष्ट हलुवाको अविस्मरणीय सन्दर्भ, भोलेनाथको गरिमा र महिमा मण्डित पूजारीबाट प्राप्त सूचना, त्यहाँको भौगर्भिक संरचना एकीकरण पूर्वको चौबिसे राज्यको चर्चा, आँधीखोला र रहस्यमय छाङ्छाङ्दीका संस्मरणका बीच माइतीदेशको माटोप्रति लेखकको तीब्र अनुराग यो संस्मरणमा पाइन्छ ।

## योजना पश्चिमको यात्रा पूर्वको

यसभित्रका सामग्रीहरू तेह्र पृष्ठमा सजाइएका छन् । पश्चिम जाने भनिएको यात्रा एकाएक पूर्वतर्फ केन्द्रित भएको अवस्था छ । यसका सूत्रधार र कार्तिकेय घिमिरेबाट घटना वृत्तान्तको बीजारोपण हुनु, सिन्धुली-बर्दिवासको बी.पी. मार्गबाट यात्रा अगाडि बढ्नु, धनगढी र बन्दीपुर जस्ता नयाँ ठाउँमा घुम्नु, बेलबारी-मोरङको नेत्रहीन संघको सुविधासम्पन्न भवन र २०७४ सालको बालसाहित्य समाजको कार्यक्रम, नेत्रहीन कविर मा.वि. का छात्रछात्राको रोहवरमा भएका गतिविधि, धरान, पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा इत्यादि धार्मिक-सांस्कृतिक स्थानबाट दृश्यावलोकनका साथ प्राप्त आनन्दको संस्मरणपरक अनुभव वृत्तान्त यसमा केन्द्रित छ ।

## खोटाङमा रमाइलो र उपलब्धिमूलक बालसाहित्यिक कार्यक्रम

यो विशुद्ध बालसाहित्यको कार्यक्रमपरक शीर्षक छ । २०७४ सालको फाल्गुन २४ देखि २७ गतेसम्म गरी चार दिनका घटनाक्रम समेटिनु, त्यसभन्दा पूर्वका

बालसाहित्यसँग जोडिएको घटनाको संस्मरण गर्नु, बी.पी. राजमार्ग हुँदै जयरामपुल तरी उदयपुर पुग्नु, दित्केल-हलेसी महादेवको गन्तव्य बारेको चर्चा गर्नु, लगभग साढे तीन दर्जन स्रष्टाहरूको नामका साथ बालसाहित्यको कुम्भमेलाजस्तो प्रतीत हुनु, बालसाहित्य कार्यक्रमको परिचयपरक यात्रावृत्तान्त, कार्यक्रममा भएका सहभागिताको दृश्यचित्रात्मक वर्णन, कार्यपत्रहरूको परिचयपरक यात्रावृत्तान्त, कार्यक्रममा भएका सहभागिताको दृश्यचित्रात्मक वर्णन, कार्यपत्रहरूको प्रस्तुति, नयाँ-नयाँ सन्दर्भ र सूचनामूलक विषयसामग्रीको सम्प्रेषण, हलेसी महादेव दर्शनबाट प्राप्त आनन्द, यशु श्रेष्ठप्रतिको विशेष कृतज्ञतासम्मका घटनाक्रमहरू यसमा छन् ।

## चौतारीमा बस्दाका रमाइला पलहरू

यो शीर्षकका घटनाक्रमहरू पनि दश पृष्ठको आयतनमा लम्बिएका छन् । यो पनि बालसाहित्यकै कार्यक्रमको संस्मरणपरक वृत्तान्त बनेर आएको छ । सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौताराकै पेरीफेरीका भौगोलिक स्थितिको वर्णन हुनु, ने.बा.स.को छब्बीसौं राष्ट्रिय बालसाहित्य सम्मेलनका क्रममा भुक्तभोग्य अनुभूतिकै वृत्तान्तका रूपमा यो सामग्री आउनु, खोटाङ र चौताराको कार्यक्रममा तुलनात्मक समीक्षा गर्नु, तीसको दशकको अतीत स्मृतिसँगै भूकम्पबाट क्षत-विक्षत संरचना देखेर दुःखित हुनु, दिवङ्गत शारदा तण्डुकारको स्मृति जीवन्त र ज्वलन्त बन्नु, नयाँ वर्षमा नयाँ कार्यक्रमका साथ ने.बा.स. को कार्यक्रम सफल हुनुसम्मको विवरण यसमा आएका छन् ।

## सातौं वालिङ महोत्सवका अविस्मरणीय पलहरू

पुस्तकभित्रको सबैभन्दा लामो आयतन भएको यो संस्मरण हो । यसले उन्नाईस पृष्ठ ओगटेको छ । यसभित्र लेखक र उनका जीवनसाथीसहित सँगै यात्रामा रमाउनु, तेस्रो यात्राका रूपमा गाडी चालक भएका कारण उसको मनोविज्ञान र भौतिक व्यवहारको विश्लेषण गर्नु, लेखन लामो भएका कारण यात्रा संस्मरणका अनुभूतिलाई जीवन्त र ज्वलन्त बनाउनु, यो महोत्सवमा तीन कार्यक्रम ज्वाग्दीखोलाको तरङ्ग पत्रिका विमोचन, कविगोष्ठीको कार्यक्रम भेषराज साहित्य प्रतिष्ठानका गतिविधि र वर्तमानका क्रियाकलाप कार्यक्रम महोत्सवभित्र चित्रकला प्रदर्शनी, पुस्तक बिक्री, सँगसँगै फर्कने क्रममा देवघाट, शाश्वतधाम, सौराहा-चितवन भ्रमणको संस्मरणात्मक वृत्तान्त बनेर आएको छ । भ्रमण क्षेत्रको विविधतापरक विशेषताका अतिरिक्त आफ्नो पृष्ठभूमि माइतीदेश, मातृभूमि नेपालसँग जोडिएका तथा राष्ट्रिय चेतनाले भरिएका अनुभूतिका तरङ्गको रूपमा यो संस्मरणलाई लिन सकिन्छ ।

**वनभोजको रमाइलो सम्झना**

पुग-नपुग छ पृष्ठको आयतनपरक सामग्री यसमा आएका छन् । २०७५ सालको अन्त्यतिर वसन्त ऋतुको मौसमका बीच रमणीय वनभोजमा साहित्यिक र अन्य परिमित मित्रहरूको हार्दिकतायुक्त सहभागिता, काठमाडौँबाट काभ्रेको नाला भन्ने स्थानमा गरिएको वनभोजका रोचक कार्यक्रमहरूको संस्मरण वृत्तान्त यसमा छ । साहित्यिक महत्त्व भन्दा यो विशुद्ध संस्मरण मात्र हो भन्न सकिन्छ ।

## (३) निष्कर्ष

गंगाका निबन्धहरू सरल र सम्प्रेष्य छन् । यात्राको क्रममा देखे-जानेका, सुने-भोगेका अनुभूति विस्तार गर्ने सूक्ष्म कलाचेतना विद्यमान छ । साढे दुई दर्जनभन्दा बढी पुस्तक लेखिका भएका कारण अनुभव वृत्तान्त वर्णनमा भाषिक समस्या छैन । सम्भावित घटनाक्रमलाई पनि उनले विषयसामग्री बनाएकी हुन्छिन् । जीवनभोगाइका क्रममा अन्तश्चेतनाले देखेका कुरालाई इमान्दारितापूर्वक पस्कनु गङ्गाको लेखकीय धर्म बनेर आएको छ । कतिपय निबन्धहरू अनुभव, अनुभूति र संस्मरणको दस्तावेज बनेको देखिन्छ ।

आफ्ना निबन्धहरू भौगोलिक, प्राकृतिक, मनोजगत्परक भाषिक प्रयोग भेटिन्छ । संस्कृति, भूगोल, इतिहास, पर्यावरण, अर्थजगत्, पौराणिक मिथक, लौकिक मत, किंवदन्ती, सामाजिक चेतनाको सन्देशप्रवाह, राष्ट्रिय चिन्तासँगै राष्ट्रवादी चेतना, मानवीय संवेदनाका विषयवस्तुबाट गंगाको लेखन अग्रगामी दिशातर्फ उन्मुख छ । धेरैजसो साहित्यिक त्यसमा पनि बालसाहित्यको सन्दर्भसँग जोडिएका छन् । मुक्तिनाथ, चारधाम र छाङ्छाङ्दीका धार्मिक महत्त्वसँग सरोकार राख्ने भएका कारण धार्मिक र प्रकृतिसँगै मूल्य र मान्यतासँग सम्बन्धित छन् । भविष्यमा अझ राम्रो संरक्षण संग्रह पढ्न पाइयोस् ।

ooo


**नगरवासीमा हार्दिक अनुरोध !**

- **जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं ।**
- **कर तिरौं, सभ्य नागरिकको पहिचान दिऔं, समृद्ध गाउँपालिका बनाउने अभियानमा टेवा पुरयाऔं ।**
- **हरेक कामलाई पारदर्शी बनाऔं, भ्रष्टाचारमुक्त अभियानलाई सफल बनाऔं ।**
- **लैङ्गिक हिंसा, बालश्रमशोषण जस्ता सामाजिक विकृतिको अन्त्य गरौं, २० वर्ष उमेर पुगेपछि मात्रै विवाह गरौं ।**

अनुरोधक
**बारबिसे नगरपालिका**
सिन्धुपाल्चोक

# प्रतिबद्धता

✍ **मित्र 'उराठी' गौतम**
**अमरपुर, गुल्मी**
**हाल - तिलोत्तमा न.पा.-२, रूपन्देही**

गैराचौरको मैदानमा भलिबल खेल रोकियो ।

गाउँका ठिटाहरू प्रायः हरेक साँझ यही मैदानमा जुटेर भलिबल खेल्थे । गाउँका वृद्धावृद्धहरू पनि गैराचौरको चौतारीमा जुटेर भलाकुसारी गर्थे । साँझ हुने भलिबल खेल हेरेर रमाउँथे ।

गाउँमा कोदो काट्ने, स्याहार्ने बेला पनि यही हो । अर्मपर्म गरेर बालिनाली लगाउने, भित्र्याउने गाउँको परम्परा नै हो । यस पटक भने विगतदेखि गर्दै आएको पर्म प्रथामा सङ्कट उत्पन्न भयो । कोदो झुरिएर झर्नै आँट्यो तर खेताला पाउनै मुस्किल छ ।

भर्खर सम्पन्न संसदीय चुनावले गाउँलेहरूमा तिक्तता बढाएको छ । चुनाव प्रचारको क्रममा त्यस राति भएको झडपमा युवाहरू घाइतेसमेत भए । त्यसैले एउटै मैदानमा सँगै खेल्ने युवाहरूको बोली बाराबार छ ।

आफ्नो गाउँको यो भयावह स्थिति नियालिरहेका सुबेदारबालाई मनमा चसक्क घोच्यो ।

"हेर त तिम्रा नेताहरू बधाई, शुभकामना साटासाट गर्दै टपक्क भैसके । यता तिमी दाजुभाइ, छरछिमेकमा यो बोली बाराबार ! आखिर मर्दापर्दा काम लाग्ने त गाउँलेहरू नै हो नि । बाहिरको कोही आएर सघाइदिने हैन क्यारे । त्यसैले मेरो कुरा मान । एउटा सहभोज आयोजना गरौं । जम्मै जुटौं, खाऔं, रमाइलो गरौं । एकापसको तुस पखालौं । " सुबेदारबाले प्रस्ताव गरे ।

सुबेदारबाको अगुवाइमा गैराचौरमै भोज आयोजना भयो । सबैले खाइपिई गरी नाचगान गरे, रमाए ।

"अब आइन्दा चुनावको नाममा निकृष्ट गालीगलौज, झैझगडा गर्ने छैनौं । अलगअलग राजनैतिक आस्था भए पनि गाउँको एकतामा खलल पर्न दिने छैनौं । " सबैले सामूहिक प्रतिबद्धता व्यक्त गरे ।

ooo

# पुष्प रमाउँदा

✍ **सीता पोखरेल खनाल**
**तानसेन, पाल्पा**

रोपी मलाई देऊ ममता अनि माया ।
ठूलै बनुँला हुर्कुंला दिउँला शीतल छायाँ ॥

अलि ठुली भई लता फैलिई यत्रतत्र ।
अझै माया देऊ रिसाउँछु म नत्र ॥

तिम्रो आँगनको शोभा सधै बढाउँछु ।
नचिमट मलाई फेरि भुइँमै हराउँछु ॥

भगवान्को सृष्टि रङ्गी-बिरङ्गी रङ्ग ।
उनैलाई चढाउँदा हुन्छु म त दङ्ग ॥

शुभ कार्य हुँदा मेरै लस्कर लाग्छन् ।
गलामा हार बनाई मलाई नै लगाउँछन् ॥

स्वागतद्वारमा मै मुस्कुराउँछु ।
त्यसै-त्यसै हर्षले यता-उता रमाउँछु ॥

भमरा र पुतली मसँग रमाई ।
छिप्पिए हुर्किए समाऊ मलाई ॥

अब भयो मेरो विश्राम गर्ने बेला ।
ऋतुहरूको आगमनमा फेरि भेट होला ॥

ooo

**अनुरोध**

- सडक तथा मोटरबाटो हाम्रो साझा सम्पत्ति हो । सडक भत्काउनु अपराध हो, त्यसैले सडक तथा मोटरबाटो नभत्काऊँ र भत्काउन नदेऊँ ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐनअनुसार कारबाही हुने सबैमा जानकारीको लागि अुनरोध छ ।
- सडक तथा पुलमा दिसापिसाब नगरौं, नगराऔं ।
- जथाभावी सावारीसाधन पार्किङ्ग नगरौं ।
- सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।
- जथाभावी खानेपानीको पाइप सडकमा नबिच्छ्याऔं ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**सडक पूर्वाधार विकास कार्यालय, गुल्मी**

# समृद्ध लुम्बिनी

✍ **जोशिका कँडेल 'निशा'**
**बाणगङ्गा-८, चप्परगाउँ, कपिलवस्तु**

मोती फल्छ सदा अनन्त पथ छन्, ती शैलका टाकुरा
आफ्नो सीप सजाउने सबल यी, छन् पौरखी पाखुरा ।
आफै बन्नु छ आत्मनिर्भर यहाँ, हो स्वर्गको आँगन
सारा विश्व चिनाउने अवनिमा, हो लुम्बिनी पावन ॥१॥

खेतीयोग्य छ यो धरातल यहाँ, उस्तै घना जङ्गल
के छैनन् र यहाँ परिश्रम गरे, छन् मङ्गलै मङ्गल ।
माटो वैभव यो छँदैछ रसिलो, सम्पूर्णता उर्वर
शिक्षा, स्वास्थ्य र रोजगार पथमा, आफै बनौँ निर्भर ॥२॥

माछा मासु र दूग्ध पेय जलमा, सम्पन्न बन्दै छ यो
सब्जी साग नवीन फूलफलमा, उत्साह भर्दै छ यो ।
रूरूक्षेत्र छ पुण्य देव धरणी, प्यूठान त्यो स्वर्ग हो
रेसुङ्गा, कपिलेश धाम जति छन्, यो देशकै गर्व हो ॥३॥

होला उन्नत यो प्रदेश नमुना, उत्थानका मार्ग ती
बाटो त्यो बिजुली सबै सुलभ छन्, बढ्दै छ उद्योग ती ।
सुख्खा भूमि हराभरा हुनगए, बन्ने थियो सुन्दर
यौटै सोच विचार राख सबले, सम्पन्न के हुन्न र ॥४॥

पूर्वी दर्शनले सुसज्जित यहाँ, छन् गौरवै-गौरव
मोती फल्छ यहाँ फलाउन सके, गर्दै नयाँ पौरख ।
आफैमा परिपूर्ण दिव्य धरती, पाइन्छ सञ्जीवनी
आस्थाको प्रतिबिम्ब शान्ति नगरी, यो बुद्धको लुम्बिनी ॥५॥

फुल्छन् सिर्जनका कला जति यहाँ, बन्छौँ सबै निर्भर
विद्यामा गुणमा छ पूर्ण भरिलो, पारौँ अझै सुन्दर ।
मानौँ पुस्तकझैँ अनेक थरिका, छन् योग्य ती साधिका
बन्ला यो अलका समृद्ध युगकै, यो लुम्बिनी वाटिका ॥६॥

ooo

# साहित्यकार प्रकाश श्रेष्ठका दुई कृति – 'सुन्तलीटार' कथासङ्ग्रह र 'शान्ति' उपन्यास एक अध्ययन, विश्लेषण

✍ **ओमप्रकाश अधिकारी**
**कावासोती-१६, डण्डा, नवलपुर**

नेपाली साहित्यमा कलम चलाउने अनगिन्ती साहित्यकारहरूमध्ये धेरैको पहिलो रोजाइ विधागत हिसाबले कविता, कथा, गीत, मुक्तक अनि उपन्यास र खण्डकाव्य, महाकाव्य नै हो । त्यस्तै गरी पछि उदाएका अनगिन्ती विधामा पनि लेखकहरूको रुचि क्रमशः बढ्दै गएको छ । कवि, कथाकार, उपन्यासकार, समष्टिमा साहित्यकार प्रकाश श्रेष्ठको भने मैले पहिले नै कथा र उपन्यास पढ्ने मौका पाएको छु । "सुन्तलीटार" नामक कृति जम्माजम्मी दश कथाहरूको संग्रह हो । संग्रह सानो छ । तसर्थ, यसलाई पढ्न अति लामो समय लगाउनुपर्दैन । बस् पढेको समय ध्यान दिन सके पुग्छ । सरल, सहज भाषा शैलीमा लेखिएको सुन्तलीटारका दशै कथाहरूमा धेरैजसो नेपाली, ग्रामीण, शहरिया सबै परिवेशको विषयवस्तु, घटना, पात्र तथा चरित्र प्रस्तुत गरिएको छ । त्यो पनि कुनै काल्पनिक उडान नभरी यथार्थ धरातलमा बसेर लेखिएका यी कथाहरू सामाजिक, यथार्थवादी कथा हुनुको साथै, प्रेम, मानवता, देशमै बसेर केही गर्नुपर्ने, मानव सत्य र असल व्यवहारको हुनुपर्ने कुरामा जोड दिइएको छ । कु-पात्र कु-प्रथा तथा कु-चरित्रको अन्ततः हार नै देखाइएको छ । वास्तविक जीवनमा पनि यस्ताहरूको हार हुनैपर्छ, सत्यको जीत भए मात्र सबैलाई राम्रो र रमाइलो लाग्छ । सत्य मानिस र सत्य व्यवहारको समाजमा वर्चस्व रहोस् भन्ने कथाकारको उद्देश्य छ । रूप, यौवन, जवानी तथा धनको घमण्डले मानिस कुन अवस्थामा पुग्छ भन्ने कुरा अभिमानिनी कथा र रूपा पात्रले स्पष्ट पारेको छ । त्यस्तै अधुरो प्रेमले पूरा हुन नसकेको एक जोडीको प्रेम, सुन्तलीटारले विकास सेवा, सहयोगी भाव र सत्कर्मले कसरी बिजोग गाउँको रूप फेरिएर सुन्तलीटार रहन गएको देखाइएको छ भने प्रायश्चित कथाले छोरा मात्र पाउन चाहने हाम्रो समाजलाई आँखा देखाएको छ । छोरीको महत्ता जनाएको छ । सम्बन्ध, प्रतीक्षा, पश्चात्ताप, मिलन, जीवन, समर्पण आदि कथाहरूले पनि शीर्षकअनुसार विषयवस्तु घटनाक्रमको राम्रो श्रृङ्खला बुनेर शीर्षकलाई सार्थक गरेका छन् । कथाको आवरण चित्रदेखि लिएर एक दुई अक्षरबाहेक भाषा, शैली सम्पादनमा पनि दोष लगाउने ठाउँ छैन । कथाहरूको छुट्टै आनन्द लिन पाठकहरूले एक पटक आफै कथाहरू राम्रोसँग पढ्नुपर्छ । सक्दो धेरै पुस्तकहरू पढ्नुपर्छ ।

समालोचना वा कसैले वर्णन गरेको छोटो मीठो सानो आलेखले मात्र कदापि पुग्न सक्दैन । असल पुस्तकहरू समय भएसम्म जति पढ्यो उति हाम्रो दिमागमा ज्ञान चक्षु भरिदै जाने हो । यसले लाभबाहेक हानि हुने कुरै छैन ।

यसरी यो "सुन्तलीटार" नामक कथासंग्रह सबैले पढ्नुपर्ने, पढेर फाइदा पुग्ने, कथाभित्रका पात्रहरूलाई बुझेर असल बन्न प्रयास गर्नुपर्ने देखिन्छ । हामी असल बन्यौ भने हामी मात्र नभएर हाम्रो घर, परिवार समाज, देश पनि सभ्य र राम्रो हुन्छ । हामी मरेर गए पनि जुगौजुग हाम्रो अमरता रहिरहने हुन्छ । सबै कथाहरूको खास सन्देश वास्तवमा यही नै हो । मानवता हो, देशप्रेम हो । लेखनको विषयवस्तु आजको नयाँ हुँ भन्ने पाठकहरूलाई पुरानै ढाँचाको लाग्न सक्ला तर यो जीवनजगत्मा सँधै सँधै चाहिने तत्त्व हो । कथाकार यसमा अडिग रहेर कलम चलाउनु भएकोमा आभार व्यक्त गर्न चाहन्छु ।

यसै गरी उहाँको "शान्ति" उपन्यास शीर्षकले नै हामीलाई मीठो आभास दिन्छ । छोटो, मीठो, राम्रो, महत्त्वपूर्ण दुई अक्षरको शीर्षक आकर्षक छ, पढूँ, पढूँ लाग्छ । आज विश्वमा हराएको नै शान्ति हो, अमन चयन हो । यही नभएर नै हामी सबै मनुष्यहरू दुःख, कष्ट भोगिरहेका छौं । शान्ति उपन्यास नाम जस्तै पढ्न आनन्द आउने खालको छ, भलै उपन्यास वियोगामा गएर टुङ्गिएको छ । शान्ति उपन्यासकी प्रमुख पात्र शान्ति र उप-प्रमुख पात्र सुलभ हुन् । नमात्तिएको, नआत्तिएको, हाम्रो समाज संस्कारले पचाउने सभ्य प्रेममा आधारित यो उपन्यास एकदमै पठनीय छ । शुरूदेखि शान्ति पात्रमा आधारित उपन्यास अन्त्यमा गएर पनि शान्तिकै वियोगमा टुङ्गिएको छ तर पनि उपन्यासकी पात्र पनि शान्ति र शान्तिपूर्वक सँधै कर्ममा हिंडिरहेका छन् । यस अर्थमा शीर्षक पनि बेजोड रूपले सार्थक छ । उपन्यासको मुख्य सिद्धान्त प्रेम, मानवता सद्भाव र देशप्रेममा अडेको छ । एक असल लेखकले आफ्ना कृतिहरूमा योभन्दा बढी अरू कति प्रकाश पार्ने ? चाहिने अनिवार्य तत्त्व भनेको नै यही त हो । बरू अरू अनावश्यक, अतिरञ्जनात्मक कुराहरू त समावेश नगरे पनि हुन्छ ।

शान्तिलाई बास बस्ने क्रममा, घरमा एक्लै भेटिनु, सुलभलाई एक्ली नारी शान्तिसँग बास बस्न अप्ठ्यारो लाग्नु तर शान्तिले नडराई स्वीकृति दिनु, भोलिपल्ट हस्पिटल गएका आमाबाबु नै एक्सिडेन्टमा परेर मर्नु, एक्ली छोरी शान्ति सहाराविहीन र शोकाकुल अवस्थामा पुग्नु, यस्तो अवस्थामा एक्लै र दुःखी देख्न नचाहे पनि एक बटुवा, कुनै नाता नपर्ने सुलभले सम्झाएर आउनु । बिर्सिसक्दा पनि, केही वर्षपछिको भूकम्पले शान्ति फेरि असहाय भई हिडेको अवस्थाभा भेटी सुलभले सहारा र आश्रय दिनु, एक्ली निसहाय रूप र यौवनले भरिपूर्ण नारीलाई सेवा र सहयोगबाहेक कुनै पनि गिद्धे नजर नलगाउनु नै सुलभ नामका सुपात्रको उदाहरण हो । उनले शान्तिलाई पछि शान्ति नै हुन् भन्न

चिनेर प्रेम र विवाह गरिसकेपछि जीवनको शुरूदेखि अन्तसम्म एकनासले सुख सहयोग दिइरहेको र मरेपछि पनि उनको नामका सबै आर्थिक उनकै नाममा ट्रष्ट खोलेर, सेवामा लगाएर गाउँको नाम नै शान्ति राखिदिनाले सुपात्र मात्र नभएर सुलभ महान् पनि छन् र उनलाई यसो गर्न सघाउने सबै पात्र सत्चरित्र हुन् ।

त्यस्तै शान्ति पनि एक शीतल शान्त, सत्चरित्र, कर्मठ नारी हुन्, उनले अनेकौं संघर्ष गरेर आफ्नो परिवार मात्र नभै विदेशमा राम्रो जागिर हुँदा पनि पति सुलभकै सहारामा देशमै फर्केर असल कार्य गर्न खोज्दा गोली खाएर मारिन पुगेकी छन् । आफू मरे पनि आफ्ना प्रयोग हुन सक्ने अंगले अर्कोलाई बचाउ गरिदिने वाचाअनुसार उनको मिर्गौलाले उनलाई नै गोली हानेको भनिएको व्यक्ति जीवित हुन पुगेको छ । यो उनको महान् त्याग हो । खास उपन्यासको सार संक्षेप पनि यही हो । विदेश आएपछिको कामको अति व्यस्तताले र आफ्नो रोगलाई लुकाउँदै काम गर्ने अवस्थाले एक समय परिवार भताभुङ्ग हुने परिस्थितिलाई पनि सुलभले समालेर भत्कन दिएका छैनन् । यसरी उपन्यास वियोगान्त जस्तोबाट शुरू भएर वियोगान्तमै टुङ्गिएको छ, तापनि जीवनभर जे जति गरिएको छ शान्तिपूर्वक गरिएको छ । कसैलाई पनि दुःख आघात नपुस्याई सुख, शान्ति र प्रेम छर्न, देशको भलो गर्न खोजिएको छ । एक असल प्रेमी प्रेमिका, विवाह, आमाको आदर, पढाइ, करियर, विदेश जान नचाहने, गएर पनि फर्केर आएर स्वदेशमै काम गरेर देशकै माटोमा मर्ने, सबैमा असल प्रेम, कर्म, मावता र सद्भाव सिकाउने उपन्यास अब्वल छ । आजकल यस्ता असल उपन्यासहरू एकदमै कम पढिने, पुराना, रूढीगत आदर्श ठानिने गर्न थालिएको छ । भल्गर, यौनजन्य विषयवस्तु, अश्लील भाषाशैलीका उपन्यास धेरै पढिने गर्छ पाठकमञ्चबाट, तर पनि हामी असल लेखक कविहरूले हिम्मत र साहस गरेर थोरै भए पनि अमृत बर्साइरहनुपर्छ । सकरात्मकता र असल चेतना नै प्रवाह गरिरहनुपर्दछ । हल्ला र भाइरल प्रचारको पछि दगुर्नु हुन्न । अनि मात्र हामी उनीहरूभन्दा फरक हुन सक्छौं । उपन्यास विषयवस्तु, भाषा शैली, पात्र चरित्र तथा देशकाल परिस्थिति, शीर्षक सबै कुराबाट परिपूर्ण हुँदा हुँदै पनि डायरीको जस्तै गरी अंक, अंक र थोरै थोरै पेजमा नराख्न पाएको भए हुन्थ्यो र शान्ति जस्तो सत्पात्रको वियोग नदेखाउन पाएको भयो हुन्थ्यो जस्तो लाग्छ । कतिन्जेल सज्जनहरू अकालमा मरिररहने ? उनीहरू आफ्नै कालमा मर्न पाऊन् । हुन त हाम्रो देशको अवस्था नै यस्तो छ, कहिल्यै सुधार हुँदैन जसको शासन आए पनि असललाई बाँच्न र कर्म गर्न ठाउँ छैन । लेखकले देखाउन खोजेको मुख्य कुरा यो पनि होला । उपन्यासले एउटा नेपाली मध्यमवर्गीय तर शिक्षा र चेतनाले भरिपूर्ण परिवार, देश, विदेश हुँदै फेरि कसरी स्वदेशमै सेवा गर्दै मट्टीमा बिलाउँछन् भनेर देखाएको छ । हाम्रो देशमा शान्ति र शान्तिको जस्तै धेरै

परिवार होलान् भन्ने अनुमान गर्न सकिन्छ तर शान्तिको जस्तो हालत हुने अवस्था सिर्जना भइरहे देशविकास गर्न चाहने धेरै जना विदेशमै बसिरहनेछन् । अकालमा कोही मर्न चाहँदैनन् । यी सबै कुरा उपन्यासमा छर्लङ्ग छ । साहित्यकार प्रकाश श्रेष्ठको कविता सङ्ग्रह पनि छिटै बजारमा आउँदैछ । क्रमशः उहाँका कृतिहरू आइरहून्, हामी पाठकहरू पढ्न पाइरहूँ । जीवन उमेरको अंकले कहिल्यै बूढो हुँदैन, बूढो त हाम्रो मन हो, मन सक्रिय रहेसम्म र आफ्नो सबै काम आफै गर्न सक्दासम्म मानिसलाई बूढो भन्नु पनि हुँदैन भन्ने सही, सक्रिय र सकारात्मक धारणा राख्नुहुने साहित्यकार प्रकाश श्रेष्ठज्यूलाई मेरो पनि यी दुई कृतिको लागि बधाई र आगामी कृतिहरूको लागि शुभकामना व्यक्त गर्दछु । अहिलेलाई यति नै ।

ooo

---

*// गजल //*

# गजल

✍ **डा. घनश्याम परिश्रमी**
**बर्दघाट, नवलपरासी**

कसैले मिठा वाचा गरेका छन्
कसैले निकै पीडा दिएका छन्

म भन्दै छु घात लाग्ने कुरा मनका
नसुन्नेहरूले पो सुनेका छन्

विरोधी जुलुस निस्केर हो सायद
दबेका धेरैका हात उठेका छन् ।

तिमीले कहाँ बुझ्छौ मनोविज्ञान
यहाँ रङ्गिएका दिल दुखेका छन्

सफरमा सबैको हुन्छ गन्तव्य
नदी भेट्न नै खोला बगेका छन् ।

ooo

// आलेख //

# लुम्बिनी प्रदेशमा पुस्तकालय

✍ **पद्मप्रसाद शर्मा**
**सदस्य**
**सर्वोदय पुस्तकालय तथा वाचनालय घोराही, दाङ**

**विषय–प्रवेश**

हामीले आफ्नो नजिकको काम कुरामा त्यति ध्यान दिदैनौं । पहिले आफूले आफूलाई खोज्ने चिन्ने अनि छर छिमेकीलाई खोज्ने र चिन्ने चेष्टा गर्नुपर्दछ । यतिभए मात्र अलिक पर पुग्न सुहाउँछ जस्तो लाग्दछ । २०७५ साल भाद्र २४ र २५ गतेका दिन गुल्मी स्थित किरण पुस्तकालयको स्वर्ण–जयन्ती वर्षको उपलक्ष्यमा १५३ औं मोती जयन्ती र १०५ औ. बि.पी. जयन्तीको अवसर पारेर प्रदेश स्तरीय पुस्तकालय सम्मेलन गरिएको थियो । यसले प्रदेशस्तरमा एउटा जिज्ञासा जगाएको थियो । वास्तवमा यसै पुस्तकालय सम्मेलनले प्रदेश स्तरमा रहेका पुस्तकालयको छोंटो विवरण तयार गर्न सकेमा भोलिका दिनमा यस्तै कार्यक्रम गर्न सकेको अवस्थामा सम्पर्क गर्न सहज हुने र ती पुस्तकालयको अवलोकन र अवस्थाको बारेमा बेला मौका सम्पर्क गर्नसमेत सहज होस् भन्नका लागि यो आलेख तयार पार्ने जमर्को गरिएको हो ।

अर्कोतिर यतिबेला पठनसंस्कृति लोप भएको भन्ने भनाइ पाउन सकिन्छ । तर भन्नेहरूले भने जस्तो पठनसंस्कृति पूरै लोप भएको होइन । अहिलेको पठन संस्कृति नयाँ प्रविधिसंग जोडिएको छ भन्न सकिन्छ । कुनै पनि समयमा पुस्तकालयको महत्त्व कम हुन्छ भन्न मिल्दैमिल्दैन । पुस्तकालयमा विगतका दिनहरूमा हस्तलिखित सामग्रीहरू रहन्थे भने त्यस पछिका दिनमा प्रिन्ट (छापा)सहितका सामग्री राख्न लागियो । आजभोलि श्रव्यदृश्य सामग्रीको आवश्यकता भएको छ । आज हातले पुस्तकका पाना पल्टाउनुको साटो कुनै विद्युतीय माध्यमबाट अध्ययन गर्न रुचाउने समय आएको छ । यसरी हेर्दा प्रविधिको भिन्नता मात्र हो भन्न सकिन्छ । पठनकला लोप भएको भने कत्ति पनि होइन । समयसन्दर्भले पुस्तकालयहरूलाई नयाँ प्रविधिसँग जोड्न आवश्यक देखिन्छ ।

गुल्मी जिल्लाले उत्पन्न गरेको जिज्ञासाले जन्माएको यो आलेख तयार पार्ने क्रममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा रहेका पुस्तकालयहरू र पुस्तकालय सञ्चलाकहरूसंग सम्पर्क गर्दा करिब करिब एउटै खालको भनाइ पाइयो । पुस्तकालयप्रति मानिसको वितृष्णा होइन हामीले प्रविधिमैत्री बनाउनुपर्दछ भन्ने आमधारणा रहेको देखिन्छ । वास्तवमा हामीले हाम्रा पुस्तकालयहरूलाई पाठकको

रुचिअनुसारका सामग्री संकलन र प्रयोगको लागि उचित वातावरण बनाउनु पर्दछ । यसका लागि लुम्बिनी प्रदेशमा रहेका पुस्तकालयहरूको बारेमा संक्षिप्तमा भए पनि सामान्य जानकारी राख्न आवश्यक छ । प्राप्त जानकारीका आधारमा यो आलेख पस्कने जमर्को गरिएको छ । यो जमर्को मात्र हो । यसलाई पूर्णता दिनका लागि आगामी दिनमा थप प्रयासको आवश्यकता बिर्सन मिल्दैन ।

## लुम्बिनी प्रदेशका सबै जिल्लामा पुस्तकालयको अवस्था

### १) पाल्पा

**'धवल पुस्तकालय':** यो पुस्तकालय राणाकालमा स्थापना भएको पुस्तकालय हो । यसको स्थापना विक्रम सम्वत् १९८३ सालमा भएको पाइन्छ । पुस्तकालय स्थापनाका समयमा केही झमेलासमेत बेहोर्नु परेको थियो । तानसेन नगरपालिका वार्ड नम्वर २ मेहालधारामा सञ्चालित पुस्तकालयको हालको संचालक समिति ७ सदस्यीय रहेको छ भने यस समितिको अध्यक्षमा युवराज शर्मा पौडेल हुनुहुन्छ । उहाँको सम्पर्क नम्बर ९८४७०२९०५१ रहेको छ । आफ्नै भवनमा सञ्चालित पुस्तकालयलाई निकट भविष्यमा आधुनिक प्रविधिमा जोड्ने योजना रहेको छ ।

### २) गुल्मी

गुल्मी जिल्लामा पञ्चायतकालमा अर्थात् वि.सं. २०२५ साल कात्तिक २० गतेका दिन जनस्तरबाट **'किरण पुस्तकालय'** स्थापना भएको हो । यस पुस्तकालयले २०७५साल भाद्र २४ र २५ गतेका दिन लुम्बिनी प्रदेशस्तरीय पुस्तकालय सम्मेलन सम्पन्न गरेको थियो । प्रदेशस्तरमा रहेका विभिन्न जिल्लाका पुस्तकालयका प्रतिनिधिहरूलाई जमघट गराएर पुस्तकालयसम्बन्धी विभिन्न कार्यपत्रहरू प्रस्तुत गर्ने र त्यसमा सल्लाह सुझाव संकलनको कार्य गरेको थियो । हाल ९ सदस्यीय कार्यसमिति रहेको यस पुस्तकालयको वर्तमान अध्यक्षमा शशि पन्थी हुनुहुन्छ । शशि पन्थी यस पुस्तकालयको स्थापना कालदेखि संलग्न हुनुहुन्छ । उहाँको सम्पर्क नम्वर ९८५११४८८०७ रहेको छ । किरण पुस्तकालयले विगत ४९ वर्षदेखि विभिन्न विधालाई समेटेर **'हाम्रो पुरुषार्थ'** नामक त्रैमासिक पत्रिका प्रकाशन गर्दै आएको छ । हाल यो आफ्नै भवनमा रेसुङ्गा नगरपालिका वार्ड नम्बर ८ चिदीचौरमा सञ्चालित छ । किरण पुस्तकाललाई समयसापेक्ष आधुनिकीकरण गर्ने योजना हालको कार्यसमितिमा बनिरहेको छ ।

### ३) अर्घाखाँची

(क) विक्रम सम्वत् २०१९/०२० सालमा (स्थापना भएर २०२२ सालमा दर्ता भएको) वाङ्लामा स्थापना भएको **'मोती पुस्तकालय'** हो । साविक वाङ्ला

गाविस वार्ड नम्बर ६ मा र हाल सन्धिखर्क नगरपालिका वार्ड नम्वर ४ वाङ्लामा पर्दछ । आफ्नै भवनमा सञ्चालित मोती पुस्तकालयले केही वर्ष पहिलेदेखि वार्षिक रूपमा "मोती" नामको वार्षिक मुखपत्र प्रकाशन गर्दै आएकोमा हाल भने यसको प्रकाशन हुन सकेको छैन । १५ सदस्यीय कार्यसमिति रहेको मोती पुस्तकालयको हालको अध्यक्षमा कमलप्रसाद भट्टराई हुनुहुन्छ । उहाँको सम्पर्क फोन ९८६९४१२५९५ रहेको छ । यस पुस्तकालयले आगामी दिनमा आधुनिक उपकरणसहितको पुस्तकालय सञ्चालन गर्ने बारेमा छलफल चलाइरहेको छ र स्रोतको खोजी गरिरहेको छ ।

(ख) साविक धरमपानी गाविसमा हेमा भुसालको अगुवाइमा २०४५ सालमा **'आदर्श पुस्तकालय'** सञ्चालनमा आएको पाइन्छ ।

(ग) सन्धिखर्क नगरपालिका वार्ड नम्बर १ मा रहेको शान्ति बगैचामा २०४९साल देखि सञ्चालनमा आएको **'आलोक पुस्तकालय'** हो । हाल यसको अध्यक्षमा ओम आचार्य रहनुभएको छ । ओम आचार्यको सम्पर्क फोन नम्बर ९८५११०२१९० रहेको छ ।

(घ) सन्धिखर्क नगरपालिका वार्ड नम्बर २ शंखेटारीमा वि.सं २०७७ सालमा **बुद्धि रायमाझी अध्ययन प्रतिष्ठान तथा वाचनालय** सन्धिखर्क स्थापना गरिएको छ । यसको अध्यक्षमा बिजुला रायमाझी हुनुहुन्छ । बिजुला रायमाझीको सम्पर्क फोन ९८४७१०७८४९ रहेको छ ।

## (४) प्यूठान

प्यूठान जिल्लामा रहेको माण्डवी गाउँ पालिकाका केही भूभागहरू उदैपुर राज्यमा पर्दछन् । यसै पालिकाको रातापानी मर्कावाङमा दुई हजारभन्दा अगाडि **सुन्नानी पुस्तकालय** स्थापना भएको थियो । उक्त पुस्तकालयका केही पुस्तकहरू साविक सुन्नानी आधार विद्यालय र हालको सुन्नानी आधार माध्यमिक विद्यालय रातापानी मर्कावाङमा स्थानन्तरण गरिएको भन्ने भनाइ रहको छ । तथ्यगत प्रमाण भने पाइएको छैन ।

(क) विक्रम सम्वत् २०३४ सालमा **'भानु पुस्तकालय'** स्थापना भएको हो । यो पुस्तकालय प्यूठान नगरपालिका वार्ड नम्बर ३ जुम्री बगैचामा आफ्नै भवनमा सञ्चालित छ । संचालनका क्रममा विभिन्न वाधा व्यवधान आए पनि यो पुस्तकालयले त्यसको सामना गर्दै आएको छ । सात सदस्यीय कार्यसमिति रहेको यस पुस्तकालयको अध्यक्षमा मुक्तिप्रसाद सुवेदी हुनुहुन्छ । उहाँको सम्पर्क फोन ९८४७८३३३६७ रहेको छ । स्रोतसाधनको

अभावमा यो पुस्तकालय तत्काल आधुनिक प्रविधिमा जोडिने सम्भावना नभए पनि जनस्तरबाट प्रविधिको माग भइरहेकोले आगामी दिनमा स्रोतसाधनको पहिचान गरी आधुनिक प्रविधिमा जाने बारेमा कार्यसमितिमा छलफल भइरहेको छ ।

यसै भानु पुस्तकालयको भवनमा "भानु सिकाइ अध्ययन केन्द्रसमेत सञ्चालित रहेको छ । भानु सिकाइ केन्द्रका अध्यक्ष अमरराज अधिकारी हुनुहुन्छ । अमरराज अधिकारीको सम्पर्क फोन ९८४७८२१६०२ रहेको छ ।

(ख) प्यूठान नगरपालिका वार्ड नम्बर ७ पुण्यखोलामा विक्रम सम्वत् २०७२ फागुन २१ गते दर्ता भई सञ्चालनमा आएको पुस्तकालय **'नवज्योति सामुदायिक पुस्तकालय'** हो । १५ सदस्यीय कार्यसमिति रहेको यस पुस्तकालयको हालको अध्यक्षमा गेहराज थापा हुनुहुन्छ । गेहराज थापाको सम्पर्क फोन ९८४७८२१५९८ रहेको छ । प्यूठान जिल्लाका पुराना प्रकाशनदेखि हालका प्रकाशनका विभिन्न ग्रन्थ संग्रह गरिएको पुस्तकालयको रूपमा यो पुस्तकालय परिचित छ ।

## (५) रूपन्देही

(क) रूपन्देही जिल्लाको बुटवलमा विक्रम सम्वत् २००४ सालमा **महावीर पुस्तकालय** स्थापना भएको हो । हाल यो पुस्तकालय स्थापना भएको स्थान अर्थात् बुटवल नगरपालिका वार्ड नम्बर १ सिनेमाहल टोलमा सञ्चालित छ । १२ जनाको कार्यसमिति रहेको यस पुस्तकालयको अध्यक्षमा महेन्द्रकुमार राजभण्डारी हुनुहुन्छ । महेन्द्रकुमार राजभण्डारीको सम्पर्क नम्बर ९८४७०१६४४३ रहेको छ । महावीर पुस्तकालयमा लामो समयसम्म सेवा गर्नुभएका देवेन्द्रराज शाक्यको नाम अग्रपंक्तिमा रहेको छ । उहाँका अनुसार यस पुस्तकालयबाट "जुनकिरी" नामक पत्रिका प्रकाशन गर्दै आइएको छ । यस पुस्तकालयलाई आधुनिक प्रविधिमा जोड्न जनस्तरबाट सन्देश प्राप्त भएको छ ।

(ख) रूपन्देहीमा सञ्चालित अर्को पुस्तकालय **'शहीद स्मृति पुस्तकालय'** हो । यो पुस्तकालय सिद्धार्थनगर नगरपालिका वार्ड नम्वर ८ बी.पी. पथ भैरहवामा आफ्नै भवनमा सञ्चालित छ । विक्रम सम्वत् २०५९ साल कर्तिक २४ गतेका दिन स्थापना भएको पुस्तकालयमा हाल ११ जनाको कार्यसमिति रहेको छ भने यसको अध्यक्षमा रुद्रप्रसाद ज्ञवाली हुनुहुन्छ । उहाँको सम्पर्क फोन ९८५७०२१०३७ रहेको छ । यस पुस्तकालयलाई यथाशीघ्र आधुनिक शैलीमा लैजाने योजना रहेको छ । छिट्टै यसतर्फको कार्य सञ्चालन हुनेछ । शहीद स्मृति पुस्तकालयले **'दियालो'** नामक वार्षिक मुखपत्र

प्रकाशन गर्दै आएको छ । यसवर्ष अंक ९ प्रकाशनको तयारीमा रहेको छ । विभिन्न विधामा वितरण गर्नका लागि १२वटा पुरस्कारसमेत स्थापना भएका छन् ।

(ग) रूपन्देही जिल्लामा सञ्चालित अन्य पुस्तकालयहरूमा **'तिनाऊ पुस्तकालय'** सैनामैना,

(घ) **'गणेशमान सिंह स्मृति पुस्तकालय'** २०७०,

(ङ) **'नवजागृति पुस्तकालय बुटवल'**,

(च) **'युगज्योति पुस्तकालय बुटवल'** समेत रहेका पाइन्छ । स्रोतको अभावमा अन्य जानकारी प्राप्त हुन सकेन ।

**(६) बाँके**

(क) **'महेन्द्र पुस्तकालय'** नेपालगञ्ज उपमहानगरपालिका वार्ड नम्बर ८ रानीतलाउमा आफ्नै भवनमा सञ्चालित महेन्द्र पुस्तकालय हो । यो पुस्तकालय विक्रम सम्वत् २००३ सालमा स्थापना भएको हो । यस पुस्तकालयले २०५३सालमा पचास वर्ष पुगेको उपलक्ष्यमा पहिलो पटक स्मारिका प्रकाशन गरेको थियो भने २०७९ सालमा ७५ वर्ष पुगेको उपलक्ष्यमा दोस्रो अंक स्मारिका प्रकाशन गरेको छ । महेन्द्र पुस्तकालयमा हाल १६ जनाको कार्यसमिति रहेको छ । यसको अध्यक्षमा बलराम यादव हुनुहुन्छ । यादवको सम्पर्क फोन ९८४८०२१८८९ रहेको छ । पुरानो ढाँचामा रहेको पुस्तकालयलाई नयाँ शैली र आकारमा निर्माण गर्ने कार्य हाल सञ्चालन भएको छ ।

(ख) **'जयपृथ्वी दशरथ पुस्तकालय'**को नामबाट नेपालगञ्ज उपमहानगरपालिका वार्ड नम्बर १८ काँरकाँदोमा विक्रम सम्वत् २०५७ सालमा स्थापना भएको हो । जयपृथ्वी दशरथ पुस्तकालय हाल जयपृथ्वी नमूना सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गरेको छ । हाल यसको कार्यसमितिको संख्या ९ रहेको छ भने यसको अध्यक्षमा तारा खनाल हुनुहुन्छ । तारा खनालको फोन नम्बर ९८४९५१८८५९ रहेको छ । प्रतिगमनका समयमा यस पुस्तकालयलाई अघोषित प्रतिबन्ध लगाइएकाले यसमा रहेका पुस्तकहरूमध्ये केही नष्ट हुन पुगे भन्ने भनाइ यहाँका सञ्चालकबाट पाइन्छ भने हाल ३ हजारभन्दा बढी पुस्तकहरू संकलन गरी पुस्तकालयलाई कार्यसमितिले गति प्रदान गरेको छ ।

(ग) बाँके जिल्लामा सञ्चालित अर्को पुस्तकालय **'ज्ञानोदय सामुदायिक पुस्तकालय'** हो । यो पुस्तकालय विक्रम सम्वत् २०५८ साल माघ १२ गते स्थापना भएको हो । २० हजार बढी पुस्तक संख्या रहेको ज्ञानोदय पुस्तकालयमा १३ जनाको कार्यसमिति रहेको छ जसको अध्यक्षमा चेतकान्त भट्टराई हुनुहुन्छ । उहाँको सम्पर्क फोन नम्वर ९८५८०४३५९५ रहेको छ । यो पुस्तकालय कोहलपुर नगरपालिका वार्ड नम्वर ११ न्यूरोडचोकमा रहेको छ । यस पुस्तकालयको वर्तमान कार्य समितिले इ-लाईब्रेरीको सोचाइ अगाडि सारेको छ । सम्भवतः केही महिनाभित्र आधुनिक प्रविधिमा ज्ञानोदय पुस्तकालय जोडिनेछ । साथै निकट भविष्यमा पुस्तकालयका तर्फबाट पठनयोग्य स्मारिका प्रकाशन गर्ने विचारसमेत बनाइएको छ ।

## (७) बर्दिया

(क) **'कालिका सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र'**को नामले परिचित यो पुस्तकालय विक्रम सम्वत् २०७१ साल माघ १३ गतेका दिन स्थापना भएको हो । बढैयाताल गाउँ पालिका वार्ड नम्बर ८ स्याउली बजारमा आफ्नै भवनमा पुस्तकालय रहेको छ । १३ सदस्यीय कार्यसमिति रहेको कालिका सामुदायिक पुस्तकालयको हालको अध्यक्षमा सुन्दरमान श्रेष्ठ हुनुहुन्छ । उहाँको सम्पर्क फोन नम्बर ९८४८०८२९१६ रहेको छ । अन्य पुस्तकालयले जस्तै यस पुस्तकालयले पनि ई-लाइब्रेरीको अवधारणा अगाडि सारेको छ ।

(ख) यस जिल्लामा रहेको अर्को पुस्तकालयको नाम हो **'बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र'** । यो पुस्तकालय बाँसगढी नगरपालिका वार्ड नम्वर ५ बाँसगढीमा रहेको छ । विक्रम सम्वत् २०७१ साल फागुन २८ गतेका दिन दर्ता नम्बर ७२० मा दर्ता भई स्थापना भएको पुस्तकालयको कार्यसमितिमा १३ जनाको संख्या रहेको छ । जसको अध्यक्षमा गोविन्दप्रसाद शर्मा रेग्मी हुनुहुन्छ । अध्यक्षको सम्पर्क फोन नम्बर ९८५८०३००४७ रहेको छ । तत्काल आधुनिक पुस्तकालयको ढाँचामा लैजाने अवधारणा कार्यसमितले अपनाएको छ । छिटै स्रोत संकलन गरी कार्यारम्भ हुनेछ ।

## (८) कपिलवस्तु

(क) कपिलवस्तुको तौलिहवामा मथुराप्रसाद गुप्ताले स्थापना गरेको सामुदायिक पुस्तकालय **'श्रीराम पुस्तकालय'**का नामले परिचित छ । यो पुस्तकालय विक्रम सम्वत् १९७२ सालमा स्थापना भएको हो । केही समय सञ्चालनमा रहेर यो पुस्तकालय पशुपति पुस्तकालयमा गाभिएको पाइन्छ ।

(ख) तौलिहवामा रहेको अर्को पुस्तकालय पशुपतिपुरीको संझनामा स्थापित पुस्तकालय हो । जुन **'पशुपति प्रताप पुस्तकालय'** को नामले परिचित छ । यो पुस्तकालय विक्रम सम्वत् १९९३ साल कात्तिक १२ गते स्थापना भएको पाइन्छ । यस पुस्तकालयको कार्यसमिति १५ सदस्यीय रहेको छ भने हाल अध्यक्षमा राजेश पाण्डेय हुनुहुन्छ । अध्यक्षको सम्पर्क फोन नम्वर ९८४७०४०८८२ रहेको छ । कपिलवस्तु नगरपालिका वार्ड नम्बर १ जिल्ला प्रशासन चोकमा आफ्नै भवनमा सञ्चालित पशुपति प्रताप पुस्तकालयले आफूलाई आधुनिक प्रविधिमा छिटै जोड्ने तयारीमा रहेको छ ।

(ग) बाणगंगा नगरपालिका वार्ड नम्वर १ जीतपुर चोक मिनीमार्केटमा विक्रम सम्वत् २०७३साल माघ महिनाको १९ गते श्रीपञ्चमीका दिन स्थापना भएको पुस्तकालय **'बाणगंगा सामुदायिक पुस्तकालय'** हो । यो पुस्तकालय सञ्चालनका लागि सोही स्थान निवासी सागरप्रसाद श्रेष्ठले सौजन्य गर्नु भएको भवनमा हाल सञ्चालन भइरहेको छ । ११ जनाको कार्यसमिति रहेको सामुदायिक पुस्तकालयको हालको अध्यक्ष दिलीप कार्की हुनुहुन्छ । उहाँको सम्पर्क नम्बर ९८४७०४०५०८ रहेको छ । आफ्नै भवननिर्माणको लागि उपयुक्त जमिनको खोजीमा रहेको पुस्तकालय परिवार तत्काल जमिन उपलब्ध हुनसके आफ्नै भवन तयार गर्ने र आधुनिक सुविधायुक्त सामग्री जडान गरी पुस्तकालय सुलभ बनाउने योजना रहेको छ । यस पुस्तकालयले विभिन्न समयमा कपिलवस्तुका कृतिकारका कृतिहरू प्रकाशनको चाँचोपाँजो मिलाउँदै आएको छ ।

(घ) **'कपिल प्रज्ञा पुस्तकालय कपिलवस्तु'**नामको पुस्तकालय विक्रम सम्वत् २०७४सालमा स्थापना भएको हो भने २०७५ साल वैशाख २१ गते दर्ता भई सञ्चालनमा आएको हो । यो पुस्तकालय बाणगंगा नगरपालिका वार्ड नम्बर ९ कपिलधाममा सञ्चालित छ । ११ सदस्यीय कार्यसमिति रहेको यस पुस्तकालयको हालको अध्यक्षमा इन्द्रबहादुर कोइराला हुनुहुन्छ । उहाँको सम्पर्क फोन नम्वर ९८४७२६८०३९ रहेको छ । लुम्बिनी वाङ्मय प्रतिष्ठानको भवनमा सञ्चालित यस पुस्तकालयले पनि आफ्नै भवन बनाउनका लागि स्रोत र स्थानको पहिचान गरिरहेको छ । स्थान र स्रोत भएमा समय सन्दर्भअनुसार पुस्तकालयलाई नवीन रूप दिने भएको छ ।

## (९) रोल्पा

(क) विक्रम सम्वत् २०१६ सालमा रोल्पा जिल्लाको गजुलमा समाजसेवी खडानन्द सुवेदीको अगुवाइमा **'मोती लक्ष्मी पुस्तकालय'** स्थापना भएको पाइन्छ । यस पुस्तकालयमा तत्कालीन समयमा झण्डै पाँच हजारको हाराहारीमा पुस्तकहरू संकलित भएका र विभिन्न खालका पत्रिकाहरू

समेत संकलन गरेर अध्ययन गर्ने गरिदै आएकोमा खडानन्द सुवेदीका सुपुत्र नारायण सुवेदीका अनुसार २०३६ सालमा यस पुस्तकालयका सम्पूर्ण पुस्तक तथा अन्य सामग्रीहरू जनज्योति माध्यमिक विद्यालय गजुललाई हस्तान्तरण गरिएको थियो । हाल यो पुस्तकालय जनज्योति मा.वि. गजुलमा सञ्चालित रहेको छ ।

(ख) रोल्पा नगरपालिका वार्ड नम्बर ४ लिवाङ बजारमा **'जलजला साझा पुस्तकालय'** सञ्चालित छ । विक्रम सम्वत् २०४२सालमा पहिलो पटक स्थापना भएको यो पुस्तकालय २०४५ सालमा दर्ता भएको पाइन्छ । केही समय सुस्ताउन पुगेको जलजला साझा पुस्तकालय २०५६ साल असोज ५ गतेका दिनदेखि पुनः सञ्चालनमा आएको छ । १ रोपनीभन्दा बढी जमिन आफ्नै स्वामित्वमा रहेको यस पुस्तकालयले निकट भविष्यमा आफ्नै भवन निमार्ण गर्ने भएको छ । लिवाङ बजारमा रहेको जिल्ला समन्वय समितिको कक्ष भित्र हाल यसलाई सञ्चालन गरिएको छ । आफ्नै भवन निर्माणसँगै इ–लाइब्रेरीको अवधारणालाई अगाडि बढाउने सोंच रहेको छ । ९ सदस्यीय कार्यसमति रहेको जलजला पुस्तकालयको अध्यक्षमा ओमप्रकाश खत्री ( जसलाई ओम पंक्षीका नामले चिन्न सकिन्छ) हुनुहुन्छ । उहाँको सम्पर्क फोन नम्बर ९८४७८६४२०३ रहेको छ ।

(ग) **'ग्रामीण महिला पुस्तकालय लिवाङ'** । २०६३सालमा स्थापना भएको यो पुस्तकालय महिला विकास कार्यालयबाट केही समय सञ्चालनमा आएको पुस्तकालय हो । हाल यस पुस्तकालयका गतिविधिहरू केही न्यून भएको पाइन्छ । यसमा आबद्ध सदस्यहरूबाट यसलाई पुनः पूर्ववत् ढंगले सञ्चालन गर्ने बारेमा छलफल भइरहेको छ । यसको अध्यक्षमा चित्रा आचार्य हुनुहुन्छ ।

## (१०) रुकुमपूर्व

रूकुमपूर्वमा सामुदायिक पुस्तकालयको रूपमा खासै सञ्चालन भएको नभए पनि **सुनगाभा सिकाइ केन्द्र, शहीद शुक्र सिकाइ केन्द्र**, **सामुदायिक सूचना केन्द्र मैकोट, शैक्षिक छहरा सिकाइ केन्द्र चुनवाङ गैरी गाउँ** जस्ता सिकाइ केन्द्रहरू हाल सञ्चालनमा रहेका छन् । यी सिकाइ केन्द्रमा केही पुस्तक तथा अन्य सामग्रीहरू संकलन गरेर अध्ययन गर्ने व्यवस्था मिलाइएको छ ।

## (११) नवलपरासी पश्चिम

नवलपरासी पश्चिममा पुराना तथा नयाँ पुस्तकालयहरू हालसम्म स्थापना तथा सञ्चालनमा आएको पाइँदैन । त्यहाँ रहनुभएका उपेन्द्र प्रधान (उपेन्द्र प्रधानको

सम्पर्क फोन नम्बर ९८५७०४५८१३ रहेको छ) लगायत विभिन्न व्यक्तित्वसंगको सम्पर्कबाट पुस्तकालय स्थापना तथा सञ्चालन नभएको जानकारी प्राप्त भएको छ । मुलुक संघीयतामा जानुपूर्व यो भाग नवलपरासी एउटै जिल्ला थियो । यसको सदरमुकाम पनि पूर्वी भागमा रहेकाले यस क्षेत्रमा कुनै पनि पुस्तकालय स्थापना हुन नसकेको अनुमान गर्न सकिन्छ । हाल आएर यहाँका शिक्षक, कर्मचारी तथा अन्य बुद्धिजीवीहरूले जनस्तरबाट पुस्तकालय स्थापना गर्ने बारेमा व्यापक चर्चा चलेको छ । अपेक्षा गरौं सम्भवतः यथाशीघ्र यो भूमिमा पुस्तकालय स्थापना हुनेछ ।

## (१२) दाङ

(क) विक्रम सम्वत् २०१० सालमा स्थापना भएको **'सर्वोदय पुस्तकालय तथा वाचनालय'** हो । यो पुस्तकालय घोराही उपमहानगरपालिका वार्ड नम्बर १५ गौतम नगरटोलमा आफ्नै भवनमा सञ्चालित छ । १३ सदस्यीय कार्यसमिति रहेको सर्वोदय पुस्तकालय तथा वाचनालयको हालको अध्यक्ष सुशील गौतम हुनुहुन्छ । उहाँको सम्पर्क फोन ९८५७८३०४९७ रहेको छ । यस पुस्तकालयले २०७९ साल देखि **'सर्वोदय'** नामको वार्षिक मुखपत्र प्रकाशन आरम्भ गरेको छ । आधुनिक सुविधायुक्त आफ्नै भवन रहेकाले यसले इ-लाइब्रेरीको सुविधासमेत थपेको छ । पुस्तकालयका तर्फबाट पठन संस्कृति विकासका लागि विभिन्न किसिमका गोष्ठी तथा प्रतियोगितात्मक विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।

(ख) घोराही उपमहानगरपालिका वार्ड नम्बर १७ मा रहेको पुस्तकालय **गोरक्ष रत्ननाथ पुस्तकालय** हो । यो पुस्तकालय विक्रम सम्वत् २०२३ सालमा स्थापना भएको हो । गोरक्ष रत्ननाथ पुस्तकालय गोरक्ष रत्ननाथ मठभित्र सञ्चालित छ । पुस्तकालय आरम्भदेखि यस पुस्तकालयको सम्पूर्ण स्वामित्व गोरक्ष रत्ननाथ चौघेरामा रहेको छ । यस पुस्तकालयमा प्राचीन ग्रन्थहरूसमेत संकलन गरिएको छ । गोरक्ष रत्ननाथको स्वामित्वमा रहेको हुनाले पुस्तकालयको लागि भवनसमेत मठबाटै उपलब्ध गराइएको छ । यस पुस्तकालयले आफ्नै प्रकाशनमा विभिन्न कृतिहरू प्रकाशन गरेको छ । बेला मौका आफ्ना गतिविधिहरू समेटेर **'गोरक्ष रत्न स्मारिका'** प्रकाशन गर्ने गरेको छ । गोरक्ष रत्ननाथ मठबाट सञ्चालन भएको हुनाले यसको बेग्लै कार्यसमिति रहेको छैन । हाल पुस्तकालय सञ्चलकका रूपमा शंकर योगी हुनुहुन्छ । उहाँको सम्पर्क नम्बर ९८६४१४७३०२ रहेको छ ।

(ग) दाङ जिल्ला देउखुरी उपत्यकामा विक्रम सम्वत् २०७१ साल पुस १७ गते स्थापना भई २०७२ साल फागुन १२ गते विधिवत् रूपमा उद्‌घाटन गरी सञ्चालनमा आएको पुस्तकालय **'देउखुरी सामुदायिक पुस्तकालय तथा**

**स्रोतकेन्द्र'**का नामले परिचित छ । यो पुस्तकालय देउखुरी उपत्यका राप्ती पूर्वमा रहेको गढवा गाउँपालिका वार्ड नम्बर ७ गढवा बजारमा सञ्चालित छ । हाल यसको १५ सदस्यीय कार्यसमिति रहेको छ । जसको अध्यक्षमा ओभा पाठक हुनुहुन्छ । उहाँको सम्पर्क फोन नम्वर ९८४७८९३६७० रहेको छ । पाठकहरूका लागि पुस्तक उपलब्ध गराउनुका साथै पुस्तकालयमै आधारभूत कम्प्युटर सिक्न चाहनेलाई निःशुल्क प्रशिक्षणको सुविधासमेत प्रदान गरेको छ । स्रोत साधनको जोहो गरी आगामी दिनमा पाठकहरूलाई आधुनिक सुविधा प्रदान गर्ने लक्ष्य रहेको छ ।

(घ) **जेसिज पुस्तकालय** :- दाङ जिल्लामा प्रकाशित लेखकहरूका कृति संग्रह गर्ने मूल उद्देश्यका साथ स्थापना भएको त्रिभुवन नगर जेसिज पुस्तकालय सन् १९८५ मा स्थापना भएको हो । यो पुस्तकालय त्रिभुवन नगर (हाल घोराही नगर)को स्वामित्वमा रहेको छ । हाल घोराही उपमहानगरपालिका वार्ड नम्बर १५ जेसिज मार्गमा आफ्नै भवनमा सञ्चालित यो पुस्तकालयमा ५ जनाको कार्यसमिति रहेको छ । जसको अध्यक्षमा दीपक शर्मा समीर हुनुहुन्छ । उहाँको सम्पर्क नम्बर ९८४७८२८७९४ रहेको छ । समयसापेक्ष आधुनिक उपकरणमा लैजाने अवधारणा यस पुस्तकालयले बनाएको छ ।

## उपसंहार

स्रोतबाट प्राप्त सूचनाको आधारमा यहाँ शब्दहरू जोड्ने काम गरिएको मात्र हो । लुम्बिनी प्रदेशभित्रका १२ वटै जिल्लाबाट पुस्तकालयसम्बन्धी सूचना प्रदान गर्नुहुने सम्पूर्ण मित्रहरूप्रति र सामान्य सम्पर्क गराउनुहुने सबै मनहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँ उल्लेख भएका कुराहरू भोलिको लागि एउटा सानो आधारमात्र हुनेछ । भोलिका दिनमा प्रदेशभरका सम्पूर्ण पुस्तकालयको बारेमा विस्तृत खोज अनुसन्धान हुन जरूरी छ । साथै गुल्मी जिल्लाको किरण पुस्तकालयले आरम्भ गरेको यात्रालाई निरन्तरता दिनसमेत जरूरी छ । जत्ति जरूरी पठन संस्कृतिको विकास गर्नु छ त्योभन्दा बढ्ता पुस्तकालयलाई समय सापेक्ष विकास गर्न जरूरी छ । यसतर्फ आम पुस्तकप्रेमी र पुस्तकालयप्रेमीको ध्यान जान आवश्यक छ । आगामी दिनमा यहाँ उल्लेख भएका पुस्तकालय तथा वाचनालयका बारेमा थप खोजी गर्नका लागि सबै पुस्तकालयका अध्यक्षको सम्पर्क नम्बर समावेश भएका छन् । थप जानकारी लिन चाहनेहरूले उक्त नम्बरमा सम्पर्क गर्न सहज हुने अपेक्षा गर्न सकिन्छ ।

लुम्बिनी प्रदेशमा पुस्तकालय, स्रोतकेन्द्र र अध्ययन केन्द्रको संख्या समग्रमा हेर्दा ३४ वटा रहेको पाइयो । यसका अतिरिक्त अन्य पनि हुन सक्छन् । प्राप्त पुस्तकालयको विषयवस्तु संकलनका लागि कम्तीमा ४७ जनाभन्दा बेशी

व्यक्तिहरूसँग सम्पर्क गरेर केही सूचना प्राप्त गर्न सकियो । सामान्य सूचना दिने मित्रहरूका नाम यहाँ समावेश गरिएको छैन । यहाँ सम्बन्धित पुस्तकालयको बारेमा जानकारी दिने ३५ जनाको नाम समावेश गरिएको छ । धन्यवाद !

## सन्दर्भ–स्रोतसामग्री

(क) प्रलेस वर्ष २६ पर्णाङ्क २६, २०७८चैत (सम्मेलन तथा इतिहास विशेषाङ्क) लुम्बिनी प्रदेशमा प्रगतिशील साहित्य विगत र वर्तमान । लेखक पद्मप्रसाद शर्मा

(ख) "सर्वोदय" वर्ष १, अंक १, २०७९ वैशाख सर्वोदय पुस्तकालय तथा वाचनालयको वार्षिक मुखपत्र ।

(१) पाल्पा : रामप्रसाद अर्याल, युवराज शर्मा पौड्याल

(२) गुल्मी : शशि पन्थी

(३) अर्घाखाँची : कमलप्रसाद भट्टराई, कमलप्रसाद घिमिरे

(४) प्यूठान : गेहराज थापा, मुक्तिप्रसाद सुवेदी

(५) रूपन्देही : देवेन्द्रराज शाक्य, रुद्रप्रसाद ज्ञवाली

(६) बाँके : बलराम यादव, पंकजकुमार श्रेष्ठ, चेतकान्त भट्टराई, तारा खनाल, रमेश अधिकारी कोहलपुर ।

(७) बर्दिया : सुन्दरमान श्रेष्ठ, गोविन्दप्रसाद शर्मा रेग्मी, ईश्वरी रिजाल, कल्पना चौधरी (लाइब्रेरियन) ।

(८) कपिलवस्तु : अर्जुन सर, राजेश पाण्डेय, बुद्धि सागर बेलवासे, दुर्गाप्रसाद पौडेल ।

(९) रोल्पा : तीर्था आचार्य, किशोर आचार्य, ओम पंक्षी, नारायण सुवेदी ।

(१०) रूकुमपूर्व : कमानसिंह बिष्ट ।

(११) नवलपरासी पश्चिम : उपेन्द्र प्रधान ।

(१२) दाङ : शंकर योगी, दीपक शर्मा समीर, शिवराज पन्थी ।

ooo

// लेख //

# कौटिलीय अर्थशास्त्रमा वैदेशिक कूटनीति

✍ डा. बाबुराम ज्ञवाली
तिनपा-७, ज्योतिनगर, रूपन्देही

## १. परिचय

ठूला देशहरूको तुलनामा साना देशहरूका लागि परराष्ट्र सम्बन्धबारे सतर्क रहनु एक जीवन्त आवश्यकता हो । त्यसमाथि नेपाल जस्तो एक सानो देश जुन परस्पर प्रतिस्पर्धारत दुई ठूला र शक्तिसम्पन्न देशको बीचमा आर्थिक विकास र स्थिर राजनीतिक अवस्थाका लागि प्रयासरत छ, त्यसका लागि एक उचित परराष्ट्र नीति र यसको क्रियान्वयन झनै चुनौतीपूर्ण छ । किनभने यस्ता देशले ठूला देशहरूको आपसी तथा अन्य छिमेकी देशहरूको सम्बन्धमा आउने परिवर्तनको निरन्तर विश्लेषण गर्नु आवश्यक हुनजान्छ । यस विषयमा कौटिल्यले कसरी विचार गरेका छन् र त्यसको वर्तमान सान्दर्भिकता के छ भनी विश्लेषण गर्नु यस लेखको उद्देश्य हो ।

## २. कौटिलीय अर्थशास्त्रको सङ्क्षिप्त परिचय

कौटिल्यको वास्तविक नाम, जन्म स्थान र जन्म मितिबारे विद्वान्हरूमा केही विवाद पाइन्छ । बौद्ध साहित्यले उनलाई तक्षशिला निवासी मानेको छ । गणपति शास्त्रीका अनुसार इकारयुक्त कौटिल्य शब्द अशुद्ध हो र शुद्ध शब्द कौटल्य हो । (तर यस लेखमा बढी प्रचलित भएकोले कौटिल्य शब्द नै प्रयोग गरिएको छ ।) कामन्दकका अनुसार कुटल वंशमा जन्म भएकोले उनको गोत्र नाम कौटल्य भएको हो । चणकको सन्तान भएकोले चाणक्य पनि उनैको नाम हो । स्वयं कौटिल्यले अर्थशास्त्रमा आफ्नो नाम विष्णुगुप्त भएको कुरा उल्लेख गरेका छन् । तथा उनले शक्तिशाली नन्द राजवंशको स्थानमा मौर्य वंशको स्थापना गरेको कुरा सगर्व उल्लेख गरेका छन् । सम्राट् अशोकको हजुरबुबा चन्द्रगुप्त मौर्य (वि.पू. ४००-३००) का साम्राज्यको स्थिरता, सम्पन्नता र सफल वैदेशिक सम्बन्ध अर्थशास्त्र ग्रन्थका सिद्धान्तहरूमा आधारित छ भन्नुमा अत्युक्ति हुने छैन ।

### २.१. ग्रन्थका अनुवाद

वि.सं. १९५९ मा मैसूर राज्यका एक ब्राह्मणद्वारा भोजपत्रमा लेखिएको र भट्टस्वामीका टीकासहितको संस्कृत भाषाको एक ग्रन्थ ओरिएन्टल लाइब्रेरीलाई बुझाइएको थियो । (यो पुस्तक आज पनि त्यस पुस्तकालयमा सुरक्षित छ ।)

पुस्तकालयका तात्कालिक अध्यक्ष डा.रूद्रपत्तनम् श्यामशास्त्रीले मैसूरका राजा बोडियारको आर्थिक सहयोगले सात वर्षको सम्पादन पछि शुद्धतासाथ यसको प्रकाशन गरे । यसरी लगभग ५०० वर्षसम्म अज्ञात रहेको एक महत्त्वपूर्ण ग्रन्थ र पौरस्त्य दर्शनको एक विषय पुनः सार्वजनिक जानकारीमा आयो । त्यसपछि यूरोप र अमेरिकामा यस ग्रन्थको तीव्र प्रचार भयो । कौटिलीय अर्थशास्त्र ग्रन्थको पहिलो सम्पूर्ण नेपाली अनुवाद वि.सं. २०२४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको छ ।

## २.२. कौटिलीय अर्थशास्त्रको विषय-वस्तु

काङ्ले (१९८६) ले कौटिलीय अर्थशास्त्रको विषयवस्तुलाई निम्नलिखित प्रकारले वर्गीकरण गरेका छन्-

क. राज्य संयन्त्र- कौटिलीय अर्थशास्त्र मुख्यतः राज्य सञ्चालनको ग्रन्थ हो । त्यसैले राज्य संयन्त्रको प्रशस्त सामग्री छ । कौटिलीय अर्थशास्त्रमा राज्यलाई सात अङ्गको संयन्त्र मानिएको छ । जसमा राजा, अमात्य, जनपद, दुर्ग, सेना, कोष र मित्र पर्दछन् । ग्रन्थको सुरूमा नै राजकाजको दृष्टिले शासकका व्यवहार र कर्तव्य, मन्त्री, पुरोहित, राजकीय पदाधिकारी, राजदूत र गुप्तचर नियुक्तिसम्बन्धी विषयको विवरण दिइएको छ । त्यसपछि क्रमशः जनपदहरूको स्थापना, किल्ला निर्माण, राजकीय पदाधिकारीका चालचलनको परीक्षा र प्रमुख राजकीय अधिकारीहरूको काम र कर्तव्यका बारेमा उल्लेख छ । राज्यको सर्वप्रमुख काम शान्तिसुरक्षाको स्थापना मानिएको छ ।

ख. समाज व्यवस्था- कौटिलीय अर्थशास्त्र समाजशास्त्रको ग्रन्थ होइन । तर राज्य-सञ्चालन र प्रजाको कल्याणका सन्दर्भमा समाज व्यवस्थाको विवरण पनि प्रस्तुत भएको छ । राजनीति सञ्चालनमा मौलिक नीति लिएका कौटिल्यले समाज व्यवस्थामा प्रचलित परम्परा स्वीकार गरेका छन् । अन्य प्राचीन ग्रन्थमा जस्तै कौटिल्यले आश्रम र वर्ण व्यवस्था त्यसमा आएका परिवर्तन तथा समाजका सबै वर्गले प्राप्त गर्ने अधिकार तथा उनीहरूका कर्तव्यको व्याख्या गरेका छन् । उनले सबै वर्ग, वर्ण र नागरिकहरूलाई कानुनी सुरक्षा प्रदान गर्दै ससम्मान र सुरक्षित बस्न पाउने सुनिश्चितता गरिएको छ । महिला समानताका विशेष व्यवस्था पनि कौटिलीय अर्थशास्त्रमा उल्लेख गरिएका छन् ।

ग. राजकीय अर्थव्यवस्था- अर्थशास्त्र ग्रन्थका विभिन्न अध्यायहरूमा दिइएको विवरणले के स्पष्ट गर्छ भने राजकीय अर्थव्यवस्था विषयमा प्राचीन कालमा उत्कृष्टतम लेखन कार्य उपलब्ध थियो । कृषि, पशुपालन, वाणिज्य,

राजकीय वित्त, राजकीय र निजी उद्यम व्यवस्था, आर्थिक प्रशासन इत्यादि अनेक आर्थिक क्षेत्रको विस्तृत र वैज्ञानिक विश्लेषण यी अध्यायहरूमा गरिएको छ । कौटिलीय अर्थशास्त्रमा राज्य सञ्चालनको उद्देश्य नै प्रजाको समृद्धि बताइएको छ ।

घ. राजकीय प्रशासन- कौटिल्यले आफ्नो ग्रन्थमा सुगठित र अनुशासित राजकीय प्रशासनसम्बन्धी विषयहरूको वर्णन गरेका छन् । जसमा वार्षिक ६० पणदेखि ४८००० पण वेतन भएका अनेक श्रेणी र पदका कर्मचारीको व्यवस्था गरिएको छ । उनीहरूको भर्ना, परीक्षण तथा आश्रितहरूलाई सुरक्षाका नियमहरू प्रतिपादन गरिएका छन् । युद्ध, शान्ति तथा प्राकृतिक विपत्तिकालमा प्रशासन सञ्चालनका विधिहरू वर्णित छन् ।

ङ. न्याय व्यवस्था- कौटिल्यले समाजको प्रत्येक व्यक्तिले न्यायको प्रत्याभूति गर्न सकोस् भनी यसको समुचित व्यवस्था गरेका छन् । न्याय व्यवस्थालाई उनले दिगो राज्यशासनको एक भाग मानेका छन् । धर्मस्थीय अधिकरणमा धर्मशास्त्रमा आधारित विधिसंहितालाई स्वीकार गरिएको छ भने उनी स्वयंले केही विशिष्ट मान्यता पनि स्थापित गरेका छन् । नाफामुखी व्यापारी, अशान्ति मच्चाउने अपराधी, प्रजापीडक कर्मचारी आदि समाजलाई कण्टक तत्त्वहरूलाई दण्डित गरी तह लगाउने नियमहरूको वर्णन गर्दै अपराधअनुसार पृथक्-पृथक् दण्डको व्यवस्था गरिएको छ ।

च. आन्तरिक सुरक्षा- शान्ति सुरक्षालाई कौटिलीय अर्थशास्त्रमा राज्यको सर्वाधिक महत्त्वपूर्ण काम बताइएको छ । राजाको निजी सुरक्षा, दुर्गको सुरक्षा तथा नगर एवं जनपदको सुरक्षाका लागि छुट्टा-छुट्टै व्यवस्था गरिएको छ । यसका लागि स्थानीय निकाय, सेना, ग्रामरक्षक सुदृढ र सक्रिय गुप्तचर निकायहरूको व्यवस्था गरिएको छ ।

छ. परराष्ट्र सम्बन्ध र सुरक्षा- कौटिलीय अर्थशास्त्रको लगभग २० प्रतिशत विषयवस्तु परराष्ट्र सम्बन्ध, युद्धको तयारी, युद्ध तथा बितेका राज्यको व्यवस्थापनमा केन्द्रित छ । अधिकरण छ मा मित्रराज्य र शत्रुराज्य पहिचान गर्ने वैज्ञानिक विधिको वर्णन छ भने सातौं अधिकरणमा सन्धि आदि छ उपायको प्रयोगविधि बताइएको छ । नवौं र दशौं अधिकरणमा युद्धको तैयारी, व्यूहरचना, अस्त्र, शस्त्रको प्रयोग, र शत्रुमाथि आक्रमणको विवरण छ । एघारौं अधिकरणमा संघराज्यहरूमा फूट पार्ने तथा आफ्नो केन्द्रीय राज्यमा मिलाउने विधिहरू प्रतिपादन गरिएको छ । बाह्रौं अधिकरण दुर्बल राज्यले बलिया राज्यसँग गर्नु पर्ने कूटनैतिक व्यवहार र सावधानीको वर्णन छ । तेह्रौं अधिकरणमा शत्रुको दुर्गमा आधिपत्य कायम गर्दा

अपनाउनु पर्ने सावधानी तथा चौधौं अधिकरणमा शत्रु माथि प्रयोग गरिने औपनिषदिक विधिको वर्णन गरिएको छ ।

## ३. योग र क्षेम

कौटिल्यले परराष्ट्रको सम्बन्ध व्याख्या गर्नु अघि के कुरा स्पष्ट गरेका छन् भने कुनै देशको योग क्षेम परराष्ट्र नीतिको सफल सञ्चालनमा भर पर्छ । अप्राप्त भौतिक कल्याण- धन, भूमि आदिलाई प्राप्त गर्नु योग हो भने प्राप्त उपलब्धिको सुरक्षा तथा वृद्धि गर्नु क्षेम हो । कौटिल्यको विचारमा योगको उपलब्धि व्यायाम अर्थात् सक्रियताले हुन्छ । क्षेम प्राप्त गर्न शान्ति आवश्यक हुन्छ भन्ने कुरा स्वीकार गर्दै उपलब्धिहरूलाई सुरक्षा र वृद्धि गर्नका लागि उनले शान्तिकालीन उपायहरू सुझाव दिएका छन् । कुनै राज्यको वृद्धि (विस्तार) हुन्छ, यथावत् रहन्छ वा क्षय (सङ्कुचन) हुन्छ यो कुरा विजिगीषुको प्रकृति र सक्रियताका साथै मित्र तथा शत्रु राज्यहरूको शक्ति र आपसी सम्बन्धमा भर पर्छ भन्ने कुरा पनि उनले स्पष्ट गरेका छन् ।

## ४. राज्यको शक्ति तथा परराष्ट्र नीति

पञ्चतन्त्रका अनुसार परराष्ट्र सम्बन्धी नीति तीनवटा हुन्छन्- सतत सक्रिय रहने विष्णुगुप्त (कौटिल्य) को नीति, मित्रको संख्यामा निरन्तर वृद्धि गर्ने शुक्रको नीति तथा सर्वदा अविश्वास गर्दै आफ्नो काम गरिरहने बृहस्पतिको नीति । कौटिल्यको परराष्ट्र नीतिमा आचार्य बृहस्पतिको नीतिलाई आधार मानिएको छ भन्न सकिन्छ । कुनै राष्ट्रले युद्ध चाहन्छ कि शान्ति, यो त्यस देशको हित अथवा राज्य सञ्चालकको निजी स्वार्थले निर्धारण गर्छ ।

कौटिल्यको परराष्ट्र नीति यथार्थ धरातलमा आधारित छ । उनको विचारमा प्रत्येक देशले आफ्नो हित साधन गर्न अधिकतम शक्ति आर्जन गर्न चाहन्छ । कूटनीतिक व्यवहारको कुरामा नैतिक सिद्धान्त वा नैतिक मूल्य गौण कुरा हो किनभने केवल नैतिक कारणले वा असल नियतले मित्रता गरिँदैन । बरू कोही बलियो छ, यस कारण मित्रता गरिन्छ । स्पष्टतः बलियाको साथले नै स्वार्थ पूरा हुन्छ । कसैसंग बलियो सेना छ भने उसको अरू देशसँग सुमधुर सम्बन्ध रहन्छ । यति मात्र होइन शत्रु पनि उसका मित्र बन्न तैयार रहन्छन् …मित्र बनाउनु प्रत्येक देशका लागि आवश्यक छ तर यो मित्रता केवल त्यस बेलासम्म स्थिर रहन्छ जबसम्म दुबैको आपसी स्वार्थ पूरा भइरहन्छ । हरेक मित्र देशले आफ्नो हितरक्षा चाहन्छ चाहे त्यो सङ्कटको अवस्थामा होस् वा शत्रुका शक्तिको वृद्धि अवस्थामा ।

## ५. परराष्ट्रका लागि नीति र उपाय

एक यथार्थवादी राजनीतिज्ञको रूपमा कौटिल्यले सफल परराष्ट्र नीतिका लागि निम्नलिखित उपाय प्रयोग गर्ने सुझाव दिएका छन्-

### ५.१. नरम र कडा नीति

शत्रुलाई नियन्त्रण गर्ने चार नीति हुन्छन्- साम, दान, भेद, दण्ड । यसमध्ये दुई नीति साम र दानलाई नरम नीति र भेद र दण्डलाई कठोर नीति भनिन्छ । यी चार नीति निम्नलिखित छन्-

क. साम- सामको अर्थ हो कुरा बुझाउनु, अनुरोध गर्नु । कौटिल्यको भनाइ के छ भने दुर्बल शत्रुलाई शान्तिपूर्वक कुरा गरेर आफ्नो वशमा गर्नुपर्छ ।

ख. दान- दानको अर्थ हो उपहार आदि दिनु । आचार्य कौटिल्यको भनाइ छ यदि शत्रु सामले वशमा आउँदैन भने उसलाई उपहारस्वरूप धन, भूमि, पशु, स्त्री आदि दिएर वशमा पार्नुपर्छ ।

ग. भेद- शत्रुको मनमा आशङ्का उत्पन्न गर्ने कामलाई भेद भनिन्छ । साम, र दानले वशमा पार्न नसकेको शत्रुलाई भेदद्वारा वशमा पार्नुपर्छ । विजिगीषुले सामन्त, आटविक, शत्रु, राजा, वा नातेदार, नजरबन्द, शत्रु राजाको पुत्रमध्ये कुनै एकको मद्दतले त्यसद्वारा कोष, सेना, भूमि, दयाभावको याचना गराएर बलवान् राजा र उसका सामन्त आदिका बीचमा फूट पार्नु पर्छ । यसबाट बलियो शत्रु कमजोर हुनपुग्छ । राजदूत र गुप्तचरलाई फूट पार्न प्रयोग गर्ने विधि पनि कौटिल्यले बताएका छन् ।

घ. दण्ड-शत्रुपक्षको सन्दर्भमा दण्डको अभिप्राय युद्ध हो । साम, दान, भेद उपाय काम नलागेमा अन्तिम उपायको रूपमा यस नीतिको प्रयोग गर्नुपर्छ । चार नीतिमा सबैभन्दा कठोर उपाय भनेको दण्ड हो । यसको कारण के हो भने दण्ड (युद्ध) मा शत्रुपक्षले मात्र होइन आफैंले पनि हानि बेहोर्नुपर्छ । यो कुरा शुक्र र बृहस्पतिले पनि भनेका छन् । कौटिल्यले चारवटै उपायको तुलनात्मक व्याख्या गर्दै भनेका छन् दानभन्दा साम, भेदभन्दा दान, र दण्डभन्दा भेद कल्याणकारी हुन्छ । परिस्थितिअनुरूप कुनै एक उपायलाई एक सन्दर्भमा प्रयोग गर्न सकिन्छ । उदाहरणका लागि शत्रुसँग शङ्कित शत्रुका अमात्यलाई सामद्वारा वशमा गर्न सकिन्छ । शत्रुराजाको विरोधी अमात्यलाई दानद्वारा वशमा गर्नुपर्छ । शत्रुका अमात्यलाई भेदद्वारा वशमा गर्नुपर्छ तथा शक्तिशाली र इमानदार अमात्यलाई दण्डले वशमा गर्नुपर्छ । यसरी चार नीतिको उद्देश्य शत्रुको शक्ति घटाउनु र आफ्नो शक्तिमा वृद्धि गर्नु हो ।

आचार्य बृहस्पतिका अनुसार विद्वान्सँग साम, संदिग्धसँग साम र भेद, लोभीहरूसँग साम, दान, र भेद तथा खराब मानिसहरूसंग साम, दान, भेदका अतिरिक्त दण्ड आदि उपाय प्रयोग गर्नुपर्छ । बृहस्पतिले यी चार उपायबाहेक माया, उपेक्षा र वध यी तीन उपायहरू थप बताएका छन् । उनले राजालाई सतर्क गराउँदै भनेका छन्- कलह वा युद्ध गरेर शत्रुलाई वशमा गर्ने प्रयास गर्नु हुँदैन । शत्रुको वधको इच्छा राख्ने राजाले पनि क्रोध, भय र हर्षलाई नियन्त्रण गर्नुपर्छ । शत्रुसँग प्रिय वचन मात्र बोल्नुपर्छ । वाद-विवाद गर्नु हुँदैन । शत्रुले उपेक्षा गरे पनि हरेस खानु हुँदैन । उचित समयको प्रतीक्षामा बस्नुपर्छ । शत्रुको आदि, मध्य र अन्तको राम्ररी जानकारी लिनु पर्छ । गुप्तचरको प्रयोग गरेर शत्रुसेनामा फूट पार्नुपर्छ । घूस दिएर मानिसहरूलाई आफ्नो बनाउनुपर्छ । औषधिको प्रयोग गर्नुपर्छ । शत्रुले प्रयोग गर्ने माया इन्द्रजालले पनि कष्ट दिन्छ । यी सबैबाट सावधान रहनुपर्छ । अनुकूल अवसरका लागि धैर्यपूर्वक प्रतीक्षा गर्नुपर्छ । आफ्ना मित्रको संख्या र आफ्नो शक्तिमा वृद्धि गर्नुपर्छ । उचित अवसर पाउनासाथ शत्रुको वध गर्नुपर्छ ।

आचार्य शुक्रले राजाको सफलताका लागि यी चारवटा नीतिको महत्त्व प्रतिपादन गर्दै भनेका छन्- उपायहरूले फलाम पनि पगाल्न सकिन्छ, आगो निभाउने पानीलाई आगोले नै सुकाउन सकिन्छ । यति मात्र होइन उपायले गर्दा नै मत्ता हात्तीको टाउकोमा टेक्न सकिन्छ ।

## ५.२. छवटा गुणको वर्णन

राजधर्मका दृष्टिले गुण शब्दको अर्थ हो- उपाय । त्यसैले छ गुणको अर्थ हो- सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, र संश्रय । शत्रुको तुलनामा आफू कमजोर हुँदा सुरक्षित रहन सन्धि गर्नुपर्छ । शत्रुको तुलनामा आफू बलियो हुनासाथ विग्रह गर्नुपर्छ । यदि शत्रुको बल र आफ्नो बल बराबर छ भने आसन र आफू शत्रुको तुलनामा बढी सामर्थ्यवान् भएमा यान गर्नुपर्छ । शत्रुको तुलनामा आफू अशक्त भएमा संश्रय उपाय अपनाउनुपर्छ । यदि सहायताको खाँचो छ भने द्वैधीभाव उपाय अपनाउनुपर्छ । उनले वर्णन गरेका छ उपायहरू निम्नलिखित छन्-

क. सन्धि- दुई राज्यका बीचमा हुने सम्झौतालाई सन्धि भनिन्छ । कौटिल्यका अनुसार सन्धिको उद्देश्य शत्रु राज्यको शक्तिलाई नष्ट गरेर आफूलाई बलियो बनाउनु हो । जसलाई लडेर जित्न सकिँदैन, ऊसँग सन्धि गर्नु पर्छ । यसबाट आफूलाई बलियो बनाउन समय प्राप्त हुन्छ ।

   निम्नलिखित अवस्थामा सन्धि गर्नु लाभदायक हुन्छ- यदि विजिगीषु राजाले सन्धि गरेर देशमा अन्य कुनै ठूलो काम गर्न सक्छ अथवा कुनै शत्रुलाई

यस सन्धिद्वारा हानि गराउन सकिन्छ अथवा आफ्ना असल कामका साथै शत्रुका असल कामबाट फाइदा लिन सकिन्छ भने सन्धि गर्नुपर्छ । सन्धिपछि शत्रुको विश्वासपात्र बनेर गुप्तचर तथा विष प्रयोगले शत्रुको नाश गर्ने कुरामा पनि उनी पछि पर्दैनन् । यसबाहेक सन्धिपश्चात् शत्रुका मित्रहरूलाई आफ्नो कृपापात्र बनाएर शत्रुका विरूद्धमा भडकाउन पनि चुक्दैनन् । तीन प्रकारका सन्धि- सेना दिनु पर्ने सन्धि, धन दिनु पर्ने सन्धि र भूमि दिनुपर्ने सन्धिको वर्णन गर्दै त्यसका अनेक विधि कौटिलीय अर्थशास्त्रमा वर्णन गरिएका छन् ।

ख. विग्रह- विग्रहको अर्थ हुन्छ विवाद, शत्रुता वा युद्धको तयारी । कौटिल्यका अनुसार विग्रहको उपयोग केवल त्यसबेला गरिनुपर्छ जब शत्रु राज्य कमजोर हुन्छ तथा विजिगीषु आफ्नो शक्तिको बारेमा पूर्णतया आश्वस्त होस् । विग्रह गर्नुपूर्व राजाले आफ्ना राज्यमण्डलका मित्र राज्यहरूसँग सहायता प्राप्त गर्नुपर्छ । तर कौटिल्यले के कुरा सचेत गराउन बिर्सेका छैनन् भने विजिगीषुलाई सन्धि र विग्रह दुबैमा समान लाभ प्राप्त हुन्छ भने सन्धि गर्नुपर्छ । विग्रह गर्नु हुँदैन । किनभने विग्रहमा प्रजा, धनधान्य, आदिको क्षति बेहोर्नुपर्छ ।

ग. यान- यानको अर्थ हो आक्रमण । विग्रह र यान एउटै उपायका दुई चरण हुन् । दुबैमा केवल प्रकृतिको अन्तर हो । तर यो केवल त्यस बेला प्रयोग गर्नुपर्छ जब विजिगीषुले आफूलाई पर्याप्त सुदृढ र सुरक्षित ठान्छ । साथै शत्रुलाई आक्रमण नगरीकन वशमा गर्न सकिँदैन भन्ने लाग्छ भने मात्र यस विधिको उपयोग गर्ने सुझाव कौटिल्यले दिएका छन् । स्पष्टतः कौटिलीय कूटनीतिको उद्देश्य प्रजाले दुःख नपाऊन् भन्ने हो ।

विजिगीषुले जितेपछि नयाँ राज्यको प्रजालाई कल्याणकारी कार्य गर्ने, ऋणबाट मुक्ति दिने, उनीहरूको सांस्कृतिक मूल्य मान्यतालाई सम्मान गर्ने र सहभागी हुने काम गर्नुपर्छ भनिएको छ । आफ्नै प्रजासरहको शील, वेश, भाषा, र आचरणको व्यवहार प्रयोग गर्नुपर्छ । उनीहरूका विश्वास अनुरूप राष्ट्र देवता, समाजोत्सव र विहारहरूमा आफ्नो भक्तिभाव देखाउनुपर्छ ।

घ. आसन- आफ्नो वृद्धिका लागि समयको प्रतीक्षा गर्दै केही नगरी 'पर्ख र हेर' भन्दै चुपचाप बस्नु नै आसन हो । यस उपायको प्रयोग केवल त्यस बेला गर्नुपर्छ जुन बेला शत्रुको नाश गर्न विजिगीषु असमर्थ हुन्छ साथै शत्रुको शक्ति पनि यति धेरै हुँदैन कि उसले विजिगीषुलाई नाश गर्न सकोस् ।

ङ. संश्रय- संश्रयको अर्थ हो बलियो राजाको शरण लिनु । यदि कुनै कुनै राजामा अरूलाई क्षति पुर्‍याउन सक्ने अवस्था छैन साथै आफ्नो सुरक्षा गर्न पनि समर्थ छैन भने उसले बलवान् राजाको शरण लिनुपर्छ । तर कौटिल्यले के कुरामा विचार गर्न भनेका छन् भने शरण दिने राजा शत्रुभन्दा बलवान् अवश्य होस् । अन्य कोही शरणदाता नभएमा शत्रुको शरण पनि जानुपर्छ भनेका छन् ।

च. द्वैधीभाव- दुई उपाय एकै समयमा, एकै साथ उपयोग गर्नुलाई द्वैधीभाव भनिन्छ । अर्थात् एउटासँग सन्धि र अर्कोसँग विग्रह गर्नु । कुनै बलियो राजासँग सन्धि गरेर उसबाट सैन्य सहयोग आदिद्वारा अर्कोमाथि आक्रमण गर्नु द्वैधीभाव हो । यदि संश्रय र द्वैधीभाव दुबैमा बराबर उपलब्धि हुन्छ भने द्वैधीभाव उपयुक्त हुन्छ भन्ने उनको ठहर छ ।


देश, काल र परिस्थितिअनुरूप यी उपायहरू परिवर्तन गरिरहनुपर्छ भन्ने सुझाव दिँदै कौटिल्यले छ उपायको महत्त्व यसरी वर्णन गरेका छन् - जुन राजाले यी छ उपायको आपसी सम्बन्ध राम्ररी बुझेर प्रयोग गर्न जान्दछ उसले आफ्ना बुद्धिरूपी साङ्लोले बेरेर अन्य राजाहरूलाई खेलाउन सक्छ ।

## ६. अन्तर-राज्य सम्बन्ध

अन्तर-राज्य सम्बन्धको व्याख्या गर्ने क्रममा बृहस्पतिले शत्रु, मित्र, मध्यस्थ र उदासीन राज्य गरी जम्मा अठार राजमण्डल हुन्छन् भनी उल्लेख गरेका छन् तर कौटिल्यले भने केवल बारह राज्यको एक विशेष क्रमलाई विस्तृत वर्णन गरेका छन् । उनले यस क्रम व्यवस्थालाई राजमण्डलको रूपमा व्यक्त छन् । कामन्दकले पनि कौटिलीयका यसै मतको समर्थन गरेका छन् । यस सम्बन्धलाई उनले विभिन्न प्रकारले व्यक्त गरेका छन् । राजमण्डलको यस क्रम सम्बन्धका आधारमा शत्रुराज्य र मित्रराज्यसँग राख्नु पर्ने सम्बन्धको व्याख्या गर्दै भनेका छन्- विजिगीषुले यस राजमण्डलरूपी चक्कामा आफ्ना मित्र राजालाई नेमि (गजा) बनाएर सीमानाको छिमेकीलाई परिधिमा (पिट्ठी) र आफूलाई केन्द्र (नाभि) मा राखेर सुरक्षित रहनुपर्छ । एक ठाउँमा उनले राज्य चार प्रकारका हुन्छन्- विजिगीषु, अरि, मध्यम, र उदासीन भन्दै यी प्रत्येकका एक एक मित्र र मित्रमित्र हुन्छन् भनेका छन् । यसरी बारह राज्यहरू हुन्छन् पनि भनेका छन् । अझ अर्को एक ठाउँ, जुन बढी मान्य छ, मा उनले वरिपरिका राज्यहरूलाई शत्रु प्रकृति र मित्र प्रकृति वर्गीकरण गर्दै विजिगीषुको अगाडि तर्फका राज्यलाई अरि, मित्र, अरिमित्र, मित्र-मित्र, अरिमित्र-मित्रमा तथा पछाडि तर्फका राज्यहरूहरूलाई पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहासार, र आक्रन्दासारमा विभाजन गरेका छन् ।

सम्भावित मित्र र शत्रुहरूका क्रमको एक निश्चित व्यवस्था निर्धारण गर्ने विधिको प्रतिपादन गर्दै अत्यन्त सावधान भएर बडो विचारपूर्वक वैदेशिक सम्बन्धमा कसरी निर्णय लिनुपर्छ भन्ने कौटिलीय विवरण अत्यन्तै विश्लेषणात्मक छ ।

यदि विजिगीषुलाई १ मान्ने हो भने २, ४, ६ अरि (शत्रु) प्रकृति राज्य र ३, ५ मित्र प्रकृति राज्य हुन्छन् । कौटिल्य आफ्नो यस मण्डल सिद्धान्तका प्रतिपादकका रूपमा निकै प्रसिद्ध छन् । सरलतम रूपमा सीमाना जोडिएको प्रत्येक छिमेकी देश स्वाभाविक शत्रु हुन्छ । राजमण्डलको कौटिलीय विवरण यस प्रकार छ–




६.१. विजिगीषु – राजमण्डलको केन्द्र नै विजिगीषु राजा हुन्छ । (चित्रको संख्या १) राज्य विस्तारका लागि इच्छुक महत्त्वाकाङ्क्षी राजालाई विजिगीषु भनिन्छ । उनले विजिगीषु राजाको बडो स्पष्ट विवरण दिँदै भनेका छन्– यस्तो राजा आत्मसम्पन्न, मन्त्री आदि द्रव्य प्रकृति सम्पन्न र नीतिको आश्रय लिने हुन्छ । कौटिल्यको विचारमा विजिगीषुले योग क्षेम प्राप्त गर्न अत्यन्त सक्रिय रहनुपर्छ । कौटिल्यले कल्पना गरेको यो सक्रियता नेपाली इतिहासमा पृथ्वीनारायण शाहको जीवनमा देख्न पाइन्छ जसले वि.सं. १८०१ देखि वि.सं.१८३० सम्म अथक र निरन्तर युद्ध गरेको देखिन्छ ।

६.२. विजिगीषुका मित्र– कौटिल्यका अनुसार वंश परम्परागत, स्थायी, आफ्नो अनुकूल रहने, विरोधको सम्भावना नभएका, शक्तिशाली, उचित सल्लाह दिने, गोप्य कुरा गर्न सकिने, योगका लागि उत्साहित गराउने तथा असजिलो समयमा सहयोग गर्न तैयार रहने छिमेकी देश असल गुण भएको मित्र हुन्छ । मित्रमा

उनले तीनवटा शक्तिलाई विशेष महत्त्व दिएका छन्- प्रभु शक्ति, मन्त्र शक्ति र उत्साह शक्ति ।

राजमण्डलमा मित्र शक्तिको विवरण निम्नलिखित छ-

क. मित्र- अरिको अगाडि सीमाना जोडिएको राज्य शत्रुका लागि पनि शत्रु भएकोले यसलाई उनले मित्र राज्य मान्छन् । अरिको सीमाना जोडिएको राज्य उसका लागि अरि प्रकृति भएकोले त्यसैले शत्रुको शत्रु मित्र हुने सिद्धान्त यहाँ उपयोग गरिएको छ । (चित्रको संख्या ३)

ख. मित्र-मित्र- अरिमित्रको अगाडि सीमाना जोडिएको राज्य शत्रुको शत्रु तथा मित्रको मित्र भएकोले विजिगीषुको पनि मित्र हुन जान्छ । (चित्रको संख्या ५)

ग. आक्रन्द- पार्ष्णिग्राहका पछाडि सीमाना जोडिएको राज्य पार्ष्णिग्राहको शत्रु भएकोले विजिगीषुको मित्र हुन्छ । (चित्रमा १ देखि तलको संख्या ३)

घ. आक्रन्दासार- पार्ष्णिग्राहको पछाडिको राज्य आक्रन्दको मित्र हुन्छ । त्यसैले विजिगीषुको मित्र हुन्छ । (चित्रमा १ देखि तलको संख्या ५)

६.३. विजिगीषुका शत्रु- परराष्ट्र कूटनीतिका लागि असल मित्रहरूको साथै शत्रुका गुणको व्याख्या पनि गरेका छन् । शुद्ध राजवंशको नभएको, लोभी, दुष्ट परिवार भएको, मन्त्रीहरू असन्तुष्ट रहेको, शास्त्र प्रतिकूल आचरण गर्ने, व्यसनी, भाग्यवादी, काम गर्दा अविचारपूर्वक गर्ने शत्रु सजिलो शत्रु हो किनभने यसलाई सजिलै जित्न सकिन्छ । राजमण्डलका शत्रुहरूको वर्गीकरण निम्न प्रकार गरिएको छ -

क. अरि- विजिगीषुका अगाडि सीमाना जोडिएको राज्यलाई अरि भनिएको छ । सीमाना जोडिएको राज्यको प्रकृति जहिले पनि शत्रुवत् हुन्छ भन्ने उनको मान्यता छ । (चित्रको संख्या २)

ख. अरिमित्र- मित्रको अगाडि सीमाना जोडिएको राज्य शत्रुको मित्र हुन्छ । किनभने मित्रराज्यसँग यसको शत्रु सम्बन्ध हुन्छ । (चित्रको संख्या ४)

ग. अरिमित्र-मित्र- मित्र-मित्रको सीमाना जोडिएको राज्य शत्रुका मित्रको मित्र हुन्छ । त्यसैले स्वभावतः शत्रुको मित्र हुन्छ । (चित्रको संख्या ६)

घ. पार्ष्णिग्राह - विजिगीषुका पछाडि सीमाना जोडिएको राज्यलाई उनले पार्ष्णिग्राह भनेका छन् । (चित्रमा १ देखि तलको संख्या २) यो पनि अरि जस्तै शत्रु हुन्छ ।

ङ. पार्ष्णिग्राहासार- आक्रन्दका पछाडि सीमाना जोडिएको राज्य पार्ष्णिग्राहासार हो । यो पार्ष्णिग्राहको मित्र भएकोले विजिगीषुको शत्रु हुन्छ । (चित्रमा १ देखि तलको संख्या ४)

विजिगीषुका शत्रु सधैं कमजोर मात्र हुँदैनन् । उनले तीन प्रकारका बलिया राजाहरू- धर्मविजयी, लोभविजयी, र असुरविजयीको चर्चा गर्दै यी तीन शत्रुराज्यमा असुरविजयी बढी संहारकारक हुन्छ भनेका छन् ।

६.५. अन्य राज्य - कौटिल्यले शत्रु र मित्रबाहेक अन्य सम्बन्ध भएका राज्यहरूको विवरण दिँदै त्यसमा तीन प्रकारका राज्यको वर्णन गरेका छन्-

क. मध्यम- जुन राज्यको सीमाना विजिगीषु र शत्रु राज्य दुवैसँग जोडिएको हुन्छ त्यसलाई कौटिल्यले मध्यम राज्य भनेका छन् । यो अरि तथा विजिगीषु दुबैभन्दा ठूलो भएकोले शक्तिशाली हुन्छ । यसले अरि तथा विजिगीषुमा सन्धि भएमा सन्धिको र विग्रह भएमा विग्रहको समर्थन गरेको हुन्छ । यसले दुबैलाई सहयोग पनि गर्न सक्छ भने दुबैसँग बेग्लाबेग्लै विग्रह पनि गर्न सक्छ । (चित्रमा ७)

ख. उदासीन- विजिगीषु तथा अरि तथा मध्यम यी सबै राज्यबाट टाढा रहेको सीमाना नजोडिएको तटस्थ राज्य उदासीन प्रकृतिको हुन्छ । यसले विजिगीषुलाई सहयोग पनि गर्न सक्छ भने आवश्यकता पर्दा हानि पुर्‍याउन पनि सक्छ । (चित्रमा ८)

ग. अन्तर्धि-कौटिल्यले अधिकरण ७.१३ मा एक अन्य राज्यको वर्णन गरेका छन् जसलाई उनले अन्तर्धि भनेका छन् । यो एक यस्तो राज्य हो जसको राजा बलवान् शत्रु राजा देखेर जंगलमा लुक्न जान्छ । त्यसैले यस्तो नाम दिइएको भनेका छन् । यो एक कमजोर राज्य हो । त्यसैले कूटनीतिक सम्बन्धका लागि यस्ता राज्यको विशेष महत्त्व छैन ।

## ७. हीनशक्ति र प्रबलशक्ति विजिगीषुको व्यवहार

युनानी इतिहासकार थुसिडाइडसले जस्तै कौटिल्यले सन्धि उपायलाई राज्यको कमजोरीको चिह्न मान्दछन् । यो केवल राष्ट्रलाई जोगाउनको लागि गरिएको एक प्रयास हो । कौटिल्यले भनेका छन्- हीनशक्ति विजिगीषुले व्यसनी, शारीरिक नाश गर्नबाट निरत, अनर्थकारी, शक्तिसम्पन्न अमात्यका साथ सेनासँग समान हिस्सा लिएर सन्धि गरोस् । आफ्नो तिरस्कार गर्ने विजिगीषुको अपकार गर्न समर्थ हुन्छ भने उसमाथि आक्रमण गरिदेओस् । अन्यथा चूप लागेर बसोस् ।

जर्मनका सैन्य सिद्धान्तकार कार्ल क्लाउसेविट्जले के भनेका छन् भने विदेशसँगको युद्ध आन्तरिक राजनीतिको एक विस्तृत रूप मात्र हो तर

कौटिल्यले यसको विपरीत तर्क प्रस्तुत गर्दै भनेका छन्– विग्रह भनेको आफ्ना लागि फाइदा प्राप्त गर्न र शत्रुलाई कमजोर तुल्याउनका लागि गरिने योजनाबद्ध क्रिया हो । जसको एक मात्र उद्देश्य शत्रुमाथि विजय हासिल गर्नु हो किनभने कुनै पनि राष्ट्रको कूटनीति युद्धोन्मुख हुन्छ । उनी भन्छन् 'यस प्रकार विजिगीषुले मित्ररूप प्रकृतिका गुणले भरिपूर्ण भएका आफ्ना वरिपरिका मित्र देशहरूलाई सहायताका लागि अगाडि र पछाडि राम्ररी स्थापित गर्नुपर्छ । आफ्नो सहायता र सुरक्षाका लागि यी सम्पूर्ण राम्रा गुप्तचर तथा दूतहरूको सदा उत्तम प्रबन्ध गरिराख्नुपर्छ तथा शत्रुहरूसँग माथि माथि मित्रताको भाव देखाएर एक एक गरेर तिनीहरूलाई सिद्ध्याउनुपर्छ तर देखावटीमा उदासीन र तटस्थ भाव राखोस् । जुन राजाले आफ्ना गोप्य भाव र गुप्त मन्त्रणाहरू लुकाएर राख्न सक्दैन त्यो उच्चतम अवस्थामा पुगेर पनि तल खस्छ । समुद्रमा डुङ्गा फाट्नाले जुन हालत त्यसमा बसेकाले बेहोर्नुपर्छ ठीक त्यही हालत मन्त्र बाहिरिनाले हुन्छ । ' कौटिलीय वैदेशिक कूटनीतिमा चाहे युद्धको समय होस् कि शान्ति वार्ताको समयमा होस् गोपनीयताको कुरालाई बारम्बार हरहमेशा ध्यानमा राख्नुपर्छ ।

कौटिल्यका शान्तिकालीन केही उपायहरूको चर्चा गरौं । यदि धेरै राजाहरू मिलेर आक्रमण गर्छन् भने विजिगीषु राजाले गोप्य रूपमा उनीहरूलाई कुनै एक वा धेरैलाई कमजोर बनाउन निरन्तर फोर्ने काम गर्नुपर्छ । उनीहरूका बीचमा फूट परेपछि उनीहरूमध्ये मुख्यलाई अगाडि लगाएर कमजोर शत्रुमाथि आक्रमण गरिदिनुपर्छ ।

## ८. राष्ट्रिय शक्ति र राज्यका प्रकृति

कुनै देशको आन्तरिक शक्ति राज्यको प्रकृति अर्थात् अङ्गमा भर पर्छ । त्यसैले कौटिल्यले मण्डलको सिद्धान्तमा राज्यका सात प्रकृतिको विशेष व्याख्या गरेका छन् –

८.१. स्वामी– स्वामीको अर्थ हो सार्वभौमिकता सम्पन्न । परराष्ट्र सम्बन्धको प्रमुख सञ्चालक, निर्देशक, निर्धारकको रूपमा एक राजामा हुनु पर्ने गुण यस प्रकार छन् (रङ्गराजन, सन् १९९२, १४२–१४३)–

क. आभिगामिक गुण – यसअन्तर्गत पर्ने स्वभावगत गुणहरू यस प्रकार छन् – कुलीन, दैव बुद्धि, धैर्य सम्पन्न, धार्मिक, दूरदर्शी, सत्यवादी, सत्य प्रतिज्ञ, कृतज्ञ, उच्चाभिलाषी, उत्साही, शीघ्र काम फत्ते गर्ने, दृढ बुद्धि, सामन्तहरूलाई वशमा राख्ने, शास्त्र बुद्धियुक्त, गुण सम्पन्न परिवारजन भएको ।

ख. प्रज्ञा गुण - यसअन्तर्गत कौटिल्यले निम्न गुणहरूलाई समावेश गरेका छन् - शास्त्र चर्चा, शास्त्र सुन्ने इच्छा, शास्त्र उपदेश ग्रहण गर्ने क्षमता, सो अनुसार आचरण गर्ने संकल्प, कुनै विषयको विशेष ज्ञान हुनु, तर्क वितर्क गर्ने क्षमता हुनु, नराम्रो पक्षको त्याग गर्ने क्षमता, गुणीहरूको पक्ष ग्रहण गर्नु ।

ग. उत्साह गुण - यसअन्तर्गत शौर्य, अमर्ष, काममा छिटो हुनु र दक्षता गुण पर्दछन् ।

घ. आत्मसम्पद् गुण - यसअन्तर्गत वाग्मी, प्रगल्भ, स्मरण शक्ति भएको, उदार हृदय, मतिमान्, बलवान्, स्ववग्रह, कृत शिल्प, व्यसनकालमा प्रतिकार गर्ने सामर्थ्य, उपकार र अपकारको बदला तिर्ने क्षमता भएको, लज्जावान्, दुर्भिक्ष र सुभिक्षमा यथास्थिति गुणहरू पर्दछन् ।

यी चारवटा गुणका आधारमा कौटिलीय अर्थशास्त्रको राजा निरङ्कुश नभएको तथा ऊ सधैं प्रजाको हितमा आफ्नो हित देख्ने एक उत्साहित व्यवस्थापकको रूपमा देखापर्छ । शत्रु राज्यसँग ऊ निर्मम देखा पर्छ तर यो निर्ममता केवल राजाका लागि हो र प्रजासँग उसले अत्यन्त सहृदयी व्यवहार गर्नुपर्छ भनिएको छ ।

८.२. अमात्य- अमात्यको अर्थ हो मन्त्री मण्डल । यसमा आवश्यकतानुसार प्रमुख अमात्य र सहायक अमात्य हुने गर्थे । राजालाई राजकाजमा उचित मार्ग दर्शन र सल्लाह दिनु उनीहरूको कार्य मानिन्थ्यो । त्यसैले अमात्यमा पनि विशेष गुण अनिवार्य गरिएको छ । यसअन्तर्गत समावेश गरिएका गुणहरू यस प्रकार छन्- देशको नागरिक, असल कुलमा जन्म भएको, इष्ट मित्रयुक्त, हात्ती, घोडा, र अत्र शस्त्र चलाउने विद्यामा सिपालु, अर्थशास्त्र विषयको ज्ञान भएको तीक्ष्ण बुद्धि भएको, तीव्र स्मरण शक्ति भएको, काम छिटो सम्पन्न गर्ने, अभिव्यक्तिको कुरामा सिपालु, धृष्ट, तुरन्त काम संभालेर प्रत्युत्तर दिनसक्ने, उत्साही र परिश्रमी, स्वामीभक्त, सबैसँग मेलमिलाप राख्ने, ईमानदार, असल चरित्र, असल स्वास्थ्य, शारीरिक बल भएको, धैर्य भएको, घमण्ड नभएको, सौम्य, वैरभाव नभएको ।

८.३. जनपद - राज्यका लागि चाहिने आधारभूत तत्त्वहरूमध्ये जनसङ्ख्या वा जनपद एक हो । असल जनपदको चर्चा गर्दै कौटिल्यले भनेका छन्- चारैतिरबाट सुरक्षित, उर्वरा भूमि भएको, वन, पर्वत भएको मानिसहरूको बस्ती बसाइएको, पशुपालन भएको तथा असल नागरिकहरू बहुतायतमा भएको ठाउँ नै असल जनपद हुन्छ ।

८.४. दुर्ग- दुर्गको अर्थ हो किल्ला वा गढ । शत्रुको मुकाबला गर्नका लागि सेना सुरक्षित रहने स्थान नै दुर्ग हो । यसको विस्तृत चर्चा गर्दै कौटिल्यले चार प्रकारका दुर्ग निर्माण गर्ने निर्देशन दिएका छन्- १. औदक, २. पार्वत, ३. धान्वन, र ४. वनदुर्ग ।

८.५. सेना-परराष्ट्र सम्बन्ध निर्धारण गर्न सेनाको महत्त्वपूर्ण भूमिका भएको कुरा स्वीकार गर्दै कौटिल्यले भनेका छन्- सेनामा वंशानुगत, स्थायी, र अनुशासित सैनिक भर्ती गर्नुपर्छ । उनका स्त्री, पुत्रलाई राजवृत्तिले सन्तुष्ट गरिएको हुनुपर्छ । युद्धका समयमा उनीहरूलाई पर्याप्त अस्त्रशस्त्र दिनुपर्छ । युद्धमा होमिने, दुख सहने, युद्धको तालिम प्राप्त, राजाको नाफा र हानिमा हिस्सेदार र क्षत्रियको संख्या बढी भएको सेनालाई उनले गुणयुक्त सेना भनेका छन् । यहाँ निर के ध्यानमा राख्नुपर्छ भने उनले क्षत्रियबाहेक ब्राह्मण, वैश्य र शूद्रका सेनाको पनि वर्णन गरेका छन् । यसरी उनको सेना समावेशी चरित्रको रहेको छ ।

८.६. कोष-प्राचीन कालमा त्यहाँको राजकोष अर्थात् अर्थव्यवस्थालाई राज्यको अङ्ग मानिएको छ । कौटिल्यका अनुसार कोषमा आफ्नो र आफ्ना पूर्वजहरूका कमाइ सञ्चित हुनपर्छ । तर यो कमाइ न्यायपूर्वक आर्जन गरिएको हुनुपर्छ भन्ने कुरामा उनले विशेष जोड दिएका छन् ।

८.७. मित्र- विजिगीषुको भलो चिताउने शक्तिलाई मित्र भनिएको छ । मित्र, मित्रमित्र, आक्रन्द र आक्रन्दासारलाई पनि राजमण्डलमा मित्रशक्ति बताइएको छ ।

राजमण्डलका सम्बन्धमा उनले १२ राज्यका छ अङ्ग गरेर जम्मा ७२ वटा सम्बन्धबारे विचार गर्ने निर्देश दिएका छन् । जसमध्ये आफूसहित पाँचवटा राज्यका तीसवटा विजिगीषुका लागि राष्ट्रिय शक्ति हुनजान्छ । यस शक्तिको बारेमा कौटिल्यले भनेका छन्- जतिसुकै बलियो शत्रु भए पनि यदि त्यो विजिगीषु र मित्रशक्तिको बीचमा फँस्यो भने समाप्त हुन जान्छ ।

## ९. युद्धको तयारी र युद्ध स्थगन कूटनीति

हरेक राष्ट्रले आफ्नो राजनीतिक, आार्थिक र सैन्य स्वार्थमा काम गर्छन् भन्ने कौटिलीय सिद्धान्त एक शाश्वत सत्य हो । तर यसको अर्थ के होइन भने देशहरूले मानवीय भावना अथवा परोपकारी भावनाले काम गर्छन्/गर्दैनन्, कौटिल्यले कतिपय मानवीय कृत्यको उल्लेख गरेका छन् जुन व्यक्तिगत स्वार्थसँग बाझिएका छैनन् । यो ठीक त्यस्तै हो कि जस्तो कसैले राजनीतिक वा सैन्य शक्ति प्राप्त गर्छ भने उसको छिमेकीले आफ्नै स्वार्थमा काम गर्नेछन् ।

अथवा अर्को तरिकाले भन्दा कसैले आफ्ना देशवासीलाई त्यसबेला धोका दिन्छ जब उसले खराब स्थितिलाई स्वीकार गर्दैन । जुन राष्ट्र आफ्ना छिमेकी राज्यको दयामा भर पर्छ त्यसबेलासम्म कमजोर रहन्छ जबसम्म उसले यस अवस्थामा सुधार गर्दैन र अन्तमा नष्ट हुनजान्छ । यो कुरा युनानी इतिहासकार थुसिडाइडसका विवरणहरूमा स्पष्ट देख्न पाइन्छ, जसले कौटिल्यभन्दा करिब एक शय वर्षअघि एथेन्सको इतिहास लेखेका छन्, साथै चीनियाँ कानुनविद् हान फेइ जी जसले कौटिल्यका ५० वर्षपछि ग्रन्थ रचना गरेका छन् ।

कौटिल्यले के मानेका छन् भने उनी एक यस्तो संसारमा छन् जहाँ कि अरूलाई पराजित गरेर बाँच्न सकिन्छ अन्यथा आफू पराजित हुन तैयार रहनुपर्छ । उनले युद्धको तैयारी गर तथा शान्तिको विश्वास राख भन्दैनन् बरू भनेका छन् युद्धलाई तयार भएर बस अनि जित्ने योजना बनाऊ । कूटनीति उनका लागि एक यस्तो उपकरण हो जसले कि त भविष्यमा हुने युद्धलाई लम्ब्याउने काम गर्छ कि अवश्यम्भावी वर्तमान युद्धको सामना गर्न लगाउँछ ।

हरेक देशले आफ्नो राजनीतिक आर्थिक सैन्य स्वार्थअनुरूप काम गर्छन् । त्यसैले दुई देशको मित्रता शत्रुतामा रूपान्तरण हुन पनि बेर लाग्दैन । निश्चित रूपमा परराष्ट्र सम्बन्धमा छिटो परिवर्तन प्रायः साना देशहरूको सम्बन्धमा सत्य छ । नेपालमा बाईसे चौबीसे राज्य र मल्लकालमा छिटो छिटो परिवर्तनहरू देख्न सकिन्छ । मगध राज्यवरिपरि राजमण्डलका राज्यहरूको अस्तित्त्व रहेको हुनसक्छ किनभने कौटिल्यको समयमा लिच्छवी, मल्ल, कुरू, पाञ्चाल आदि अनेक गणराज्य तथा संघराज्यको उल्लेख प्राप्त हुन्छ । त्यसैले कौटिल्यले भनेको कुरा एक ऐतिहासिक तथ्य हो भन्न सकिन्छ ।

## १०. निष्कर्ष

द्वितीय विश्वयुद्धपछि दुई देशबीचको असमझदारी कम गर्न र विश्वमा शान्ति स्थापना गर्न अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रयास गरिएका छन् । तथापि संसारका अनेक भागमा दुई छिमेकीहरू बीचको असमझदारी समाप्त गर्न सकिएको छैन । कौटिल्यको विचारमा, अन्तर-राज्य सम्बन्धको एक मात्र कारण दुई देशको अथवा राज्य सञ्चालकहरूको स्वार्थ हो तर आधुनिक समयमा दुई देशबीच भौगोलिक आर्थिक, सामाजिक, धार्मिक, र मनोवैज्ञानिक तत्त्वका साथै प्रविधिले पनि अन्तर-राज्य सम्बन्धलाई निर्धारित र परिवर्तित गर्दछ भन्ने मानिन्छ । तर कौटिल्यले राष्ट्रिय स्वार्थलाई एकमात्र कारण मान्दछन् । कौटिलीय सिद्धान्तमाथि विचार गर्दा के पनि ध्यान राख्नुपर्छ भने त्यस बेला संयुक्त राष्ट्र संघ र सुरक्षा परिषद् जस्तो कुनै नियामक निकाय थिएन । त्यस दृष्टिले कौटिल्यले एक यथार्थवादी र

व्यावहारिक सिद्धान्त प्रतिपादन गरेका हुन् । परराष्ट्र नीतिको राजमण्डल सिद्धान्त प्रतिपादन गरेर कौटिल्यले कुनै राज्यका मित्रशक्ति र शत्रुशक्तिको पहिचान मात्र गरेका छैनन् उनले सामादि चार नीति र सन्धि आदि छ उपायद्वारा युद्धकाल र शान्तिकालमा परराष्ट्र सम्बन्ध स्थापना गर्ने एक मौलिक र शाश्वत विधिको प्रतिपादन गरेका छन् जसको व्यावहारिक उपयोगिता आज पनि छ ।

## सन्दर्भ–सामग्री


अग्रवाल, कमलेश, (सन् १९९७), **कौटिल्य अर्थशास्त्र एवं शुक्रनीति की राज्य व्यवस्थाएँ**, नई दिल्ली : राधा पब्लिकेशन्स ।

काङ्ले, आर पी, (सन् १९८६) **द कौटिलीय अर्थशास्त्र** ३, बनारस : मोतीलाल बनारसी दास ।

**कौटिलीय अर्थशास्त्र**, (सन् २००९), वाचस्पति गैरोला (अनुवादक), वाराणसी : चौखम्बा विद्याभवन ।

**कौटिल्यको अर्थशास्त्र**, (वि.सं.२०२४), केशवराज अर्याल (अनुवादक), सोमनाथ शर्मा (सम्पादक), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

ज्ञवाली, बाबुराम, (वि.सं.२०७१), कौटिलीय अर्थशास्त्र र शुक्र नीतिमा राज्य पुनर्निर्माणका आधार तथा त्यसको वर्तमान सान्दर्भिकता, **प्रज्ञा शोधमूलक अर्धवार्षिक**, पूर्णांक ११०, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

**बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र** (वि.सं.२०७७), अनुवाद बाबुराम ज्ञवाली, गुल्मी, तम्घास : किरण पुस्तकालय ।

बोशे, रोजर, (सन् २००२), **द फर्स्ट ग्रेट पोलिटिकल रियलिस्ट– कौटिल्य एन्ड हिज अर्थशास्त्र**, न्यूयोर्क : लेक्सिंगटन बुक्स ।

विष्णुशर्मा, (सन् १९७९), **पञ्चतन्त्रम्**, व्याख्याकार श्यामाचरण पाण्डेय, वाराणसी : मोतीलाल बनारसीदास ।

**शुक्रनीति**, (वि.सं.२०२९), डमरूवल्लभ पौड्याल (अनु.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।


ooo

*// कविता //*

# नयाँ वर्ष एक - शुभकामना अनेक

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**बौद्ध, काठमाडौं**

नयाँ वर्ष यो पालुवामा पलाओस्
पखेराहरूमा गुराँसै फुलाओस् ।
नयाँ वर्षले कष्ट हाम्रा हटाओस्
नयाँ वर्षले भाव मीठा जगाओस् ।।१।।

नयाँ वर्षमा फेरि पर्जन्य वर्षोस्
मकै-धान-कोदो र तोरी फलाओस् ।
नयाँ वर्षमा जौ-गहूं-अन्न होऊन्
रसीलो नयाँ वर्ष फर्केर आओस् ।।२।।

नयाँ वर्ष यो लेकमा मुस्कराओस्
नयाँ वर्ष यो खेतमा नाचिराखोस् ।
पुर-ग्राम-वस्तीहरूमा सबैमा
नयाँ वर्षले जोश-उत्साह ल्याओस् ।।३।।

नयाँ वर्ष यो फूलमा मुस्कुराओस्
नयाँ वर्ष यो ओंठमा मुस्कुराओस् ।
नयाँ वर्षले विघ्नबाधा हटाओस्
नयाँ वर्षले शान्ति-सन्तोष देओस् ।।४।।

नयाँ वर्षले दुःख सारा हटाओस्
नयाँ वर्षले चित्तमा शान्ति छाओस् ।
नयाँ वर्षमा रोग-दारिद्र्य भागून्
अभावादि पीडा सबै नष्ट होऊन् ।।५।।

ooo

*// लघुकथा //*

# हिम्मत

✍ **हरिप्रसाद गौतम**
**स्वयम्भू, काठमाडौं**

उकुसाले त्यो जागिर गर्न थालेको पनि पन्ध्र वर्ष पुगेछ । गाडीभाडा, खाजा र सामान्य शृङ्गारका लागि चाहिने खर्चबाहेक केही पैसा बचत होला भनेर चिताउनै पर्दैनथ्यो त्यो जागिरबाट । तैपनि, गुजाराका लागि उसले जागिर गरेकै थिई । त्यहाँ यसरी गुजारा गर्ने ऊजस्तै थुप्रै मानिसहरू थिए ।

सहरको बसाइ, सानो कमाइले ठुलो खर्च धान्न गाह्रै थियो उकुसालाई । लोग्नेको ठेक्कापट्टाको काम कहिले चल्थ्यो कहिले चल्दैनथ्यो । विकल्प अर्को थिएन र पनि सहरमा टिक्नै पर्छ र केटाकेटीलाई ठूलै मान्छे बनाउनुपर्छ भन्ने धारणाचाहिँ उसले पालेकी थिई । यति चाहँदाचाहँदै पनि धन कमाउने कुनै उपाय नसुझ्दा साह्रै चिन्तित थिई ऊ । चुनावको बेला थियो । ऊसँगै काम गर्ने कतिपय कर्मचारी चुनावप्रचारमा लागेर पैसा कमाउँदै अफिसपछिको समयको सदुपयोग गर्थे । तर, उकुसा भने कुनै उपाय नसुझेर उकुसमुकुस भएकी थिई ।

सुनेकी थिई : अलिकति हिम्मत नगरेसम्म कमाउन र रमाउन सकिन्न । यस्तो लुते जागिरमा झुन्डिएर बस्ने हो भने एक दिन साँच्चैको डोरीमा झुन्डिएर मर्ने अवस्था आउन सक्छ । यस्तो ठानेर उसले एकाएक चुनावमा भाग लिने विचार गरी । ऊ निर्वाचन आयोगमा पुगी र आफ्नै पुरानो पार्टीका विरूद्ध बागी उमेदवारका रूपमा उमेदवारी दिएर फर्की । कतिले त उसलाई गाली पनि गरे । उसको उमेदवारीले प्रमुख दलको चर्चित र क्रान्तिकारी नेताले हार्ने र अर्कैले जित्ने निश्चित थियो । त्यसैले उसले उकुसालाई धनको लोभ देखाएर नाम फिर्ता लिन अनुरोध ग-यो । दुई दिनपछि पनि उकुसाले नाम फिर्ता नलिए आफूले स्वतः हार्ने भएपछि उक्त नेताले पार्टीको केन्द्रीय कार्यालयबाटै सहयोग लिएर ठूलै रकमको प्रलोभन देखायो ।

घरमै आएर फकाएपछि नमान्ने त कुरै भएन । आफ्नो र छोराछोरीको नाममा रकम डिपोजिट गरेको भौचर पाएपछि उसले उमेदवारी फिर्ता लिई । त्यसपछि ऊ ठूलो नेताकी विश्वासपात्र मात्रै बनिन, आफूले गर्दै गरेको अफिसको अधिकांश सेयर खरिद गरेर पन्ध्र वर्षमा गर्न नसकेको उन्नति पन्ध्र घन्टामा गरेर त्यस अफिसको मालिक्नीसमेत भई ।

ooo

*// लघुकथा //*

# सुशासन

✍ **लीलाराज दाहाल**
**बागमती-११, कर्मैया, सर्लाही**

साधना चुनाव गराउन खटिएकी थिइन् ! शहरभन्दा केही पर गाउँमा ! हाकिम भएर खटिन पाउनु उनको सौभाग्य थियो ! हाकिम भैहाल्ने उनमा क्षमता थिएन । कहाँ, कहिले, कसरी बोल्ने उनलाई केही थाहा हुँदैनथ्यो ! परिस्थितिले उनलाई हाकिमै बनायो ! संयोगले उनलाई यो पद जुरेको थियो !

उनी काम जान्दैन थिइन् र आफ्नो असक्षमता मातहतका कर्मचारीलाई गाली गरेर ढाकछोप गर्थिन् ! कार्यालयका लागि एउटा सामान चाहिए उनी दुईवटा किन्थिन् ! एउटा निर्वाचनको लागि, अर्को आफ्नो घरको लागि ! कहिलेकाहीँ लेखा र स्टोरका कर्मचारीले प्रतिवाद गर्थे ! त्यसबखत उनी रिसाउँथिन् र मुखै खोलेर भन्थिन्, " निर्वाचनको पैसा त हो ! मैले जे गरे नि हुन्छ ! म हाकिम हुँ ।"

बिजुली, पानी, मसलन्द, ईन्धन, मर्मत संभार, कार्यक्रम खर्च शीर्षकमा आउने रकम खर्चै नगरी आफ्नै गोजीमा हाल्ने उपाय खोजेर बस्थिन् ! निर्वाचनको लागि घर, आवास र सवारी साधन, ईन्धन स्थानीय पालिकाले उपलब्ध गराएको थियो ! घरभाडा शीर्षकमा आएको रकम किर्ते घरबेटी खडा गरेर आफ्नै गोजीमा हालिन् । सबै कर्मचारी चुनावमा असर होला भनेर सहेर बसेका थिए । कोही पनि केही बोलेनन् ! महिला हाकिम भएकाले पनि विवाद गर्न चाहँदैन थिए कोही । रातदिन खट्दा पनि कर्मचारीहरूले भने यथोचित सुविधा पाएका थिएनन् ।

यति हुँदा नि सबैले सहयोग नै गरे ! निर्वाचन सम्पन्न भयो ! सोचेभन्दा शान्त वातावरणमा चुनाव भयो ! चुनाव जितेका उम्मेदवारहरूलाई प्रमाणपत्र वितरण कार्यक्रममा मन्तव्य राख्ने क्रममा उनले भनिन्, " मैले मितव्ययिताका साथ काम गरें ! तपाईं जनप्रतिनिधिहरूले पनि भ्रष्टाचार नगर्नु होला ! सुशासन कायम गर्नु होला ! "

ooo

**'हाम्रो पुरुषार्थ' विगत ५० वर्षदेखि प्रकाशनमा आइरहेको छ । वेभसाइटको माध्ययमबाट तपाईं संसारको जुनसुकै ठाउँमा बसेर पढ्न पाउनुहुन्छ । रु.५ हजारमा हाम्रो पुरुषार्थको आजीवन ग्राहक बन्नुहोस् ।**

*// गद्य कविता //*

# गाउँले हराएको गाउँ

✍ **सुरेशप्रसाद अर्याल**
**इस्मा–५, गुल्मी**

यो गाउँ
आफैमा हराएको गाउँ हो,
आफ्नाले गर्दा ।

यहाँ बसोबास गर्नेहरू
आफै हराउँदैनन्,
हराउँदै जान्छन् ।

तर केही अनुहारहरू छन्,
जो यहाँ कहिलै हराउँदैनन् -
जस्तो कि–
जूनको मुहारमा दाग,
बाटोको धूलो,
फलाममा लागेको जंग,
तमसुकका साक्षी.....

त्यस्तै हराउँदैनन्–
गाउँमा जरा गाडेका वनमाराहरू,
जराविहीन सल्लाहरू,
बग्न नसकेका पोखरीहरू,
दियोको वरिपरि फैलिएका अन्धकारहरू,
आफै मपाईं भएका मूर्खहरू ।

यहाँ
अजीवको गरीब तमासा छ ।

त्यो तमासामा
गाउँ बनाउँनेहरू गाउँ भत्काउन
यसरी नाङ्गिन्छन्
जस्तै
वेश्यालयमा वेश्याहरू ।

यहाँ,
हरेकको आ–आफ्नो मूल्य छ ।
मूल्य दिनुपर्छ,
बिक्न सबै तैयार छन् ।

यो गाउँ
अनुदानको वेश्यावृत्ति गर्ने गाउँ हो ।

यो गाउँ
राजनीतिको सबैभन्दा तल्लो खेल
खेल्ने गाउँ हो ।

यो गाउँ
स्वार्थमा आमा बेच्ने
अनि बाउ नचिन्ने गाउँ हो ।

यो गाउँ
कहीं कतै नबिक्ने
र यहाँ बहुमूल्य ठहरिएकाको गाउँ हो ।

यहाँ
जब हरेक बिहान बस गुड्छ–
गाउँलाई माया गर्ने बाहिरिन्छ,
रहिरहन्छ त्यो
जो गाउँको दलाल हो ।

भ्रममा नपर्नुहोला–
यो गाउँबाट
झोला बोकेर हिड्ने अन्तिम व्यक्ति
यो गाउँको वास्तविक गाउँले हुने छैन,
यो गाउँको दलाल हुनेछ ।

त्यो दलाल
जो गाउँले हराएको गाउँबाट
गाउँको अवशेष बोकेर
कुटिल मुस्कानसँगै चढ्नेछ
यो गाउँको अन्तिम बस -
तराईमा यो गाउँको व्यापार गर्न.....

०००

*// कविता //*

# मन

✍ **विष्णु घर्ती 'भनभनेली'**
**भनभने, गुल्मी**

म
भित्र
मन छ
के के भन्छ
सबै कहने मन छ
डर छ, बहने जतातै
बाढी त नआउला पक्कै
राख्नुहोला नि हेक्का
बनिदैन नै एक्का
साथ सबैको
प्रेरणा पनि
मेरो मन
र, म
।

०००

// लघुकथा //

# निर्मल, विमल र कञ्चन

✍ **धनराज गिरी**
**चितवन**

आफ्नै नगरीको बैंकमा पुग्यो प्रोफेसर निर्मलकुमार विमल, केही दिन अघि एक मात्र नारी पात्र कर्मचारी देखेकोमा आज त ६०% नै देवीहरू । हाकिम "ममता गौतम "पूर्व परिचित । दीपा र कन्चन नयाँ ! "कन्चन, मेरो नाममा निर्मल र विमल, तिमी कन्चन, हेर त कति पवित्र ।" एकछिन रमाए नानीहरू । चौधरी, निर्मलको चेलो,सुरक्षा गार्ड, बोल्यो, "हाम्रो गुरु हुनुहुन्छ, तगडा ! रमाइलो मान्छे ! नामजस्तै कन्चन, पवित्र ।" "सर, हजुरको बोलीले नै इमानदारी झल्काएको छ । हजुर सबैको अभिभावक बन्ने ल्याकतको धनीजस्तो लाग्यो ।" कन्चनको मन बोल्यो । "जति नानी भेटे पनि बनिदिन्छु पिता, त्यसैले त ढुक्क हुन्छिन् मेरी प्यारी रीता !" प्रोफेसर बोल्यो ।

"वाह, वाह, म्याडमको नाम रीता हो?" दीपा बोलिन् ।" हो नि, ममता, दीपा र कन्चन, हेर नारीहरूको हकमा यो दुनियाँ अलि अन्यायी छ । परम्परा नै त्यस्तै । नारीहरू वित्तीय रूपमा स्वाधीन नभएसम्म सबलीकरण सम्भव छैन । मलाई छोरीहरूले सक्षम भएर केही गरेको देख्दा खुशी लाग्छ । हाम्रा पनि दुई छोरी, उनीहरू काबिल ! एक शेर, दीपाको लागि ! राम्री छ्यौ । राम्री हुनुपर्छ । जोखिम पनि छ । सुन है, कसैले बाटोमा जिस्क्याए मसँग न जिस्क्याऊ दोबाटोमा हेर रातो सिउँदो, उनले थाहा पाए भने रहदैनौ जिउँदो !"

"वाह, वाह, वाह, सर हजुर त अचम्मको मान्छे !" कन्चनको प्रतिक्रिया ।" नानी हो, मर्यादित रोमान्टिक हुनु अपराध होइन । म यहाँबाट गएपछि तिमीहरूको मनमा अनेक कुरा खेल्न सक्छ । मलाई यसो उसो जे भन्न पनि मिल्छ । एन्टिथेसिस लगाए मेरो धज्जी उड्ने छ, होइन, क्या रमाइलो अङ्कल भन्न पनि सक्छौ । म बहिर्मुखी स्वभावको मान्छे, यही स्वभावले सुख पनि दिन्छ र उल्टो पनि हुन्छ ।" प्रोफेसर यथार्थवादी बन्यो। "हो सर, जे पनि हुन सक्छ । तर हामीलाई पनि थाहा छ, सबै पुरुष खराब हुन्नन् र सबै महिला पनि असल हुन्नन् ।" कन्चनले आफ्नो राय राखिन् । "लडेको हो यो जिन्दगी समताको लागि, कन्चन दीपा अनि छोरी ममताको लागि !" एक शेर सुनायो। चेक क्यास गरेर प्रोफेसर फर्कियो । हाकिम ममतासहित सबैलाई आशीर्वाद दिएर । "निर्मल, विमल, कन्चन" यी तीन शब्द नाचिरहे मनमा ।

०००

# हक

✍ **विनोद नेपाल**
**पोखराथोक, माडी, पाल्पा**

निरङ्कुशतासँग सिंगौरी खेलेका
सङ्घर्षका डोबहरू
अनि,
समयले डामेका निसानी छन्,
हक अधिकारको खोजीमा
आफ्नाहरूलाई बिर्सेर
सुरक्षित आश्रय खोज्दै
ज्यान हत्केलामा राखेर
कष्टकर यात्रा गरेका
कठिन समयका सम्झनाहरू छन्
ए स्वार्थीहरू हो,
ए बज्रस्वाँठहरू हो,
एकफेर हेर त
दीन दुःखीका अनुहार
खै कहाँ छायो उत्साह तिनको आँखामा ?
खै कहाँ आयो परिवर्तन तिनको दैनिकीमा ?
खै कहाँ आयो खुसी तिनको जिन्दगीमा ?

भिन्नता मात्र यत्ति हो,
हिँजो रमायो कोही
आज रमाउँदैछौ तिमीहरू तिनकै पसिनामा

कृपया
नठान यो तिम्रा बाबुको बिर्ता हो
नठान यो तिम्री पत्नीको दाइजो हो
यो देशमा तिम्रोभन्दा बढी हक
परिश्रमको पसिना बगाउनेको लाग्छ
षडयन्त्रका तानाबाना बुन्ने भुइँफुट्टाहरूको भन्दा
यो माटोमा बढी हक
साहसले
स्वतन्त्रताका गीत गाउनेको छ
स्वाभिमानको शिर उठाउनेको छ
चन्द्र सूर्य झण्डा उठाउनेको छ।

ooo

# कृषि

✍ **शकुन्तला ज्ञवाली पौडेल**
**कपिलवस्तु न.पा.-३, तिलौराकोट, कपिलवस्तु**

कृषि प्रधान देश हो हाम्रो, कृषिमै निर्भर ।
कृषि क्षेत्रलाई अग्रपंक्ति राखिदेऊ सरकार ॥
किसान हाम्रा पछाडि परे, सरकारको ध्यान जाओस् ।
खेतीको बेला मलखाद, बिऊपल, समयमै पाइयोस् ॥

माटोका साथी किसान हुन्छन्, धर्तीलाई पुज्दछन् ।
रगत, पसिना माटोमा मिसाई, अन्नलाई उब्जाउँछन् ॥
कृषिक्षेत्रलाई प्राथमिकता दिनु, पर्दछ सबैले ।
कृषकहरू ओझेलमा पर्दा, पछाडि छौं अहिले ॥

अहिले युवा पढ्न चाहन्छन्, डाक्टर पाइलट ।
त्यसैले अहिले हाम्रो देशमा, आयात बढ्दो छ ॥
गर्न चाहन्नन् कसैले पनि, खेती र किसानी ।
किसानी हामी नेपाली सबै, नमेटाऊ निसानी ॥

पाइँदैन अहिले फापर, कोदो, मकै र भटमास ।
गर्न चाहन्नौ किनेर खान्छौ, भारतको आश छ ॥
कृषि देशमा अनिवार्य शिक्षा, कृषि पो सुहाउँछ ।
कृषिमा दक्ष भएमा देश, अवश्य मौलाउँछ ॥

खानु हुँदैन किनेका वस्तु, स्वास्थ्य नै बिगार्छ ।
आटो र ढिडो भात र रोटी खाएमा, बल बढ्छ ॥
हरियो सागपात, गिठा र तरूल, तरकारी फलाऊ ।
मकै, भट्ट सातुको खाजा, दूध, दही, घ्यू खाऊ ॥

हाम्रा पूर्खा ज्ञानी नै थिए, यी कुरा बुझेका ।
त्यसैले स्वस्थ जीवन जिउँथे, सय वर्ष पुगेका ॥
नगरौँ हेला कृषि पेशालाई, दुःख छ भनेर ।
बढाउनुपर्छ कृषिको स्रोत, प्रविधि ल्याएर ॥।

000

# नग्नदेखि नग्नसम्म

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

◆ सम्भवतः आदिम कालमा मान्छे नाङ्गै थियो होला । पछि जाडोले र लाजले आङ ढाक्न थाले होला । पछि आङ ढाक्नु सभ्यता र संस्कृति बने होला । अझै पछि यो बडप्पन, प्रतिष्ठा, सौन्दर्य र धनाढ्यताको प्रतीक पनि बने होला । मलाई के लागिरहेछ भने मान्छेको सभ्यता जहाँबाट प्रस्थान गरेको हो त्यही पुग्नेछ ।

◆ बाइबलको ओल्ड टेस्टामेन्टमा लेखिएको छ–भगवान्ले प्रथम मान्छेहरू आदम र इभ बनाएर एडेनको बगैंचामा राख्यो । त्यहाँ खाने कुराको कमी थिएन । भगवान्ले भनेको थियो' - सबै फल खानू, त्यो बीचमा रहेको फल नखानू । मजाले दिन बितेका थिए आदम र इभका । तिनीहरू सर्वाङ्ग नग्न थिए तर नग्न हुनुको लज्जाबोध तिनमा थिएन । निषेधमा उत्सुकता हुन्छ । उत्सुकताले गर्दा तिनीहरूले भगवान्को निषेध मानेनन् । जब तिनीहरूले वर्जित फलको स्वाद चाखे तब तिनीहरूलाई आफू नग्न भएको आभास भयो र लज्जाबोध पनि भयो । हत्तपत्त तिनीहरूले भुटुकका पातहरू टिपेर आफ्ना जननेन्द्रिय ढाके । इभलाई छाती देखाउन पनि लाज लाग्यो । उसले आफ्ना छातीका दुबै उभारहरूलाई पनि पातले ढाकी ।

◆ उटपट्याङ्झैं लाग्ने यस मिथकको अभिप्राय गहन छ । यसमा रहस्यमय गूढार्थ छ । यसमा वर्जित फलको अभिप्राय मैथुन क्रिया हो । जससँग कामभावना शून्य छ त्यसलाई यौनाङ्ग देखाउन लजाउनु पर्ने कारण हुँदैन र जससँग नैतिक चेतना छैन त्यसलाई पनि लाज हुँदैन । बच्चाहरू नंगधङ्ग हिंड्छन् लजाउन्नन् । बच्चाहरू त्यति बेलासम्म लजाउन्न् जति बेलासम्म आफ्ना इन्द्रियको दोस्रो विशिष्ट कार्यबारे अनभिज्ञ रहन्छन् । श्लील र अश्लीलका परिभाषा गर्ने मान्छे हो, प्रकृति होइन ।

◆ अर्को प्रसंग छ- महर्षि वेदव्यासका छोरा शुकदेव जोगी बन्ने धूनमा घरबाट हिडे । चिन्तित वेदव्यास पनि उनलाई फर्काउन पछिपछि लागे । शुकदेव युवा थिए तर बुङ्गै हिडिरहेका थिए । बाटैमा रहेको जलाशयमा सुन्दर युवतीहरू नग्न भएर स्नान गर्दै थिए । शुकदेव नजिकैबाट गए, युवतीहरूले आफ्ना आङ् ढाकेनन् । जब वेदव्यास त्यहाँ पुगे युवतीहरूले आफ्ना नग्न अङ्गहरू हस्याङ्-फस्याङ् गर्दै ढाके । यस्तो देखेर वेदव्यास छक्क परे । उनले सोधे तिमीहरूले मेरो तन्नेरी छोरालाई देखेर आफ्ना नाङ्गा आङ्हरू ढाकेनौ । म बूढालाई देखेर हत्तपत्त ढाक्यौ, किन ?

- युवतीहरूले भने-तपाईं विवाहित र सन्तानका पितासमेत हुनुहुन्छ । तपाईंसँग नारीपुरुषमा भेदबुद्धि छ । तपाईंको मनमा कामविकार छ भन्ने हामीलाई लाग्छ । तपाईं लुगा लगाएर हिड्नुहुन्छ । तपाईंका छोरा तन्नेरी भएर पनि २ वर्षका बच्चाभैँ बुङ्गै हिड्छन् । उनी निर्विकार छन् । उनमा न कामना छ न लज्जा । उनलाई हामी यो पृथ्वी, वायु, आकाश र यी वृक्षजस्तै मान्छौं, तसर्थ हामी उनीसँग लजाएनौं । वेदव्यासको चित्त बुझ्यो र उनी हिंडे ।

- नग्नता प्राकृत हो, सत्य हो । मान्छेबाहेक अरू प्राणीले न सत्यको गफ गर्छ, न सत्य लुकाउँछ । यसर्थ मान्छे मात्र एउटा अप्राकृत र ढोंगी प्राणी हो । नीति, सभ्यता, संस्कृति सबका सब ढोंग हुन् । मान्छे बाहिर जतिसुकै सभ्य, सुसंस्कृत, दान्त, शान्त देखिए पनि भित्र नग्न, बर्बर, अशान्त र असंयमित छ । गुप्तांग नढाक्ने पशुपंक्षीहरू कामवृत्तिमा संयमित र ऋतुगामी छन् । यम, नियम र ब्रह्मचर्यका चर्चा गर्ने मान्छे भने कामवृत्तिमा अत्याचारी र विलासी छ ।

- रहस्यमा कुतूहल छ, कुतूहलमा रोमाञ्च छ र रोमाञ्चमा आनन्द छ । त्यसैले त देखाउनुमा भन्दा ढाक्नुमा रहस्य छ । उदाङ्गमा आकर्षण होइन, विकर्षण छ । यदि मान्छे बुङ्गै हिड्न थाल्यो भने मान्छेको काम वासना घट्नेछ । लुकेको र ढाकिएको विषयमा बढ्ता आकर्षण हुन्छ । ढाक्नुमा आकर्षण हुनाले पुरुषहरूले महिलाहरूलाई घुम्टा र बुर्काको व्यवस्था गरे होलान् । नग्न अवस्थामा त मान्छे नै सबैभन्दा भद्दा र कुरूप प्राणी होला ।


- मेरो एउटा नागा जोगीसँग भेट भएको थियो । कुराकानीमा उनी निकै प्रबुद्ध लागे । उनीसँग भेट भएपछि नागाजोगीप्रतिको मेरो भावना फेरियो । उनले भन्ने गर्थे - मनमा विकार नभएकाका लागि दशै इन्द्रिय समान छन् । जनेन्द्रिय, नाक, कान वा हातमा कुनै भेद छैन । अङ्गहरू देखाउन लजाउनुपर्दैन, अनैतिक कर्म गर्न पो लजाउनुपर्छ ।

- उनका कुराबाट बोध भयो-इन्द्रियमाथि विजय प्राप्त नगरी मनमस्तिष्क स्वस्थ रहेको मान्छे बुङ्गै हिड्न किमार्थ सक्दैन ।

- सभ्यताको सिंढीसँगै ढाकिंदै गएका अङ्गहरू सुस्तरी उघारिंदै गएको प्रतीत भइरहेछ । बन्देजबाट विद्रोह उठ्छ । युगौंदेखि घुम्टा र बुर्काले ढाकिएकाहरू प्राकृत अवस्थातिर फर्कंदै गरेको देख्दा हेर्ने आँखाहरू उघारिएको देख्दा चकित छन् । ढाकिएकोमा सौन्दर्य देख्ने आँखाहरू उघारिएकोमा सौन्दर्य खोजिरहेछन् । सभ्यताहरू फेरिएका छन्, परिभाषाहरू फेरिएका छन्, पात्रहरू फेरिएका छन्, सन्दर्भहरू फेरिएका छन् तर मान्छेमा आदिम प्रवृत्तिहरू फेरिएका छैनन् । ढाकियून् वा उघारिऊन्-वासना उनै छन्, कामुकता उनै छन् । लीलाहरू अविरल चलिरहेछन्-उस्तै-उस्तै ।

ooo

# अहिलेका गीत पनि भाका पनि सबै ठाडा र छाडा छन् ।



✍ **शशिधर पाण्डे**

*(रेसुङ्गा नगरपालिका वार्ड नं.-४, अर्खले खोरपाटा निवासी ८८ वर्षीय शशिधर पाण्डेसँग आफ्नो जीवनका अनेकौं तिता-मिठा अनुभवहरू छन् । ४ छोरी र ४ छोरा गरी ८ सन्तानका पिता शशिधर पाण्डेका खलकहरू अहिले अर्खलेमा २०-२१ घरधुरीमा फैलिएका छन् । अर्घाखाँचीको वाङ्लाबाट काश्यय गोत्रीय (साठी पाणे) पाण्डेहरू अर्खलेमा आएको पनि ४-५ पुस्ता भइसकेको छ । उहाँ अझै पनि अर्खलेबाट तम्घाससम्म आवत-जावत गर्दै हुनुहुन्छ । उहाँका पुराना अनुभवहरूलाई समेटी शशि पन्थीले गरेको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ । - सम्पादक)*

**१. शशिधर पाण्डेजी, तपाईंको जन्म कहिले कहाँ भएको थियो ?**

❑ मेरो जन्म वि.सं.१९९१ साल फागुन २० गते सोमबार साविकको अर्खले गाउँ विकास समिति वार्ड नं.-७, खोरपाटामा भएको थियो ।

**२. तपाईंका बुबाआमाको नाम के हो नि ?**

❑ मेरा बुबाको नाम दण्डपाणि पाण्डे र आमाको नाम चन्द्रकला पाण्डे हो ।

**३. तपाईंको विवाह कहाँ भएको हो ?**

❑ मेरो विवाह अर्घाखाँची छापडाँडा खाँची निवासी डिली पाण्डेसँग भएको हो ।

**४. तपाईंहरू पनि पाण्डे, ससुरालीहरू पनि पाण्डे भएपछि पाण्डेकी छोरीसँग कसरी विवाह भयो त ?**

❑ हामी पाण्डे पाण्डे एउटै थरका भए पनि गोत्र फरक भएपछि विवाहवारी गर्न कुनै शास्त्रीय बन्देज छैन । हामीहरू काश्यय गोत्रीय साठी पाणे

खलकका हौं । ससुरालीहरू वशिष्ठ गोत्रीय आइतबारे पाणे खलकका हुन् । सगोत्रमा विवाह गर्नुहुँदैन । गोत्र फरक भएपछि हुन्छ । म ११ वर्षको हुँदा बा बित्नुभएको हो । १८ वर्षको हुँदा आमा बित्नुभयो । म २५ वर्षको हुँदा ११ वर्षकी कन्या डिलीसँग मेरो मागी विवाह भएको हो । गोतामेनी आमाले कन्या खोजेर मागी लगन लेखेर बाजा बजाई, मेरो विवाह धुमधामसँग भएको थियो । म औंसी तिथिमा जन्मेको रहेछु । त्यस्तै औंस्याई कन्या खोजेर बिहे गर्ने चलन त्यसबेला थियो । बिहे गरेपछि म भारतमा गएँ । १७-१८ महिना भारतको आसाममा बसेर स्वदेश फर्केपछि यहीँ बसेर गाईभैंसी, बाख्रा पालेर खेतीपाती गरी बस्न थालेको हुँ ।

## ५. भारतमा किन जानुभएको हो ?

❑ त्यतिबेला यहाँ गाउँघरमा हिजोआज जस्तो पैसा देख्न पाइन्नथ्यो । १२ सालतिर १०० रूपैयाँ ऋण खोज्दा एक मुरी अन्न ब्याज तिर्नुपर्थ्यो । १०-१२ पाथीमा र बाइसो ब्याज (१०%) मा कमै पैसा पाइन्थ्यो । ५०/६० रूपैयाँमा एक तोला सुन आउँथ्यो । बिहे गर्दा ऋण लाग्यो । ऋण तिर्नका लागि अचार्ज जेठाबासित लाहुरतिर लागें । आसाममा गएर पी.डब्लु. (बाटाको काम) मा काम गरें । डेढ वर्षजति काम गर्दा दुई हजार कमाएँ । त्यति भएपछि मेरो ऋण तिर्ने र घरखर्चको काम चल्ने ठानेर घर आएँ । फेरि फर्केर गइनँ ।

## ६. तपाईंले कहीँ कतै पढ्ने मौका पनि पाउनुभयो कि ?

❑ हामी साना छदा स्कूलहरू कतै थिएनन् । पढ्ने चलन पनि त्यति थिएन । मैले पनि १० वर्षको हुँदासम्म केही पढिनँ । ११ वर्षको हुँदा ककरा सिकेको हुँ । अहिलेका वडा अध्यक्ष लीलाधर आचार्यका हजुरबा गंगाराम आचार्यसँग बाह्रखरी लेख्ने पढ्ने गरेको हुँ । त्यसपछि हाम्रो गाउँका गुमानसिंह सिञ्जाली मगरको थारे घरको दलान र आँगनमा गाउँका ठिटाहरू जम्मा भएर पढ्ने गर्थे । मैले पनि सिञ्जालीसँग बिहान बेलुकाको समय मिलाएर पढ्ने गर्थें ।

## ७. सिञ्जालीलाई कसले पढाएको थियो र ?

❑ खै त्यो त मलाई थाहा भएन । उहाँ भारतको पल्टनमा भर्ती भई पेन्सन पकाएर आउनुभएको थियो । शायद उतै पढ्नुभएको हो कि कुन्नि । उहाँले धेरै जान्नुभएको थियो । उहाँको घरमा जिमुवाल मोतीबहादुर थापा, डिट्टा टेकबहादुर कुँवर आदिले पढेका हुन् । मैले पनि चिठी, तमसुक, जोड-घटाउ, गुणा, भागका कुरा त्यही २-३ वर्ष पढेर सिकेको हुँ ।

**८. पढ्दा गुरुदक्षिणा पनि केही टक्र्याउनुपर्थ्यो कि ?**

- फिस सिस केही तिर्न पर्दैनथ्यो । सित्तैमा पढाउँथे । पहिला पढ्न शुरू गर्दा एक एक माना मकैको आटो (मकै पिसेको पिठो) र ५ पैसा चढाई गुरु स्थापना गरेर पुस्तकमा, पाटीमा र गुरुका हातमा ढोग्नुपर्थ्यो । गुरुले आयामाया जयेश्वरी, विद्या देऊ गुरु परमेश्वरी भन्न लगाएर ढोग्नुपर्दथ्यो । त्यतिबेला एक मोहर पैसा निकाल्न पनि निकै गाह्रो थियो । गुरुले देवताका नाम जान्नुपर्छ भनेर देवताका नाम पढाउने, घोकाउने गर्नुहुन्थ्यो । आदि देवता, गणपति देवता, ब्रह्मा विष्णु महेश्वर, सिमुकुण्डल, काले नाले, कुवीर, गोदावरी, हिमाल, महाभैरवी, ६४ जोगेनी नेपालका नीलकण्ठ, पशुपति, गुह्येश्वरी, हिमचुली उत्तरखण्ड, तीर्थ मुकुक्षेत्र (मुक्तिनाथ), अष्ट ज्वाला, पञ्चपोखरी, मालिका भवानी, पाटनदेवी, उत्तरोत्तर कागवेणी, ब्रह्मक्षेत्र.........आदि निकै धेरै कण्ठ गर्ने, लेख्ने गरिन्थ्यो । गुरुका घरका दलान र आँगनमा घरबाट चकटा बोकेर लगी तिनैमा बसेर गुरुले दिएको पाठ पढ्ने, लेख्ने, घोक्ने गरिन्थ्यो । कालो पाटीमा बाग्लुङबाट ल्याएका सेता खरी ढुङ्गाले लेख्ने गरिन्थ्यो । मोहरको १६ ताउ कागज पाइन्थ्यो । सिमीका पात, मन्टा मिचेर रस निकाली बाँसका कलम बनाएर लेख्ने गरिन्थ्यो । त्यति पढाइले पनि मेरो दैनिक जीवनमा निकै काम दियो । निरक्षर भएर बस्नु परेन ।

**९. गाउँमा बसेर तपाईंले के कस्ता सामाजिक काम गर्नुभयो ?**

- म भारतबाट २०१७ सालपछि नेपाल आएँ । यहाँ आउँदा कृषिसम्बन्धी पशुसम्बन्धी, वनसम्बन्धी तालिमहरू दिने रहेछन् । मलाई पनि त्यसमा सहभागी हुन भने । अर्खलेको साहिंला पन्थी (धनीश्वर) को पौवामा कोले ताराप्रसाद पाण्डेलगायतका मान्छेहरूले ४०-५० जनालाई ९ दिनको अगुवा कृषक तालिम दिए । त्यसमा सेउवा, अर्खले, भाडगाउँसमेतका मान्छेहरूले भाग लिएका थिए ।

  तालिम लिएपछि सामाजिक कामहरू गर्न थालियो । वन जोगाउन धेरै वर्ष काम गरें । रानी वन, संरक्षित वनमा पनि काम गरें । हेरालु, चिताइदार भएर मासिक रू.१५ मा काम गरें । समितिमा बसेर सेवा गरें । वनको सनद थियो । तालुकदार, मुखिया, जिमुवालहरूले मिलेर धेरै सार्वजनिक चउर, वन बेचेर खाए । रानी वन बेच्न पाइन्नथ्यो । अघि ४-५ कित्ता जग्गाको तालुकदार तोक्थे । मुखियाले खरबारीको तिरो उठाउँथे । जिमुवालले खेतको तिरो उठाउँथे । हले, पाटे, कोदाले, सुकुम्बासी भनेर

जग्गा छुट्याउँथे । माना चामल तिरो धैरेनी अड्डामा जन्थ्यो । ती जग्गाहरूको रू.१,७५ पैसा र १ मोहर (५० पैसा), सुका पैसा (२५ पैसा) तिरो लाग्ने गरी लगत बनाएका हुन्थे । तिनै जग्गाबाट मुखिया, जिमुवालहरूले २-४ पैसाको तिरो तानेर पाखा चउरहरू बिक्री गरेर कमाइ पनि गर्थे । ९९ रूपियाँसम्मको जग्गा बिक्री गरी हतमुनिको राजिनामा गरेर मुखिया जिमुवालले त्यसको तिरो बुझेको रसिद दिएपछि मालमा पास गरेसरहको सरकारी मान्यता हुन्थ्यो ।

पहिले अर्खलेको खेतको तिरो सिमीचौरका जमदग्नि पाणेले बुझ्थे । पछि मोतीबहादुर थापाले बुझ्ने गराएका हुन् । जोगीथुमका धने रानाले किम्ले, जोगीथुम, अर्खलेको तिरो बुझ्थे । कमानसिंह थापाले एक मोहर तिरो दबाएर खाएपछि राना र बस्नेतले मुख्येली गरेका थिए । अर्खले, लेख (कम्ले), जोगीथुम गरेर ४० कुरिया थिए । भाडगाउँको तिरो रेसुङ्गामा जान्थ्यो । अरू धैरेनीमा जान्थ्यो । बाग्लुङ् मालमा जग्गाको लगत हुन्थ्यो । गाउँका थरी, मुखिया, जिमुवाल भद्र भलाद्मी बसेर गाउँका सानातिना मुद्दा मिलाउँथे । दशरथ कुँवरले गाउँका मुद्दाहरू धेरै मिलाउँथे । कटुवालले घरैपिच्छे पाथी अन्न उठाउँथे । हाक हाली मान्छे जम्मा गर्थे ।

### १०. २०१७-१८ सालतिरका घटनाहरू पनि केही सम्झनुहुन्छ कि ?

❑ २०१७ सालमा नेपाली कांग्रेसको सरकारलाई राजा महेन्द्रले भङ्ग गरेपछि उथलपुथल भयो । २०१८ सालमा पद्मपाणि उपाध्याय पन्थी, खिलध्वज थापा आदिले रातभरि नेपाली कांग्रेसको पर्चा लेखेर बाँड्ने, ठाउँठाउँमा पठाउने गर्थे । २०१८ सालमा खिलध्वजको जागिर गयो । पद्मपाणि उपाध्यायलाई दैनिक अड्डामा हाजिर हुने गरी तारिख लगाइदिए । अर्खलेमा हवलदार गोविन्दबहादुर दर्लामीलाई घरमै गोली हानेर मारे । अमरपुर चोरकाटेमा शम्शेरबहादुर खत्रीसमेतका मान्छेलाई मारेर टाउको काटेर यही अर्खलेको बाटो तम्घास चिदीचौरमा ल्याई घुमाए । यस्ता घटनाहरूको सम्झना छ । पछि विस्तारै सबै परिस्थिति शान्त हुँदै गयो ।

### ११. राजनीतितिर पनि तपाईंले केही काम गर्नुभयो कि ?

❑ गाउँमा परिआएका काम गर्दा गर्दै समाजले जताततै खोज्दो रहेछ । गाउँमा कृषि समूह, भैंसी समूह, वन समूहमा काम गर्दागर्दै भुल्के-डाँडाखर्क सिंचाइ कुलोको अध्यक्ष भएर काम गर्नुपर्‍यो । राँगा, औषधि वितरण गर्न थालियो । पद्मपाणि उपाध्यायलाई अध्यक्ष बनाएर जोगीथुमको भगवती मन्दिरमा सदस्य भएर धेरै बर्षसम्म काम गरियो । पञ्चायत घर बनाउन पनि सदस्य भएर काम गरैं । मैले अर्खले गाउँपञ्चायतको २ नं. वडाको अध्यक्ष भएर २०-२५

वर्ष काम गरें । नेपाली कांग्रेसको गाउँ विकास समितिको सभापति भएर १५ वर्ष काम गरें । स्कूलको व्यवस्थापन समितिमा बसेर ५ वर्ष काम गरें । बुद्ध मा.वि.मा रू.१० हजारको अक्षयकोष राखें । सामुदायिक वनबाट स्कूललाई रू.४ लाखको सहयोग उपलब्ध गराइयो । राजनीति भने पनि समाजसेवा भने पनि गाउँमा यस्तै काम गर्दै आइएको छ । हाम्रो समूहबाट जम्मा गरेको केही पैसा अझै बैङ्कमा छ । जोगीथुमको भगवती मन्दिरलाई सहयोग गर्ने विचार छ । ३ बहिनी देवीहरूमध्ये जोगीथुमकी जेठी, धागिथुमकी माहिली र अर्जुनकी कान्छी देवी भनिन्छन् ।

**१२. तपाईं भजनकीर्तनका काममा पनि लाग्नुभयो कि ?**

❑ हामीलाई सानैमा व्रतबन्ध गरिदिएपछि नुहाइधुवाइ गर्ने, मन्त्र जप्ने, पूजागर्ने, धूपबत्ती गर्ने, खान नखाने कुरामा विचार गर्ने जस्ता नियममा बस्नु पर्ने कुराहरू सिकाइएका थिए । अइनो र चुलो छुट्टै बनाई भान्सामा जाँदा धोती फेरेर जानुपर्थ्यो । मगरहरूले दाल, भात, ढिडो उपाध्याय बाहुनबाहेक अरू जैसी बाहुनले पकाएको पनि खादैनथे । सिञ्जाली मगरहरूले हामीलाई यता ढिंडो पकाउँदै छौं नआऊ भन्थे । सबै आ–आफ्ना स्थिति नीतिमा बसेका थिए । म आज पनि आफ्नै धर्मकर्म नीति नियममा बसेको छु । हामीले सत्सङ्ग गर्न अर्खलेको पौवामा अद्वैत संस्थाको शाखा खोलेका थियौं । बुढारे कान्छबा (पुण्यप्रसाद पन्थी त्यसको अध्यक्ष हुनुहुन्थ्यो । चिरञ्जीवी मरासिनी तम्घासको अद्वैत संस्थाको अध्यक्ष भएर त्यहाँ जान थाल्नुभएपछि हाम्रो सत्सँगको परम्परा घट्यो । भजन कीर्तनमा म पनि सम्मिलित हुन्थें । दानबहादुर थापा, भीमबहादुर थापा, लोकनाथ गौतम, रेसौराज आचार्य, हरिलाल आचार्यसमेत भएर भजन गाउने गरिन्थ्यो । ठाडापाटे, जहरारुखे भण्डारीहरूको पनि एउटा टोली थियो । रामायण, कृष्ण चरित्र, ध्रुव चरित्रकै कथालाई भजनमा गाउने गरिन्छ । पहिला आरतीबाट भजन शुरू गरी रातभरि भजन नाच गरेर बिहान भिम्मलु गाएपछि महिलाहरूले दैलो कुचो गर्थे । भजनमा जस्तै फागुमा पनि सबै थरी मान्छे मिलेर पूजा गराउने, फागु गाउने गर्थे । पन्थी, पाण्डे, गौतम, भण्डारी, थापा, कुँवर, दर्लामी, चुँदारा, कामी, दमाई, आदि सबै जम्मा भएर नाच्ने, गाउने, बजाउने, धुपधजामा लिङ्गो लगेर चौरमा गाड्ने, फागु पूर्णिमामा चीर पोल्ने, प्रतिपदामा धूलो उडाउने, अबिर लगाउने रङ्ग छर्ने कृष्णचरित्र, रामायणमा आधारित फागु गाउने, खुदे पानी खाने खुवाउने गरेर निकै रमाइलो गर्थे । तीजमा पनि महिलाहरू चउरमा जम्मा भएर गाउने, नाच्ने गर्थे ।

अहिले त पुराना चलन सबै हराउन थाले । पुराना हराउने नयाँ आउने गर्न थाले । अहिलेका गीत पनि भाका पनि सबै ठाडा र छाडा छन् ।

**१३. तपाईं डोकोमा नुन बोक्न बटौलीतिर पनि हिंड्नुभयो ?**

❑ म त नुन लिन बटौली १३ वर्षको उमेरदेखि हिड्न थालेको हुँ । बटौलीबाट नुन लिन जाँदा आउँदा आठ नौ दिन लाग्थ्यो । घ्यू, गाँजा बोकेर गइन्थ्यो । एक हाप घ्यूको ७ मोहर पर्थ्यो । त्यसबेला घ्यू मोहर मानो थियो । एक रूपैयाँको ३ पाथी नुन आउँथ्यो । २ रूपैयाँको नुन लिएर म फर्कन्थें । नून लिन जाने २०,२५,५० जनाको डफ्फा हुन्थ्यो । एक दिनका दिन काँडेवास, सुखौरा पुगिन्थ्यो । पुस माघका समयमा खेतका गरामा बास बसिन्थ्यो । दोस्रो दिन खिर्राबास (ढाँड खिदिमपारि), नरेनेटा गलाङ्सेमा बास बसिन्थ्यो । तेस्रो दिन दोभान पुगेर चौथो दिन १०-१२ बजे खालि खुट्टा विना जुता तिनाऊ खोलैखोल हिडेर १०-१२ बजे बटौली पुगिन्थ्यो । त्यसबेला बटौलीमा ५० रूपैयाँमा घडेरी पाइन्थे । मैले ५-६ वर्ष त्यहाँ दूकान पनि गरें । चैतमा बिरामी परियो । वाक्ने, छेर्ने, हैजा लाग्ने भएर मान्छेहरू मरेको देखियो । दुई जना दोभान खोलामा मरेको देखियो । बस्न नसक्ने भएर म फर्केर आएको हुँ ।

**१४. तपाईंले भूत लाग्ने छल्ने कुरा पनि थाहा पाउनुभयो ?**

❑ मैले त प्रत्यक्ष त्यस्तो केही देखिन, भोगिन । हाम्रा बुढा पाकाको पालामा डाँडाखर्क कोलटारीका पन्थी बटौली नुन लिन जाँदा भूतले भारी बोकेर आउने र तेल मागेर लट्टामा लगाउने गर्थ्यो रे । पन्थीहरूले ओदान तताएर दिएपछि अब कहिल्यै आउन्न भनेर गएको हो भन्ने सुनेको थिएँ । साहिंला थापा दानबहादुरको छोरो यमबहादुर एक डेढ वर्षको हुँदा बुढाबुढीका बीचमा सुतेको बेला रातिमा अचानक हराएछ । १२-१ बजे जागेर हेर्दा काखमा नभेटिएपछि हल्लाखल्ला गरी यताउति खोज्दै जाँदा घरबाहिर १००-१५० हात पर तगारोमा क्याँ क्याँ गरी रोइरहेको भेटाएछन् । हल्ला गरेको सुनेर हामी त्यहाँ जाँदा यस्तो भयो भनी सुनाउँथे । भूतबारे मैले सुने देखेका यिनै दुईवटा घटनाहरू हुन् ।

**१५. आजका मान्छेलाई सुन्दा अचम्म लाग्ने र तपाईंले भोगेका अरू केही कुरा छन् ?**

❑ तपाईंले सोधेका धेरै कुरा मैले भनें । सानातिना कुरा सुनाइसाध्य छैन । जीवनमा मान्छेले धेरै कुरा भोग्दो रहेछ । अब भोगेर सबै सकियो । बूढो भएपछि शरीरलाई केही दुःख त हुन्छ । मनलाई आनन्द छ । चाहना केही छैन । आफ्नो धर्म पालना गर्ने, ईश्वर मान्ने गर्नुपर्छ । हामी ईश्वरकै खटनपटनमा छौं । हामीले चाहेर मात्र केही हुँदैन । मेरो कुरा यत्ति हो ।

ooo

पुस्तकालय परिचय

# ज्ञानज्योति पुस्तकालय, बुटवल

✍ **प्रकाश सुवेदी**
**पुस्तकाध्यक्ष**
**ज्ञानज्योति पुस्तकालय, बुटवल**

पुस्तक र आलय दुई शब्दको संयोगबाट 'पुस्तकालय' शब्द बनेको छ । यस शब्दको शाब्दिक अर्थ पुस्तकहरूको घर वा पुस्तकहरूको सङ्ग्रह हो । के पुस्तक सङ्ग्रह पुस्तकालय हो त ? भन्दा निश्चिय पनि होइन बरू पुस्तकालय भन्नासाथ ज्ञानविज्ञान, साहित्य र कला आदिको भण्डार भएको सबैको निम्ति ज्ञान आर्जनको उपयोगी स्थल हो, भन्न सकिन्छ । मुनाफा कमाउनका लागि व्यापारिक दृष्टिको बिक्री केन्द्रका रूपमा राखेका पुस्तकका संग्रहहरू पुस्तकालय होइनन् । अतः पुस्तकालय भन्नासाथ पाठकहरूको माग र इच्छाअनुसार सन्दर्भ सामग्रीहरू सङ्गठित एवं व्यवस्थित रूपमा रहेको स्थल नै पुस्तकालय हो भन्न सकिन्छ ।

मानिस एक विवेकशील प्राणी भएकोले बाँच्नको लागि खाना र नानाको आवश्यकता परे जस्तै ज्ञान र चिन्तनको आवश्यकताले गर्दा लिपिको आविष्कार भई बोलीचालीमा सीमित भाषाले लेख्य रूप लिन पुग्यो । ज्ञानविज्ञानलाई एक पुस्तादेखि अर्को पुस्तासम्म जोगाइ राख्न लिपिले ठूलो मद्दत गर्‍यो । विस्तारै हस्तलिखित ग्रन्थ सङ्कलित हुँदै जाँदा पुस्तकालयमा परिणत हुन पुग्यो । मानवसभ्यताको उषा कालदेखि नै पुस्तकालयको महत्त्व रहँदै आएको कुरा विश्वका कतिपय प्रसिद्ध पुस्तकालयहरूले बताइरहेका छन् । नेपालमा पनि केहीं संकलित शैक्षिक सामग्रीहरूलाई पुस्तकालयको तहबिलको नामकरण गरी वि.सं.१८६९ साल भाद्र १५ गते श्री ५ गीर्वाणयुद्ध वीरविक्रम शाहदेवले लालमोहर जारी गरी एकजना तहबिल र दुई जना टहलुवाको व्यवस्था गरी पुस्तकालयको शुरूवात गरेको पाइन्छ । पहिलेदेखि नै पुस्तकालय खुलेको कुरा उल्लेख भएको पाइन्छ । पुस्तकालयको आकृति र प्रकृति सम्पन्नता देखिए पनि सबै पुस्तकालयको उद्देश्य ज्ञानको स्रोत र साधन रहनु नै हो ।

पश्चिमाञ्चल विकास क्षेत्रको प्रसिद्ध व्यापारिक एवं औद्योगिक नगरी बुटवल-१०, गोकुल पथमा कुशलप्रताप सेनज्यूको घरमा वि.सं. २०४३ वैशाखमा सार्वजनिक पुस्तकालयको रूपमा ज्ञानज्योति पुस्तकालय स्थापित भएको हो । यसका संस्थापक सदस्यज्यूहरू श्रीमती राधा ज्ञवाली, शान्तराम गिरी, बाबुराम आचार्य, कुशलप्रताप सेन, भेषराज पौडेल, टीकाराम घिमिरे, खिमलाल गिरी, सुरेश

गौतम, गोपालमणि गौतम, तेजप्रसाद कंडेल, बाबुराम आचार्यलगायतका व्यक्तिहरूको पहलमा ज्ञानज्योति पुस्तकालयको स्थापना गरिएको हो ।

केही समयसम्म सोही स्थानमा सो पुस्तकालय सञ्चालनमा आए तापनि विविध समस्याका कारण सो पुस्तकालयका पुस्तकहरूलाई **R.R.W.P.**को भवनमा राखियो । वि.सं.२०५० सालमा पुस्तकालयको नयाँ कार्य समितिको गठन भयो । श्री टीकाराम घिमिरे अध्यक्ष रहेको सो कार्य समितिमा उपाध्यक्ष पुरुषोत्तम कंडेल, सचिव अजित खनाल, सह-सचिव नवीन पोखरेल, कोषाध्यक्ष टुकबहादुर क्षत्री, सदस्यहरूमा तेजप्रसाद कंडेल, बाबुराम ढकाल, खेम खाम्चा, नुरदेव खनाल, प्रदीप थापा,गोपालमणि गौतम रहनुभएको थियो । **R.R.W.P.** ले केही महिनापछि त्यहाँ पनि पुस्तकालय राख्न अनुमति नदिएकाले त्यहाँबाट स्थानीय समाजसेवी श्री रामकुमार के.सी.को घरमा पुस्तकालयलाई सार्ने काम गरियो। पुस्तकालयको सञ्चालनका लागि गठित कार्य समितिले पुस्तकालयलाई जुन रूपमा अगाडि लैजानुपर्ने हो सो हुन नसकेका कारण पुस्तकालय प्रभावकारी रूपमा सञ्चालन हुन सकेन । कार्य समितिका सदस्यहरूको व्यक्तिगत व्यस्तता, पुस्तकालयमा नियमित आर्थिक स्रोतको अभाव आदिका कारणबाट पुस्तकालयको अवस्था दिन प्रतिदिन जीर्ण हुँदै गयो । पुस्तकालयको बिग्रदै गएको अवस्थालाई सुधार्ने उद्देश्यले वि.सं. २०४७ ज्येष्ठ ३० गते श्री मोतीराज ज्ञवालीज्यूको अध्यक्षतामा ज्ञानज्योति युवा क्लबको गठन भयो । उक्त क्लबका उपाध्यक्ष स्व.रामकृष्ण कंडेल, सचिव जगदीश भण्डारी, सहसचिव प्रमोद थापा, कोषाध्यक्ष टुकबहादुर क्षत्री र सदस्यहरूमा बाबुराम आचार्य, रवीन्द्र कंडेल, माधव नेपाल, सुन्दर थापा, कृष्ण तिमिल्सिना, प्रेम फौजदार हुनुहुन्थ्यो । यो कार्य समितिले करिब २ वर्षसम्म पुस्तकालयलाई विभिन्न स्रोत जुटाएर व्यवस्थित रूपमा सञ्चालन गर्‍यो । तर कालान्तरमा यो क्लबका पदाधिकारीहरूको आफ्नै कार्य व्यस्तताले पुनः पुस्तकालयको गतिविधिमा अवरोध देखिएकाले वि.सं.२०५० सालमा पुनः नयाँ कार्य समितिको गठन गरियो । श्री टुकबहादुर क्षत्रीको अध्यक्षतामा गठित सो कार्य समितिमा उपाध्यक्ष मेजन पुन, सचिव ओम सापकोटा, सहसचिव प्रमोद थापा, कोषाध्यक्ष लालहरि पाण्डे, सदस्यहरू विनोद थापा, माधव घिमिरे, विश्व घिमिरे, कृष्ण सापकोटा, दिलीप सापकोटा आदि रहनुभएको थियो । सो कार्य समितिले पुस्तकालयलाई माथि उकास्न थुप्रै जनचेतनामूलक कार्यक्रमहरू, सरसफाइ कार्यक्रम, खेलकूद कार्यक्रमहरू सञ्चालन गर्‍यो । पुस्तकालयको अन्य कुनै पनि आयस्रोत नभएकाले सो कार्य समितिले प्रत्येक वर्ष दीपावलीमा देउसी भैलो खेली सङ्कलन भएको रकमबाट पुस्तकालयका सम्पूर्ण गतिविधिहरूलाई अगाडि बढाउने काम गर्‍यो । उक्त कार्य समितिले श्री ज्ञानज्योति पुस्तकालयको इतिहासमै सबैभन्दा उत्कृष्ट कार्य गरेर पुस्तकालयलाई जनमानसमा चिनाउने कार्य गर्‍यो । वि.सं.२०५३ सालतिर सो कार्य समितिमा

पनि केही विचलन देखापर्‍यो र पुस्तकालयको गतिविधिमा अवरोध देखापर्‍यो । पुस्तकालयको नियमित स्रोतको भवनको अभावका कारणले पुस्तकालयको अवस्था दिन प्रतिदिन दयनीय हुँदै गयो । वि.सं. २०५५ सालसम्म स्थानीय समाजसेवी सु. डम्बरबहादुर क्षत्रीज्यूको घरको सटरमा पुस्तकालयलाई अति न्यूनतम भाडा तिरी राख्ने काम भयो । स्थानीय युवाहरूले स्वयम्सेवकको रूपमा पुस्तकालयलाई भवन निर्माण गर्न रू.५०,०००/- (रू.पचास हजार रूपैयाँ मात्र) प्रदान गर्ने वचनबद्धताका साथै पुस्तकालयलाई भवनको लागि जग्गा खोज्ने काम प्रारम्भ भयो । श्री टुकबहादुर क्षत्रीज्यूको लामो प्रयासपछि सुकुम्बासी आयोगबाट बुटवल-०८ (साविकको बुटवल-१०), मिलनपथमा करिब ५ धुर जग्गा ज्ञानज्योति पुस्तकालयलाई प्राप्त गरियो । सोही स्थानमा पुस्तकालय भवनको शिलान्यास कार्य मिति २०५४/७/११ गते तत्कालीन नगरप्रमुख श्री भोजप्रसाद श्रेष्ठको करकलमबाट सुसम्पन्न भयो । शिलान्यास भइसके तापनि भवन निर्माण कार्य ठूलो चुनौतीपूर्ण रह्यो ।

भवन निर्माण कार्य सम्पन्न गर्न श्री टुकबहादुर क्षत्रीको अगुवाइमा पुस्तकालयका पदाधिकारीज्यूहरू शुभचिन्तकहरूको अहोरात्र खटाइबाट करिब ४ लाख १२ हजार रकम चन्दा संकलन गरी करिब ४ लाखको लागतमा पुस्तकालय भवन निर्माण गरियो । सो रकम प्रदान गर्नमा बुटवल नगरपालिका र स्थानीय सुख्खानगरका बासिन्दाहरूको ठूलो योगदान रहेको छ । जसमध्ये स्थानीय समाजसेवी ऋषिराम ज्ञवालीको योगदान यस पुस्तकालयको इतिहासमा सधैं स्मरणीय रहनेछ ।

वि.सं.२०५७ मा स्थानीय बासिन्दा नारायण पाण्डेका सुपुत्र गणेश पाण्डेको बसको ठक्करबाट मृत्यु हुन गयो । बस मालिकबाट क्षतिपूर्ति वापतको प्राप्त रकमबाट उहाँकै इच्छा र चाहनाअनुरूप पुस्तकालयको माथिपट्टि रू. २,००,०००/- (दुई लाख रूपैयाँ मात्र)को लागतमा गणेश स्मृति कक्ष निर्माण गरिएको छ ।

ज्ञानज्योति पुस्तकालयमा विद्यार्थी, शिक्षाप्रेमी, समाजसेवी र अन्य स्थानीय व्यक्तिहरू पाठकका रूपमा नियमित र दैनिक आउने गर्दछन् । यस पुस्तकालयको स्थापनाले स्थानीय बासिन्दाहरूमा शिक्षाप्रति उत्साह र जाँगर बढेको कुरा स्थानीय बासिन्दाहरूले महसुस गरेको पाइन्छ ।

यस पुस्तकालयको पहलमा सहरिया बालबालिकाहरूलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिदै आइएको छ, साथै सरसफाइ कार्यक्रम, छात्रछात्राहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, खेलकुद प्रतियोगिता, चित्रकला प्रतियोगिता, कविता वाचन प्रतियोगिता, रामायण वाचन प्रतियोगिता र प्रौढ शिक्षा आदि पनि सञ्चालन गरिदै आइएको छ ।

यस पुस्तकालय भवनमा ज्ञानविज्ञान, कला, साहित्य तथा समालोचनाका ग्रन्थ, पर्यटन, सञ्चार, समाजशास्त्र आदि विधाका करिब तीन हजार जति पुस्तकहरू रहेका छन् । बुटवल नगरीबाट प्रकाशित हुने सबै दैनिक पत्रिकाहरू यस पुस्तकालयमा नियमित रूपमा आउने गर्दछन् ।

विगतमा पुस्तकालयको आर्थिक स्रोत जुटाउन देउसी, भैलो, चन्दा जस्ता क्रियाकलापमा सीमित रहनु पर्‍यो । तर, देशमा सृजना भएको असहज परिस्थितिले गर्दा सो पुस्तकालयको लागि आर्थिक स्रोत जुटाउन अति नै कष्टकर भएकाले पुस्तकालयको पहिलो तल्लामा सत्यवती बचत तथा ऋण सहकारी संस्थालाई भाडामा दिई पुस्तकालयको दैनिक खर्च जुटाउन बाध्य हुनुपरेको छ ।

## E-Library

यो पुस्तकालयलाई प्रभावकारी बनाउन धेरै प्रयासहरू भइरहेका छन् । तर पनि पर्याप्त पाठकहरूको अभावले गर्दा पुस्तकालयले आफ्ना सम्पूर्ण गतिविधिहरूलाई थप प्रभावकारी बनाउन नसकिएको अवस्था छ । पाठकहरूको संख्यामा वृद्धि गराउन पुस्तकालयलाई २०७४ देखि e-library को रूपमा विकास गरिएको छ । विभिन्न शिक्षण संस्थाहरूबाट प्राप्त भएका १० थान कम्प्यूटरबाट e-library संचालन गरी सेवा प्रदान गरिएको छ ।

के हो ? त e-library भनेको एउटा विशेष पुस्तकालय हो जहाँ कम्प्यूटर र इन्टरनेटको माध्यमबाट पाठकले विभिन्न शैक्षिक सामग्रीहरू प्राप्त गर्न सक्दछ । कुनै अनुसन्धान, अध्ययनका लागि आवश्यक सामग्रीहरू पाठकले कम्प्यूटर र इन्टरनेटको माध्यबाट सहजै प्राप्त गर्न सक्नेछन् र आफ्नो अध्ययनलाई प्रभावकारी बनाउनेछन् । e-library मार्फत हाम्रो पुस्तकालयमा सयौं पुस्तकहरू, म्यागेजिन्सहरू, जर्नलहरू उपलब्ध भएका र Latest पुस्तकहरूको माध्यमबाट BBA, BBS, MA, MBS, MSC नर्सिङ्गका विद्यार्थीहरूका साथै विद्यालयमा अध्ययनरत सम्पूर्ण तहका बालबालिकाहरू लाभान्वित हुनसक्ने अवस्था छ । विद्यार्थीहरू मात्रै नभई विभिन्न विद्यालय, कलेजहरूमा अध्यापन गर्ने शिक्षकहरू पनि यसबाट लाभान्वित भएका छन् ।

### वर्तमान समयमा देखिएका चुनौतीहरू :-

- लाईब्रेरियन र सह-लाईब्रेरियनका लागि पारिश्रमिकको व्यवस्था गर्न समस्या रहेको ।

- पत्रपत्रिकाहरूको हकमा स्थानीय पत्रपत्रिकाहरू प्रकाशकहरूको सहयोगबाट उपलब्ध गराइएको तर राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूको निरन्तरताका लागि उचित नेटवर्क र कम्प्यूटर मर्मत संभारका लागि आर्थिक अभाव रहेको ।
- पुस्तकालयमा पुस्तक ऱ्याकको कमी रहेको ।
- पुस्तकालयमा समय सन्दर्भअनुरूपका पाठ्यपुस्तकहरू खरिद गर्न आवश्यक आर्थिक पहुँच नरहेको ।
- आर्थिक अभावका कारण पुस्तकालयमा वर्षेनी इन्टरनेटको व्यवस्थापनमा समस्या रहेको ।
- पुस्तकालयको योजनाअनुरूप वार्षिक रूपमा मनाउँदै आएका दिवसहरूमा कार्यक्रम सञ्चालनका लागि विभिन्न व्यक्ति तथा संघ-संस्थाहरूमा अनुरोध गर्दै चलाउनु पर्ने बाध्यात्मक अवस्था रहेको,
- पुस्तकालयको छतमा आ.व. २०७६/२०७७ मा ट्रस निर्माण गरी हल निर्माण गरिएको तर त्यसको उचित व्यवस्थापन हुन नसकेकाले पुस्तकालयको नियमित बैठक सञ्चालन, पुस्तकालय सेवा क्षेत्रभित्रको नियमित बैठक बस्ने स्थानमा समस्या आइपरेका कारण फलसिलिङ्ग, बिजुली, टेवल कुर्सीको व्यवस्था मिलाउनु पर्ने देखिए तापनि आर्थिक समस्या रहेको ।
- पुस्तकालयको पाठक अध्ययन कक्षमा शौचालयको अभाव रहेकाले १ शौचालयको व्यवस्था गर्नुपर्ने देखिएको ।
- पुस्तकालय भवनको मर्मतसंभार तथा तत्काल रङ्गरोगन गर्नुपर्ने अवस्था देखा परेको ।
- पुस्तकालयले सञ्चालन गरेको अक्षयकोष वृद्धिमा समस्या ।
- पाठकहरूको मागअनुरूप सन्दर्भ-पुस्तकहरूको व्यवस्थापन गर्न कठिन रहेको ।

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# एघारौं लोकवार्ता सम्मेलन

"हाम्रो परम्परा; हाम्रो पहिचान" भन्ने मूल मन्त्रलाई स्वीकार गरी लोकवार्ता परिषद् नेपालले नेपालका संस्कृति, लोक साहित्य, मौखिक इतिहास, किंवदन्ती, पुरातात्त्विक सम्पदा जस्ता पुर्खाले आर्जन गरेको ज्ञानको अध्ययन, अनुसन्धान गर्दै र यिनको संरक्षण र संवर्धनार्थ अभियान चलाउँदै आइरहेको छ । यसै सन्दर्भमा परिषद्द्वारा किरण पुस्तकालय, गुल्मीको संयोजनमा २०७९ फागुन ८ र ९ गते गुल्मीको रिडी र तम्घासमा ११ औं लोकवार्ता सम्मेलन भव्य रूपमा सम्पन्न गरियो ।

गुल्मी क्षेत्र नं.२/२ का प्रदेश सभा सदस्य माननीय दिनेश पन्थीले समुद्घाटन गर्नुभएको सो सम्मेलन लोकवार्ता परिषद् नेपालका अध्यक्ष प्रा.डा. प्रेमकुमार खत्रीको अध्यक्षतामा आयोजना गरिएको थियो । सम्मेलनमा ११ औं सम्मेलनका संयोजक शशि पन्थीले स्वागत भाषण गर्नुभएको थियो भने परिषद्का महासचिव प्रा.डा. ध्रुव भट्टराईले सम्मलेनको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । दुई दिनसम्म सञ्चालन भएको उक्त सम्मेलनमा उद्घोषकको कार्य किरण पुस्तकालय व्यवस्थापन समितिका सदस्य गोपाल पन्थीले गर्नुभएको थियो । सत्य साइ केन्द्रका विद्यार्थीहरूद्वारा स्वस्तिवाचन गरी शुभारम्भ गरिएको सो कार्यक्रममा परिषद्का उपाध्यक्ष प्रा.डा. भवेश्वर पङ्नेनी, सल्लाहकार प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. कपिल लामिछाने, नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. माधवराज गौतम, परिषद्का सचिव मनोहर लामिछाने, कोषाध्यक्ष गायत्री पराजुली, सदस्यहरू प्रा.डा. धनेश्वर नेपाल, डा. मुकुन्द शर्मा, श्री प्रदीप प्रभा, श्री वीरबहादुर महत, नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ नर्मदेश्वरी सत्याल, प्रा. हुमकान्त पाण्डे, पत्रकार डिल्लीप्रसाद सुवेदी, कार्यपत्र प्रस्तोता श्री जीतबहादुर रायमाझी, श्री दिलविक्रम आङ्दम्बे, श्री तेजप्रकाश श्रेष्ठ, श्री चन्द्रकान्त आचार्य, प्रा.डा. श्री रामप्रसाद घिमिरे, डा. शशि थापा पण्डित, डा. कुलमान निरौला, श्री उत्तरकुमार पराजुली, श्री शिवशरण झवाली, श्री अर्जुन अर्याल, श्री गोपाल पन्थी, श्री दीन पन्थी, श्री शंकरप्रसाद गौतम, श्री भुवनप्रसाद अर्याल, श्री दधिराम शर्मा पङ्नेनी आदिको सहभागिता र कार्यपत्रहरूको प्रस्तुतिले गर्दा सम्मेलन उपलब्धिमूलक भएको धेरैले अनुभव गरे ।

उक्त सम्मेलनमा गुल्मी जिल्लाका राजनीतिक दलका प्रतिनिधिहरू, नगर तथा गाउँपालिकाका प्रतिनिधिहरू, विभिन्न कार्यालयका प्रमुखहरू, प्रशासनिक तथा सुरक्षा निकायका प्रमुखहरू, शिक्षण संस्था, सामाजिक संघ-संस्थाका प्रमुखहरूको विशेष उपस्थिति रहेको थियो ।

सो सम्मेलनलाई भव्य रूपमा सम्पन्न गराउने उद्देश्यले किरण पुस्तकालयले एक महिना अघिदेखि नै विभिन्न संघ-संस्था, सरकारी तथा गैरसरकारी निकायहरूसंग

बैठक बसी छलफल, अन्तरक्रिया, समिति, उपसमितिहरूको गठन र जिम्मेदारी हस्तान्तरण गर्ने कार्य गरेको थियो ।

सम्मेलनलाई सफल तुल्याउन रेसुङ्गा नगरपालिका, सत्यवती गाउँपालिका, रुरुक्षेत्र गाउँपालिका, गुल्मीदरबार गाउँपालिका, रेसुङ्गा संरक्षण समिति, अनटेस्ट युवा क्लब, धागिथुम भगवती मन्दिर व्यवस्थापन समिति, गुल्मी उद्योग वाणिज्य संघ, सत्य साई केन्द्र, नेवा खल, तम्घास, कालिका क्लब रेसुङ्गा वडा नं.-११, सिमीचौर, रेसुङ्गा नगरपालिका वडा नं.-१३, दुबीचौर, नेपाल बाल संगठन, गुल्मी, अर्खले भजन समूह, अर्खले फागुगान समूह, रेडियो समृद्धि, रेडियो रेसुङ्गा, बी.टी.भी., गोरखापत्र, राससका प्रतिनिधिहरू आदिको विशेष सहयोग रहेको थियो ।

लोकवार्ता सम्मेलनमा अर्घाखाँची सन्धिखर्क-५ निवासी मानकुमारी भुसाल र भूमिका स्थान-५ निवासी राधा, बेल्वासेबाट एकतारेको धूनमा रविकृत रामायण गान गरिएको थियो । त्यस्तै बालमन्दिरको प्राङ्गणमा धागिथुम भगवती मन्दिरको सराएँ नाच, नेवा खलको लाखे नाच, अर्खले भजन समूहको भजन र फागु नाच, कालिका क्लब सिमीचौरको कालिका नाच, दुबीचौरको घाटु नाच हाम्रो परम्परागत संस्कृतिका विशेष परिचायक बनेका थिए । उक्त सांस्कृतिक नाच, गान र भजन हेर्न, सुन्न सयौंको संख्यामा मानिसहरू उपस्थित भएका थिए । यस प्रकारको कार्यक्रम गुल्मीमा पहिलो पटक आयोजना गरिएको थियो । लाखे नाच, घाटु नाच, कालिका नाच, सराएँ नाच, फागु नाच, भजन, कीर्तन तत्तत् संस्था, क्लब, समिति र वडा कार्यालयको सहयोगमा प्रस्तुत गरिएको थियो भने मञ्च, माइक आदिको व्यवस्था अनटेस्ट युवा क्लबको तर्फबाट गरिएको थियो ।

गुल्मी जिल्लाको सांस्कृतिक पहिचान प्रस्तुत गर्न सहयोग गर्ने सबै संघ-संस्था र व्यक्तिहरूलाई किरण पुस्तकालय र लोकवार्ता परिषद् नेपालको तर्फबाट सम्मानपत्र प्रदान गरिएको थियो ।

सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रहरू पुस्तकाकार रूपमा परिषद्ले एक वर्ष भित्रैमा प्रकाशनमा ल्याउने कुरा परिषद्का अध्यक्ष प्रा.डा.प्रेमकुमार खत्रीले जानकारी गराउनुभएको थियो । परिषद्ले हालसम्म प्रकाशित गरेका कृतिहरू किरण पुस्तकालय र रेसुङ्गा बहुमुखी क्याम्पसको पुस्तकालयमा उपलब्ध छन् ।


लोकवार्ता परिषद्को एघारौं सम्मेलन पाल्पा, गुल्मी र अर्घाखाँचीमा २०७९ फागुन ६ गतेदेखि ११ गतेसम्म २/२ दिन गरी सम्पन्न भयो । प्रत्येक ३ जिल्लामा त्यहाँको स्थानीय विशेषता भएका कार्यपत्र र सांस्कृतिक झलकहरूलाई विशेष प्राथमिकता दिएर प्रस्तुत गरिएको थियो ।

**- सचिव**

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. तेल भिसा




शब्दहरू अविराम यात्रामा (संयुक्त कविता-संग्रह) २०५७ बाट पहिलो कृति लिएर उदाएका सुरेन्द्र अस्तफलको पाँचौ कृति 'तेल भिसा' अकिञ्चनको हातमा परेको छ । पछिल्लो समयमा छोराबुहारी विदेश गएर सन्तान जन्माएपछि बुहारी र नवजात शिशुको हेरचाहमा आमाबाबुहरू केही समयका लागि विदेश जाने संस्कारजस्तै बनेको अवस्थालाई चित्रण गरेर राखिएको प्रस्तुत शीर्षकको यस संग्रहभित्र उनन्पचासवटा कविता छन् ।

यस संग्रहका कविताहरूमा जीवन भोगाइका विविध पक्ष, युगबोध, प्रणयचेत, अस्तित्वबोध, विसंगतिबोधका साथै युवापुस्ता विदेशिने प्रवृत्तिका आवाजहरू व्यक्त भएका छन् । कविले कतै राष्ट्रियताको रक्षाका लागि खबरदारी गरेका छन् भने कतै कविले बसाइसराइबाट आफ्नो जन्मभूमि बिर्सन खोज्ने पुस्तालाई सचेत बनाएका छन् ।


**ठिक भनिस् साहिँला**
**आखिर माया र पानी**
**तलतलै बग्छन् नि !**
**मूललाई बिर्सेर कहिल्यै**
**तलतलै मात्रै नबगेस् जीवनमा**

यो अत्यन्त वास्तविक र जीवन्त चित्रण हो । आत्मबोध, निर्णय, कात्रो, अस्तु बनेपछि, तीर्थ नै अस्पताल जस्ता कविताहरूमा जीवनका यथार्थ पक्ष र शाश्वत सत्यको उद्घाटन गरिएको छ भने अन्य कविताहरूमा जीवनका विविध पक्षहरूलाई जीवन्त चित्रण गरिएको छ । नेपाली कविताको इतिहासमा समसामयिक धाराका उत्कृष्ट कविताको रूपमा सुरेन्द्र अस्तफलका कविताहरू रहेका छन् ।

अतः अस्तफलले प्रस्तुत संग्रहमा नेपाली युगजीवनका यथार्थ पक्षको जीवन्त चित्रण गरेका छन् । कृति सानो भैकन पनि नेपाली समसामयिक परिवेशको

जीवन्त चित्रण गर्न कृति सफल छ । अस्तफलको सिर्जना-शक्ति अझ विश्व-जीवनका विविध पक्ष पनि समेट्न सफल बनोस् शुभकामना ।

## २. छोरीले जन्माएका आमाहरू





मञ्जु थापाको परिकल्पना/संयोजन एवं जयदेव गौतमको सम्पादनमा १२ वटी छोरीहरूले आफ्ना ममतामयी आमाहरूलाई शब्दचित्रमा उतारेका हुनाले प्रस्तुत कृतिको नाम 'छोरीले जन्माएका आमाहरू' राखेर प्रकाशित गरिएको छ। जयदेव गौतमको सम्पादनमा सम्पादित प्रस्तुत कृतिमा शान्तिदेवी गुरौ, राधा कँडेल, मनमाया बस्नेत, ईश्वरादेवी थापा, जया घिमिरे, दुर्गा पोखेल, निर्मला आचार्य, पमकुमारी बस्नेत, याममाया विश्वकर्मा, राधा पौडेल, लक्ष्मी देवी राई, सरिता तामाङसमेत गरी बाह्रवटी आमाहरूका प्रेरणादायी जीवन समावेश छन् ।

लेखक छोरीहरूले वात्सल्य मयी आमाहरूप्रति अत्यन्त आदरभावका साथ खोजीबिन गरेर विभिन्न विशेषण दिँदै शीर्षक दिएका छन् । कतै आमाप्रतिको सम्झना वा स्मृतिका सन्दर्भहरू छन् । कतै आमाहरूका संघर्षका कथाहरू छन् त कतै बालविवाहको चपेटामा परेका कथा व्यथाहरू प्रस्तुत भएका छन् । तनुजा पोखेलले भने आमाको मृत्युको शून्यतालाई आह ! कुन शून्यमा हराउनुभयो आमा ?' भन्दै दुःखको अभिव्यक्तिमा पनि खुशी बोधक 'आह !' शब्दलाई छनौट गरेकी छन्।

पुरुषप्रधान हाम्रो समाजमा रातौं दिन घरेलु श्रममा जोतिने आमाहरूको श्रमप्रतिको अवमूल्यन हुने कुरा अद्यावधि छ । वात्सल्यमयी माताहरूको निःस्वार्थ सेवा र बलिदानीपूर्ण भावनाले हरेक समाज सिञ्चित छ तर यसको मूल्य कहीं कतै पाइँदैन । जननीहरूका यिनै संघर्षका गाथाहरू गाउँदै छोरीहरूले आफ्ना आमाहरूलाई समाजमा चिनाएका छन् । आमाहरूलाई जन्म दिएका छन् । यही अर्थमा प्रस्तुत कृतिको काम अनुसारको नाम रहेको छ । यस कृतिका छोरीहरूले जस्तै अन्य छोरीहरूले पनि आमाहरूलाई चिनाउन सके आमाहरूको ऋण तिरिने थियो । यो कृति हरेक छोरीहरूका लागि प्रेरणादायी बन्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

## ३. सेतो सुनखानी




स्याङ्जाली उदीयमान युवा प्रतिभा शम्भु अर्यालको कविता-संग्रह सेतो सुनखानी भर्खरै अकिञ्चनको हातमा परेको छ । आफ्नो प्यारो आँधिखोला शीर्षक दिएर आरम्भ गरिएको प्रस्तुत कविता-संग्रहभित्र ४१ वटा लामा छोटा कविताहरू छन्।

यस संग्रहभित्रका कविताहरूले कतै परदेसिएका छोराहरूलाई स्वदेशमै बस्न आग्रह गरेका छन् भने कतै गृहस्थी जीवन बिताइरहेका बाबुका कथाव्यथाहरू ओकलेका छन् । कवि कतै देशको शासनसत्ताप्रति आक्रोशित बनेर भावना व्यक्त गर्न पुगेका छन् भने शासनसत्ताले जनताहरूमा ल्याएको निराशा र कुण्ठा व्यक्त गर्दै आमासित 'यस पटक भोट हाल्दिनँ आमा' भन्न पुगेका छन् । खलासी जस्ता निम्न वर्गीय व्यक्तिका विवशता र पीडाहरूलाई पनि कविताको माध्यमबाट चित्रण गरिएको छ । देशमा रोजगारीका अवसरहरू नपाएर विदेसिएका युवा पुस्ता र बुढेसकालमा साह ारा गुमाएका आमाहरूको विलाप साँच्चै आँखा रसाउने प्रकृतिको छ । साहारा ठानेर हुर्काएका सन्तति आज आफू अशक्त हुँदा पनि ती छोराहरूको साहारा नपाएकी आमाको रोदन ।

बाबु ! आइदेऊ न तिमी
त्यागेर ती भोकहरू
सम्झेर आफ्नै मझेरीका रोगहरू......
समीप छैनन् तिम्रो कोखभन्दा
आफ्नै जननीका शोकहरू ......
(आमा:४५)

त्यस्तै निरंङ्कुश लोकतन्त्र कवितामा आमाकै माध्यमबाट कवि गंगा पात्रलाई यसरी सुनाउँछन् :

..............................


दिन्छ त केवल
कलम समाउने हातलाई बन्दुक

बुद्धको तपोभूमिमा बम
शिवको तपोवनमा नालको अभ्यास
अनि दिन्छ
संहारकर्तालाई रिमोट
पालनकर्तालाई ठिङ्गुरा
..............................(निरङ्कुश लोकतन्त्र ६०/६१)

खोज्दै जाँदा यस संग्रहभित्रका कवितामा त्यत्तिकै दमदार प्रस्तुति पाउन सकिन्छ । व्यावहारिक पक्षका धेरै कुराहरू कविताभित्र समेटिएका छन् । हरेक कविताले समसामयिक युग जीवनका विविध पक्षलाई समेट्ने प्रयास गरेका छन् । कविका साधनाले निरन्तरता पाएमा भविष्यका आशलाग्दा स्रष्टाका रूपमा शम्भु अर्याललाई देख्न सकिन्छ ।

## ४. प्रिय दुश्मन

प्रस्तुत शृङ्खला कविता स्याङ्जाली कवि मिलन समीरद्वारा रचित एउटै शीर्षकका ३१ वटा शृङ्खलामा तयार पारिएको कृति हो । दुश्मनलाई प्रिय ! शब्दले सम्बोधन गरेर फरक ढाँचामा तयार पारिएको प्रस्तुत शृङ्खलाभित्रका कविताहरूले अप्रिय कुरालाई पनि प्रेमको आँखाले हेर्दै भाव व्यक्त गरेका छन् ।




दुश्मन बाँच्नाले आफ्नो खेदो खन्ने कार्यले निरन्तरता पाएको र आफू उसको माध्यम बन्न सकेको प्रसङ्गबाट उठान गरिएको प्रस्तुत शृङ्खलाभित्र निरन्तर अगाडि बढेर जिन्दगीको यात्रा क्रमको अन्तिम गन्तव्य चिहान हो भन्ने सन्दर्भ सहित यो कविताको शृङ्खलाले विश्र  ाम पाएको छ ।

कसैको सफलता र उन्नतिमा जन्मिएका ईर्ष्या, डाहा र छटपटीलाई दुश्मनका रूपमा उभ्याउँदै यी सबैका जीवनमा दृश्य, अदृश्य रूपमा सम्बन्धित रहन्छन् । दुश्मनले अरूको अस्तित्व स्वीकार गर्न सक्दैन र आफ्नो अस्तित्वसमेत बुझ्न सक्दैन । त्यही दुश्मन तत्त्वलाई नै कविताको मूल कथ्य बनाइएको छ । कविले आरम्भमा सतहका प्रसङ्ग कोट्याउँदै मूलतः दुई पात्र 'दुश्मन' र 'म' का

माध्यमबाट कथनलाई अगाडि बढाएका छन् । दुश्मनलाई प्रिय ! को विशेषण दिएर कविले 'म' पात्रलाई व्याख्याता र दुश्मनलाई वर्ण्य सन्दर्भमा उभ्याएका छन् । आफ्नै समाज वरपर छरछिमेकका समस्त चरित्रलाई आफ्नै नजिक तानेर त्यसको क्रमशः शल्यक्रिया गर्दै "अन्तिम गन्तव्य चिहान त हो जति उफ्रन्छौ उफ्र" भन्ने प्रस्तुत शृङ्खलाका कविताहरूको भाव व्यक्त भएको छ ।

नवीन शैलीमा रचित प्रस्तुत संग्रहले नेपाली कविताको इतिहासमा एउटा छुट्टै स्थान ओगट्न सफल भएको छ। नवीन भाव र शैलीमा अझ यस्तै कृति रचनामा कविको कलम अगाडि बढ्दै जाओस् सफलताको शुभकामना !

### ५. टाइम पास





हरिराज शर्मा अर्याल (हराश) द्वारा विविध विषय प्रसङ्गको संग्रह टाइमपास कृति अकिञ्चनका हातमा परेको छ । आवरण पृष्ठमा आत्मपरक निबन्ध-संग्रह भनेर राखिए पनि यसभित्र २९ औं क्रमसम्म आत्मपरक ढाँचामा अभिव्यक्त निबन्धहरू छन् । तीमध्ये १३ औं क्रममा पुनः १०१ वटा हाइकुहरू समावेश छन् । माया बैगुनी शीर्षकबाट शुरू भएको क्रम स्वार्थ (२९) पछि भङ्ग भएर पुनः कहाँ पोखें (८) सम्म कविताहरू समावेश छन् । यीमध्ये पनि पाँचौं क्रममा पुग्दा लेखकले आखिर किन हुन्छ यस्तो ? शीर्षक दिएर 'टाइम पास' गरेका छन् । त्यसपछि 'हनुमतये नमः' भन्ने मामाघरका आँगनमा देखेर रचना गरेको छोटो कविता छ । अन्त्यमा आफ्ना मित्र र कान्छी आमाप्रति श्रद्धाञ्जलि प्रकट गरिएको छ । कृतिको अन्त्यमा कपिलवस्तु, काठमाडौं र अमेरिकाका विभिन्न स्थानमा खिचिएका तस्वीरहरू समावेश गरेर कृतिसित 'टाइमपास' गरेका छन् ।

कृतिको आवरणमा आत्मपरक निबन्ध लेखिए पनि यसलाई आत्मपरक अभिव्यक्तिको संग्रह राखिनु उपयुक्त देखिन्छ । स्रष्टाको कलम खारिदै जाओस् । कृति सम्पादनमा निखार आओस् । शुभेच्छा ।

## ६. पिण्ड

साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ) को लेखन र सार्थक पौडेलको प्रकाशनमा पिण्ड (mass) निस्केको छ । श्राद्धमा पितृहरूका नाममा गरिने पिण्ड दान र ब्रह्माण्डका पिण्डहरूका बीचको सामीप्यता र समताको खोजी गर्दै रचना गरिएको प्रस्तुत कृतिभित्र उपसंहारसहित १२ वटा अलग अलग शीर्षक रहेका छन् । हजुर बुबाले श्राद्ध गर्दा भन्ने शीर्षकबाट आरम्भ गरिएको प्रस्तुत कृतिका १० वटा शीर्षकहरूमा शिष्य शरद र गुरुका बीचको संवाद राखिएको छ । यसमा लेखकले पाँचवटा पुस्तक रचना गर्दा प्राप्त गरेको परमेश्वरको अनुकम्पासम्बन्धी स्वगत कथन छ । १२ औं शीर्षक उपसंहार राखेर लेखकले प्रस्तुत कृतिकै सन्दर्भमा आफ्नो वैचारिक दृष्टिकोण प्रस्तुत गरेका छन् ।





यस पुस्तकभित्र हजुर बुबाले श्राद्ध गर्दा, आँसुले भिजेको पिण्ड, पिण्ड के हो ? श्राद्ध गर्न पर्छ कि पर्दैन ? पितृपिण्ड र ब्रह्माण्डका पिण्डको योग कसरी ? दान धर्मको महत्त्व, पुरोहित र यजमानको आचरण, श्राद्ध गर्ने कोही नभएपछि, पितृहरूले कहिलेसम्म आस गर्दछन् ? श्राद्ध पिण्ड र ब्रह्माण्डका पिण्डबीच कति वैज्ञानिकता छ ? पाञ्यभौतिक शरीर पञ्च पुस्तक,उपसंहार जस्ता शीर्षक समेटिएका छन् । हरेक शीषर्कसँग सम्बद्ध अभिव्यक्तिको पुष्टि शास्त्रीय आधारमा गर्ने प्रयास गरिएको छ । पिण्ड (Mass) भनेर ब्रह्माण्डका पिण्डहरूको संकेत गर्दै शीर्षक दिइए तापनि यस कृतिमा श्राद्धमा गरिने पिण्ड दानसँग सम्बद्ध कुराहरू धेरै छन् । साधकलाई कृतिहरूको साधना गर्न श्रीहरिको कृपाा प्राप्त भइरहोस् शुभकामना !

## ७. समवेदनाको आकार

महेश्वर शर्मा प्रवासमा रहेर पनि नेपाली भाषा, साहित्यको सेवामा समर्पित कवि हुन् । आमाको महन्तालाई सागरसँग तुलना गर्दै आरम्भ गरिएको प्रस्तुत संग्रहभित्र ४० वटा लामा छोटा कविताहरू छन् ।

कविले साँच्चै समवेदनाको आकार शब्दमा उतारेका छन् । सावधान, झुट, समय, ठेगाना, आँखा, चिठी जन्मदिन सत्य, अग्नि, आमा आइसोलेसन, स्वर्ग, धनी, डर, वंश, भोक, होली जस्ता एक शब्दे शीर्षकमा कविले आफ्नो मनभित्रका गहन भावनाहरू सार्वभौम ढङ्गबाट प्रस्तुत गरेका छन् । कतै कवि वास्तविक देशको खोजीमा छन् भने कतै भोट माग्ने मानिसहरूका झुटा आश्वासनलाई शब्दमा उतारेका छन् । कवि जन्मभूमि र जननीप्रति धेरै ठाउँ भावुक बनेर प्रस्तुत भएका छन् । रोजगारीको खोजीमा विदेसिएका नेपालीका समवेदनालाई पनि कविले जीवन्त रूपमा उतारेका छन् ।




यस संग्रहभित्रका हरेक कवितामा गहनभाव र समवेदना समेटिएको छ । प्रवासी नेपालीका पीडा र सुस्केराहरू बुलन्द गरिएको छ । 'छातीभित्रको देश' शीर्षकमा कवि लेख्दछन् ।


**भूगोल मात्रै पनि होइन देश**
**छातीमा पनि हुँदोरहेछ । (छातीभित्रको देश १८:१)**

त्यसैगरी कविमा राष्ट्रियताको भावना 'देशले सिकाएको प्रेम' कवितामा पनि त्यत्तिकै छताछुल्ल भएर प्रकट भएको छ । मुखमा राम राम र बगलीमा छुरा लिएर हिड्ने मानिसहरूलाई कविले कुरूप अनुहारमा रङ पोत्ने पुरुषहरू' शीर्षकमा चिनाउने प्रयास गरेका छन् । कविको कलम साँच्चै संवेदित भएर प्रकट भएको छ । राष्ट्र, राष्ट्रियता, जीवन, जगत् मातृत्व, पितृत्व, राजनीतिक परिवेश, मानवीय-चरित्र, प्रवासीका पीडा आदि विषय सन्दर्भलाई समवेदनाको आकारभित्र समेटिएको छ । कविको कलम अझ क्रियाशील बनोस् । शुभकामना !

### ८. मेघबहादुर के.सी. (स्मृति-ग्रन्थ)

वि.सं. २०२० मा हालको मदाने-२, बाँझकटेरीमा लङ्कबहादुर के.सी. र चन्द्रकुमारी के.सी.का पाँचौ अर्थात् राइँला छोराका रूपमा मेघबहादुर के.सी. को जन्म भएको हो । ५८ वर्षकै उमेरमा दिवंगत भएका मेघबहादुर के.सी.को स्मृतिमा डोरबहादुर के.सी. र भानुभक्त मरासिनीको सम्पादकत्वमा प्रस्तुत कृति प्रकाशित भएको छ ।

यस ग्रन्थलाई परिचय खण्ड, स्मृति/रचना खण्ड, परिशिष्ट खण्ड, समवेदना श्रद्धाञ्जलि खण्ड र फोटो ग्यालरी खण्ड गरी पाँच खण्डमा विभाजन गरिएको छ । परिचय खण्डमा मेघबहादुरको व्यक्तिवृत्त, उहाँको पारिवारिक सञ्जाल र जन्मस्थल मदानेको परिचय प्रस्तुत गरिएको छ । स्मृति/लेखरचना खण्डमा उहाँका आफन्तजन, इष्टमित्र, परिवारका सदस्यहरूबाट विभिन्न दृष्टिकोणबाट स्मरण गरिएको छ । यस खण्डमा विभिन्न ३२ वटा लेखहरू छन् । यसै खण्डको अन्तिम लेखमा स्मृतिबिम्ब प्रस्तुत गरिएको छ ।





तेस्रो खण्डमा बलबहादुर खत्री क्षत्री र व्यक्ति विषय र विशेष नाम दिएर दुईवटा लेख राखिएका छन् भने चौथो खण्डलाई श्रद्धाञ्जलि/समवेदना खण्ड नाम दिएर हार्दिक श्रद्धाञ्जलि, तिमी को थियौ ? सामाजिक सञ्जालमा देखिएका केही बिम्बहरू र श्रद्धाञ्जलि पुस्तिकामा व्यक्त भएका समवेदना मन्तव्यहरू जस्ता अलग-अलग शीर्षकमा प्रस्तुत गरिएको छ भने अन्तिम अर्थात् पाँचौ खण्डलाई फोटो ग्यालरी खण्डको नामकरण गरेर विभिन्न अवसरमा खिचिएका तस्वीरहरू राखेर पारिवारिक जमघट, विवाह उत्सवदेखि आर्यघाटको चितासम्मका तस्वीर सङ्कलन गरिएको छ। राष्ट्रप्रेमी, समाजसेवी, कुशल प्रशासक एवं प्रतिभाशाली व्यक्ति मेघबहादुरको स्मृति ताजा राख्न प्रस्तुत ग्रन्थ सफल देखिन्छ ।

**९. ॐ**

नेपालको झण्डा, लालीगुराँस, डाँफे, गाई र नेपालको नक्सा शिरमा राखेर योगी नरहरिनाथ र श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा) का तस्वीरका बीचमा ॐ अङ्कित पुस्तक हात परेको छ । यसका सङ्कलक र सम्पादक ज्ञानोदय ज्ञानबहादुर पाण्डे रहनुभएको छ । आवरण पृष्ठको भित्री भागमा पृथ्वीनारायण शाहको तस्वीर राखिएको छ । पृष्ठ ख मा राजा वीरेन्द्र र हिले सिद्ध प्रभुका बीचको संवाद गर्दै गरेको तस्वीर कैद गरिएको छ । पृष्ठ घ मा राजा वीरेन्द्र र खप्तड बाबाको तस्वीर राखिएको छ ।

ज्ञानबहादुर पाण्डेका नाममा आएका पत्रहरू पनि असान्दर्भिक हुँदाहुँदै पनि राखिएको देखिन्छ । त्यस्तै राजा ज्ञानेन्द्र र खप्तड बाबाका तस्वीर ज र झ पृष्ठमा राखिएको छ । यस पुस्तकमा खासगरी खप्तड बाबाद्वारा रचित विचार विज्ञान, धर्मविज्ञान भाग २,३,४, धर्मविज्ञान सारसंक्षेप, म र मेरो कर्तव्य, The Science of yoga, The Science of Thought, Essentials of Vedanta, आरोग्य, विज्ञान र Science of Dharma जस्ता ग्रन्थबाट विचार संकलन गरेर यो कृति तयार भएको स्वीकारोक्ति संकलकले व्यक्त गर्नुभएको छ ।





नेपालको मूल समस्या भनेको अधुरो शिक्षा हो भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको यस कृतिमा अत्यन्त शिक्षाप्रद कुराहरू संग्रह गरिएको छ । विषयवस्तु माथि उल्लिखित कृतिहरूबाट संकलन गरिए पनि विषयवस्तुको सम्पादन उपयुक्त ढङ्गले हुन नसक्दा कृति अव्यवस्थित भएको छ । कृति अत्यन्त संग्रहणीय छ । खप्तड बाबाका धेरै कृति पढ्न नसक्ने, वा नभ्याएको अवस्थामा यही कृति पढ्दा हुने स्थिति यस पुस्तकमा पाइन्छ । पुस्तकलाई अझ व्यवस्थित गरेर प्रकाशित गर्न सकेको भए पुस्तक अत्यन्त आकर्षक बन्थ्यो । योगी नरहरिनाथका विचारहरू र खप्तड बाबाका पुस्तकमा छरिएका विचारहरू साँच्चै नै विश्वलाई हल्लाउने पुस्तकहरू हुन् । यस्ता व्यक्तित्व र पुस्तकभित्रका विचारहरूलाई यस कृतिमा कैद गरेर ज्ञानोदय ज्ञानबहादुर पाण्डेले प्रशंसनीय कार्य गर्नुभएको छ । विषयवस्तु र भाषा सम्पादनमा विशेष चनाखो भएर यस कृतिको सम्पादन गरेको भए सुनमा सुगन्ध हुने थियो ।

## १०. अनुभूतिको इन्द्रेणी

संस्कृत, नेपाली, हिन्दी र अंग्रेजी भाषाका कथ्य र लेख्य दुबै माध्यममा उत्तिकै दख्खल राख्ने प्रीति आत्रेय ज्ञवालीले २०७९ को पितासम्मान दिवसको अवसर पारेर अनुभूतिको इन्द्रेणी' कविता संग्रह प्रकाशित गरेकी छन् । मनका अनुभूतिको तरङ फैलिंदा इन्द्रेणीसरह भएर प्रस्तुत कविता-संग्रह देखा परेको छ ।

यस इन्द्रेणीमा विभिन्न भाव बोकेका ५९ वटा लामा छोटा कविता रहेका छन् । निः शब्द शीर्षकको एक शब्दे ३० हरफको कविता इन्द्रेणीको पहिलो रङ देखा परेको छ । एक शब्दलाई हरफाकारमा ढालेर आफ्ना समादरणीय पिताप्रति समर्पण गरिएको प्रस्तुत कविता प्रयोगवादी ढाँचाको छ । त्यसैगरी दोस्रो क्रममा पनि आफ्ना सद्‌गुरु मातापिताप्रति नै समर्पण गरिएको छ । इन्द्रेणीको विश्राम "कीर्तिर्यस्य स जीवति" शीर्षकको कविताबाट गरिएको छ । शीर्षक र भावमा विविधता छ । कविताहरू चार पंक्तिदेखि लामा-लामा पनि छन् । 'पसिनाको मूल्य' केवल चार हरफमा संरचना गरिएको छ । खिर पनि यस्तै लघु कविता हो । बाह्य संरचना लघु भए पनि गहन भाव संप्रेषण गर्न हरेक कविता त्यत्तिकै प्रबल छन् । सूक्ष्म दुर्बोध्य रहस्यमय विषयलाई पनि सरल र सहज ढङ्गबाट प्रस्तुत गर्न कवयित्रीको कलम सफल छ । हरेक कवितामा अर्थ झल्कने सान्दर्भिक चित्रहरूसमेत कोरेर कृतिमा थप निखार ल्याइएको छ । समसामयिक सन्दर्भका विषय चयनबाट कृतिको पल्ला भारी भएको अनुभव हुन्छ ।




बहुभाषी स्रष्टा प्रीति प्रवासमा रहेर पनि नेपाली साहित्यमा साधनारत छन् । उनकै अभिव्यक्तिअनुसार पिताबाट प्रेरणा हासिल गरेर पुस्तक प्रकाशन गर्ने जमर्कोमा जुटे पनि भौतिक शरीर छँदै उपहार दिन असमर्थ भए तापनि पितासम्मानका दिन यस कृतिले जन्म पाई धोको पूरा भएको छ । विदुषी प्रीतिको विद्वताले कविता विधामा मात्र होइन साहित्यका अन्य विधामा पनि लिपिबद्ध हुने सुअवसर प्राप्त होस् । शुभकामना ।

**- अकिञ्चन**

०००

# पचास वर्षपहिलेको समाचार

## युवा महोत्सवको रूपमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको २७ सौं शुभ जन्मोत्सव

गुल्मी ।

श्री ५ युवराजाधिराजवीरेन्द्र वीर विक्रम शाहदेवको २७ औं शुभ जन्मोत्सव नेपाल युवक संगठन जिल्ला कार्य समिति गुल्मीको तत्त्वावधानमा एक समारोहको आयोजना गरी मनाइयो ।

युवा महोत्स्वको रूपमा मनाइएको श्री ५ युवराजाधिराज सरकारको शुभ जन्मोत्सवका उपलक्ष्यमा तम्घासमा माल्यार्पण, शाही सलामी, जुलूस प्रदर्शन, आमसभा, खेलकूद, चियापान र दीपावली आदि कार्यक्रमहरूको आयोजना गरिएको थियो ।

पौष १३ गते किरण पुस्तकालयले एक समारोहका बीच राजगद्दीका उत्तराधिकारी श्री ५ युवराजाधिराज २६ वर्ष पूरा गरिबक्सी २७ वर्षमा पदार्पण गरिबक्सेको शुभ उपलक्ष्यमा युवराजाधिराज सरकारको सुस्वास्थ्य र चिरायुको हार्दिक शुभकामना गरेको थियो ।

## लेखनाथ जयन्ती

तम्घास ।

कविशिरोमणि लेखनाथ पौड्यालको जन्म जयन्तीको उपलक्ष्यमा पौष शुल्क एकादशीका दिन किरण पुस्तकालयमा एक समारोहको आयोजना गरी लेखनाथप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरियो । समारोहको सभापतिमा प्रधानपञ्च श्री डिल्लीराज उपाध्याय रहनुभएको थियो । शाखा अधिकृत श्री दीप्तिनारायण शर्मा, भेषबहादर कुँवर आदिले कविको साहित्यिक परिचय दिनुभयो ।

– **निष्पक्ष ध्वनि** राष्ट्रिय साप्ताहिक, वर्ष २, अंक : ९, २०२८, पौष २८ गते बुधबारको अङ्कबाट साभार

ooo

पाठक-प्रतिक्रिया

# देहरादूनमा हाम्रो पुरुषार्थ

श्री सम्पादकज्यू,
'हाम्रो पुरुषार्थ' त्रैमासिक
किरण, पुस्तकालय, गुल्मी

'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका ५० औं वर्षमा आफ्ना पाइलाहरू दरोसँग टेक्न पुगेकोमा खुशी लागेको छ । आगामी दिनहरूमा यसले अझ बलियोसँग आफ्ना पाइलाहरू अगाडि चाल्दै जान सकोस् र प्रगतिको शिखरमा पुग्ने साहस देखाउन समर्थशाली बनोस् भन्ने शुभकामना पनि छ ।

भारतको उत्तराखण्डको राजधानी देहरादूनमा यस पत्रिकाले आफ्नो प्रतिनिधि राखेर प्रतिनिधिमार्फत हामीले ढिलोचाँडो उक्त पत्रिका हेर्न र पढ्न पाउँदा अझ बढी खुशी लागेको छ । विकासका विविध गतिविधिहरूको विस्तार र अनेका प्रकारका मान्छेहरूको बसोबासको कारणले आज देहरादून ठूलो शहरको रूपमा परिणत हुँदैछ । यहाँ बस्ने नेपाली भाषीहरूको समाजमा पनि चेतना बढ्दै छ । विशेष गरेर गोर्खालीको रूपमा परिचित यहाँका बासिन्दाहरूमा आफ्नो भाषा र संस्कृतिप्रति गौरव बोध हुन थालेको छ । गोर्खाली सुधार सभा, भानुभक्त पुस्तकालय, रेडियो घामछाँया आदि यहाँका गोर्खालीहरूले निर्माण गरेका महत्त्वपूर्ण संस्थाहरू हुन् ।

यहाँको भानुभक्त पुस्तकालयमा नेपाली भाषाका महत्त्वपूर्ण पुस्तकहरूको सङ्ग्रह गर्न थालिएको छ । भानुभक्तको शालिक निर्माण गरिएको छ । यहाँ गोर्खाली सुधार सभाले पनि एउटा पत्रिका स्मारिका निकाल्छ । यहाँको पुस्तकालयमा मैले गुल्मी तम्घासको किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' का केही अङ्कहरू पढ्ने अवसर प्राप्त गरेँ । यो पत्रिका यहाँ पढ्न पाउँदा मन रमायो । 'हाम्रो पुरुषार्थले यहाँ आफ्नो प्रतिनिधि राखी पत्रिका वितरण गर्ने, आजीवन ग्राहक बनाउने, अन्तर्वार्ता लिने, लेखहरू छापिदिने जस्ता कामहरू गरेर यहाँ बस्ने नेपाली भाषीहरूको मनमा यो पत्रिका प्रिय बन्दै छ । यसका मुद्रित प्रतिहरू ठाउँ-ठाउँमा पुर्‍याउनु धेरै गाह्रो कुरा हो । शायद यसै कुरालाई विचार गरेर यसले आधुनिक प्रविधिको प्रयोग गरी वेवसाइटको माध्यमद्वारा आफूलाई संसारभरी पुर्‍याउने काम गरिराखेको छ । देहरादूनवासी गोर्खाली बन्धुहरूलाई पनि म यस पत्रिकाको वेभसाइट www.kirtanpustakalaya.com मा खोज गरी आफूलाई चाहिएका साहित्यिक लेख रचना अध्ययन गर्न अनुरोध गर्दछु ।

**– संगीता उपाध्याय पौडेल**
घुच्चुपानी रोड, अनारवाला, देहरादून, उत्तराखण्ड भारत ।

०००

# किरण पुस्तकालयका विशिष्ट सदस्यको परिचय

**विशिष्ट सदस्य**



नाम : कृष्णप्रसाद मरासिनी
जन्म मिति : २०३५/०१/१०
ठेगाना : रेसुङ्गा नगरपालिका-६, नेटाखर्क, गुल्मी
शिक्षा : एम्.ए. (समाजशास्त्र)
पिता/माता : खडानन्द/दमयन्ती मरासिनी
पत्नी : सीता घिमिरे मरासिनी
पेशा : होटल तथा रेष्टुरेण्ट
Palma De Mallorca Spain
ई-मेल : marasinikris@googlemail.com
संलग्नता : संस्थापक/संस्थापक अध्यक्ष खडानन्द दमयन्ती स्मृति प्रतिष्ठान
उपाध्यक्ष : अर्घाखाँची समाज, युरोप
NRNA, Spain

---

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९५२. | कृष्णप्रसाद मरासिनी | रेसुङ्गा नगरपालिका-६, नेटाखर्क, गुल्मी<br>marasinikris@googlemail.com |
| ९५३. | कृष्ण विश्वकर्मा | रेसुङ्गा नगरपालिका-२, छापटोला, तम्घास, गुल्मी<br>मो.नं.: ९८४७०७७५१० |

ooo


## कफी कृषक वर्गमा अनुरोध

❑ नेपालको कफीले अर्गानिकको नाम कमाएकोले रासायनिक मल तथा रासायनिक विषादिको प्रयोग नगरौं । ❑ रासायनिक मलको सट्टा प्राङ्गारिक मल र रासायनिक विषादिको सट्टा झोल मल र वनस्पतिजन्य विषादि प्रयोग गर्ने । ❑ बोर्डो मिश्रण वर्षमा कम्तीमा ३ पटक छर्ने । १. वर्षा शुरू हुनुपूर्व, २. वर्षा सकिने बित्तिकै ३, जाडो याम शुरू हुनुपूर्व र थप आवश्यकताअनुसार । ❑ अन्तिम पटक फल र चेरी टिपिसकेपछि पहिलो काटछाँट गर्ने । ❑ चैत्र वैशाखमा आउने अनावश्यक सकर (मूल काण्डबाट पलाउने) हाँगा मुना हटाउने । ❑ २ देखि ३ वर्षसम्मको बिरुवालाई पुस-माघजस्तो अत्यधिक चिसोबाट बचाउन स्थानीय ग्रीन एग्रोनेट अथवा स्थानीयस्तरमा पाइने घाँस तथा बिरुवाको हाँगा काटी छोप्ने ।

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, गुल्मी**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
| --- | --- | --- |
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |




लोकवार्ता सम्मेलनमा सिमीचौर कालिका क्लबद्वारा कालिका नाच प्रस्तुत



लोकवार्ता सम्मेलनमा सत्यवती गाउँपालिका, भार्सेका महिलाहरूबाट रिडीमा मगर संस्कृतिमा आधारित ज्योमारे नृत्य प्रस्तुत



लोकवार्ता सम्मेलनमा अर्खलेको फागुनाच



लोकवार्ता सम्मेलनमा नेवा खलःद्वारा लाखे नाच प्रस्तुत

# हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुबै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

## हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४५०)